# परिच्छेद एक

# शोधपत्रको परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "कृष्णादेवी शर्मा (श्रेष्ठ)को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय भैरहवा बहुमुखी क्याम्पस, भैरहवाको मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनको लागि तयार गरिएको छ ।

## १.३ विषय परिचय

नेपाली साहित्यको उर्वर भूमिमा कृष्णादेवी शर्मा (श्रेष्ठ)को जन्म विविध प्राकृतिक छटाले भरिएको नेपालको रमणीय धौलागिरि अञ्चल पर्वत जिल्लाको मुडिकुवा गा.वि.स.वडा न. ५ मा भएको थियो । पिता स्व. नारायणदत्त रेग्मी (गौडेल) जन्मदिने माता स्व. तुलसा रेग्मी (गौडेल) को सातौं अथवा कनिष्ठ सन्तानका रूपमा मध्यमवर्गीय परिवारमा भएको हो । उनले अफ्नी जन्म दिने आमा आफू सानै अथवा छ मासको हुँदा स्वर्गवास भएपछि ठूली आमा भागीरथी पौडेललाई कर्म दिने आमाको रूपमा स्वीकार गरेकी छन् ।

शिक्षण सेवामा निवृत्त भएपछि फलेबासबाट बसाइँ सरी हाल नवलपरासी जिल्लाको प्रगतिनगरमा स्थायी बसोबास गर्दै आएकी छन् । उनले विद्यार्थी जीवनदेखि नै साहित्य सिर्जनातर्फ अभिरुचि देखाएर विभिन्न प्रतियोगितामा प्रथम, द्वितीय स्थान हासिल गर्दै पुरस्कृत हुँदै आए तापनि २०५१ सालमा बझाङ्ग जिल्लाको चैनपुरबाट प्रकाशित **सुर्मा** नामक पत्रिकामा 'साथी' शीर्षकको कविता प्रकाशन गरी औपचारिक रूपमा उनको साहित्यिक यात्रा सुरु हुन पुग्दछ । थुप्रै फुटकर रचनाको अतिरिक्त निकै छोटो समयमा पनि द्रुत लेखनका भएकाले निम्न लिखित आठवटा पुस्तकाकार कृतिहरू प्रकाशित छन् -

१.**सुनाखरी र लालीगुराँसको देश** (कवितासङ्ग्रह २०५७),

२.**नारायणहिटी पर्व** (तीजगीत सङ्गालो २०५८),

३.**अत्याचारी घर** (तीजगीत सङ्गालो २०५९),

४.**घरभेटी भाउजू** (कथासङ्ग्रह २०५९),

५.**प्रजातन्त्रमा प्रश्नचिह्न ?** (तीजगीत सङ्गालो २०६०),

६.**स्मृतिको एक झिल्को** (खण्डकाव्य २०६२)

७. **निर्झरिणी** (गजलसङग्रह २०६२),

८. **सृष्टिसौगात** (छन्दोवद्ध कवितासङ्ग्रह २०६५)

साहित्य सिर्जनालाई जीवनकै अभिन्न पाटो सम्झने साहित्यकार कृष्णादेवी शर्मा (श्रेष्ठ)ले नेपाली साहित्यको विविध विधामा कलम चलाएर आफ्नो प्रतिभाको परिचय दिइसकेकी छन् । उनी कवयित्री, कथाकार गजलकार, खण्डकाव्यकार आदि बनिसकेकी साहित्य स्रष्टा कृष्णादेवी शर्मा (श्रेष्ठ)को गजल सङ्ग्रह, मुक्तक सङ्ग्रह साथै कविता विधाको महान् विधा महाकाव्य उनका प्रकाशोन्मुख कृतिहरू हुन् । यी माथि उल्लिखित कृतिहरूले उनलाई एउटा सफल साहित्यिक स्रष्टाको परिचय दिलाएका छन् ।

यस्ती लगनशील र सक्रिय साहित्यकारको हालसम्म सामान्य चर्चा-परिचर्चा भएपनि व्यवस्थित अध्ययन नहुनु आश्चर्यकै विषय देखिन्छ । तसर्थ यस शोध-पत्रमा यिनै साहित्य स्रष्टा कृष्णादेवी शर्मा (श्रेष्ठ)को जीवनी, व्यक्तित्व र कृतित्वको विशेष अध्ययन तथा मूल्याङ्कन गरिएको छ ।

## १.४ समस्याकथन

कृष्णादेवी शर्मा (श्रेष्ठ)को जीवनी, व्यक्तित्व र कृतित्वबारे गहन अध्ययन तथा मूल्याङ्कन यस शोधपत्रको मूल समस्या रहेको पाइन्छ । यस अन्तर्गत निम्नानुसारका समस्या रहेका छन् ।

(क) कृष्णादेवी शर्मा (श्रेष्ठ)को जीवनी के कस्तो छ ?

(ख) कृष्णादेवी शर्मा (श्रेष्ठ)को व्यक्तित्व के कस्तो रहेको छ ?

(ग) नेपाली साहित्यमा कृष्णादेवी शर्मा (श्रेष्ठ)को अगमन र उनको साहित्यिक यात्रा के कस्तो रहेको छ ?

(घ) कृष्णादेवी शर्मा (श्रेष्ठ)का हालसम्म प्रकाशित साहित्यिक कृतिहरू के कस्ता छन् ।

## १.५ शोधपत्रको उद्देश्य

नवलपरासी जिल्लालाई कर्मथलो बनाई साहित्यिक योगदान गर्दै आएकी कृष्णादेवी शर्मा (श्रेष्ठ)को जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन र विश्लेषण गर्नु तथा

उपर्युक्त समस्याहरूमा केन्द्रित रही साहित्यकार शर्मा (श्रेष्ठ) को समग्र जीवनी र उनका जीवनमा परेको प्रभाव, जीवनदृष्टि, सिर्जनात्मक प्रेरणा आदि विविध पक्षहरूको निरूपण गर्नुका साथै उनको जीवनी, व्यक्तित्व र कृतित्वको स्वरूप तथा योगदान पहिल्याउनु प्रस्तुत शोधकार्यको प्रमुख उद्देश्य रहेको छ । प्रस्तुत शोधकार्यको उद्देश्य निम्नानुसार रहेका छन् ।

(क) कृष्णादेवी शर्मा (श्रेष्ठ)को जीवनी प्रकाश पार्ने ।

(ख) उनको समग्र व्यक्तित्वको निरूपण गर्ने ।

(ग) उनको नेपाली साहित्यमा रहेको साहित्यिक यात्राको विश्लेषण र मूल्याङ्कन गर्ने ।

(घ) उनका हालसम्म प्रकाशित कृतिहरूको अध्ययन र विश्लेषण गर्ने ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको क्षेत्रमा विद्यार्थी जीवनदेखि नै साहित्य सिर्जनामा अभिरुचि देखाउँदै आएकी कृष्णादेवी शर्मा (श्रेष्ठ)को प्रथम प्रसवपीडाको अनुभव बझाङ्ग जिल्लाको चैनपुरबाट प्रकाशित **सुर्मा** नामक पत्रिकामा प्रकाशित 'साथी' शीर्षकको कविता लेखन पछि २०५१ बाट आरम्भ भयो । आरम्भमा कविता विधाबाट आफ्नो साहित्यिक यात्रा शुभारम्भ गरे तापनि उनी कथाकार, गजलकार, खण्डकाव्यकार, गीतकार, आदि रूपबाट नेपाली सहित्यको भण्डारमा थप इट्टा थप्ने काम गरेकी छन् । यस किसिमकी साहित्यिक स्रष्टा कृष्णादेवी शर्मा (श्रेष्ठ)ले साहित्यिक लेखनतर्फ लागेर विभिन्न साहित्यिक खुराक पस्कँदा पनि यिनको हालसम्म सतही अध्ययन तथा टीकाटिप्पणी मात्र भएको तर गहन अध्ययन विश्लेषण भने नभएको देखिन्छ । तसर्थ विगतदेखि वर्तमानसम्म यिनका बारेमा विभिन्न पत्रपत्रिका तथा पुस्तकाकार कृतिमा भएका चर्चा-परिचर्चा क्रमिक रूपमा निम्मानुसार चर्चा गरिएको छ ।

प्रेम छोटाले २०६० को **धौलागिरि वाङ्मय सूची** मा कृष्णादेवी शर्मा (श्रेष्ठ) को **सुनाखरी र लालीगुराँसको देश** (कवितासङ्ग्रह), **नारायणहिटी पर्व** (तीजगीतसङ्गालो) **प्रजातन्त्रमा प्रश्नचिह्न** ? (तीजगीतसङ्गालो) र **घरभेटी भाउजू** (कथासङ्ग्रह)मा नारी वेदना राष्ट्रभक्ति आदिलाई समेटी समीक्षात्मक लेख लेखेका छन् ।

पूर्णप्रसाद अधिकारीले २०६३ भाद्रको साहित्यिक पत्रिकामा जनमत (जनमत प्रकाशन बनेपा ७ काभ्रे खण्डकाव्यकार कृष्णादेवी शर्मा (श्रेष्ठ) र **स्मृतिको एक झिल्को** नामक शीर्षक समीक्षात्मक लेखमा कविता र आख्यान दुबैमा भुक्तभोग्या भावनाको निश्चल प्रकटीकरण गर्नु, नारी तथा पुरुषका बीचको पक्षपातपूर्ण व्यवहारलाई जीवन्त ढङ्गबाट चित्रण गर्नु, एउटी नारीको मनभित्र उब्जेका वेदना, पीडा र

छटपटाहटलाई पाठकहरू समक्ष राख्नु उनको ठोस योजना प्रतीत हुन्छ भन्दै नारी स्रष्टाको अभावलाई पूर्ति गर्ने व्यक्तित्वका रूपमा उनको लेखनकारिताको प्रशंसा गरेका छन् ।

हिमाल ज्ञवालीको २०६३ सालको **लालीगुराँस** मासिक पत्रिका (नवलपरासी) मा कृष्णादेवी शर्मा (श्रेष्ठ)का कृतिहरू **सुनाखरी र लालीगुराँसको देश** (कवितासङ्ह), **नारायणहिटी पर्व**, (तीजगीत सङ्गालो), **घरभेटी भाउजू** (कथासङ्ग्रह), **प्रजातन्त्रमा प्रश्नचिन्ह** ? (तीजगीत सङ्गालो) र **स्मृतिको एक झिल्को** (खण्डकाव्य) का बारेमा चर्चा-परिचर्चा गरेको पाइन्छ । समसामयिक घटनालाई कृतिको विषयवस्तु बनाई त्यसका आडमा समाजमा रहेका हरेक पक्षको उजागर गर्न उनका कृतिहरू सफल छन् भनी सामान्य चर्चा गरेको पाइन्छ ।

श्रीमती भगवती अर्यालले २०६३ सालमा नवलपरासीका **साहित्यिक गतिविधि समालोचनात्मक** नामक पुस्तकमा कृष्णदेवी शर्मा (श्रेष्ठ)को साहित्यिक गतिविधिका बारेमा प्रकाश पारेको पाइन्छ ।

रेशमलाल भुर्तेलले २०६३ सालको अप्रकाशित स्नातकोत्तर शोधपत्र (पृ.ना.क्याम्पस पोखरा) नेपाली साहित्यमा “नवलपरासी जिल्लाको भूमिका”मा कृष्णादेवी शर्मा श्रेष्ठ)का **सुनाखरी र लालीगुराँसको देश** (कवितासङ्ग्रह) **अत्याचारी घर, नारायणहिटी पर्व**, **प्रजातन्त्रमा प्रश्नचिन्ह** ? (तीजगीतसङ्गाला) र **घरभेटी भाउजू** (कथासङ्ग्रह)का बारेमा चर्चा गर्दै हरेक व्यक्तिका जीवन भोगाइका कटु यथार्थता र नारी जातिका भावाभिव्यक्तिहरू तथा नारी अस्मिताको खोजी गर्दै वर्तमान विकृति विसङ्गतिलाई उदाङ्ग पार्न सफल भएका बताएका छन् ।

सदानन्द अभागीले २०६४ पुस ३० गतेको साहित्यिक मासिक पत्रिका **जनमत** (जनमतप्रकाशन बनेपा ७, काभ्रे) मा **स्मृतिको एक झिल्को** एक विवेचना शीर्षकमा कृष्णादेवी शर्मा (श्रेष्ठ)को लेखनकारितालाई औंल्याएका छन् । कृष्णादेवी शर्मा (श्रेष्ठ) एक समसामयिक सामाजिक राजनैतिक एवं रहस्यमय घटनाक्रमलाई समायोजन गरी नारी हक हित र समाजमा नारीको उच्च स्थान हुनुपर्छ भन्ने कुरालाई आह्वान गर्न सक्ने एक नारी हुन् भनी उल्लेख गरेका छन् ।

सदानन्द अभागीले २०६५ सालमा प्रकाशित **हाम्रो मझेरी** (भरतपुर चितवन) नामक पत्रिकामा **घरभेटी भाउजू** (कथासङ्ग्रह) एक समीक्षा शीर्षक राखी त्यस सङ्ग्रहका कथामा समसामयिक घटनाक्रमलाई विषयवस्तु बनाइएको र समाजमा व्याप्त विकृति विसङ्गतिलाई उजागर गर्न सफल भएको कुरा व्यक्त गरेका छन् ।

सृजना आचार्यले २०६५ सालको अप्रकाशित स्नातकोत्तर शोधपत्र (पृ.ना.क्याम्पस पोखरा) “कृष्णादेवी शर्मा (श्रेष्ठ)का साहित्यिक कृतिको अध्ययन”मा पुस्तकाकार कृति **सुनाखरी र लालीगुराँसको देश** (कवितासंङ्ग्रह २०५७), **नारायणहिटी पर्व** (२०५८), **अत्याचारी घर** (२०५९), **प्रजातन्त्रमा प्रश्नचिन्ह** (२०६०) (तीजगीतसंङ्गाला), **घरभेटी भाउजू** (कथासंङ्ग्रह २०५९), **स्मृतिको एक झिल्को** (खण्डकाव्य २०६२) र **निर्झरिणी** (गजलसङ्ग्रह २०६३) आदिको बारेमा विस्तृत चर्चा गर्दै नारी आवाज, देश प्रेम, प्रकृति प्रेम, सामाजिक, राजनैतिक तथा आर्थिक आदि विभिन्न पक्षबाट सिर्जित अनेक प्रकारका पीडा वेदनाहरूलाई देखाउन, अनमेल विवाहको यर्थाथ रूप, समाजमा रहेका विकृति, विसङ्गति, जीवन भोगाइका अनुभवहरू मनिसमा रहेका अन्तर्निहित प्रवृत्ति, माया, प्रेम, विछोड आदि प्रस्तुत गर्न सफल रहेको देखाइएको छ ।

सदानन्द अभागीले २०६६ बैशाखमा वर्ष २६,अङ्क ४, पेज नं. ४१ मासिक पत्रिका जनमतमा ‘सृष्टिसौगात नियाल्दा’ शीर्षकमा प्रकृति प्रेम राष्ट्रानुराग सहिदको स्मरण, नारीपुरुषका वीचको विवीधता, हिंसा र आतङ्कको विरोध, शान्ति र स्थिर राज्य व्यवस्थाको कामनाजस्ता विविध घटनाले गर्दा कविता सुन्दर बन्नुमा कवयित्रीका सुन्दर भावनाहरु झरनाझैँ बग्नुले यो छन्दोबद्ध कविता सङ्ग्रह पठनीय र मननीय बनेको छ भन्दै उनको लेखनकारिताको प्रशंसा गरेका छन् ।

## १.७ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता

साहित्य हरेक भाषाको समृद्ध र विशिष्ट रूप हो र साहित्यकार त्यसका स्रष्टा हुन् । साहित्यकारहरूबाट नै साहित्यको भण्डारमा विशेष योगदान रहेको हुन्छ । नेपाली साहित्यको साहित्यिक विकासयात्रामा लगभग डेढ दशक जति लामो यात्रा पार गर्दा लगभग आठवटा पुस्तकाकार कृति द्रुत रूपमा लेखन गरी उल्लेखनीय योगदान दिन पुगेकी नारी स्रष्टा हुन कृष्णादेवी शर्मा (श्रेष्ठ) । नेपाली साहित्यको विकासमा लगभग डेढ दशक जति लामो समय बिताउँदासम्म उनका विभिन्न पत्रपत्रिकामा चर्चा-परिचर्चाका साथै उनका केही कृतिगत अध्ययन भए तापनि उनको बारेमा विस्तृत र व्यापक अध्ययन नगरिएको अवस्थामा अनुसन्धान सूक्ष्म र गहन हुनुपर्ने भएकाले विभिन्न स्रोत साधन जुटाएर सुव्यवस्थित रूपमा गरिने यो अध्ययन अनुसन्धान स्वतः औचित्यपूर्ण देखिन्छ ।

समवर्ती र उत्तरवर्ती साहित्यिक प्रतिभाहरूका लागि उनको जीवनी, व्यक्तित्व र कृतिको अध्ययन प्रेरणादायी बन्नुका साथै उनका बारेमा जान्न चाहने व्यक्तिहरूका लागि

यो शोधकार्य महत्त्वपूर्ण हुन सक्दछ र नेपाली अनुसन्धान परम्पराको विकासमा पनि यसले सहयोग पुऱ्याउन सक्नु नै यसको महत्त्व र उपयोगिता हो ।

## १.८ अध्ययनको सीमाङ्कन

नेपाली साहित्यका बहुआयामिक नारी स्रष्टा कृष्णादेवी शर्मा (श्रेष्ठ)ले नेपाली साहित्यको विविध विधामा कलम चलाएकी छन् । उनी कवयित्री, कथाकार, खण्डकाव्यकार, गीतकार, गजलकार आदि नामबाट सुपरिचित हुन पुगेकी छन् । प्रस्तुत शोधपत्रमा उनको जीवनी र व्यक्तित्वको उल्लेख गर्दै साहित्ययात्राको चर्चा गरेर २०६५ सालसम्मका प्रकाशित पुस्तकाकार कृतिहरूको मात्र विधागत रूपमा सङ्क्षिप्त परिचयात्मक अध्ययन विश्लेषण गर्नु एवम् साहित्येतर लेख र प्रकाशोन्मुख कृति आदिको अध्ययन विश्लेषण नगरिनु शोधकार्यको सीमा हो ।

## १.९ सामग्री सङ्कलन विधि

साहित्यकार कृष्णादेवी शर्मा (श्रेष्ठ)को जीवनी व्यक्तित्व र कृतित्वको बारेमा अध्ययन गर्ने क्रममा प्राथमिक तथा द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । शोध नायिका जीवितै भएको हुँदा उनीसँग प्रत्यक्ष भेटघाट गरिएको साथै उनका परिचित व्यक्ति, उनका परिवार, आफन्त तथा नातेदारसँग भेटघाट र अन्तर्वार्ता विधिद्वारा सामग्री सङ्कलन गरिनुका साथै पुस्तकालयीय अध्ययनसमेत सामग्री सङ्कलनको प्रमुख स्रोत रहेको छ । कृष्णा`वी शर्मा (श्रेष्ठ)का बारेमा पत्रपत्रिकामा गरिएको समीक्षाहरूलाई पनि सहायक सामग्रीका रूपमा लिइएको छ ।

## १.१० सैद्धान्तिक ढाँचा र शोधविधि

शोधविधिको समुचित उपस्थितिमा व्यवस्थित रूपमा सम्पन्न गर्न सकिने तथ्यलाई हृदयङ्गम गरी प्रस्तुत शोधपत्र लेखनको लागि सामान्यतः वर्णनात्मक, विश्लेषणात्मक, विवरणात्मक, विधि अवलम्बन गरिएको छ । उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनको क्रममा जीवनीपरक, प्रभावपरक, कृतिपरक आदि विभिन्न समालोचना पद्धतिको यथोचित प्रयोग गर्दै विधा सिद्धान्तलाई पनि आधार बनाइएको छ साथै यसमा आगमनात्मक र निगमनात्मक विधिको प्रयोग पनि गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

साहित्यकार कृष्णादेवी शर्मा (श्रेष्ठ)को जीवनी, व्यक्तित्व र कृतित्वको शीर्षकको शोधपत्र सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि विभिन्न परिच्छेदमा विभाजन गरी प्रस्तुत गरिएको छ । प्रस्तुत शोधपत्रको रूपरेखा सामान्यतया निम्नानुसार छ परिच्छेदमा विभाजित छ-

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : कृष्णादेवी शर्मा (श्रेष्ठ)को जीवनी

परिच्छेद तीन : कृष्णादेवी शर्मा (श्रेष्ठ)को व्यक्तित्व

परिच्छेद चार : कृष्णादेवी शर्मा (श्रेष्ठ)को साहित्यिक यात्रा

परिच्छेद पाँच : कृष्णादेवी शर्मा (श्रेष्ठ)को कृतिको अध्ययन

परिच्छेद छ : शोधनिष्कर्ष

परिशिष्ट

सन्दर्भसूची

# परिच्छेद दुई

# कृष्णादेवी शर्मा (श्रेष्ठ)को जीवनी

## २.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिको जीवनभर गरेका काम कुराको क्रमबद्ध लेख (विवरण) वा कथन, जीवनचरित्र एवम् जीवनमा आउने उतारचढाव आदिलाई जीवनी भनिन्छ ।[1] व्यक्तिको जीवनयात्राका क्रममा घटित महत्त्वपूर्ण घटनाहरूको श्रृङखलित रूप नै जीवनी हो । व्यक्तिको जीवनमा घट्ने यावत घटना तथा आरोह-अवरोहहरू जीवनीभित्र पूर्णत समेट्न नसकिने भए तापनि व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने घटना तथा काम कुराहरू जसले व्यक्तिको उत्थान-पतनमा प्रभाव पारेका हुन्छन्, तिनीहरूलाई समेटिएको हुन्छ । जीवनमा घट्ने सकारात्मक तथा नकारात्मक घटनाको श्रृङखलाले व्यक्तिको जीवन यात्रा पूरा हुन्छ । यसरी संसारका हरेक मानिसहरूको जीवनचक्र चलिरहने भए तापनि जीवनमा सफलता प्राप्त गरेका व्यक्तिहरूको जीवन नै विशिष्ट मानिन्छ र पछिल्लो पुस्ताका लागि अनुकरणीय सावित हुन्छ । यसरी व्यक्तिगत स्वार्थभन्दा माथि उठेर कलमका माध्यमबाट समाजमा लोकोपकारका लागि अघि बढेका नारी साहित्यकारहरूमध्ये एक हुन कृष्णादेवी शर्मा (श्रेष्ठ) । हाम्रो सामाजिक परिवेशमा नारीलाई घरबाट बाहिर निस्कन कति असहज परिस्थितिका बाबजुद पनि अगाडि बढ्न सफल भएकी छन् ।

विविध क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तित्वका जीवनीहरू नयाँ पिँढीका लागि पथप्रदर्शक हुने भएकाले उनीहरूका जीवनमा घटेका वा घट्ने घटना वा जीवनयात्रा अविस्मरणीय पनि हुन्छन् । नेपाली साहित्यको क्षेत्रमा नारी स्रष्टाको सङ्ख्या अत्यन्त न्यून रहेको छ र त्यो न्यूनतालाई केही मात्रामा पूर्ति गर्ने व्यक्ति हुन कृष्णदेवी शर्मा (श्रेष्ठ) । उनको यो साहित्यिक यात्राबाट उत्तरवर्ती साहित्यकारमा पनि अफ नारी साहित्यकारले प्रेरणा प्राप्त गरी अगाडि बढ्न सक्ने आशा गर्न सकिन्छ । त्यसैले नेपाली साहित्य क्षेत्रमा उनको योगदान मूल्याङ्कन योग्य देखिन्छ ।

## २.२ वंश परम्परा, जन्म र जन्मस्थान

कृष्णादेवी शर्मा (श्रेष्ठ) कौशिक ऋषिका सन्तान हुन् । पुर्खाहरू गौडा भन्ने ठाउँबाट आएको हुनाले उनीहरूलाई गौडेल भनेर सबैको मुखमुखबाट सुन्न पाइए तापनि

---

[1]. वसन्तकुमार शर्मा (शम्मा) नेपाल, शब्दसागर, दो.स. २०५८ ।

उनीहरूको वास्तविक थर चाहीँ रेग्मी हो भने लेखाइमा शर्मा भनेर लेखेको पाइन्छ ।[२] हजुरबुवा गुगेश्वर गौडेल रेग्मीले बहुविवाह गरेको हुनाले जेठीतर्फ ६ भाइ र कान्छीतर्फ पनि ६ भाइ गरी १२ भाइ छोराका धनी थिए ।[३] कृष्णादेवी शर्मा (श्रेष्ठ)का पिता नारायणदत्त गौडेल रेग्मी कान्छीपट्टीका साहिँला छोराको रूपमा जन्मनु भएको थियो । परिस्थितिले नारायणदत्तलाई पनि तीन विवाह स्वीकार गर्न परेको रहेछ । जेठी श्रीमती पोखराचौर (पर्वत) जिम्मालकी छोरीसँग विवाह गरी आफ्नो दाम्पत्य जीनवलाई अगाडि बढाउँदै जाने क्रममा दुर्भाग्यवश जेठी श्रीमतीले एक छोरालाई जन्म दिएर यो संसारबाट सधैंका लागि विदा हुनुभएछ । साँसारिक रीत कस्तो पापी छ एक्लै जिउन गाह्रो भएपछि कृष्णादेवी शर्मा (श्रेष्ठ)की आमा दोस्री श्रीमती ज्ञादी रामचन्द्र लामिछानेकी छोरी तुलसा गौडेल (रेग्मी)सँग नारायणदत्तको विवाह भएछ । विवाह पश्चात् सत्ताईस, अट्ठाईस वर्षको उमेरसम्म पनि सन्तान नहुँदा कृष्णदेवी शर्मा (श्रेष्ठ)की आमा ज्यादै खिन्न हुनुभएछ । सन्तानको मुख देख्न नपाए स्वर्गको मूलद्वारभित्र छिर्न पाइन्न भन्ने विश्वासले उहाँलाई रातदिन लखेटेछ । एकदिन भाद्रमासको यामको सिमसिमे पानीमा रुझ्दै घरदेखि तलतिरको मूलबाटो पर्ने बारीको काल्नामा घाँस काट्दै गरेका बेलामा उनकी आमाले आफ्ना मनमा गुम्सिएको सन्तानप्रतिको लिप्सालाई यसरी आभिब्यक्त गर्नु भएको थियो रे-

"बाकरीले पाठी पायो
गाईले वहर पायो
सबैले बाबु भन्दा
मलाई रहर लाग्यो"

सोही दिन त्यही बाटो भएर हिँड्नु भएको रहेछ । पण्डित कान्छा घिमिरे, जसले उनीहरू सबै दाजु-भाइ, दिदीबहिनीहरूको जातकर्म उतार्नु भएको रहेछ । त्यसको झण्डै एक वर्ष बित्दा नबित्दै उहाँले जेठी छोरी जन्माउनु भएछ । त्यसपछि पण्डितले "अब त रहर पुग्यो होला नि भाउजू, होइन ?" भन्नु भएछ । त्यसबेला उनको अनुहारमा अभूतपूर्व आमा छरिएको थियो रे ।[४]

अव त्यसपछि लगातार एक डेढ वर्षको अन्तरालमा सात-सात जना सन्तानलाई जन्माएर कृष्णादेवी शर्मा (श्रेष्ठ)लाई छ महिनाको दूधे बालिकाको

---

२. शोधनायिकाबाट प्राप्त जानकारी ।
३. पूर्ववत् ।
४. कृणादेवी शर्मा घरभेटी भाउजू (२०५९) ।

रूपमा छोडी उनकी आमा (तुलसा) को निधन भएछ । जब उनकी आमाको स्वर्गारोहण भयो, उनका पिताजी (नारायणदत्त) जीवनरूपी डुङ्गामा ठूलो हलचल आएछ । जेठी श्रीमतीतिरको एउटा छोरो, दोस्रीतर्फका सात-सात जना साना-साना छोराछोरी जीवनरूपी रथ चलाउन नारायणदत्तलाई साह्रै गाह्रो भएपछि बाग्लुङ्ग जिल्लाको दमक भन्ने ठाउँको सापकोटाकी छोरीसँग नारायणदत्तले तेस्रो विवाह गर्न पुगे । यसरी कान्छीतर्फ तीन छोरा र दुई छोरीले यस धर्तीमा पाइला टेके । बहुविवाह गरेका नारायणदत्तले सन्तानका धनी हुन पुगेका छन् र १३ जना सन्तानलाई यस धर्तीमा पाइला टेकाई उज्यालो आकाश देखाएका छन् ।

नारायणदत्त गौडेल (रेग्मी)की माहिली श्रीमती तुलसा गौडेल (रेग्मी) का सातौँ अर्थात कनिष्ठ सन्तानका रूपमा २००९ साल फागुन महिनाको १५ गतेका दिन धौलागिरि अञ्चल पर्वत जिल्लाको मुडिकुवा गा.वि.स.वार्ड नं.५ मा भएको थियो ।[५] उनको न्वारनको नाम तिलोत्तमा थियो र उनकी कर्मदिने आमा भागीरथीले राखेको नाम नै अहिले सबैको मुखमुखमा रहन पुग्यो ।[६] हाल साहित्यका क्षेत्रमा पनि उनी कष्णादेवी कै नामले चर्चित हुन पुगेकी छन् ।

## २.३ बाल्यकाल र शिक्षा-दीक्षा

कृष्णादेवी शर्मा (श्रेष्ठ)ले बाबु स्व. नारायणदत्त गौडेल (रेग्मी) तथा आमा स्व. तुलसादेवी गौडेल (रेग्मी)को सातौँ सन्तानको रूपमा यस धर्तीमा पाइला टेकेकी थिइन् । कृष्णादेवी शर्मा (श्रेष्ठ) जन्मेको ६ मासमा नै जन्मदिने आमा तुलसादेवीले यो संसारबाट विदा लिएपछि ठूली आमा भागीरथीको काखमा उनी हुर्केकी थिइन् । जन्मदिने आमाले छ मासमा नै न्यानो काख छुटाएर गएपछि ठूली आमा भागीरथीको काखमा उनी हुर्केकी थिइन् । जन्मदिने आमाले छ मासमा नै न्यानो काख छुटाएर गएपछि ठूली आमा भागीरथी पौडेलले 'ज्ञादी' भन्ने ठाउँमा जहाँ उनको मामाघर पनि हो र मामा बासुदेव, बालकृष्ण र भागीरथी ठूली आमा (आमाकी दिदी)बाट पालनपोषण गरिएको थियो ।[७] आमाको अन्त्यष्टि समाप्त भएको भोलिपल्टै ज्ञादी कटुवाचौपारी चापइँफाँट निवासी उनकी ठूली आमाको घरमा पुऱ्याइएकी थिइन् । ठूली आमाले उनका जेठा मामा बासुदेव लामिछानेलाई लिन पठाउनु भएछ र उहाँहरूले उनलाई पालन-तालनको लागि लैजानु भएको रहेछ । उनको मावलीघर पनि ज्ञादी कटुवाचौपारी खदाल्नी भन्ने ठाउँमा नै पर्छ । ठूली आमा आफू निःसन्तान हुनुभएको र साना-साना दाजु-दिदीको साथमा हेर-विचार

---

[५] शोधनायिकाबाट प्राप्त जानकारी ।
[६] पूर्ववत् ।
[७] कृष्णादेवी शर्मा (श्रेष्ठ) घरभेटी भाउजू (२०५९) ।

राम्रो नहुने देखेर नै उनलाई उनकी ठूली आमा र मामा मिलेर उनलाई ठूली आमाको काखमा पुऱ्याउनु भएको रे । आफ्नी ठूली आमा निःसन्तान भएको हुनाले उनको काखलाई कृष्णादेवी शर्मा (श्रेष्ठ)ले भरिदिएकी थिइन् । उनलाई आमाको स्वर्गवासले मायामा कहीँ कमी हुन नदिई ठूली आमाले अत्यन्त धेरै लाडप्यार र सुखसयलमा हुर्काएकी थिइन् ।[८] भागीरथीका वेमातृ सन्तानले पनि उनलाई धेरै माया गरेर 'हामीले सारेको तुलसा भन्थे' । भागीरथीको परिवार मात्र नभएर ज्ञादीको चपाइँफाँट भन्ने ठाउँ जहाँ उनकी ठूली आमाको गाउँ थियो त्यहाँ उनलाई अत्यधिक माया गर्थे । 'हुने विरुवाको चिल्लो पात' भनेझैँ उनी सानैदेखि असल थिइन् ।[९] गाउँका दिदी बहिनी भाउजूहरू जङ्गल गएको देखेर भागीरथीका आँखा छली उनी जङ्गल घाँस दाउरा गर्न पनि जाने गर्थिन् । उनी सानैदेखि नै लेख्ने पढ्ने र बत्ती कात्ने काममा पनि अगाडि सर्ने बानी थियो ।[१०] गाउँमा ऐसेलु, कटुस, बयर र लप्सी टिप्न उनी जङ्गल पनि जाने गर्थिन् । यो उनको आफ्नै सोख पनि थियो ।[११] लगभग ५/६ बर्षको उमेरदेखि उनले लोकगीत गाएर छम-छम नाच्थिन् । सायद् राम्रो नाच्ने भएको हुनाले हुन सक्छ १५ सालको आम चुनावमा नेताहरूले उनलाई नचाउँदै घर-घरमा भोट माग्दै हिँड्थे ।[१२]

तत्कालीन समयमा छोरीलाई शिक्षा दिनु हुँदैन् भन्ने धारणा थियो तर पनि आफ्नी ठूली आमाको प्रेरणाले उनी शिक्षातर्फ अग्रसर भएकी थिइन् । उनकी ठूली आमा भागीरथीले रामायणका श्लोक पढेको सुन्दा उनलाई पनि ती श्लोक कण्ठस्थ हुन्थे ।

एक दिन् हे हनुमान् ! म चित्रकुटमा राम्का नजीक्मा थियाँ,
मेरा काखमहाँ सुत्या र रघुनाथ् हात्को तकीया दियाँ ॥
मेरा लाल दुई पाउ देखिकन काग् आयो र ठूँग्यो जसै
मेरा ई दुई पाउदेखि बहुतै आये रगत् पो तसै ।[१३]

उनलाई छ महिनाको अवस्थादेखि लालन-पालन गर्नुको साथै उपर्युक्त यस्ता थुप्रै श्लोकहरू कष्ठस्थ सुनाएर पढ्ने र पछि गएर शास्त्रीय छन्दमा कविता रचना गर्ने प्रेरणा र प्रोत्साहन प्राप्त गरेकी थिइन् । यस्ता श्लोक उनी एक्लै हुँदा पनि गुनगुनाउँथिन् । भागीरथीका सौतेनी नाति लिलाधर पौडेलले उनलाई कखरा चिनाएका थिए । आजभोलि

[८] पूर्ववत् ।
[९] नायिकाबाट प्राप्त जानकारी ।
[१०] नायिकाबाट प्राप्त जानकारी ।
[११] नायिकाबाट प्राप्त जानकारी ।
[१२] नायिकाबाट प्राप्त जानकारी ।
[१३] कृष्णादेवी शर्मा 'सृष्टि सौगात' (२०६५),(रामायण सुन्दरकाण्डको ७७ औं श्लोक) ।

जस्तो प्रशस्त स्कुल थिएनन् । गाउँमा स्कुल नभएको अवस्थामा ज्ञादीका प्रेम शर्मा, देव शर्मा र हरि शर्माले बनारसबाट गुरु ल्याएर गाउँका केटाकेटीलाई शिक्षा दिन्थे । त्यसमा पनि छोरीलाई शिक्षा आवश्यक छैन भन्ने धारणा भएको बेला पनि उनी त्यही बनारसबाट आएका शिक्षकले पढाएको समूहमा बसेर पढिन् र प्राथमिक तहको शिक्षा उत्तीर्ण गरिन् ।[१४]

त्यसबेला शिक्षकलाई पढाएबापत दिइने तलब भनेको गाउँमा अन्नवाली आदि उठाएर दिन्थे । जतिबेलासम्म पाइन्थ्यो त्यतिबेलासम्म मात्र ती शिक्षकले पढाउँथे । स्कुलको पनि ठेगान हुँदैनथ्यो ।[१५] ५/६ महिना भन्दा बढी एक ठाउँमा बसेर पढिएन त्यो पनि पाटिपौवामा बसेर पढ्नुपर्थ्यो । त्यसबेला ज्ञादीको सामाजिक परिपाटी त्यति राम्रो थिएन् । त्यहाँको समाज दुई भागमा बाँडिएको र एउटा समूहले गरेको शुभकार्यमा अर्को समूहले भाँजो हालेर विगार्ने काम गर्थ्यो । यसरी एक समूहले विद्यालय जस्तो पवित्र संस्थाको स्थापना गर्थ्यो भने अर्को समूहले त्यसको जरै उखल्ने काम गर्थ्यो यसरी अध्ययन गर्ने क्रममा कहिले कालीमाटीको घुमाउने डाँडामा त कहिले कहाँ बसी उनले पढेकी थिइन् । यसरी बडो दुःखका साथ नि.मा.वि. स्तरको औपचारिक शिक्षा प्राप्त गरेकी थिइन् ।[१६] धेरै लामो समयपछि पर्वत जिल्लाको सदरमुकाम कुस्मामा माध्यमिक विद्यालय खुल्यो ।[१७] २०२४ सालमा कक्षा ९ (नौ) मा भर्ना भई उनी विद्यालय जान थालिन् । लामो केशराशि दुई चुल्ठा बाटी कुर्ता र सुरुवाल लगाई पुस्तकको झोला बोकेर उनी विद्यालय जान लाग्दा वरपर सबैले ट्वाल्ल परेर हेर्थे । हुन पनि त्यसबेलामा ज्ञादीबाट कुस्मासम्म गएर नारायण मा.वि.मा अध्ययन गर्ने छात्रा उनी एक्ली थिइन् । त्यसबेला नारायण मा.वि.मा कक्षा दशमा अध्ययन गर्ने छात्राहरूमा जम्मा छ, सात जना भन्दा बढी थिएनन् । उनीहरू नारायण मा.वि.का प्रथम व्याच (समूह)का थिए । २०२५ सालको एस.एल.सी परीक्षा दोस्रो श्रेणीमा उत्तीर्ण गरेकी थिइन् । दोस्रो श्रेणीमा एस.एल.सी. उत्तीर्ण गरेपछि उच्च शिक्षाको रहर पक्कै पनि उनमा पनि जाग्यो होला तर तत्कालीन समयमा छोरीलाई घर छोडेर पढ्न पठाउनु त कल्पनासम्म पनि गर्न सकिन्थेन । एक्काइसौं शताब्दीमा त छोरा र छोरीमा आकाश र जमिनको फरक छ । त्यो समयमा कस्तो थियो होला ? कल्पना गर्दा पनि डर लाग्छ । तर पनि एउटा ठूलो साहस गरी प्राइभेट पढेर पनि २०२९ सालमा आइ.ए.पास गरेकी थिइन् ।[१८]

---

[१४] शोध नायिकाबाट प्राप्त जानकारी ।
[१५] शोध नायिकाबाट प्राप्त जानकारी (१८) ।
[१६] शोध नायिकाबाट प्राप्त जानकारी ।
[१७] शोध नायिकाबाट प्राप्त जानकारी ।
[१८] नायिकाबाट प्राप्त जानकारी ।

तत्कालीन समयमा छोरीले आइ.ए. पास गर्नु भनेको चानचुने कुरा थिएन । उनी बढी मिहिनेती र लगनशील भएकै कारण उनले त्यो सफलता प्राप्त गरेकी थिइन । आइ.ए. पास पश्चात् २०३१ सालमा नयाँ शिक्षा परियोजना अन्तर्गत शिक्षा आयोग लडेर श्री भवानी विद्यापीठमा नि.मा.वि. तहको शिक्षक पदमा रहेर सेवा गर्ने अवसर पाइन् ।[१९] लगनशील र मिहिनेती कृष्णादेवी शर्मा (श्रेष्ठ)ले एकातिर अर्थोपार्जन गर्दै आफ्नो अध्ययनलाई निरन्तर अगाडि बढाउँदै गइन् र २०३६ सालमा बि.ए. पनि पास गरिन् । जब उनले डिप्लोमा पास गरिन् तब सोही विद्यालयमा नै प्रमोसन (बढुवा) भई नेपाली विषयकी शिक्षिकाको रूपमा सेवा गर्ने अवसर पाइन् ।[२०] यिनको साहस र लगनशीलताले नै यिनले आफ्नो औपचारिक शिक्षामा ठेँस लाउन नदिईकन निरन्तर रूपमा अगाडि बढ्दै जाँदा प्राइभेट तरिकाले पढे पनि २०४१ सालमा स्नातकोत्तर स्तरको शिक्षा पास गरिन् । यसरी २०३१ सालबाट २०५८ सालमा पढ्दै पढाउँदै त्यही विद्यालयमा अटुट सेवा गर्दै आइन् ।[२१]

## २.४ दाम्पत्य जीवन र पारिवारिक अवस्था

छोरीलाई पढाउन हुँदैन, छोरी भनेको अर्काको घरमा जाने जात हुन् भन्दै राम्रोसँग पनि हुर्किन नपाउँदै गर्भसित सात वर्षमा लागी भन्दै अर्काको हातमा छोरीलाई सुम्पने अवस्थामा जन्मेकी कृष्णादेवी शर्मा (श्रेष्ठ) भने अपत्यारिलो उमेरमा आएर मात्र विवाह बन्धनमा बाँधिन पुगेकी छिन् । जन्मदिने आमाको न्यानो काखबाट छ मासको हुँदादेखि छुट्टिन पुगेकी र ठूलीआमा भागीरथीको लालनपालनमा हुर्किएकी कृष्णादेवी शर्मा (श्रेष्ठ)ले आरम्भमा विवाह नै नगरी बस्ने सोच बनाएकी थिइन् ।[२२] तत्कालीन समयमा प्रवेशिका परीक्षा पास गर्ने भन्ने कुरा अत्यधिक ठूलो मानिन्थ्यो, त्यो पनि  छोरीले । २०२५ सालतिर जागिर खाएर हिँड्दा उनले आफूलाई गौरवान्वित ठानेकी थिइनन् भनेर भन्न सकिँदैन । त्यसले आफ्नो खुट्टामा उभिन सक्छु भन्ने साहसले पनि विवाह गर्दिन भन्ने सोच थियो भने अर्कोतर्फ आफूलाई जन्मदिने आमाले छोडेर गएपनि कर्म दिने आमा निःसन्तान भएकी हुँदा छोराले मात्र बाबुआमा पाल्ने होइन छोरीले पनि पाल्न सकिन्छ भन्ने सोचले विवाह नगरी बसेकी थिइन् । जागिर खानेक्रममा धेरै मान्छेसँगको सम्पर्क रह्यो ।[२३] उद्योगबहादुर त्यसै विद्यालयका (ज्ञादी कटुवा

[२०] नायिकाबाट प्राप्त जानकारी ।
[२१] नायिकाबाट प्राप्त जानकारी ।
[२२] नायिकाबाट प्राप्त जानकारी ।
[२३] नायिकाबाट प्राप्त जनकारी ।

चौपारी सार्वजनिक प्रा.वि.का) प्रधानाध्यापक थिए ।[२४] पछि उनले २०३१ सालमा शिक्षा सेवा आयोग लडेर सरकारी जागिर खान पुगिन् । उनको उद्योगबहादुरसँगको चिनाजानी यथावत रहँदै गयो । केही समय पछि आफूलाई कर्मदिने आमा भागीरथीको मृत्यु भएपछि २०४९ माघ १ गते पर्वत जिल्ला देवीस्थान-३, फलेबास चौवीस कुरिया निवासी पिता स्व. पुननारायण श्रेष्ठ र माता स्व.मानकुमारीका कनिष्ठ सुपुत्र श्री उद्योगबहादुर श्रेष्ठसँग ४० वर्षको उमेरमा अन्तरजातीय प्रेम विवाह गर्न पुगिन् । उनको पहिलाको मित्रतालाई २०४९ माघ १ गते बाग्लुङ्गको भगवती मन्दिरबाट सम्बन्धमा परिणत हुन पुग्यो । तर उनको प्रेम विवाह आफू कुमारी नै भए पनि विवाहित उद्योगबहादुरसँग गर्न पुगेकी थिइन् विवाहपछि उनी आफ्नो पति उद्योगबहादुरसँग आफ्नो घर पर्वत फलेबास गई एकहप्ता बसेपछि जागिरकै सिलसिलामा दुबैजना हिँडेका थिए ।[२५]

उद्योगबहादुरले कृष्णादेवी शर्मा (श्रेष्ठ)सँग दोस्रो विवाह गरेका थिए । उनकी पहिली श्रीमती तिलकुमारी श्रेष्ठतर्फ दुई भाइ छोरा जन्मिएका छन् । दीपक श्रेष्ठ एम.ए.पास गरेर दुरसञ्चारको केन्द्रीय कार्यालयमा शाखा अधिकृत छन् भने कान्छो प्रकाश श्रेष्ठ आइ.ए. पास गरेर व्यापारतर्फ लागेका छन् । जेठो छोरा दीपककी श्रीमती नवीना र नाति नवदीप छन् भने कान्छको छोरा प्रकाशकी श्रीमती शान्ता हुन र नाति अविनाश, नातिनी चमेली रहेका छन् । यति सम्पन्न परिवार हुँदाहुँदै पनि उद्योगबहादुरले कान्छी श्रीमती कृष्णादेवी शर्मा (श्रेष्ठ)सँग प्रेम विवाह गर्न पुगे ।[२६] कुनै पनि नारीलाई विवाह पश्चात सन्तानको रहर अवश्य हुन्छ तर कृष्णादेवी शर्मा (श्रेष्ठ)को कोखबाट अर्थात् कृष्णादेवी शर्मा (श्रेष्ठ)को स्तनपान गर्ने सन्तान भने भगवान्ले उपहार नदिएपछि त्यो रहरलाई पूरा गर्न उनले मामाको छोराको छोरीलाई पालेर सन्तानको रहर पूरा गर्ने गर्दै छिन् । त्यसैले उनले ती बालिका जसको नाम सिर्जना हो, उसलाई छोरी मानेकी छन् र सिर्जनाले पनि कृष्णादेवी शर्मा (श्रेष्ठ) लाई आमाको सम्बोधन गर्छिन् । दुवैमा आमाछोरीको सम्बन्ध रहेको छ । देख्ने कसैले पनि आमाछोरी होइनन् भनेर कल्पना गर्न पनि सक्दैनन् । उनीहरूको व्यवहार देखेर उद्योगबहादुरले पनि आफूले दिनुपर्ने बाबुको माया उनलाई दिएका छन् ।[२७]

यसरी कृष्णादेवी शर्मा (श्रेष्ठ)ले सौतामाथि विवाह गरे तापनि उनीहरूबीच त्यस्तो नराम्रो सम्बन्ध कहिल्यै भएन र उनका श्रीमान् उद्योगबहादुरले पनि दुईवटा विवाह गरे तापनि दुईवटी श्रीमतीहरूलाई छुट्टा छुट्टै राखेर दुवैप्रति आफ्नो कर्तव्य पूरा गरेका छन् ।

[२४] नायिकाको श्रीमान उद्योगबहादुरबाट प्राप्त जानकारी ।
[२५] नायिकाबाट प्राप्त जानकारी ।
[२६] शोध नायिकाको श्रीमान् उद्योग ब.बाट जानकारी अनुसार ।
[२७] नायिकाबाट प्राप्त जानकारी ।

जेठी श्रीमतीतर्फ छोरा-बुहारी नाति-नातिना भएका कारण जेठी श्रीमतीलाई बस्ने आश्रय छ त्यसैले उनीहरू पर्वत फलेबासको घरमा बसेका छन् भने कृष्णादवी शर्मा (श्रेष्ठ)ले एउटी छोरी सहित प्रगतिनगरमा श्रीमान उद्योगबहादुरसँग बस्दै आइरहेकी छन् ।

## २.५ बसोबास र आजीविका

आफू ६ मासको हुँदैदेखि आमाको न्यानो काखबाट छुट्टिन पुगेकी कृष्णादेवी शर्मा (श्रेष्ठ) ठूली आमा भागीरथीको न्यानो काखमा हुर्किन पुगिन् । जन्मदिने आमाको काखबाट बञ्चित भए तपानि उनलाई आमाको काखको अभाव हुन पाएन । छ भाइबहिनामा त्यो पनि साना साना भएको हुँदा त्यसमा राम्रो लालनपालन नहुने देखी मामा र ठूली आमाले उनलाई ठूली आमाको घरमा ल्याएर हुर्काए । उनी आफू मध्यमवर्गीय घर-परिवारमा जन्मेकी थिइन । पछि उनी ठूली आमाको घरमा हुर्किन । त्यहाँ पनि उनलाई केही कुराको अभाव भएन ।[२८] उनकी ठूली आमा भागीरथी जिम्वालनी थिइन् । सम्पत्ति धेरै देखेर नै उनकी ठूली आमाको ६० वर्ष (हिँउद काटेका) बूढासँग विवाह भएको थियो । त्यही जिम्वालको घरमा कृष्णादेवी शर्मा (श्रेष्ठ)को (उनको) बाल्यकाल बितेको हुँदा उनलाई अभावको महसुस भएन् । छोरीलाई पढाउनु पर्छ भन्ने धारणा भएकी ठूलीआमाले कृष्णादेवी शर्मा (श्रेष्ठ)लाई पढाइन् ।[२९] पछि उनले एस.एल.सी पास गरेपछि त्यहीँ कटुवा चौपारी गा.वि.स. ज्ञादीको श्री सार्वजनिक विद्यालय (हालको) माध्यमिक विद्यालयमा अध्यापिका भइन् । त्यसपछि त उनलाई आफ्नै कमाइमा रम्न पाउँदा झनै आनन्दको महसुस भयो । तत्कालीन समयमा छोरीलाई शिक्षाको अभाव भएको समयमा पढेर आफ्नो खुट्टामा आफै उभिन सक्दा उनलाई कति आनन्दको महसुस भयो होला कल्पना गर्दा पनि कति आनन्द लाग्छ । त्यसपछि आफ्नो पढाइलाई प्राइभेट रूपमा अगाडि बढाउँदै लगिन् । २०३१ सालमा नयाँ शिक्षा परियोजनाअन्तर्गत शिक्षा आयोग लडेर श्री भवानी विद्यापीठ नि.मा.वि. तहमा रहेर सेवा गर्ने अवसर पाइन् । त्यसबेलासम्म उनी कुनै पारिवारिक बन्धनमा बाँधिन परेको थिएन् । ठूली आमा पनि खान्दानी नै भएको हुँदा उनलाई घरमा लगेर दिनु पनि केही परेन । उनी आफै आफ्नो कमाइ खर्च गर्न पाउँदा उनलाई दुःख र अभाव कहिल्यै भएन । पछि २०३६ सालमा बि.ए. पास गरेपछि त्यही विद्यालयमा मा.वि. तहमा बढुवा भइन् ।[३०]

यसैगरी २०४९ सालमा पुस ९ गते ठूली आमाको निधन पश्चात २०४९ माघ १ गते उद्योगबहादुरसँग उनले अन्तरजातीय प्रेम विवाह गरिन् । उद्योगबहादुर पनि जागिरे

[२८] नायिकाबाट प्राप्त जानकारी ।
२९. नायिकाबाट प्राप्त जानकारी ।
[३०] नायिकाबाट प्राप्त जानकारी ।

नै थिए । उद्योगबहादुर पनि मध्यमवर्गीय परिवारका व्यक्ति हुन् । उनी विवाहित थिए तर कृष्णाकुमारी केटीसँग दोस्रो विवाह गरे । पहिली श्रीमतीतर्फ दुई भाइ छोरा जुन आफ्नो कमाइमा बाँचेका छन् । उता कमाइ दिनुपर्ने अवस्था छैन । श्रीमतीलाई जग्गा जमिन प्रशस्तै भएको हुँदा त्यसबाट आफ्नो गर्जो टार्छिन् ।[३१]

अहिले कृष्णादेवी शर्मा (श्रेष्ठ) प्रगतिनगर गा.वि.स. वार्ड नं.३, नवलपरासी जिल्ला, लुम्बिनी अञ्चलमा बसोबास गर्दै आइरहेकी छिन् । त्यहाँ उनको भर्खरै बनेको एक तले पक्कि घर छ । दुवै बूढाबूढी निवृत्तिभरणमा भएको हुँदा आवश्यक गर्जो टरेको देखिन्छ । समग्रमा भन्दा अहिले कृष्णादेवी शर्मा (श्रेष्ठ)की धर्मछोरी सिर्जना, बाबु उद्योगबहादुर र आमा कृष्णादेवी शर्मा (श्रेष्ठ)को छोटो परिवार अहिले त्यस घरमा बस्दै आएका छन् ।[३२] यसो हेर्दा उनको पारिवारिक स्थिति सुखमय देखिन्छ ।

## २.६ आर्थिक अवस्था र पेसा

कृष्णादेवी शर्मा (श्रेष्ठ) आफ्नो माइती मध्यमवर्गीय परिवार थियो । आफू नाबालक छँदै आफ्नी आमाको न्यानो काखबाट विदा हुनुपर्दा उनलाई थाहा भएन र ठूली आमाको संरक्षणमा हुर्कदै गइन् । ठूली आमा भने जिम्वाल्नी थिइन् । एक त बहिनीकी टुहुरी छोरी ल्याएर पालेकी उसले भनेको भएन भने रुन्छे भन्ने डरले भए पनि उनलाई कुनै कुराको अभाव भएन ।

तत्कालीन समयमा छोरीको लागि शिक्षा दिनु भनेको अत्यन्त महान् कार्य मानिन्थ्यो । त्यस्तो समयमा उनले बन्देजविना नै पढ्ने सुअवसर पाइन् । त्यस अवसरलाई उनले राम्रोसंग सदुपयोग गर्दै गइन् र विभिन्न किसिमका दुःख र कष्ट झेल्दै २०३५ सालमा श्री नारायण मा.वि. कुस्माबाट उनले दोस्रो श्रेणीमा एस.एल.सी पास गरिन् । त्यसपछि जुन स्कुलबाट प्रा.वि. को शिक्षा हासिल गरिन् । त्यही स्कुल ज्ञादीको सार्वजनिक विद्यालय (हालको मा.वि.) मा अध्यापन पेसा शुभारम्भ भयो ।[३३]

सानैदेखि गीतप्रति रुचि भएकी कृष्णादेवी शर्मा (श्रेष्ठ)ले लोकगीत गाउने र नाच्ने गर्थिन् । त्यसैले नेताहरूले उनलाई चुनावको समयमा गीत गाउन र नाच्नको लागि भनेर लिएर हिँडथे । सानैदेखि ठूली आमाले रामायण वाचन गरेको सुनेर उनलाई पनि रामायणका श्लोक कठस्थ हुँन्थे । पछि उनी साहित्य लेखनतर्फ पनि उन्मुख भएको पाइन्छ ।[३४]

---

[३१] नायिकाबाट प्राप्त जानकारी ।
[३२] पतिबाट प्राप्त जानकारी ।
[३३] नायिकाबाट प्राप्त जानकारी ।
[३४] नायिकाबाट प्राप्त जानकारी ।

२०३१ सालमा शिक्षा परियोजना लागू भयो त्यसपछि उनले शिक्षा आयोगको प्रतिस्पर्धामा उनले नि.मा.वि. तहमा नाम निकाली भवानी विद्यापीठ नामक विद्यालयमा नि.मा.वि. तहमा नेपाली विषयको पदमा रहेर सेवा गर्ने अवसर पाइन् । त्यसपछि २०३६ सालमा बि.ए. पास (उत्तीर्ण) गरेपछि त्यसै विद्यालयमा बढुवा वा पदोन्नति भएर मा.वि. तह नेपाली विषयको शिक्षिका भएर सेवा गर्दै आइन् ।

यसरी उनले एकातर्फ शिक्षिका भएर सेवा गर्दै आइन् भने अर्को तर्फ सामान्य फुटकर लेख रचना लेख्दै आइन् । २०५१ सालमा **सुर्मा** नामक पत्रिकामा 'साथी' शीर्षकको कविताबाट आफ्नो औपचारिक लेखन यात्रा आरम्भ गरी लेख, रचनाहरू प्रकाशित गर्दै आएकी छन् ।[३५] विभिन्न किसिमका साहित्यिक लेख, रचना, तथा पत्रपत्रिकामा गरेका टीकाटिप्पणी आदिबाट प्राप्त आयले कृष्णादेवी शर्मा (श्रेष्ठ)को जीवन खासै सहज बनेको देखिँदैन् । उनको आय आर्जन त शिक्षक पेसाबाट नै भएको पाइन्छ ।

२०४९ सालमा उद्योगबहादुरसँग अन्तरजातीय प्रेम विवाह गर्न पुगिन् । उनका पति पनि शिक्षकपदमा नै बहाल रही काम गर्दै आइरहेका थिए । यसरी दुवैजनाको सरकारी जागिरबाट नै प्रशस्त आम्दानी भएको पाइन्छ ।[३६] हुन त उद्योगबहादुरकी जेठी श्रीमती पनि छन् तर छोराहरूले कमाइ गर्ने हुँदा धेरै खर्च गर्नुपर्ने देखिएन ।[३७]

यसरी सानैदेखि सरकारी जागिर खाएर बसेकी कृष्णादेवी शर्मा (श्रेष्ठ)को आर्थिक अवस्था सबल नै देखिन्छ, खासै आर्थिक अभाव भएको देखिदैन । अहिले अवकाश लिएर बसेकी कृष्णादेवी शर्मा (श्रेष्ठ)ले लेखन कार्यलाई निरन्तर रूपमा अगाडि बढाउँदै गएकी छन ।[३८]

## २.७ साहित्यिक क्षेत्रमा प्रवेश र कार्य

बाल्यकालदेखि नै अध्ययन तथा लेखनमा रमाउने कृष्णादेवी शर्मा (श्रेष्ठ)ले लेखेका सम्पूर्ण लेखरचनाहरू प्राप्य नहोलान् तैपनि कृष्णादेवी शर्मा (श्रेष्ठ) को रुचिको क्षेत्र भने अवश्य हो ।

कृष्णादेवी शर्मा (श्रेष्ठ) ६ महिनाकी हुँदा उनकी आमाको देहान्त भएको थियो । उनको पालनपोषण उनकी ठूली आमा भागीरथी पौडेलबाट भएको थियो । ठूली आमा

---

[३५] नायिकाको पतिबाट प्राप्त जानकारी ।
[३६] नायिकाबाट प्राप्त जानकारी ।
[३७] नायिकाको पतिबाट प्राप्त जानकारी ।
[३८] नायिकाबाट प्राप्त जानकारी ।
३९.नायिकाबाट प्राप्त जानकारी ।

धार्मिक स्वभाव भएकी हुनाले घरमा प्रायजसो रामायणका श्लोकहरू वाचन गर्ने गर्थिन् । उनकी ठूलीआमाले रामायणका श्लोकहरू गुनगुनाएको सुन्दा र देख्दा उनलाई केही लेखौं लेखौं भन्ने भावना जाग्न थाल्यो र ठूली आमाको सङ्गीतमय गुनगुनाइले नै शर्मालाई प्रथमपटक साहित्य सृजना गर्नतर्फ अभिप्रेरित गऱ्यो ।[३९]

यसका साथै काव्य साधनामा लाग्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वहरूबाट प्रभावित भएर पनि बढी लागिन् ।[४०] माधवप्रसाद घिमिरे, लक्ष्मीप्रसाद देवकोटा, पारिजात, रविन्द्रनाथ टैगोर, सेक्सपियर आदि व्यक्तित्वहरूबाट रचित चर्चित पुस्तकहरूको अध्ययनबाट थप उर्जा प्राप्त भएको पाइन्छ ।[४१] यसका अतिरिक्त कृष्णादेवी शर्मा साहित्य सिर्जनामा सामाजिक, राजनैतिक, आर्थिक रूपका घटनाहरूबाट प्रभावित भइन् । त्यसमा पनि समाजमा रहेको महिलाको स्थितिलाई देख्दा, त्यसलाई गीतको माध्यमबाट प्रस्तुत गर्ने गरिन् । यस्तै समाजमा रहेका मुखमा रामराम बगलीमा छुरा भएका मानिसलाई देख्दा उनले कथाबाट प्रस्तुत गर्ने जमर्को गरिन् ।[४२] यस्तै गर्दागर्दै उनी साहित्य लेखनतर्फ अभिप्रेरित हुँदै गइन् ।

विद्यार्थी जीवनदेखि नै साहित्यप्रति अभिरुचि राख्ने कृष्णादेवी शर्मा (श्रेष्ठ)ले कविता लेखनबाट साहित्यको फाँटमा प्रवेश गरेको पाइन्छ । २०५१ सालमा बझाङ्ग जिल्लाको चैनपुरबाट प्रकाशित **सुर्मा** नामक पत्रिकामा 'साथी' शीर्षकको कविता प्रकाशित गरेर औपचारिक रूपमा साहित्य क्षेत्रमा प्रवेश गरिन् । यसरी लेखरचनालाई प्रकाशनमा ल्याउन उनका पति उद्योगबहादुरले उत्प्रेरित गराएर सफल भएकी हुन् ।[४३] थुप्रै फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भए तापनि कृतिका रूपमा प्रकाशित गराउन सकेकी थिइनन् । कृतिहरू प्रकाशित गराउन विभिन्न व्यक्तिहरूले उनलाई थप हौसला प्रदान गरीदिएका छन् । नाम उल्लेख गनुपर्दा प्रेम छोटा (धौलागिरि अञ्चलका) इन्द्र विकल्प (पर्वत) गोविन्दराज विनोदी, नारायण खनाल, आफ्नै पति उद्योगबहादुर आदिको थप हौसलाले **सुनाखरी र लालीगुराँसको देश** (कवितासङ्ग्रह, २०५७) प्रकाशित गराउन सफल भइन् ।[४४] यसरी हेर्दा २०५७ सालदेखि साहित्यतर्फ सक्रिय रूपमा लागेको देखिन्छ ।

त्यसपछि कृष्णादेवी शर्मा (श्रेष्ठ)ले आफ्नो कविता लेखनको यात्रालाई कही मत्थर नगर्दै देशको सामाजिक, आर्थिक, राजनैतिक घटनातर्फ ध्यानाकर्षित हुँदै तीजगीतको

[४०] नायिकाबाट प्राप्त जानकारी ।
[४१] नायिकाबाट प्राप्त जानकारी ।
[४२] नायिकाबाट प्राप्त जानकारी ।
[४३] नायिकाबाट प्राप्त जानकारी ।
[४५]. नायिकाबाट प्राप्त जानकारी ।

माध्यमद्वारा आफ्ना मनका भावनाहरूलाई पोख्न थालिन् । २०५८ सालमा राजदरबारमा घटेको घटनाकाण्डलाई लिएर सोही घटनाको नामकरण गरी **नारायणहिटी पर्व** ( तीजगीत सङ्गालो २०५८) प्रकाशित गरिन् । त्यसपछि सामाजिक घटनामा आधारित **अत्याचारी घर** (२०५९) प्रकाशित गरिन् ।

साहित्यको विविध पाटामा कलम चलाउने क्रममा कथाकारको रूपमा परिचित हुँदै **घरभेटी भाउजू** (कथासङ्ग्रह २०५९) प्रकाशित भयो । त्यसपछि **प्रजातन्त्रमा प्रश्नचिह्न ?** (तीजगीत सँगालो २०६०) प्रकाशित भयो । कविता विधाको मझौला रूप खण्डकाव्य **स्मृतिको एक झिल्को** (खण्डकाव्य, २०६२) प्रकाशित हुन पुग्यो ।

त्यसपछि कविता विधाकै अर्को रूप मान्दा पनि हुने तर यसको छुट्टै अस्तित्व भएको गजल लेखनमा पनि यिनले कलम चलाएकी छन् । उनले **निर्झरिणी** (गजलसङ्ग्रह २०६२) प्रकाशित गरिन् । त्यसपछि **सृष्टिसौगात** (छन्दोबद्ध कवितासङ्ग्रह २०६५) प्रकाशित गरेर प्रकाशोन्मुख छन्दोवद्ध लेखनतर्फ पनि आफ्नो कलम चलाएकी छन् । उनका प्रकाशोन्मुख कृतिहरूमा नामकरण नगरिएको महाकाव्य र गजलसङ्ग्रह रहेका छन् । उनले यी कृतिको नामाकरण तत्काल गर्न चाहिनन् । यी कृतिलाई उनले नामकरण सहित द्रष्टाको हातमा दिने उनको इच्छा छ ।[४६]

फुटकर लेख रचनातर्फ पनि कृष्णादेवी शर्मा (श्रेष्ठ)को कलम द्रुत गतिमा अघि बढेको देखिन्छ । उनका केही समीक्षात्मक लेखरचनाहरू पनि प्रकाशित हुँदै छन भन्दा फरक नपर्ला ।[४७] हाल उनी जागिरबाट २०५८ मा अवकाश प्राप्त गरी साहित्य लेखनतर्फ लागेर नै आफ्ना दिनहरू बिताइरहेकी छन् ।

## २.८ सामाजिक क्षेत्रमा संलग्नता

निःस्वार्थ भावले सबैको भलो हुने कार्यका लागि नारी समाज कै आशा र भरोसाको केन्द्र बनेकी कृष्णादेवी शर्मा (श्रेष्ठ) सानैदेखि सामाजिक कार्यतर्फ उन्मुख देखिन्छिन् ।[४८] उनी साँस्कृतिक कार्यक्रमतर्फ पनि त्यत्तिकै आकर्षित थिइन् भन्ने कुरा गाउँघरमा विभिन्न समयमा प्रदर्शन गरिने साँस्कृतिक कार्यक्रमहरूमा संलग्न भएर उनले सांस्कृतिक प्रेम दर्शाएको प्रष्ट हुन्छ ।

कृष्णदेवी शर्मा (श्रेष्ठ) नेपाली साहित्यको विकास र विस्तारका लागि सदैव अग्रसर भइरहने व्यक्ति हुन् । साहित्यका साथसाथै सामाजिक कार्यमा पनि आफूलाई

[४६] नायिकाबाट प्राप्त जानकारी ।
[४७] नायिकाबाट प्राप्त जानकारी ।
[४८] नायिकाबाट प्राप्त जानकारी ।

परिचालन गर्न रुचि राख्ने कृष्णादेवी शर्मा (श्रेष्ठ)ले विभिन्न साहित्यिक तथा सामाजिक संघ (सङ्घ) संस्थामा आवद्ध भएर कार्य गरेको देखिन्छ ।

कृष्णादेवी शर्मा (श्रेष्ठ)को सामाजिक तथा साहित्यिक क्षेत्रमा संलग्नता यस प्रकार छः-

| **क.सं.** | **पद** | **आवद्ध सङ्घ/संस्था** |
|---|---|---|
| १ | संरक्षक सदस्य | जनमत, साहित्यिक मासिक, बनेपा, काभ्रे |
| २. | आजीवन सदस्य | रत्न श्रेष्ठ पुरस्कार गुठी बाग्लुङ्ग |
| ३. | आजीवन सदस्य | हाम्रो मझेरी साहित्य प्रतिष्ठान, भरतपुर, चितवन |
| ४. | आजीवन सदस्य | नेपाल बाल सङ्गठन, पर्वत |
| ५. | आजीवन सदस्य | मोती पुस्तकालय खानीगाउँ, फलेवास, पर्वत |
| ६. | सदस्य | व्यवस्थापक मण्डल, पर्वत, साहित्य सङ्गम, कुश्मा, पर्वत |

| | **पद** | **आवद्ध सङ्घ/संस्था** |
|---|---|---|
| ८. | सदस्य | युरेसिया रेयूकाई नेपाल उपशाखा उपआधार शिविर, प्रगतिनगर-३, नवलपरासी |
| ९. | सदस्य | सञ्चालक समिति, लुम्बिनी आदर्श डिग्री कलेज, कावासोती, नवलपरासी |
| १०. | सदस्य | व्यवस्थापन समिति, लुम्बिनी आदर्श उच्च मा.वि. कावासोती (माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरबाट मनोनित) |
| ११. | उपाध्यक्ष | 'प्रेमा साहित्य प्रतिष्ठान' बर्दघाट नवलपरासी |
| १२. | सदस्य | कार्यसमिति श्री विश्वज्योति आवासीय मा.वि. कार्यसमिति श्री विश्वज्योति बहुमुखी क्याम्पस |
| १३. | सदस्य | कार्यसमिति श्री विश्वज्योति बहुमुखी क्याम्पस |
| १४. | उपाध्यक्ष | कार्यसमिति श्री लक्ष्मी स्मृति साहित्य समाज, कावासोती[४९] |
| १५. | सदस्य | श्री साङ्गवेद संस्कृत माध्यमिक विद्यालय प्रगतिनगर-३ नवलपरासी |

| | | |
|---|---|---|
| १६. | सदस्य | श्री विश्वज्योति उच्चमाध्यमिक विद्यालय प्रगतिनगर-३, नवलपरासी |
| १७. | सह-सचिव | शान्ति तथा मानवअधिकार जिल्ला शाखा नवलपरासी[५०] |

## २.९ पदक तथा सम्मान

'टुहुराको भाग्य कन्नापछाडि भनेझैं' छ मासको हुँदाबाट आमाको न्यानो काखबाट बञ्चित भएकी कृष्णादेवी शर्मा (श्रेष्ठ)लाई सामाजिक इज्जतले भने कहिल्यै टुहुरो बनाएन । उनले सामाजिक क्षेत्रमा नै आफ्नो लगभग पाँच दशक उमेर बिताएकी छन् । त्यसको प्रभाव स्वरूप विभिन्न पदक तथा सम्मानले विभूषित हुन पुगेकी छन् । ती पदक तथा सम्मान बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ -

- २०३२ सालदेखि श्री भवानी विद्यापीठ माध्यमिक विद्यालय खानीगाउँ, फलेबासमा नि.मा.वि. तहको दरबन्दीमा शिक्षिकाको रूपमा अध्यापन गर्दै आएकी कृष्णादेवी शर्मा (श्रेष्ठ) शिक्षण पेसामा सम्मानित व्यक्तित्व हुन् । उनी जिल्लास्तरीय रूपमा पन्ध्रौं शिक्षा दिवसको उपलक्ष्यमा प्रशंसा र नगद पुरस्कारद्वारा २०४६/११/१२ मा सम्मानित ।
- पच्चीसौं शिक्षा दिवसको उपलक्ष्यमा दीर्घकालीन सेवा पदक र प्रमाणपत्रद्वारा २०५६/११/१२ मा सम्मानित ।
- पच्चीस वर्षसम्म अनवरत रूपमा सेवा गरेवापत श्री भवानी विद्यापीठ माध्यमिक विद्यालयको अठ्चालीसौं वार्षिकोत्सव समारोह २०५७/२/१ मा अभिनन्दित ।
- नेपाली भाषा र साहित्यमा गरेको सेवा/योगदानका लागि केवलपुरे जनमत सम्मान, २०६४ काभ्रे
- दामोदर पुडासैनी प्रतिभा सम्मान (हाम्रो मझेरी राष्ट्रिय प्रतिष्ठान, भरतपुर), २०६४
- लक्ष्मी स्मृति साहित्य समाज तथा नयाँ मौसम कावासोती नवलपरासीबाट सम्मानित ।
- कालिका एफ.एम.प्रा.लि. भरतपुर चितवनबाट सम्मानित ।[५१]

## २.१० रुचि र भ्रमण

सानैदेखि र लेख्न मनपराउने हुनाले ठूली आमाले रामायण वाचन गरेको सुनेर उनले पनि रामायणका श्लोक कण्ठस्थ गरी सबैलाई सुनाउने र सबैबाट प्रशंसा पाउँदा

---

[४९] शोधनायिकाबाट मौखित जानकारी अनुसार ।

[५०] शोधनायिकाबाट प्राप्त जानकारी अनुसार ।

[५१] सिर्जना आचार्य' कृष्णादेवी शर्मा (श्रेष्ठ) का साहित्यिक कृतिको अध्ययन, अ.प्र.स्नाकोत्तर शोधपत्र पि.एन क्या. पोखरा २०६५, पृ-९

आनन्द लिने उनको रुचि थियो ।[५२] यही रुचिका कारण आज उनी एक कुशल साहित्यकारको रूपमा चिनिन सफल भइन् । उनलाई आफ्ना साहित्यिक लेखनका माध्यमद्वारा समाजमा रहेका कुसंस्कार र कुरीतिलाई तोडेर योग्य समाज निर्माण गर्नु उनको रुचि रहेको मानिन्छ ।

सानैदेखि लोकगीत सुन्न रुचाउने भएका कारण गाउँघरमा हुने विभिन्न विसिमका साँस्कृतिक कार्यक्रममा सहभागी भई आफ्नो प्रतिभा प्रस्तुत गर्न रुचाउँथिन् । कृष्णादेवी शर्मा (श्रेष्ठ) आफै नारी भएका कारण पनि होला र प्रत्येक नारी स्वभाव पनि साथी बनाउने हुन्छ भने कृष्णादेवी शर्मा (श्रेष्ठ) पनि धेरै साथी बनाएर उनीहरूसँग घुमफिर गर्न रुचाउँछिन् । खानामा हेर्दा सामान्य दाल, भात, तरकारी, साथै त्यसमा टमाटरको चट्नी बढी रुचाउँछिन, गोरसमा उनले विशेषः दही मनपराउँछिन् ।[५३] पहिरनमा उनले सारीलाई अत्यन्त मनपराउँछिन, तर आफूले भने प्रायः कुर्ता सुरुवाल लगाउने गर्छिन ।[५४] साहित्यकारहरू कुनै न कुनै पूर्व साहित्यकारबाट प्रभावित भएका हुन्छन् । उनका मनपर्ने साहित्यकारहरूमा पारिजात, देवकोटा, लेखनाथ, भूपिसेरचन, स्वदेशी, साहित्यका हुन भने विदेशीमा रविन्द्रनाथ टैगोर, चेखोब, सेक्सपियर, शेली आदि ।[५५] सादा जीवन उच्च विचारलाई सधैं आत्मसात गर्ने कृष्णादेवी शर्मा (श्रेष्ठ)लाई पहैँलो बाहेक प्रायः सबै रङ्ग मनपर्छ ।[५६] नारी स्वभाववैले मन पराउने खेल कपडी, लुकामारी आदि खेल नै उनी मनपराउँछिन् ।

स्वच्छन्द रूपमा घुमफिर गर्न रुचाउनु मानवीय स्वभाव हो । कसैले घुमफिर गर्ने अवसर बढी पाएका हुन्छन् भने कसैले कम तर कृष्णादेवी शर्मा (श्रेष्ठ)ले भने प्रायः ठाउँहरू घुम्ने अवसर बढी पाएकी छिन् । आन्तरिक पर्यटनमा उनी पूर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्मका कञ्चनपुर, वैतडी र दार्चुलासम्म पूर्वमा झापासम्म घुमेकी छन् भने बाह्य पर्यटनमा भारतका आसाम, गया, काशी, पटना, इलाहाबाद, डिबुगढ, तीनसुकिया, पर्शुराम, कुण्ड, हरिद्वार, ऋषिकेश, दार्जिलिङ्ग सिलगुढी आफ्नी ठूली आमा भागीरथीसँग तीर्थ यात्रा गर्ने क्रममा घुम्ने अवसर पाएकी थिइन ।[५७] यसका साथै आफ्नी जेठी दिदी पार्वती आसाममा बसेको हुनाले पनि बाह्य पर्यटनमा रम्ने सु-अवसर प्राप्त गरेकी थिइन् ।[५८]

---

[५२] नायिकाबाट प्राप्त जानकारी
[५३] नायिकाबाट प्राप्त जानकारी
[५४] नायिकाबाट प्राप्त जानकारी
[५५] नायिकाबाट प्राप्त जानकारी ।
[५६] नायिकाबाट प्राप्त जानकारी ।
[५७] शोध नायिकाबाट जानकारी प्राप्त ।
[५८] शोध नायिकाबाट जानकारी प्राप्त ।

आफ्नो पति उद्योगबहादुरको जागिर भएका कारण उनले पश्चिमका जिल्लाहरूमा कतिपय पैदल, कतिपय मोटरबाट र कतिपय प्लेनबाट पनि उनले केही जिल्लाहरू भ्रमण गर्ने सु-अवसर पाएकी थिइन् ।[५९]

साहित्यकारका लागि भ्रमण अति नै प्रिय हुने भए तापनि नेपालमा सबैजसो जिल्ला र भारतका यति धेरै सहरहरूको भ्रमण थोरै वा विरलै साहित्यकारले मात्र गरेका हुन्छन्, त्यो पनि महिलाले । स्थलगत अध्ययन गरेपछिको लेखन जति तथ्यपूर्ण र रुचिपूर्ण हुन्छ । काल्पनिक लेखनले त्यस्तो शाश्वत रस प्राप्त गर्न सक्दैन् ।

## २.११ अविस्मरणीय घटना

मानिसले जीवन-यापन गर्ने क्रममा विभिन्न किसिमका घटनाहरू घटिरहेका हुन्छन् । कुनैबेला यस्ता घटनाहरू घट्छन्, जसलाई मानिसले चाहेर पनि विर्सन सक्दैन त्यसैले त्यस्ता घटनालाई अविस्मणीय घटना मानिन्छ ।

हो, यस्तै घटना कृष्णादेवी शर्मा (श्रेष्ठ)को जीवनमा पनि घटेको छ । यस्ता घटना कसैका सुखमय हुन्छन् भने यिनको दुःखमय घटना घट्न पुगेको छ । जन्मदिने आमा तुलसाको न्यानो मातृत्वबाट बञ्चित भई ठूली आमाको माया र ममतामा आफूले आफ्नो आधा जीवनभन्दा पनि हुने समय बिताएकी कृष्णादेवी शर्मा (श्रेष्ठ)लाई तिनै कर्मदिने आमाको मृत्युको खबर सुन्दाको क्षण बडो नमेटिने तरिकाले छातिमा कोरिएर बसेको छ । उनले सानैदेखि जागिर खाएर हिँडेकी कृष्णा ठूली आमा मर्नेबेलामा उनी घरभन्दा टाढा थिइन् । उनले अध्यापन गर्ने क्रममा उनी पर्वतको फलेबास भवानी विद्यापीठमा पठाउने बेलामा ठूली आमा ज्ञादीमा बिरामी छोडेर फलेबास बसेपनि उनको शरीर मात्र फलेबास थियो मन भने ज्ञादीमा नै थियो । सुत्दा नराम्रो सपना देखे पनि आमालाई केही भयो कि?, कोही नयाँ मान्छे देखिपनि आमालाई केही भयो कि ? भन्दै दिन विताइरहेकी कृष्णादेवी शर्मा (श्रेष्ठ)ले बिहानपख आफ्नै नातेदार पर्ने भाइ सौतातिरको पलाँति पर्ने भाइ आएर ठूली आमा (कर्मदिने) को मृत्युको खबर सुनाउँदा जिन्दगीको महल नै ढले जस्तो भयो । लगभग तीन कि.मि. हिँडदा उनले त्यो दूरी कसरी पार गरिन् भन्नेसम्म पनि पत्तो नभएको कुरा बताउँछिन् ।

## २.१२ जीवन-दर्शन

कृष्णादेवी शर्मा (श्रेष्ठ) असाध्यै मिहिनेती, लगनशील, अध्ययनशील तथा कर्मवीर स्रष्टा हुन् । एकदिनमा ४०-५० पृष्ठ अध्ययन गर्न त जो कोहीलाई हम्मे-हम्मे पर्छ भने उनी दिनमा १०० देखि १३० पृष्ठ सजिलै पढ्न सक्छिन् । उनको यो धैर्य र

अध्ययनशीलता वास्तवमै अनुकरणीय छ । कर्मलाई पूजा गरेर अगाडि बढ्नु उनको धारणा छ । आफू नारी भएर पनि केही गरेर बाँच्नुपर्छ भन्ने धारणा भएकी कृष्णादेवी शर्मा (श्रेष्ठ)ले आफ्नो जीवनमा चरितार्थ बनाएकी छिन् । मानव जीवन अपूर्व छ, फेरि यस्तो जीवन पाउन सम्भव छैन, त्यसकारण अधिकतम प्रयत्नबाट अधिकतम सफलता पाउने प्रयत्न गरिनुपर्दछ भन्ने विचार उनी व्यक्त गर्छिन । जीवनलाई उत्साहपूर्ण बनाउन सकारात्मक दुष्टिकोणको आवश्यकता पर्दछ । आफ्नै लगनशीलता परिश्रम र स्वअध्ययनले आफूले आजको उचाइ प्राप्त गरेको हुँदा आत्मगौरव हुने काम गर्नुपर्छ भन्ने उनको दृष्टिकोण रहेको छ । कृष्णादेवी शर्मा (श्रेष्ठ)ले व्यक्तिगत स्वार्थलाई तिलाञ्जलि दिएर समाजलाई र राष्ट्रलाई गौरव हुने काम गर्नुपर्छ, अल्छी गर्नुहुन्न, कोही कसैको असल कार्यको नक्कल गरे पनि अन्धानुकरण गर्नुहुन्न, आफैले सिर्जना गर्नुपर्छ, विदेशमुखी हुनुहुन्न, राष्ट्रभक्त हुनुपर्छ, जनताप्रति उत्तरदायी बन्नुपर्छ जस्ता राष्ट्रवादी दृष्टिकोण उनमा रहेको पाइन्छ ।

### २.१३ निष्कर्ष

नारायणदत्त गौडेल (रेग्मी)की माहिली श्रीमती तुलसा गौडेल (रेग्मी)को सातौं सन्तानका रूपमा २००९ साल चैत्र १५ गतेका दिन धौलागिरि अञ्चल पर्वत जिल्लाको मुडिकुवा गा.वि.स. वार्ड नं.५ मा जन्म लिएकी कृष्णादेवी शर्मा (श्रेष्ठ)ले बडो कष्टले अध्ययन गर्दै जाँदा श्री नारायण मा.वि. कुस्माबाट उनले दोस्रो श्रेणीमा प्रवेशिका परीक्षा उत्तीर्ण गरिन् । प्रवेशिका परीक्षा उत्तीर्ण गरेकी कृष्णादेवी शर्मा (श्रेष्ठ)ले कटुवा चौपारी गा.वि.स.ज्ञादीको श्री सार्वजनिक विद्यालयमा अध्यापिका भइन् । त्यसपछि २०३१ सालमा शिक्षा परियोजना लागू भयो र शिक्षा आयोग नि.मा.वि. तहको शिक्षक पदमा रहेर सेवा गर्ने अवसर पाइन् । आफ्नो अध्ययनलाई पनि निरन्तर रूपमा अगाडि बढाउँदै लगेकी कृष्णादेवी शर्मा (श्रेष्ठ)ले २०३६ सालमा प्राइभेट रूपमा बि.ए. पास गरेपछि सोही विद्यालयमा नै मा.वि. तहमा बढुवा भयो ।

उनले आफूले सुरुमा नै अध्यापन गरेको विद्यालयका प्र.अ.सँग मित्रताको डोरी कसिदै गयो । आफू लामो समयसम्म विवाहबन्धनमा नबाँधिई कर्मदिने आमा भागीरथीलाई पालेर आफ्नै खुट्टामा उभिएर जीवनयापन गर्ने प्रयत्न गरेकी कृष्णादेवी शर्मा (श्रेष्ठ)ले ठूली आमाको मृत्युपछि विवाहित उद्योगबहादुरसँग २०४९ माघ १ गते मित्रताको सम्बन्धलाई पति पत्नीको सम्बन्धमा परिणत गरिन् । जीवन जिउन एकजना साथी चाहिँदो रहेछ भन्ने सोचेर उनले प्रेम विवाह गरेको बताउछिन् । विवाह पश्चात् उनले सन्तान जन्माउन नसकेपछि उनले मामाको छोराको छोरी सिर्जनालाई ल्याएर

छोरी जस्तै बनाएर पालेकी छन् । वास्तवमा स्तनपान गराउने सन्तानलाई जन्म दिन सकिनन् तर, सिर्जना र कृष्णादेवी शर्मा (श्रेष्ठ)को व्यवहार देख्दा कसैले पनि उनकी छोरी होइनन् कि भनेर कल्पनासम्म पनि गर्दैन । उनकी सौता तीलकुमारी (दिदी) तर्फ दुई भाई छोरा छन् र दुबैको विवाह, पनि भएको र सन्तान पनि भइसकेको हुँदा कृष्णादेवी शर्मा (श्रेष्ठ) ले हजुरआमाको स्थान पाइसकेकी छन् । हाल कृष्णादेवी शर्मा (श्रेष्ठ) अहिले पति उद्योगबहादुर, छोरी सिर्जना र कृष्णादेवी शर्मा (श्रेष्ठ) आफूसहितको सानो परिवार प्रगतिनगर-३ स्थित एकतले घरमा बसिरहेका छन् । दुवै जना शिक्षक पदबाट निवृत्तिभरण (अवकास) पाएको हुनाले पेन्सनको पैसा र लेख रचनाबाट पनि केही आम्दानी गर्न सक्छन् । कृष्णादेवी शर्मा (श्रेष्ठ)का पति उद्योगबहादुर पनि स्वयम् साहित्यकार भएको हुँदा कृष्णादेवी शर्मा (श्रेष्ठ)लाई थप सहयोग मिलेको छ । अहिले दुवै जना सामाजिक कार्यमा संलग्न छन् ।

सानैदेखि ठूली आमा मागिरथीको प्रेरणा र हौसलाले साहित्यतर्फ आकर्षित भएकी कृष्णादेवी शर्मा (श्रेष्ठ)लाई पति पनि साहित्यकार हुँदा विवाह पश्चात पनि उनलाई साहित्यिक गोरेटो फराकिलो पार्न झन् सजिलो भएको छ । २०५१ सालमा 'साथी' नामक शीर्षकको कविताबाट आफ्नो साहित्यिक यात्रा औपचारिक रूपमा सुरु गरी २०५६ मा कृति प्रकाशन गर्न सफल भइन् । हालसम्म उनका आठवटा जति प्रकाशित कृति छन्, भने एउटा महाकाव्य र गजल सङ्ग्रह प्रकाशोन्मुख रूपमा रहेका छन् ।

प्रकाशोन्मुख कृतितर्फ जोड दिँदै केही लेखरचना लेख्दा लेख्दै उनको साहित्यिक यात्रा निरन्तर रूपमा अगाडि बढिरहेको छ ।

## परिच्छेद तीन

## कृष्णादेवी शर्मा (श्रेष्ठ)को व्यक्तित्व

### ३.१ पृष्ठभूमि

कुनै व्यक्तिको बैयक्तिक विशेषतालाई देखाउने गुण वा व्यक्ति विशेषको निजीपनलाई व्यक्तित्व भनिन्छ ।[1] हरेक व्यक्तिमा फरक-फरक प्रतिभा, विचार वा चरित्रमा अनेकता पाइने हुनाले व्यक्तिको निजीपनका आधारमा उसको बाह्य र आन्तरिक गरी व्यक्तित्वका दुई पाटा हुन्छन् । चर्मचक्षुले नियाल्न मिल्ने बाहिरी स्वरूपलाई बाह्य व्यक्तित्व भनिन्छ भने मानसिक रूपमा निर्मित व्यक्तित्वलाई आन्तरिक व्यक्तित्व भनिन्छ ।

व्यक्तित्वका आधारमा मानिसको मूल्याङ्कन गरिएको हुन्छ । बाह्य व्यक्तित्वलाई आन्तरिक व्यक्तित्वले आभूषणका रूपमा सजाएको हुन्छ । समाजका प्रतिष्ठित व्यक्तिहरूको व्यक्तित्वले अरूलाई प्रत्यक्ष प्रभाव पार्ने भएको हुँदा प्रभावशाली व्यक्तित्वको ज्यादै महत्त्व रेहेको हुन्छ । नेपाली साहित्यका क्षेत्रमा देखा परेका विभिन्न व्यक्तित्वहरूमध्ये कृष्णादेवी शर्मा (श्रेष्ठ) पनि एक हुन् र यहाँ उनकै व्यक्तित्वका विविध पाटाहरूलाई अध्ययन गरिएको छ ।

### ३.२ बाह्य व्यक्तित्व

बाहिरबाट हेर्दा स्पष्ट देखिने शारीरिक बनावटलाई बाह्य व्यक्तित्व भनिन्छ । शरीरको संरचना र आङ्गिक बनोटबाट बाह्य व्यक्तित्वको निर्धारण हुन्छ । यसरी हेर्दा उनको पाँच फिट पाँच इन्च उचाई, सत्तरी किलो तौल, पुष्ट छाती, लामो मोहडा, अलिअलि फुलेको ठिक्कको लामो कपाल, सुलुक्क परेको नाक सुहाउँदो निधार गहुँ गोरो वर्ण र परिपुष्ट शरीर नै कृष्णादेवी शर्मा (श्रेष्ठ)को बाह्य व्यक्तित्व हो ।[2]

अत्यन्त हक्की, सरल, मृदुभाषी, निष्कपट व्यवहार र आकर्षक शारीरिक बनावटले कृष्णदेवी शर्मा (श्रेष्ठ)को व्यक्तित्व प्रभाव छ । हृष्टपुष्ट शरीर, प्रायः कुर्ता, सुरूवाल, मेलामेसामा सारी लगाउने, निधारमा टीका, सिउँदोमा सिन्दुर आँखामा चश्मा लगाउने


---

[1] बालकृष्ण पोखरेल (निर्देशक) नेपाली बृहत् शब्दकोश काठमाडौँः ने.रा.प्र.प्र.२०५०, पृ.१२४५ ।
[2] नायिकाबाट प्राप्त जानकारी ।

तडकभडक नभएकी सफा लुगा लगाउन मन पराउने, हँसिलो मुहार तथा सबैको मनभित्र बस्न सक्ने व्यवहारले उनको व्यक्तित्वलाई शिखरमा पुऱ्याउएको छ ।

**३.३ आन्तरिक व्यक्तित्व**

मानिस सामाजिक प्राणी भएको हुनाले उसको व्यक्तित्व निर्माण गर्ने मूल स्रोत पनि समाज नै बन्दछ । व्यक्ति जन्मे हुर्केको वातावरणमा उसले प्रशस्तै शारीरिक तथा मानसिक तीता-मीठा अनुभवहरू सँगालोको हुन्छ । यिनै क्रिया प्रतिक्रिया एवम् अन्तरबोधनबाट नै उसको निर्माणमा सहयोग पुगिराखेको हुन्छ । व्यक्तिको पारिवारिक पृष्ठभूमि, सामाजिक, आर्थिक साँस्कृतिक परिवेश तथा शिक्षादीक्षा जस्ता कुराले व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसै सन्दर्भमा कृष्णदेवी शर्मा (श्रेष्ठ) को आधारशीलाका रूपमा पनि उनको जन्मे हुर्केको परिवेश शिक्षादीक्षा, सामाजिक, आर्थिक एवम् ऐतिहासिक अवस्थालाई लिन सकिन्छ । 'मोती टिप्नका लागि सागरमा डुबुल्की लगाउनै पर्दछ' अर्थात् सत्यतथ्य कुरा पत्ता लगाउनका लागि सम्बन्धित विषयमा गहन अध्ययन हुनै पर्दछ । समाजमा त्यस्ता थुप्रै व्यक्तित्वहरू हुन्छन् जसले समाज तथा राष्ट्रका लागि ठूलो योगदान दिएका हुन्छन् । जसको मूल्याङ्कन हुन्छ उनीहरू परिचित वा अपरिचित मानिन्छन् । जसको मूल्याङ्कन हुँदैन उनीहरू ओझेल पर्दछन् । तसर्थ यहाँ साहित्यकार कृष्णदेवी शर्मा (श्रेष्ठ)को योगदानका विविध भङ्गालाहरूको सान्निध्यताका लागि उनको आन्तरिक व्यक्तित्वलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।



### ३.३.१ साहित्यिक व्यक्तित्व

विद्यालयमा पढ्दादेखि नै कविता लेख्ने र वाचन गर्ने तथा कविता प्रतियोगितामा पनि भाग लिएर पुरस्कारसम्म प्राप्त गरेकी कृष्णादेवी शर्मा (श्रेष्ठ)ले बभाङ्ग जिल्लाको चैनपुरबाट प्रकाशित **सुर्मा** नामक पत्रिकामा 'साथी' शीर्षकको कविता प्रकाशित गराएर औपचारिक साहित्ययात्रा आरम्भ गरेकी हुन् । नेपाली साहित्यका आख्यान र कविता विधामा कलम चलाउँदै आएकी कृष्णादेवी शर्मा (श्रेष्ठ)का हालसम्म कवितासङ्ग्रह, कथासङ्ग्रह, तीजगीत सङ्ग्रालाहरू, खण्डकाव्य र गजलसङ्ग्रह जस्ता पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् भने केही कृतिहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।

**सुनाखरी र लालीगुराँसको देश** (कविता सङ्ग्रह २०५७) **नारायणहिटी पर्व** (तीजगीत सङ्गालो २०५८) **अत्याचारी घर** (तीजगीत सङ्गालो २०५९) **घरभेटी भाउजू** (कथासङ्ग्रह २०५९), **प्रजातन्त्रमा प्रश्नचिह्न ?** (तीजगीत सङ्गालो २०६०) **स्मृतिको एक झिल्को** (खण्डकाव्य, २०६२) **निर्झरिणी** (गजगसङ्ग्रह २०६३) **सृष्टिसौगात** (कवितासङ्ग्रह २०६५) पुस्तकाकार प्रकाशित कृतिका रूपमा देखा पर्दछन् । यसका अतिरिक्त शर्माको कविता, कथा, गीत, गजल, मुक्तक, निबन्ध, लेख, लघुकथा, नाटक जस्ता रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशन भइसकेका छन् । यिनै पुस्तकाकार कृतिहरूका आधारमा शर्मालाई कवि, कथाकार, गीतकार, गजलकार, खण्डकाव्यकार व्यक्तित्वको रूपमा हेर्न सकिन्छ ।

#### ३.३.१.१ स्रष्टा व्यक्तित्व

सृष्टि वा रचना गर्ने व्यक्तिलाई स्रष्टा भनिन्छ ।[३] साहित्य पनि आफै नलेखिने भएको हुनाले यसको लेखन गर्नु पनि सृष्टि नै हो । फरक कति मात्र हो भने साहित्यकारहरू एक विद्यामा कलम चलाउँछन् भने केही विभिन्न विधामा कलम दौडाउँछन् । विविध साहित्यिक क्षेत्रमा कलम घुमाउने बहुमुखी स्रष्टाका रूपमा कृष्णादेवी शर्मा (श्रेष्ठ)लाई पनि लिन सकिन्छ । उनको स्रष्टा व्यक्तित्वलाई विभिन्न कोणबाट अध्ययन गर्न सकिन्छ ।

##### ३.३.१.१.१ कवि व्यक्तित्व

विद्यालयमा अध्ययन गरेदेखि नै विभिन्न प्रतियोगितामा कविता सुनाई पुरस्कृत समेत भएकी कृष्णादेवी शर्मा (श्रेष्ठ)को प्रथम प्रकाशित कविता २०५१ सालमा बभाङ्ग

[३] बसन्त शर्मा (निदेशक) शब्दसागर दो.स. २०५८ ।

जिल्लाको चैनपुरबाट प्रकाशित **सुर्मा** नामक पत्रिकामा 'साथी' शीर्षकको कविता प्रकाशित गराएर औपचारिक रूपमा आफ्नो साहित्यिक यात्रा आरम्भ गरेकी थिइन् । साहित्यका विविध विधामा कलम चलाउन पुगेकी कृष्णादेवी शर्मा (श्रेष्ठ)को समग्र साहित्यिक व्यक्तित्व हुँदाहुँदै पनि उनी मुख्यतया कविताकै क्षेत्रमा विशिष्टता हासिल गर्न पुगेकी छन् । उनी नेपाली विषयमा नै एम.ए. गरेकी र पेसाले पनि अध्यापिका त्यो पनि नेपाली विषयकै जसले गर्दा उनको व्यक्तित्वलाई थप उजार गरेको छ ।

आफ्नै पति उद्योगबहादुरको उत्प्रेरणा र हौसला ग्रहण गर्दै 'साथी' शीर्षक कविताबाट आफ्नो साहित्यिक यात्रा आरम्भ गरेकी कृष्णादेवी शर्मा (श्रेष्ठ)ले विभिन्न पत्रपत्रिकामा फुटकर कविता प्रकाशित गर्दै र विभिन्न कवि गोष्ठीहरूमा वाचन गर्दै आएपछि उनले २०५७ सालमा **सुनाखरी र लालीगुराँसको देश** (कविता सङ्ग्रह) कृति प्रकाशित गराउँछिन् । त्यसपछि अन्य विधामा कलम चलाउँदै जाँदा २०६५ सालमा **सृष्टिसौगात** अर्को छन्दोबद्ध कविता सङ्ग्रह प्रकाशित गराउन पुगिन् ।

उनको साहित्यिक यात्रा नै कवितायात्राबाट सुरु भयो । उनको पहिलो प्रकाशित कृति पनि कविता सङ्ग्रह नै हो र प्रकाशनका दृष्टिले पनि धेरै कविता सङ्ग्रह नै भएका छन् । उनको पहिलो प्रकाशित कृति **सुनाखरी र लालीगुराँसको देश** (कवितासङ्ग्रह) मा बयासीवटा कविता रहेका छन् । यस कवितासङ्ग्रहमा कविको आत्मा बोल्छ, नारी मनको स्वाभाविक गुञ्जनहरूका अतिरिक्त समग्र जीवनमा तीतामीठा भोगाइ, संवेग र आवेग उकाली, ओराली, वेदना र व्याकुलता, विवर्ण र व्यग्रता, प्रेम, प्रणय, प्रेमपीडा, अतीत, विरह, मानसिक द्वन्द्व, आत्मक्रन्दन र अनतर्जलनका साथै केही शुभेच्छामूलक, सौन्दर्योपासना, राष्ट्रियता र कर्तव्यबोध आदिजस्ता दैनिक जीवनको यथार्थ कथा र व्यथा सिर्जनाभित्र अति संवेदनशीलता देखापर्छ । यसबाहेक उनका रचनाहरूमा अनुभूतिको तीव्रता र भावुक उद्गारहरू यत्रतत्र छरिएर रहेको पाइन्छन् ।[४]

अर्को छन्दोबद्ध कवितासङ्ग्रह **सृष्टिसौगात** हो, जसमा ५४ (चौवन्नवटा) कविताहरू सङ्कलित छन् । यसमा जम्मा उनन्तीसवटा छन्दको प्रयोग गरिएको छ । कवयित्रीको कृतिका माध्यमबाट नेपली भाषा, नेपाली साहित्य, नेपाली संस्कृति, नेपाली सभ्यता, नेपाली कला, नेपालीपन र नेपाली मनको मनोहर दृश्याङ्कन प्रस्तुत गर्दै प्रकृतिप्रेम, राष्ट्रानुराग मानवीय अनुरञ्जनप्रतिको मनोभिलाषाहरूका साथ सहिदहरूको स्मरण, विनम्रता हार्दिकता, नयाँ निर्माणप्रतिको सचेतता, लोकतन्त्रप्रतिको तीव्र आकाङ्क्षा, नारी र पुरुषबीचको विभेदता, वैज्ञानिक आविष्कारप्रतिको प्रशंसा, हिंसा, आतङ्कको विरोध, शान्ति र स्थिरताको चाहना, सामाजिक असमानताजन्य तमाम,

[४] कृष्णादेवी शर्मा (श्रेष्ठ) को सुनाखरी र लालीगुराँसको देश (२०५७) भूमिका लेखन (प्रेम छोटा) ।

शोषण, उत्पीडन र उच्छ्वास अनि जीवनका प्राप्ति-अप्राप्ति  हर्ष विस्मात, सफलता, असफलता आदिका भोगाइहरूको प्रतिबिम्बसमेत उतार्न सफल भएकी छन् ।[५]

कृष्णदेवी शर्मा (श्रेष्ठ)का रचनामा परिष्कृत र माझिएको भाषाशैलीका साथै अभिधा लक्षणा र व्यञ्जनाको राम्रो प्रयोग भएको पाइन्छ । सरल भाषामा संरचित भएकाले उनका कविता सम्प्रेष्य छन् । त्यसैगरी अनुप्रास, बिम्ब, प्रतीक र अलङ्कारको राम्रो संयोजन पाइन्छ । कतिपय ठाउँमा बौद्धिकताले भरिएको भएपनि क्लिष्टता र दुरुहत पाइँदैन । शास्त्रीय छन्दको समेत राम्रो प्रयोग गर्ने साहित्यकार कृष्णादेवी शर्मा (श्रेष्ठ)ले अनुष्टुप, शार्दूलविक्रीडित, इन्द्रवज्रा उपजाति स्रग्धरा आदि छन्दको राम्रो प्रयोग गरेकी छन् । माधुर्य, ओज र प्रसाद तीनै गुणको संयोजन भएका उनका कवितामा गद्य कवितात्मक मुक्त लय र गीति लयको प्रयोग पाइन्छ । हालसम्म दर्जनौं फुटकर कविता, २ वटा कवितासङ्ग्रह रचना गरेर उनी सफल कवयित्रीका रूपमा स्थापित भएकी छन् ।

### ३.३.१.१.२ कथाकार व्यक्तित्व

साहित्यकार कृष्णादेवी शर्मा .(श्रेष्ठ) पद्य विधामा मात्र नभई आख्यानात्मक गद्य विधामा आफ्नो कथाकारितालाई पनि सफल दर्जामा उठाउन सक्षम रहेकी छन् । कृष्णादेवी शर्मा (श्रेष्ठ) नेपाली कथाको क्षेत्रमा फुटकर कथाहरू विभिन्न पत्रपत्रिकाहरू प्रकाशित गर्दै आउँदा उनले एकमात्र कथासङ्ग्रह **घरभेटी भाउजू** (२०५९) लिएर देखापरेकी छन् ।

नेपाली साहित्यको झिनो सेवा गरेर भएपनि नेपाल आमाकी अग्रणी सन्तान हुने उमेद राख्दै नेपाली नारीहरूमा भएको आतिथ्य सत्कारपूर्ण व्यवहार, वर्तमान राजनीतिज्ञहरूको यथार्थ चित्रण, वैयक्तिक स्वार्थपूर्ण भावना, जातीय भावनामा अल्झिएको फोस्रो सामाजिक आडम्बर, आजको युगमा पनि छोरी र बुहारीप्रति गरिने सासूको बक्रदृष्टि, परिवार नियोजनको अनिवार्यता, अपरिपक्क मायाप्रीतिको भयावह परिणाम, छोराको दायित्व छोरीले पनि निर्वाह गर्न सक्छन् भन्ने कुराको ज्वलन्त उदाहरण, समय र परिस्थितिलाई पहिचान गर्न नसक्दा हुने पश्चाताप, परम्परागत विवाह पद्धतिमा देखापरको परिवर्तन, अदूरदर्शी र अपरिपक्क उमेर राजनीति, समाजमा विद्यमान हेपाहा प्रवृत्ति, कुलीन घरकी छोरीको पहिचान नारी सुलभ चरित्र, अपहेलित नारी जीवनका अनेकौं क्षण, असफल प्रेम, अनभिज्ञ सामाजिक कार्यकर्तालाई थोपारिएको जिम्मेवारी, गरिबप्रतिको कारुणिक दृष्टि र आफ्नै जीवनको ओराली-उकाली जस्ता अनेकौं सम-सामयिक घटनाको यथार्थ चित्रण सकेसम्म उतारी **घरभेटी भाउजू** नामक

[५] कृष्णादेवी शर्मा (श्रेष्ठ) सृष्टिसौगात (२०६५) शुभसम्मान केशवराज आमोदी ।

(कथासङ्ग्रह) मा सङ्कलित कथाका माध्यमबाट समाजको हातमा सुम्पिन सफल भएकी छन् ।[६]

उनका कथालाई हेर्दा उनलाई सामाजिक यथार्थवादी कथाकारको रूपमा देखा परेकी छन् । उनको **घरभेटी भाउजू** कथासङ्ग्रहका हरेक कथाहरूमा समाजको यथार्थ त्रिचण गरिएको छ भने समाजमा व्याप्त विसङ्गतिको अन्त्य गरी स्वच्छ समाजको निर्माण गर्न सबैलाई आव्हान गरिएको छ ।

### ३.३.१.१.३ गीतकार व्यक्तित्व

कृष्णादेवी शर्मा (श्रेष्ठ) सानै उमेरदेखि गीत सङ्गीतप्रति बढी नै आकर्षित थिइन् । बढीमात्रामा लोकगीत सुन्न मनपराउने कष्णादेवी शर्मा (श्रेष्ठ)ले बिमाकुमारी दुरा, शर्मिला गुरुङ्ग, हरिदेवी कोइराला, झलकमान गन्धर्व, धर्मराज थापा, कुमार बस्नेत आदि लोकगायक गायिकाहरूबाट प्रभावित भएको देखिन्छ ।[७]

२०५८ सालमा **नारायणहिटी पर्व** तीजगीत सङ्गालो लिएर देखापरेकी कृष्णादेवी शर्मा (श्रेष्ठ) ले हालसम्म **अत्याचारी घर** (तीजगीत सङ्गालो २०५९) र **प्रजातन्त्रमा प्रश्नचिन्ह** ? (तीजगीत सङ्गालो २०६०) गरी तीनवटा तीजगीत सङ्गालाहरू प्रकाशित गराइसकेकी छन् । नारायणहिटी पर्व तीजगीत सङ्गालोभित्र रहेका पन्ध्रवटा गीतका विषयवस्तु स्व.राजा वीरेन्द्रसँग सम्बन्धित छन् ।[८] अन्य सङ्गालाहरूमा छोरीचेलीका दुःख वेदना, समाजले नारीलाई हेर्ने दृष्टिकोण, प्रजातन्त्रको स्थिति र विविध राजनैतिक पार्टीहरूको परिचय समेत दिएर एकातिर तीजवर्पमा गीतगाएर मनोरञ्जन प्रदान गरिन् भने अर्कोतिर समाज र देशको यथार्थतालाई तीजगीतका माध्यमबाट प्रस्तुत गर्ने जमर्को गरेकी छन् ।

### ३.३.१.१.४ गजलकार व्यक्तित्व

साहित्यकार कृष्णादेवी शर्मा (श्रेष्ठ)ले साहित्यका विविध विधामा कलम चलाएर उत्कृष्ट गजलकारको रूपमा परिचय दिएकी छन् । उनले २०६३ सालमा **निर्झरिणी** नामक गजलसङ्ग्रह लिएर हामीसामु उपस्थित हुन सफल भएकी छन् । यस गजलसङ्ग्रहमा जम्मा सत्तरीवटा गजलहरू सङ्ग्रहित छन् ।

---

[६]. कृष्णादेवी शर्मा (श्रेष्ठ) घरभेटी भाउजू (२०५९) लेख्यौलीबाट ।

[७]' सिर्जना आचार्य कृष्णदेवी शर्मा (श्रेष्ठ)को कृगतग अध्ययन स्नातकोत्तर शोधपत्र, पृ.ना.क्या.पोखरा २०६५ ।

[८] पूर्ववत् ।

उनले यस गजलसङ्ग्रहमा गजलकार कृष्णादेवी शर्मा (श्रेष्ठ) आधुनिक नेपाली गजल सृजना परम्पराबाट प्रभावित छिन् । यिनका गजलमा प्रणयभाव एकातिर मुखरित भएको पाइन्छ  भने अर्कातिर समयको बिम्ब प्रतिबिम्बित भएको पनि देख्न सकिन्छ । मुलुकमा झण्डै एकदशकसम्म चलेको द्वन्द्वको अवस्थालाई पनि गजलकार कृष्णाले यी गजलका सेरहरूमा रूपयित गरेकी छन् । देशप्रेम, विकृति-विसङ्गतिमाथि व्यङ्ग्य प्रकृति चित्रण जस्ता विषयले पनि यी गजलमा स्थान पाएका छन् । लोकतन्त्रको पक्षमा रचिएका सेरहरू पनि यसभित्र परेका छन् । कृष्णादेवी शर्मा (श्रेष्ठ) ले सकेसम्म लयलाई पक्रने प्रयास गरेकी छन् र यस दिशामा सफलता पनि पाएकी छन् । काफिया रदिफ जस्ता तत्व यिनका गजलमा सचेततापूर्वक प्रयोग भएका छन् ।[९]

नेपाली महिला गजलकारहरूको सङ्ख्या औंलामा गन्न सकिने अवस्था रहेकै बेलामा कृष्णादेवी शर्मा (श्रेष्ठ)ले आफ्नो **निर्झरिणी** नामक गजलसङ्ग्रह प्रकाशित गरेर नेपाली महिला गजलकारहरूको सङ्ख्या बढाउनका लागि महत्त्वपूर्ण स्थान दिएको पाइन्छ । समाजमा रहेका विविध विषयवस्तुलाई गजलमा स्थान दिन सक्नु कृष्णादेवी शर्मा (श्रेष्ठ)को एक छुट्टै खुबी पनि हो ।[१०]

### ३.३.१.१.५ खण्डकाव्यकार व्यक्तित्व

कविता विधाकै मझौला रूपमा खण्डकाव्यलाई दिने गरिन्छ । नेपाली पद्यका लघुरूप-फुटकर कविता, मुक्तक) देखि मझौला रूप (खण्डकाव्य) सम्म रचेर यिनले आफ्नो कवित्व प्रतिभाको परिचय दिएकी छन् ।[११] उनले **स्मृतिको एक झिल्को** खण्डकाव्य अथक प्रयासपछि २०६३ मा पाठकको हातमा सुम्पिन सफल भएकी छन् ।

१९७६ तिर पर्वत जिल्लामा घटेको अनमेल विवाहको सत्य घटनालाई साहित्यिक वैशिष्ट्य भरेर यथार्थ रूपमा प्रस्तुत गरिएको **स्मृतिको एक झिल्को** खण्डकाव्य गुणयुक्त पूर्णआख्यानात्मक काव्य कृति हो । आख्यानीकरणको सबलताका कारण प्रबन्धककाव्यका रूपमा रहेको प्रस्तुत खण्डकाव्यमा जम्मा पन्ध्र सर्ग वा खण्ड छन् । सबभन्दा ठूलो बहत्तर श्लोकीय संरचनाको आठौँ सर्ग र सबैभन्दा सानो आठश्लोकीय  संरचनाको पन्ध्रौँ सर्ग रहेको यस काव्यमा जम्मा श्लोक सङ्ख्या ५६६+३ रहेको देखिन्छ । शास्त्रीय वर्णमात्रिक छन्दको लयानुकरण गरी लेखिएको सबभन्दा लामो पङ्क्ति १९ अक्षरीय शार्दूलविक्रीडित छन्द वा लयका साथै सबभन्दा सानो आठ अक्षरीय अनुष्टुप, छन्दको लययोजना यस

---

[९] घनश्याम न्यौपाने 'परिश्रमी' निर्झरिणी (२०६३) का लागि थोरै शब्द ।
[१०]. सिर्जना आचार्य कृष्णादेवी शर्मा (श्रेष्ठ) को कृतिगत अध्ययन स्नातकोत्तर शोधपत्र पृ.ना.क्या. (२०६५) ।
[११]. गोविन्दराज विनोदी 'स्मृतिको एक झिल्को' (२०६३) माथि विहङ्गम दृष्टि ।

काव्यमा रहेको छ । त्यसैगरी १२ अक्षरीय भुजङ्गप्रयात, १७ अक्षरीय शिखरिणी र मन्दाक्रान्ता छन्दको लयानुकरणका साथै गीति छन्द स्वनिर्मित लय संरचनाका पद्यहरू यसभित्र समाविष्ट भएको पाइन्छ । सकेसम्म छन्दः शास्त्रसम्मत नियमको परिपालना गर्न खोजिए तापनि लोकलयात्मक समेत रहेका यस काव्यभित्रका कविता भावको तीव्र प्रवाह र आख्यानको कौतूहलपूर्ण एवम् सबल प्रस्तुतिका कारण लयवद्ध र साँङ्गीतिक बन्न पुगेका छन् ।[१२]

यस काव्यमा मूलतः अनमेल विवाहको दुष्परिणाम देखाइएको छ । यसमा सामन्ती क्रुरता एवं बर्वरताको ऐतिहासिक यथार्थ, सामन्तीहरूको विलासवृत्ति वृद्ध पतिकी पत्नी हुनाको अभिशप्तावस्था, रतिरागको दमन, मातृत्वको चाहना आत्मअस्तित्वको लागि सङ्घर्ष र जीवनमा प्राप्त पीडाको वर्णन यसको कथावस्तु रोचक एवम् हृदय विदारक बन्न पुगेको छ ।[१३]

नेपाली साहित्यमा महिला खण्डकाव्यकारहरू थोरै छन् त्यसमा पनि शास्त्रीय छन्दमा यति वृहत, खण्डकाव्य रचना गर्ने महिला खण्डकाव्यकारहरू छैनन् भने पनि हुन्छ । यो वस्तुस्थितिमा यस खण्डकाव्यको महत्त्वलाई हृदयङ्गम गर्नु वाञ्छनीय हुन्छ । अवश्य यसमा केही छन्दगत त्रुटिहरू छन् तर खण्डकाव्यकारको प्रतिभामा विकासको संभावनाहरू पनि पर्याप्त छन् ।[१४] यसरी उनको साहित्यिक क्षेत्रमा निरन्तरता आउँदै छ ।

### ३.३.१.२.१ द्रष्टा व्यक्तित्व

कुनै पनि वस्तुलाई हेर्ने, देख्ने वा देखाउन सक्ने व्यक्तिलाई द्रष्टा भनिन्छ ।[१५] स्रष्टाले गरेको सृष्टिमाथि अवलोकन गर्दा जे जस्तो प्रभाव पर्दछ, त्यसलाई प्रभावकारी ढङ्गबाट पाठकसमक्ष पुऱ्याई स्रष्टालाई सचेत तुल्याउने काम द्रष्टाले गरेको हुन्छ । र अन्ततोगत्वा उच्चतर कृति जन्मन पुग्दछ । अर्को शब्दमा भन्नुपर्दा साहित्यको साहित्य लेख्ने काम द्रष्टाले गरेको हुन्छ । कृष्णादेवी शर्मा (श्रेष्ठ) स्रष्टा मात्र नभएर द्रष्टा पनि हुन । उनको द्रष्टा व्यक्तित्वलाई यसरी देखाउन सकिन्छ ।[१६]

---

[१२]. पूर्ववत् ।
[१३]. पूर्ववत, ।
[१४] कृष्णादेवी शर्मा श्रेष्ठ, स्मृतिको एक झिल्को (२०६३) शुभकामना मनतव्य-सरुभक्त ।
[१५] बसन्तकुमार शर्मा (निर्देशक) शब्दसागर पृष्ठ ६८९ दो.स. २०५८ ।
[१६] विनोद पौडेल साहित्यकार डि.आर पोखरेलको जीवनी,. व्यक्तित्व र कृत्तित्वको अध्ययन, स्नातकोत्तर शोधपत्र वी.ब.क्या. भरतपुर चितवन (२०६५) ।

### ३.३.१.२.२ समीक्षक व्यक्तित्व

कुनै पनि कृतिवारे गुण दोष छुट्याई निष्पक्षता र गम्भीरतापूर्वक गरिने विवेचना नै समीक्षा हो ।[१७] लेखनकार्य कृष्णादेवी शर्मा (श्रेष्ठ)को रुचिएको क्षेत्र भएको हुँदा समीक्षा पनि गरेकी छन् । २०५१ सालबाट आफ्नो औपचारिक साहित्यिक यात्रा आरम्भ गरेकी कृष्णादेवी शर्मा (श्रेष्ठ)ले समीक्षातर्फ भने २०६६ सालबाट मात्र सुरुवात गरेकी छन् । उनले २०६६ सालमा नै तीनवटा समीक्षात्मक लेख लेखेकी छन् । कृष्णादेवी शर्मा (श्रेष्ठ)ले शान्ति नारायण श्रेष्ठका **खाटा वस्न नसकेका घाउहरू** मुक्तक सङ्ग्रहको समीक्षा गरेकी छन् । यो मुक्तक सङ्ग्रहले राष्ट्रमा घाउ बनेर रहेका विविध दुःख पूर्ण कुराहरूलाई उजागर गरेको छ । देश र देशका दाजुभाइबाट चिन्ता प्रकट गर्दै राष्ट्रमा मौजुदा हत्या हिंसा बन्द-हडताल जस्ता परिस्थितिजन्य कुराहरूलाई समावेश गरी शान्ति कायम नगरेर राष्ट्रोत्थान हुन सक्दैन भन्ने बारे ढृढ देखिन्छन्, शान्तिनारायण श्रेष्ठ ।[१८]

त्यसपछि राधा पाण्डेको **गुनासाहरू** शीर्षकको गद्य कविता सङ्ग्रहलाई कृष्णादेवी शर्मा (श्रेष्ठ)ले 'गुनासाहरूको गुनासो' शीर्षकमा समीक्षात्मक लेख लेखेकी छन् । यस कविता सङ्ग्रहमा उनले मार्क्सवादी चिन्तनद्वारा प्रभावित यथार्थवादी साहित्यका प्रमुख प्रवृत्तिहरूमध्ये समकालीन, घटना र परिस्थितिहरूलाई अनुसरण गर्ने यथार्थवादी शैलीमा आवद्ध भएका छन् भन्ने लेखेकी छन् । गद्यलयमा लेखिएका कविताहरूमा आफ्नो व्यक्तिगत गुनासो पोखिए जस्तो देखिए पनि व्यक्ति, समाज र राष्ट्रलाई परिआएका र पर्न सक्ने सम्भावनाका विषयहरू समेटिएका छन् ।[१९] त्यसपछि उनले जगदीश घिमिरेको **अन्तरर्मनका यात्रा** साहित्यिक कृतिलाई 'अन्तरर्मनका यात्रा पढेपछि' शीर्षकमा समीक्षा गरेकी छन् । यसमा यो राष्ट्रले अझै युद्धको मार खपिरहेको छ । यो युद्ध मन्थर हुने कुनै पूर्व सङ्केत देखिएको छैन । तन, मन, धन, त कैयौं डढिसक्यो अबको राष्ट्र टिक्रिक्क बाँकी छ । यो राष्ट्र बचाउन अब राष्ट्रवादीहरू एक हुन आवश्यक छ । समावेशी संविधान र शान्ति स्थापना गराउन गरिएको समझदारीको दोहोरी गीतमा परिणत भएको छ । रक्तक्यान्सरसंग मुकाबिला गर्दै लेखिएको यो कृति नेपाली साहित्यको गद्य विधामा एउटा नौलो आयाम हो । मृत्युको सामुखै उभिएर पनि उत्साही, निर्भीक हुँदै आफ्नो जीवनका आद्योपान्त घटनाहरू उतारिएको यो कृतिले सिङ्गो राष्ट्रको विषयवस्तु समेत बोकेर पाठकहरू सामु आएको छ । जीवनको वास्तविकता र व्यवहारिकताले भरपूर यो कृति जीवन दर्शन हो भनेकी छन् ।

[१७] बसन्तकुमार शम(निर्देशक) शब्दसागर पृष्ठ १२८७ (२०५८) ।
[१८] धौलागिरी पोष्ट वर्ष ४, अङ्क २५ २०६६ पुष २६ गते ।
[१९] लुम्बिनी दैनिक वर्ष २५, अङ्क ४८ २०६६ माघ ३० गने शनिबार ।

यसरी उनले आफूले लेखहरू मात्र नलेखेर अरूको लेख पनि समीक्षा गर्न सफल भएकी छन्, कृष्णादेवी शर्मा (श्रेष्ठ) ।[२०]

### ३.३.२ साहित्येतर व्यक्तित्व

साहित्यभन्दा बाहिरको विषयवस्तुलाई साहित्येतर भनिन्छ । कृष्णादेवी शर्मा (श्रेष्ठ)मा पनि साहित्य भन्दा बाहिरको व्यक्तित्व रहेको छ । उनका साहित्येतर व्यक्तित्वले गर्दा उनको साहित्यिक व्यक्तित्वलाई शिखर चुम्न सहयोग पुऱ्याएको छ । त्यसैले उनको साहित्येतर व्यक्तित्वलाई पनि अध्ययन गर्नु जरुरी मानिन्छ ।

### ३.३.२.१ शिक्षिका व्यक्तित्व

ततकालीन समयमा पनि छोरी भएर पनि पढ्ने सुअवसर प्राप्त गरेकी कृष्णदेवी शर्मा (श्रष्ठ)ले आजभोलि जस्तै सहज रूपमा पढ्ने अवसर नपाए तापनि दुःख र कष्टपूर्ण तरिकाले श्रीनारायण मा.वि. कुस्माबाट प्रवेशिका परीक्षा पास गरेपछि उनी श्री सार्वजनिक प्रा.वि.कटुवा चौपारीमा अध्यापिका भइन् । सार्वजनिक प्रा.वि. अध्यापिका हुँदैदेखि प्राइभेट रूपमा आइ.ए.मा अध्ययनरत भइन् ।

त्यसपछि २०३१ सालमा लागू भएको नयाँ शिक्षा योजनाले मागेको शिक्षा आयोगमा शिक्षक पदको लागि आयोगबाट छनोट भई श्री भवानी विद्यापीठ माध्यमिक विद्यालय खानी गाउँ फलेबासमा नि.मा.वि. दरबन्दीमा शिक्षिकाको रूपमा नियुक्त भइन् । त्यसपछि सोही विद्यालयमा नै सेवारत रहेर उनले २०४१ सालमा नेपालीमा एम.ए.पास गरिन् ।

यसरी शैक्षिक क्षेत्रमा २५औं वर्षसम्म सेवारत रही विद्यार्थी भाइ-बहिनीहरू, शिक्षक साथीहरू र त्यहाँको अभिभावक दाजुभाइ दिदीबहिनीहरूसँगको सह-वासले नै जीवनलाई रमाइलो तुल्याएको अनुभव गर्दै लगभग यो नश्वर जीवनको पूर्वार्द्ध व्यतीत गरिन् ।[२१] यसरी उनले २०२५ सालमा प्रवेशिका परीक्षा पासगरेपछि शिक्षण पेसामा संलग्न भएकी कृष्णादेवी शर्मा (श्रेष्ठ)ले २०५८ सालसम्म निरन्तर रूपमा सेवारत ल रहिन् । अहिले उनी शिक्षण पेसाबाट निवृत्त भई साहित्यिक गोरेटोमा हिँडिरहेकी छन् । साहित्यिक लेखनलाई समेत कायम राखेर शिक्षण क्षेत्रमा यस खालको सफलता पाउनु कृष्णादेवी शर्मा (श्रेष्ठ)को लगनशीलता र अध्ययनकै परिणाम हो । समष्टिमा उनी एक सफल शिक्षक तथा प्राध्यापिकाको रूपमा परिलक्षित छिन् ।

---

[२०] धौलागिरी पोष्ट वर्ष ४, अङ्क ३४ २०६६ चैत्र ८ गते ।

[२१] कृष्णादेवी शर्मा (श्रेष्ठ) घरभेटी भाउजू (२०५९), मेरो आफ्नै विषयमा पृष्ठ च ।

### ३.३.२.२ सामाजिक व्यक्तित्व

कृष्णादेवी शर्मा (श्रेष्ठ)को सामाजिक व्यक्तित्व निर्माण मूलतः धार्मिक, शैक्षिक, राजनैतिक, एवम् साहित्यिक क्षेत्रबाट नै भएको छ । प्रारम्भमा शैक्षिक क्षेत्रमा निःशुल्क शिक्षा प्रदान गरी समाज सेवाको उल्लेखनीय कार्य गरेको देखिन्छ ।

विभिन्न सङ्घसंस्थाहरूसंग आवद्ध भएर कृष्णादेवी शर्मा (श्रेष्ठ)ले सामाजिक क्षेत्रमा पनि आफ्नो राम्रो छाप छाडेकी छन् । जनमत, साहित्यिक मासिकको संरक्षक सदस्य, रत्न श्रेष्ठ पुरस्कार गुठी बाग्लुङ हाम्रो मफेरी साहित्य प्रतिष्ठान, भरतपुर चितवन, नेपाल बाल सङ्गठन पर्वत, मोती पुस्तकालय खानीगाउँ फलेबासको आजीवन सदस्य भएर काम गरेकी छिन् । व्यवस्थापक मण्डल पर्वत साहित्य सङ्गम कुस्मा, यूरेशिया रेयूकाई नेपाल उपशाखा उपआधार शिविर प्रगतिनगर, सञ्चालनक समिति लुम्बिनी आदर्श डिग्री कलेज कावासोती, व्यवस्थापक समिति लुम्बिनी आदर्श उच्च मा.वि. कावासोतीको सदस्य पदमा रहेर काम गरेकी छन् । प्रेमा साहित्य प्रतिष्ठान बर्दघाट नवलपरासीको उपाध्यक्ष पदमा रहेर काम गरेकी छन् । कार्यसमिति श्री लक्ष्मी स्मृति साहित्य समाज कावासोतीको उपाध्यक्ष पदमा रहेर काम गरेकी छन् । श्री साङ्गवेद संस्कृत माध्यमिक विद्यालयको प्रगतिनगर ३, नवलपरासीको सदस्य पदमा, श्री विश्वज्योति उच्चमाध्यमिक विद्यालय प्रगतिनगर-३, नवलपरासीको सदस्य पदमा रहेर काम गरेकी छिन् । शान्ति तथा मानवअधिकार जिल्ला शाखा नवलपरासीको सह-सचिव पदमा रहेर काम गरिरहेकी छन् ।

यी माथि उल्लेखित कार्यका आधारमा उनले समाजमा उल्लेखनीय योगदान दिएकी छिन् भन्न सकिन्छ ।

## ३.४ निष्कर्ष

व्यक्तित्व त्यो गहना हो जसले कुनैपनि व्यक्तिको परिचय गराउँदछ । व्यक्तिले जीवनमा भोगेका तथा अनुभव गरेका विभिन्न भोगाइहरू तथा समाजसँगको सम्बन्धका आधारमा व्यक्तिको व्यक्तित्व निर्माण भएको हुन्छ । मानिसभित्र विभिन्न व्यक्तित्वहरू समेटिएका हुन्छन् तर सबै ठाउँमा सम्पूर्ण व्यक्तित्व प्रस्फुटन हुन्छ भन्न सकिँदैन । उपयुक्त एवम् अनुकूल अवसरमा मात्र व्यक्तित्व प्रस्फुटन हुन्छ । विभिन्न आकर्षक तथा प्रभावशाली व्यक्तित्व भएका मूर्धन्य प्रतिभाका माफमा नारी साहित्यकार कृष्णादेवी शर्मा (श्रेष्ठ)को व्यक्तित्वहरूलाई दुई भागमा विभाजन गरी हेर्न सकिन्छ । साहित्यिक व्यक्तित्व अन्तर्गत स्रष्टा व्यक्तित्व जसमा कवि, कथाकार, गजलकार, खण्डकाव्यकार र गीतकार

व्यक्तित्व विकसित भएको देखिन्छ । त्यसैगरी साहित्येतर व्यक्तित्वमा प्राध्यापक र सामाजिक व्यक्तित्व विकसित भएको देखिन्छ ।

कृष्णादेवी शर्मा (श्रेष्ठ)को साहित्यिक व्यक्तित्वको दायरा फराकिलो देखिए तापनि साहित्येतर व्यक्तित्वले साहित्यिक व्यक्तित्व फैलाउन थप सहयोग पुगेको छ । समग्रमा उनलाई बहुमुखी व्यक्तित्वका रूपमा चिन्न सकिन्छ ।

# परिच्छेद चार

# नेपाली साहित्यमा कृष्णादेवी शर्मा (श्रेष्ठ)को आगमन र उनको साहित्यिक यात्रा

## ४.१ लेखनका लागि प्रेरणा र प्रभाव

बालकका लागि प्रथम पाठशाला घर हुन्छ भने प्रथम शिक्षकशिक्षिका मातापिता हुन्छन् । घरका अभिभावकको प्रत्यक्ष प्रभाव बालबालिकामा परेको हुन्छ । अधिकांशतः बच्चाहरूमा पारिवारिक स्वभाव रहेको देखिन्छ । कृष्णादेवी शर्मा (श्रेष्ठ)को पनि समग्र व्यक्तित्वको विकास पनि आफू (उनी) हुर्केको पारिवारिक वातावरणमै भएको छ । कृष्णादेवी शर्मा (श्रेष्ठ) आफू ६ मासको हुँदै जन्मदिने आमा गुमाउन पुगे तापनि उनले ठूली आमा भागीरथीबाट मातृवात्सल्य पूर्णरूपले पाएकी थिइन् । सन्तान जन्म दिन नसकेकी ती ठूली आमाबाट उनले सम्पूर्ण माया पाएकी थिइन् उनले दिनभरिका आफ्ना घरधन्धा सकेपछि साँझपख भानुभक्तीय रामायणका आध्यात्मिक एवम् नैतिक आर्दशले भरिएका श्रुतिमधुर श्लोकहरू वाचन गर्नुहुन्थ्यो । आमाले  वाचन गरेका श्लोकहरू बडो ध्यान पूर्वक सुन्ने गर्थिन् ती श्लोकहरू उनलाई कण्ठस्थ हुन्थे र उनले ती ठूली आमाले वाचन गर्ने गरेको रामायणको दुई श्लोक

एक, दिन हे हेनुमान् ! म चित्रकुटमा राम्का नजीक्मा थियाँ
मेरा काखमहाँ सत्या रघुनाथ हात्को तकिया दियाँ ॥
मेरा लाल् दुई पाउ देखिक्न काग् आयो र ठूँग्यो जसै
मेरा ई दुई पाउदेखि बहुतै आयो रगत् पो तसै ॥

रामायणसुन्दरकाण्डको ७७औं श्लोक[१] यस्ता श्लोक त उनले ठूली आमाको मुखारविन्दुबाट सुन्ने गर्थिन् । जसले उनको अन्तरस्करणमा ज्यादै गहिरो प्रभाव पर्न गयो र उनले पनि बाल्यकालीन अवस्थामै लोकछन्दमा कविता प्रतियोगितामा भाग लिने गरी कवितानुरागको परिचय दिन थालिन् र कहिले त्यो वातावरणका बारेमा त कहिले महसुस गरिएको कुरालाई कविताका माध्यमबाट प्रस्तुत गर्ने गर्थिन् ।

उनको प्रकाशित हुनुभन्दा अगाडिका सामान्य रूपमा लेखिएका कवितालाई यसरी हेर्न सकिन्छ -

[१] कृष्णादेवी, शर्मा सृष्टिसौगात (२०६५) ।

'हातमा चुरा निधारमा टप्प टीका लगाऊ
फालिदेऊ गहनालाई सन्चो बनाउ घाउ ।'

यसरी घरको कवितामय वातावरणबाट मूलतः ठूली आमाको प्रेरणाबाट उत्प्रेरित भएकी कृष्णादेवी शर्मा (श्रेष्ठ)ले विद्यालयस्तरीय र जिल्लास्तरीय कविता प्रतियोगिताहरूमा भाग लिने गरेको र समय समयमा पुरस्कृत हुँदै गएको कुरा उनी स्वयम् स्वीकार गर्दछिन् ।[२]

घरमा ठूली आमाले रामायणका श्लोकहरू बाचन गरेको सुनेर उत्प्रेरित भएकी कृष्णादेवी शर्मा (श्रेष्ठ)ले आफ्नो बाल्यकालीन अवस्थामा रचेका रचनाहरूको सङ्ग्रह गरेर राख्न नसकेको भए तापनि स्थानीय ठाउँको परिवेश, मनका भावना आदि विषय बनाई गीतिलयमा कविता लेख्ने र सुनाउने गर्न थालिन् । कोमल मस्तिष्क तथा आभ्यासिक स्वभाव भएका उनले रचेका कविताले क्रमशः प्रशंसा पाउँदै जान थालेपछि कृष्णादेवी शर्मा (श्रेष्ठ)मा साहित्यिक सिर्जनाप्रति सकारात्मक प्रभाव पर्दै जान थाल्यो ।

यद्यपि उनका तत्कालीन कविताहरू भने कापीकै पानामा निसासिन पुगे र अलप पनि भए । हाल उक्त कालका एउटा पनि रचना कृष्णादेवी शर्मा (श्रेष्ठ)सँग नहुनु त्यसको ज्वलन्त उदाहरण मान्न सकिन्छ । २०४०/०४५ साल सम्मको उनको लेखन आभ्यासिक रूपमै सीमित रहन पुग्यो । घरमा भएका रामायण, महभारत, ज्ञानदिलदासका भजन आदि पनि अध्ययनका विषय बने ।[३]

## ४.२ नेपाली साहित्यमा कृष्णादेवी शर्मा (श्रेष्ठ)को आगमन

सानैदेखि साहित्यप्रति अभिरुचि भएकी कृष्णादेवी शर्मा (श्रेष्ठ)ले विद्यार्थी जीवनदेखि नै फाटफुट कविता लेख्दै विभिन्न कविता प्रतियोगिताहरूमा सहभागी भएर विभिन्न पुरस्कारद्वारा पुरस्कृत पनि हुने गर्थिन तर उनले आफ्नो साहित्यिक यात्रालाई औपचारिकता भने अलि पछि दिन पुगेकी छन् । उनले २०५१ सालमा बझाङ्गको चैनपुरबाट प्रकाशित **सुर्मा** नामक पत्रिकामा 'साथी' शीर्षकको कविताबाट उनले आफ्नो साहित्यिक यात्रामा औपचारिक प्रवेश गरिन् ।
कृष्णादेवी शर्मा (श्रेष्ठ)को प्रथम प्रकाशित कविता यस्तो छः-

---
[२] शोधनायिकाबाट प्राप्त जानकारी ।
[३] पूर्ववत् ।

'साथी'
साथी मानिसको गहना
साथी जीवनरूपी डुङ्गाको एक बहना,
साथी एक अर्काको पर्याय
अनि,
मिल्ने साथी भेटिदैन प्रायः
नमिल्ने साथी साथी नै होइन
त्यस्तो साथीसँग आत्मीयता हुँदैन
साथमा रहेरमात्र साथी हुँदैन,
एक अर्काको दुःख र सुखको जसलाई
अनुभव हुदैन ।
साथीको खोजतलासमा
मानिस लागि पर्न सक्छ
सिङ्गै जीवन यापन गर्न सक्छ,
साथीको लागि साथीले
जीवन अर्पन पनि सक्छ ।
तर,
साथीविहीन जीवन खल्लो,
नियास्रो र चिच्याहट लाग्दो बनिदिन्छ ।
त्यसैले साथी जीवनको पयार्य हो ।[३]

## ४.३ चरण-विभाजनको औचित्य र आधार

कुनै पनि साहित्यकारको लामो साहित्यिक यात्रामा विभिन्न मोड र घुम्तीहरू आउँछन् । यस्ता मोडहरूले सम्बन्धित लेखकका रचनात्मक दृष्टिकोण र प्रवृत्ति मै पनि नौलो आयाम ल्याएका हुन्छन् । यस्ता मोडहरूको पहिचान तथा वर्गीकरण गरी ती प्रत्येक मोडले साहित्यकारको रचनात्मक दृष्टिकोणमा ल्याएको अन्तर र मोड परिवर्तनका आधारभूत कारणसँग विभिन्न समयावधिमा लेखिएका कृतिहरूको अन्तः सम्बन्ध नकेलाई कुनै पनि स्रष्टाको उचित मूल्याङ्कन हुन सक्तैन ।

साहित्य यात्रामा विभिन्न घुम्ती र मोडहरू देखा पर्नमा विविध कारणहरू हुन सक्छन् । जीवनको प्रारम्भिक साहित्यिक यात्रा र प्रौढावस्थाको साहित्यिक यात्रामा प्रायः

[३] कर्मचारी मिलनकेन्द्र बझाङ्गको सुर्मा पत्रिका अङ्क एकमा प्रकाशित, सुनाखरी र लालीगुराँसको देश पृष्ठ (२३) ।

सबै साहित्यकारहरूमा परिष्कार, परिमार्जन र दृष्टिकोणको परिपक्कताका कारणबाट परिवर्तन देखिने गर्छ । यसरी परिवर्तन हुनमा समय, परिस्थिति, सामाजिक अवस्था, उमेरको परिपक्कता र अध्ययन गहन जस्ता कारणहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । त्यसैले कुनै पनि स्रष्टाको सिङ्गो व्यक्तित्वबारे अध्ययन गर्दा पनि समग्र परिस्थितिलाई विश्लेषण गर्नुपर्ने हुनाले साहित्यकारका साहित्ययात्राको चरण विभाजनको औचित्य छ भन्ने कुरा स्पष्ट हुन्छ ।

कुनै पनि साहित्यकारको साहित्ययात्रालाई विभाजन गर्ने केही खास आधारहरू रहेका हुन्छन् । खासगरी साहित्यकारको साहित्य लेखनको इतिहासमा देखापरेका विभिन्न साहित्यिक रचनाका प्रवृत्तिगत परिवर्तन, साहित्यिक रचनाका परिमाण र गुणस्तर, साहित्यिक धारागत प्रवृत्तिको अन्तर्विकास र साहित्यिक रचना वा काव्यिक रचनाको प्रकाशनलाई आधार लिएर उसको साहित्यिक यात्राको चरण विभाजन गरिन्छ ।

## ४.४ कृष्णादेवी शर्मा (श्रेष्ठ)को लेखनयात्रा र चरण विभाजन

सानैदेखि साहित्य सिर्जनतर्फ अभिरुचि भएकी कृष्णादेवी शर्मा (श्रेष्ठ)ले सानातिना फुटकर कविताहरू रचना गर्दै आइन् । स्कुले जीवनदेखि नै साहित्य सिर्जनातर्फ उत्प्रेरणा पाएर फुटकर कविताहरू रचना गरे तापनि ती अहिले अलोप भइसकेका छन् । २०२५ सालमा एस.एल.सी द्वितीय श्रेणीमा पास गरेपछि शिक्षक पेसामा संलग्न भएकी कृष्णादेवी शर्मा (श्रेष्ठ)ले एक दुई पङ्क्ति, श्लोक रचना गरेर विद्यार्थीलाई सुनाउँदै गइन् ।

मूलतः उनी २०४०/४५ सालतिरबाट आफ्नै पति उद्योगबहादुरको उत्प्रेरणाले कविताहरू रचिन् र २०५२ सालमा बझाङ्ग जिल्लाको चैनपुरबाट प्रकाशित **सुर्मा** नामक पत्रिकामा 'साथी' शीर्षकको कविता प्रकाशित भएपछि, उनको औपचारिक साहित्यिक यात्रा आरम्भ हुन्छ । त्यसपछि त्यस्तै फाटफुट पत्रिकामा अन्य शीर्षकका कविताहरू पनि प्रकाशित हुँदै गए । अन्तत २०५७ सालमा उनले पुस्तकाकार कृति प्रकाशित गर्न सफल भइन् ।

उनका हालसम्म प्रकाशित भएका पुस्तकाकार कृतिहरूको सूची यसप्रकार छ-

तालिका संख्या २

| क्र.सं. | कृतिको नाम | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| (१) | **सुनाखरी र लालीगुराँसको देश** | कविता | वि.सं.२०५७ |
| (२) | **नारायणहिटी पर्व** | तीजगीत | २०५८ |
| (३) | **अत्याचारी घर** | तीजगीत | २०५९ |
| (४) | **घरभेटी भाउजू** | कथा | २०५९ |

| | | | |
|---|---|---|---|
| (५) | **प्रजातन्त्रमा प्रश्नचिह्न** (?) | तीजगीत | २०६० |
| (६) | **स्मृतिको एक झिल्को** | खण्डकाव्य | २०६२ |
| (७) | **निर्झरिणी** | गजल | २०६३ |
| (८) | **सृष्टिसौगात** | कविता | २०६५ |

लगभग १५/१६ वर्षको कृष्णादेवी शर्मा (श्रेष्ठ)को साहित्यिक यात्रालाई मुख्यतः निमनलिखित तीन चरणमा अध्ययन गर्न सकिन्छ ।

(क) प्रथम चरण २०५१-२०५६ (आभ्यासिक काल)

(ख) द्वितीय चरण २०५७-२०६१ (उत्थान काल)

(ग) तृतीय चरण २०६२-हालसम्म (उत्कर्ष काल)

**(क) प्रथम चरण वि.सं. २०५१-२०५६ (आभ्यासिक काल)**

कृष्णादेवी शर्मा (श्रेष्ठ) साहित्यका क्षेत्रमा विद्यार्थी जीवनदेखि नै लागिपरे पनि उनको औपचारिक हिसाबले २०५१ सालमा मात्र उनले आफ्नो साहित्यिक यात्रा अगाडि बढाउन सफल भइन् । यसरी उनको २०५७ सालमा पुस्तकाकार कृतिको प्रकाशन हुनुभन्दा अगाडिको समयलाई आभ्यासिक कालको रूपमा लिन सकिन्छ ।

२०२५ सालमा एस.एल.सी द्वितीय श्रेणीमा उत्तीर्ण गरेपछि लगत्तै ज्ञादीको श्री सार्वजनिक विद्यालयमा (हालको माध्यमिक) विद्यालयमा अध्यापिका भइन् । त्यस समयमा महिलाले जागिर खानु भनेको अकल्पनीय विषय नै थियो तर कृष्णादेवी शर्मा (श्रेष्ठ)ले भने जागिर खाएर नै बसिन् । तत्कालीन समयको महिलाको स्थिति कति नाजुक थियो, तिनै महिलाका दयनीय स्थिति, सामाजिक विषयवस्तु नै उनका कविताको विषय बन्थे । यसरी विद्यार्थी जीवनदेखि नै अङ्कुराएको कवित्वले बच्चाबच्चीलाई रमाइलो वातवरण सिर्जना गर्नको लागि झन प्रस्फुटित हुने अवसर त पायो तर दुरभाग्यवश त्यस समयमा कोरिएका कविता कापीका पानामा नै सीमित हुन पुगे ।

त्यसपछि धेरै लामो समयपछि २०५१ सालमा आएर मात्र विवाह पश्चात उनकै पति उद्योगबहादुरकै उत्प्रेरणाले उनलाई प्रेरित गरायो र २०५१ सालमा बझाङ्ग जिल्लाको चैनपुरबाट प्रकाशित **सुर्मा** नामक पत्रिकामा 'साथी' शीर्षकको कविता प्रकाशित गराउन सफल भइन् ।

त्यसपछि उनले अध्यापन पेसालाई निरन्तरता दिँदै निरन्तर रूपमा अगाडि बढ्दै गइन् । उनले आफ्नो साहित्यिक यात्रा कविता विधाबाट गरेको देखिन्छ । उनले आफ्ना मनका भावनाहरूलाई कविता मार्फत पोख्दै गइन् । अन्य शीर्षकका कविताहरू पनि अन्य

पत्रपत्रिकामा प्रकाशित गराउँदै गइन् । ती प्रकाशित भएका फुटकर कविता कति प्राप्त छन् भने कति अप्राप्य नै रहेका छन् ।

उनको साहित्यिक यात्राले औपचारिक यात्रा लिन लामो समय लागे पनि औपचारिक यात्रा शुरु गरेपछि भने तीव्र रूपमा अगाडि बढेको पाइन्छ । यसप्रकार उनको साहित्यिक लेखनको प्रथम चरण तथा प्रारम्भिक चरणले पनि त्यति लामो समय व्यतीत गरेको देखिदैन । विभिन्न पत्रपत्रिकामा विविध विषयसम्बन्धी कविताहरू प्रकाशित भए पनि पुस्तकाकार कृति प्रकाशित नहुनुलाई उनको प्रवृत्ति आभ्यासिक रहेको देखिन्छ ।

### ख) द्वितीय चरण वि.सं. २०५७-२०६१ (उत्थान काल)

यो चरण कृष्णादेवी शर्मा (श्रेष्ठ)को उर्वर, उत्थान एवम् विकास काल हो । यस चरणमा कृष्णादेवी शर्मा (श्रेष्ठ) का पाँचवटा पुस्तकाकार कृति **सुनाखरी र लालीगुराँसको देश** (कवितासङ्ग्रह २०५७), **नारायणहिटी पर्व** (तीजगीत सँगालो २०५८), **अत्याचारी घर** (तीजगीत सँगालो २०५८), **घरभेटी भाउजू** (कथासङ्ग्रह २०५९), **प्रजातन्त्रमा प्रश्नचिह्न** ? (तीजगीत सँगालो २०६०) प्रकाशित भएका छन् ।

पाँच ६ वर्षको आभ्यासिक काल पूरा गरी कृष्णादेवी शर्मा (श्रेष्ठ)ले २०५७ सालमा **सुनाखरी र लालीगुराँसको देश** (कवितासङ्ग्रह) पहिलो पुस्तकाकार कृति प्रकाशित गराइन् । त्यसपछि उनी आफ्नो अध्यापन पेसाबाट अवकास लिएपछि उनी मूलतः साहित्यतिर नै आकर्षित भइन् । उनका २०५१ सालदेखि प्रकाशित प्राप्य फुटकर रचना यसै सङ्ग्रहमा प्रकाशित भएका छन् । जम्मा एक सय छब्बीस पृष्ठमा लामा छोटा गरी वयासीवटा कविताहरू यस सङ्ग्रहमा सङ्ग्रहित छन् । यसमा जीवन भोगाईका कटु यथार्थ, नारी अभिव्यक्ति, नारी अस्मिता, वर्तमान सामाजिक अवस्थाः विकृति र विसङ्गति जस्ता समसामयिक विशेषता यस कृतिमा पाइन्छ । त्यसको लगत्तै **नारायणहिटी पर्व** तीजगीत सङ्गालो (२०५८) प्रकाशित गर्छिन् । यो मूलतः गीतिलयमा लेखिएको पर्व गीत हो । त्यसपछि **अत्याचारी घर** (२०५९) र **प्रजातन्त्रमा प्रश्नचिन्ह**? (२०६०) लगातार तीन वर्षमा तीनवटा तीजगीत सङ्गालामा नारीका वेदना, सामाजिक तथा राजनैतिक विषयवस्तुहरू समेटिएका छन । मनका भावनालाई केही रूपमा भएपनि तीजगीत मार्फत पोखेकी छन् । यसै चरणमा उनको **घरभेटी भाउजू** (कथासङ्ग्रह २०५९) पनि प्रकाशित भएको छ । जागिरबाट अवकाश पाउने वित्तिकैको फुर्सदको समयलाई सही सदुपयोग गरेकी छन् । उनले शिक्षक सेवाबाट अर्को पाटो साहित्यिक सेवातर्फ बाटो भेटेकी छन् । यसै समयमा उनी विभिन्न सङ्घसंस्थामा आबद्ध भएर पनि साहित्यिक सेवा गर्न पुगेकी छन् ।

यसरी द्वितीय चरणका कृष्णादेवी शर्मा (श्रेष्ठ)का प्रवृत्तिलाई नियाल्दा सामाजिक यथार्थवादी धारातर्फ उन्मूख, नारी चेतना, देशको सामाजिक तथा राजनैतिक अवस्थाबाट प्रभावितः र विभिन्न सङ्घसंस्थामा प्रवृत्त रहेको देखिन्छ ।

**(ग) तृतीय चरण वि.सं.२०६२ हालसम्म (उत्कर्ष काल)**

यो चरण कृष्णादेवी शर्मा (श्रेष्ठ)को निकै महत्त्वपूर्ण र छन्दोबद्ध वा शास्त्रीय लेखनतर्फ ज्यादै सक्रिय रहेको महत्त्वपूर्ण चरण हो । सङ्ख्यात्मक हिसाबले द्वितीय चरण महत्त्वपूर्ण भए तापनि गुणात्मक हिसाबले तृतीय चरण उल्लेखनीय मानिन्छ । पहिलो चरण आभ्यासिक काल हो, जसमा पुस्तकाकार कृति प्रकाशन नभई फुटकर रचनामा मात्र सीमित रहन पुग्यो । द्वितीय चरण उत्थानकाल हो, किन भने यस चरणमा पुस्तकाकार कृति रचना गरिन् । सङ्ख्यात्मक हिसाबले पाँचवटा पुस्तकाकार कृति प्रकाशनमा ल्याउन उनी सफल भइन तर तीनवटा कृति जुन तीजगीत सङ्गाला हुन, जुन चाहिँ पर्वगीत अन्तर्गत पर्दछन् भने साहित्यिक कृति चाहिँ दुईवटा मात्र प्रकाशित भएका छन्, एउटा कवितासङ्ग्रह र अर्को कथासङ्ग्रह हुन् ।

यसरी साहित्यिक कृति प्रकाशनका हिसाबले हेर्दा यो तृतीय चरण उत्कर्षकाल हुन पुग्छ । तृतीय चरणको पहिलो कृति **स्मृतिको एक झिल्को** (खण्डकाव्य, २०६२) हो । उनले आफ्नो साहित्यिक यात्राको शुभारम्भ पनि कविता विधाबाट नै गरेकी छन् भने तृतीय चरणमा आइपुग्दा कविता विधाको मझौला रूप खण्डकाव्य लेख्न सफल भइन् । यो कृति एकसय पाँच पृष्ठमा विस्तारित छ । पन्ध्र सर्ग (खण्ड) रहेको यस काव्यमा पाँचसय उनान्सत्तरी श्लोक रहेका छन् । यस काव्यमा एक वास्तविक जीवनको यथार्थलाई प्रस्तुत गरिएको छ । १९७६ तिर धौलागिरि अञ्चल, पर्वत जिल्लाको झादी भन्ने स्थानमा घटेको अनमेल विवाहको सत्यघटनालाई साहित्यिक रूप रङ्ग भरेर प्रस्तुत गरिएको छ ।[५] त्यस्तै अर्को कृति **निर्झरिणी** (गजलसङ्ग्रह २०६३) प्रकाशित गर्न पुगिन् । गजललाई पनि कविता विधा कै एउटा रूप मान्न सकिन्छ । यस सङ्ग्रहमा गजलहरूमा प्रेमप्रणयको शिष्ट अभिव्यक्ति, नेपालको हिंसाजन्य राजनीतिप्रति चिन्ता, लोकतन्त्र तथा शान्ति स्थापनाका लागि आग्रह आदि विषयवस्तु छ । त्यसपछि अर्को कृति **सृष्टिसौगात** छन्दोबद्ध (कवितासङ्ग्रह २०६५) स्रष्टाको हातमा सुम्पन सफल भइन् । सृष्टिसौगात उन्तीसवटा छन्दमा रचित चौवन्नवटा कविताहरूको सङ्ग्रह हो । यो कृति शास्त्रीय छन्दमा आधारित छ । आफ्नो शास्त्रीयतालाई प्रस्तुत गर्न लालयित भएकी कृष्णाले यो कृति प्रकाशन गरी आनन्दको अनुभूति गरेकी छन् । **स्मृतिको एक झिल्को** खण्डकाव्यको

[५] सिर्जना आचार्य कृष्णादेवी शर्मा (श्रेष्ठ)का साहित्यिक कृतिको अध्ययन स्नाकोत्तर तह पृ.ना.क्या.(२०६५) ।

रचनासम्म कवयित्री कृष्णादेवी शर्मा (श्रेष्ठ)मा छन्दप्रति अनुराग देखिए तापनि छान्दिक सचेतता न्यून देखिन्छ तर २०६२/०६३ पछि उहाँले आफ्नो अध्ययन र सृजनअभ्यासद्वारा छन्दोबद्ध कविताका क्षेत्रलाई निकै फराकिलो पारेकी छन् ।[६]

यसरी सङ्ख्यात्मक र गुणात्मक दुवै किसिमले हेर्दा उनको तृतीय चरणका प्रवृत्तिहरू नियाल्दा छन्दोबद्ध कविता लेखनतर्फ बढी आकर्षित, परिष्कारवादिता, सामाजिक यथार्थवाद, यस समीक्षात्मक लेखप्रति आकर्षक यस चरणका मूलभूत प्रवृत्त मान्न सकिन्छ ।

## ४.५ निष्कर्ष

विद्यालयमा अध्ययनरत अवस्थादेखि नै आफ्नी ठूलीआमाले वाचन गरेका श्रृतिमधुर श्लोकबाट ज्यादै प्रभावित बनेकी कृष्णादेवी शर्मा (श्रेष्ठ) लोकलयमा कविताहरू लेखी सुनाउने र विद्यालयदेखि जिल्लास्तरीय कविता प्रतियोगिताहरूमा भाग लिन थालेकी हुन् । सानैदेखि रामायणका श्लोकहरू कण्ठस्थ थिए र सबैलाई सुनाउँदै हिँड्दा अरू अन्य व्यक्तिहरूबाट प्रशंसा प्राप्त भयो । त्यसपछि कविता लेखनतिर सक्रिय भइन् । विद्यालयमा २०२५ देखि नै अध्यापन पेसामा संलग्न भइन् र बच्चाबच्चीलाई सुनाउनका लागि पनि कविता रच्न  थालिन् । त्यसबेला रचिएका रचनाहरू प्राप्य छैनन् ।

विद्यार्थी जीवनदेखि साहित्यिक रचनाले २०५१ सालमा आएर मात्र औपचारिकता ग्रहण गऱ्यो । उनले 'साथी' शीर्षकको कविताबाट औपचारिकता ग्रहण गरिन् । त्यसपछि २०५७ सालमा **सुनाखरी र लालीगुराँसको देश** शीर्षकको पुस्तकाकार कृति प्रकाशनमा ल्याउन सफल भइन् । उनको यो १५/१६ वर्षको छोटो साहित्यिक यात्रालाई तीन चरणमा राखेर अध्ययन गर्न सकिन्छ । छोटो समयमा पनि द्रुत गतिमा साहित्यिक कृति रचना गरेर उल्लेखनीय योगदान दिएकी छन् । त्यति छोटो समयमा पनि आठवटा पुस्तकाकार कृति दिएर नेपाली साहित्यको गोरेटोमा थप इँटा थप्न सफल भइन् । कविता विधाबाट साहित्यिक यात्रा सुरु गरेर कविता विधाको मझौला रूप खण्डकाव्य लेखिसकेकी उनले तृतीय चरणमा आउँदा समीक्षात्मक लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित गराएकी छन् । उनको यो अविश्रान्त रूपमा अघि बढिरहेको र दिनप्रतिदिन गहन र स्तरीय बन्दै गएको साहित्यिकयात्राले नेपाली साहित्यमा योगदान पुऱ्याएको देखिन्छ ।

[६] गोविन्दराज विनोदी, सृष्टिसौगात (२०६५) अवलोकन गर्न खोज्दा, कृष्णादेवी शर्मा (श्रेष्ठ) पृष्ठ (ञ) ।

# परिच्छेद पाँच

# कृष्णादेवी शर्मा (श्रेष्ठ)को पुस्तकाकार कृतिहरूको अध्ययन

## ५.१ पृष्ठभूमि

कृष्णादेवी शर्मा (श्रेष्ठ) नेपाली साहित्याकाशका बहुविधामा कलम चलाउने बहुआयामिक साहित्यकार हुन् । नेपाली साहित्यको विविध विधामा कलम चलाए पनि उनले आफ्नो साहित्यिक यात्राको शुभारम्भ भने कविता विधाबाट गरेकी छन् । उनले नेपाली साहित्यको फाँटमा कविता कथा, गीत, गजल, खण्डकाव्य, मुक्तक जस्ता विधामा स्रष्टा साहित्यकारका रूपमा परिचित छन् उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू निम्नानुसार छन्-

(१) **सुनाखरी र लालीगुराँसको देश** (कवितासङ्ग्रह, २०५७)
(२) **नारायणहिटी पर्व** (तीजगीत सङ्गालो, २०५८)
(३) **अत्याचारी घर** (तीजगीत सङ्गालो, २०५९)
(४) **घरभेटी भाउजू** (कथासङ्ग्रह, २०५९)
(५) **प्रजातन्त्रमा प्रश्नचिह्न** (तीजगीत सँगालो, २०६०)
(६) **स्मृतिको एक झिल्को** (खण्डकाव्य, २०६२)
(७) **निर्झरिणी** (गजलसङ्ग्रह, २०६३)
(८) **सृष्टिसौगात** (छन्दोबद्ध कविता सङ्ग्रह, २०६५)

लगभग १५/१६ वर्षको साहित्यिक यात्रामा आठ-आठवटा पुस्तकाकार कृति निकाल्न सफल भएकी छिन् भने अन्य केही फुटकर रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित गराएकी छन् । अन्य फुटकर रचनाहरूको कालक्रमिक सूची निम्नानुसार प्रस्तुत गर्न सकिन्छ -

| क्र.सं. | शीर्षक | विधा | साल | पत्रिका प्रकाशन स्रोत प्रकाशन |
|---|---|---|---|---|
| १ | साथी | कविता | २०५१ | 'सुर्मा' वर्ष- १, अङ्क १, पेज ६९, बझाङ्ग |
| २ | एक्लै | कविता | २०५१ | 'सुर्मा' वर्ष-१, अङ्क १, पेज ७०, बझाङ्ग |
| ३ | हली | कविता | २०५६ | 'कालीको सुसेली' अङ्क-४, पृज ४०, पर्वत |
| ४ | हीनताबोध | नटक एकाङ्की | २०५७ | 'कालीको सुसेली' अङ्क-६, पेज ५१-५४, पर्वत |
| ५ | सम्बन्ध | लघुकथा | २०५७ | 'कालीको सुसेली' अङ्क ७, पेज ६६-६७, पर्वत |
| ६ | मेरो जगत | कविता | २०५८ | 'कालीको सुसेली' अङ्क ८, पेज २०, पर्वत |

| | | | | |
|---|---|---|---|---|
| ७ | प्रतिभा-पुञ्ज | कविता | २०५८ | 'कालीको सुसेली' अङ्क ९, पेज ८३, पर्वत |
| ८ | आजका सन्तति र आमा | कविता | २०५९ | 'कालीको सुसेली' अङ्क १०, पेज १५, पर्वत |
| ९ | शिरिशर पछिको घामको झुल्को | कविता | २०६० | 'कालीको सुसेली' अङ्क १२, पेज २०, पर्वत |
| १० | वाहिरी मन | कविता | २०६० | 'स्मारिका' बी.एड तेस्रो वर्ष लुम्बिनी आर्दश डिग्री कलेज नवलपरासी पेज ६६ |
| ११ | रित्तोहात | कविता | २०६१ | 'कालीको सुसेली' अङ्क १५, पेज ४४, पर्वत |
| १२ | नारी उत्थानमा देखिएको टालटुले नीति | लेख | २०६१ | 'सामुदायिक ज्योति' सामुदायिक सेवा केन्द्र, नवलपुर, कावासोती, पेज ४३-४४ |
| १३ | गजल | गजल | २०६२ | 'शान्ति निकुञ्ज-स्मारिका' २०६३ श्री प्रगति प्रा.वि. नवलपरासी पेज २१ |
| १४ | मूल-मर्म (अनुष्टुप छन्द) | कविता | २०६३ | 'रजत जयन्ती स्मारिका' २०६३ श्री प्रगति प्रा.वि. नवलपरासी, पेज २१ |
| १५ | गजल | गजल | २०६३ | 'पुष्पाञ्जली' गजलप्रधान पत्रिका चितवन, पेज ४२ |
| १६ | गजल | गजल | २०६३ | 'हाम्रो मझेरी' राष्ट्रिय साहित्य विविध चितवन, पेज ६२ |
| १७ | हार (अनुष्टुप छन्द) | कविता | २०६३ | 'दिव्यज्योति' स्मारिका गौडी प्रगतिनगर, नवलपरासी, पेज नं.४४ |
| १८ | गजल | गजल | २०६३ | 'हाम्रो मझेरी राष्ट्रिय साहित्य विविध' चितवन पेज २७ |
| १९ | लोकतन्त्र र नेपाली नारी | लेख | २०६३ | 'जनज्योति साहित्य सदन स्मारिका' जनज्योति उ.मा.वि., प्रगतिनगर -३, नवलपरासी पेज ३९ |
| २० | शुभकामना | लेख | २०६३ | 'जनज्योति साहित्य सदन स्मारिका' जनज्योति उ.मा.वि., प्रगतिनगर -३, नवलपरासी, पेज ९० |
| २१ | पुलकित | कविता | २०६३ | 'नवलअंकुर' २०६३ स्मारिक, न्यू नवल इङ्गलिस बोर्डिङ स्कुल, नवलपरासी पेज ८० |
| २२ | लेकतन्त्र | कविता | २०६३ | 'नवमाधुरी' साहित्यिक विविधताको राष्ट्रिय |

| | | | | |
|---|---|---|---|---|
| | | | | पत्रिका कुश्मा, पर्वत पेज ११ |
| २३ | गजल | गजल | २०६३ | 'गजलदीप' भरतपुर चितवन, पेज ४२ |
| २४ | गजल | गजल | २०६३ | 'गजलदीप' भरतपुर चितवन, पेज ४२ |
| २५ | गणतन्त्र | कविता | २०६४ | 'पिस जर्नेल' मानवअधिकार तथा शान्ति समाज केन्द्रीय कार्यालय, काठमाडौं, पेज ४३ |
| २६ | नवप्रगति वचत तथा ऋण सहकारी संस्था र महिला | लेख | २०६४ | नवप्रगति बचत तथा सहकारी संस्था लि.' तथा ऋण सहकारी प्रगतिनगर पृ.६१-६४ संस्था र महिला |
| २७ | भयक्रान्त मन | कथा | २०६४ | 'नवमाधुरी' कथा विशेषाङ्क, कुश्मा, पर्वत पृ.३४-३६ |
| २८ | तर्साउने | कविता | २०६३ | 'साहित्यपथका यात्रीहरू' पर्वत साहित्य सङ्गम, कुश्मा पर्वत पृ.५१-५२ |
| २९ | गजल | गजल | २०६४ | 'घरा' मासिक साहित्यिक पत्रिका कावासोती नवलपरासी, पेज २ |
| ३० | मेला | कथा | २०६४ | 'हाम्रो मझेरी' राष्ट्रिय साहित्य विविध भरतपुर चितवन पेज ४४-४६ |
| ३१ | गजल | गजल | २०६४ | 'पुष्पाञ्जली' गजल प्रधान साहित्यिक पत्रिका चितवन, पृष्ठ १३ |
| ३२ | गजल | गजल | २०६४ | 'कैलाश' राष्ट्रिय विविध जुटपानी, चितवन पृष्ठ १५ |
| ३३ | मुक्तक | मुक्तक | २०६४ | 'कालीको सुसेली' मुक्तक विशेष, पर्वतसाहित्य सङ्गम अङ्क २०, पेज २७ |
| ३४ | मेरो नजरमा वेनजीर भुट्टो | लेख | २०६४ | 'नयाँ मौसम' विचार प्रधान पाक्षिक वेनजीर भुटो कावासोती, नवलपरासी पेज ७ |
| ३५ | पूर्व स्मृति | निबन्ध | २०६४ | 'सञ्जीवनी' (निबन्ध विशेष) सञ्जीवनी साहित्य सदन, चितवन पेज १०-१३ |
| ३६ | सृष्टिको खाका | कविता | २०६४ | 'जनमत' (कविता खण्ड-१) जनमत प्रकाशन, वनेपा, काभ्रे पेज २०६-२०७ |
| ३७ | दयोतित भूमि | कविता | २०६४ | जनमत' (कविता खण्ड-१) जनमत प्रकाशन, वनेपा, काभ्रे, पेज २०८ |

| | | | | |
|---|---|---|---|---|
| ३८ | चित्रलेखा | कविता | २०६४ | 'घरा' मासिक साहित्यिक पत्रिका कावासोती, नवलपरासी, पेज ३८ |
| ३९ | आधा आकाश ओगट्ने महिला | लेख | २०६४ | 'नयाँ मौसम' विचार प्रधान पाक्षिक कावासोती, नवलपरासी, पेज १४ |
| ४० | गजल | गजल | २०६४ | 'पुष्पाञ्जली' गजल प्रधान साहित्यक पत्रिका चितवन, पेज १८ |
| ४१ | शिवा | कथा | २०६४ | 'नयाँ मौसम' विचार प्रधान पाक्षिक कावासोती, नवलपरासी, पेज २२ |
| ४२ | गजल | गजल | २०६४ | 'गजलयात्रा' हाम्रो मझेरी साहित्य प्रतिष्ठान, भरतपुर, चितवन, पेज १६ |
| ४३ | महाकवि | कविता | २०६४ | 'नयाँ मौसम' विचार प्रधान पाक्षिक कावासोती, नवलपरासी, पेज २२ |
| ४४ | गजल | गजल | २०६४ | 'नयाँ मौसम' विचार प्रधान पाक्षिक कावासोती, नवलपरासी, पेज २२ |
| ४५ | देवघाटको महिमा | कविता छन्दमा | २०६३ | 'देवघाट दर्पण' ०६३, देवघाट क्षेत्र विकास समिति, देवघाट, तनहुँ |
| ४६ | गजल | गजल | २०६५ | 'जनमत' साहित्यिक मासिक वर्ष २५ अङ्क १, पेज १६ (बनेपा, काभ्रे) |
| ४७ | गजल २ | गजल | २०६५ | नवलपरासीका गजलकारहरूको संगालो नवलपरासी साहित्य परिषद् नवलपरासी पेज १९ |
| ४८ | गजल | गजल | २०६५ | 'पुष्पाञ्जलि' गजलप्रधान पत्रिका, कृष्णादेवी शर्मा (श्रेष्ठ) विशेषाङ्क २०६५ भरतपुर |
| ४९ | मीठो भाषण | कविता | २०६५ | 'आँकुर नेपाल' समसामयिक साहित्यिक सङ्कलन, नेपालगञ्ज, बाँके |
| ५० | गजल | गजल | २०६५ | 'आँकुर नेपाल' समसामयिक साहित्यिक सङ्कलन, नेपालगञ्ज, बाँके |
| ५१ | स्वागत गीति कविता | कविता | २०६५ | कवितामा गणतन्त्र गणतान्त्रिक कविता उत्सव संयोग समिति, चितवन, पेज ९५ |
| ५२ | डाँडामाथिको जून | कविता | २०६६ | नवमाधुरी साहित्यिक विविधताको कविता विशेषाङ्क, ५ पर्वत, पेज १२१ |

| | | | | |
|---|---|---|---|---|
| ५३ | राष्ट्र नौलो बनाऔँ | कविता | २०६६ | 'श्री कालिका स्मारिका', प्रगतिनगर न.प.,पेज १० |
| ५४ | साहित्यिक कार्यक्रम दृष्टिकोण एक विचरण | समीक्षा | २०६६ | पल्लव साहित्यिक पत्रिका आलोचनात्मक विशेषाङ्क, अङ्क १४, पेज ४४-४५ |
| ५५ | गजल | गजल | २०६६ | सोपान लुम्बिनी विशेषाङ्क, अङ्क ४, पेज ३५ |
| ५६ | दुई हरफ कविता | कविता | २०६५ | समयका स्वरहरू, संयुक्त राष्ट्रिय कवितासङ्ग्रह चितवन पेज ३२-३३ |
| ५७ | मेरो वस्ती | कविता | २०६५ | समयका स्वरहरू, चितवन पेज ३४-३५ |
| ५८ | शून्यवाद | कविता | २०६५ | समयका स्वरहरू, चितवन, पेज ३६-३७ |
| ५९ | गजल | गजल | २०६६ | गजलगङ्गा संयुक्त राष्ट्रिय गजलसङ्ग्रह, भरतपुर, पेज ९८ |
| ६० | मेरो मझेरी | कविता | २०६६ | हाम्रो मझेरी, कविताविशेषाङ्क, अङ्क ४७, पेज ३५, भरतपुर |
| ६१ | गजल | गजल | २०६५ | हाम्रो मझेरी, राष्ट्रिय विविध अङ्क, अङ्क ४६, पेज ६९ |
| ६२ | गजल | गजल | २०६५ | कालीको सुसेली, त्रैमासिक, अङ्क ५, पेज २५ |
| ६३ | कवि बन्ने मेरो मन | कविता | २०६६ | कालीको सुसेली, त्रैमासिक अङ्क, पेज ६९ |
| ६४ | गुनासाहरूको गुनासो | समीक्षा | २०६६ | लुम्बिनी दैनिक, वर्ष २५, अङ्क ४८, पेज २ |
| ६५ | अर्न्तमनका यात्रा पढेपछि | समीक्षा | २०६६ | धौलागिरि पोष्ट, राष्ट्रिय साप्ताहिक, वर्ष ४ अङ्क ३४, पेज ६ |
| ६६ | शान्तिनारायण श्रेष्ठका खाटा बस्न नसकेका घाउहरू | समीक्षा | २०६६ | धौलागिरि पोष्ट, राष्ट्रिय साप्ताहिक, वर्ष ४, अङ्क २५/३५ पेज ६ |

यी माथि उल्लिखित फुटकर रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका हुन् भने उनका प्रकाशोन्मुख कृतिहरू छन् -

१) महाकाव्य

२ गजलसङ्ग्रह

यी सबै कृतिहरूमा सामाजिक यथार्थतालाई टिपेर थपक्क राखेजस्तै गरी प्रस्तुत गरिएको छ । त्यसैले उनका हरेक कृतिले पाठकको मन छुन सफल भएका छन् । सामाजिक यथार्थ जीवनको बोध भएकी कृष्णादेवी शर्मा (श्रेष्ठ)लाई परिवर्तित घटनालाई टपक्क टिपेर प्राकृतिक चित्रण गरी साहित्यिक रङ्गले पोतेर जस्ताको तस्तै उतार्न सक्ने एक सफल साहित्यकार र नारी स्रष्टाको रूपमा लिइन्छ । साहित्यिक यात्राको सुरुमा पद्यमा भन्दा गद्यमा अभिरुचि राखेको पाइन्छ । यिनका कृतिहरूमा समाजको यथार्थ चित्रण मात्र नभएर त्यसलाई बदल्ने हुटहुटी चेतना र विद्रोहका स्वरहरू पनि पाइन्छ । यसरी कृष्णादेवी शर्मा (श्रेष्ठ)लाई प्रगतिवादी र स्वच्छन्दतावादी साहित्यका कवयित्रीका रूपमा चिन्न सकिन्छ ।

## ५.२ 'सुनाखरी र लालीगुराँसको देश' कविता सङ्ग्रहको अध्ययन

### ५.२.१ परिचय

नेपाली साहित्यको क्षेत्रमा २०५१ सालमा 'साथी' शीर्षकको कविता प्रकाशन गरी कविता विधामा प्रवेश गरेकी कृष्णादेवी शर्मा (श्रेष्ठ)ले २०५७ सालमा नेपाली साहित्यमा औपचारिक रूपमा प्रवेश गरेको छोटो अवधि मैं **सुनाखरी र लालीगुराँसको देश** (कवितासङ्ग्रह)को प्रकाशित गरेकी छन् । यसका अतिरिक्त उनका प्रशस्त फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका छन् । २०५७ सालमा प्रकाशित **सुनाखरी र लालीगुँरासको देश** (कवितासङ्ग्रह) नेपाली साहित्यको लागि पहिलो पुष्पोपहार हो । उनको यस कवितासङ्ग्रहमा २०५१ सालदेखि यता २०५७ सालसम्मका कविताहरू यस सङ्ग्रहभित्र सङ्ग्रहित भएका छन् । जम्मा एकसय छब्बीस पृष्ठमा लामा छोटा गरी बयासीवटा कविताहरू सङ्ग्रहित भएका छन् । जीवनभोगाइका कटु यथार्थ, नारी अभिव्यक्ति, नारी अस्मिताको खोजी, वर्तमान सामाजिक अवस्था, विकृति र विसङ्गतिजस्ता समसामयिक विशेषताहरू **सुनाखरी र लालीगुराँसको देश** (कवितासङ्ग्रह)मा पाइन्छ ।

### ५.२.२ शीर्षक

शीर्षक कविताको आधारभूत तत्व हो । शीर्षक र वर्ण्य विषयका बीचमा अन्तर सङ्गति मिल्नुपर्ने हुन्छ । कृष्णादेवी शर्मा (श्रेष्ठ)को **लालीगुराँस र सुनाखरीको देश**

(कवितासङ्ग्रह)को शीर्षक पनि त्यो शीर्षकभित्र रहेका अन्य कविताको भावसँग मिल्दो देखिन्छ । यो शीर्षकले नेपालको राष्ट्रिय फूल लालीगुराँस हो र सुनाखरी पनि हाम्रै देश नेपाली पहाडी भेगतिर पाइने एक प्रकारको घाँस हो । यसका आधारमा उनलाई राष्ट्रप्रति भक्ति भावना छ भन्ने स्पष्ट हुन्छ । उनको कविताको शीर्षक पनि **सुनाखरी र लालीगुराँसको देश** छ । त्यसैका आधारमा सिङ्गो कवितासङ्ग्रहका नामाकरण गरिएको पाइन्छ । यस कवितासङ्ग्रहभित्र रहेका अन्य फुटकर कविताका शीर्षकहरू निम्नानुसर रहेका छन्- (१) नारी (२) अतीत, (३) जीवन, (४) आमा, (५) नव-वर्ष, (६) सुनाखरी र लालीगुराँसको देश, (७) जीवन यात्रा, (८) डेरा, (९) बेदना, (१०) ऋषि पञ्चमी, (११) प्रयास, (१२) खाते, (१३) याद, (१४) पछुतो, (१५) साथी (१६) शहीद दिवस, (१७) सपना, (१८) प्रतीक्षा, (१९) दु:ख एक गुण अनेक, (२०) कल्याण, (२१) हली, (२२) मेरो अनुभवमा-शिक्षक सेवा, (२३) देशकी छोरी, (२४) मानव अधिकार-यथार्थमा, (२५) जीवन एक-तुलना अनेक, (२६) पर्वत जिल्ला (गीति कविता), (२७) दु:खको घैला मनको मैला जाँदैन धोएर, (२८) जिउनुको सार्थकता, (२९) रूढिवाद, (३०) सानी, (३१) यो मन, (३२) सम्झना, (३३) मुक्तक, (३४) प्रारब्ध, (३५) प्रजातन्त्र, (३६) मन्त्री, (३७) मेरो जीवन यात्रा, (३८) गरिब, (३९) शिक्षिका, (४०) बालक, (४१) अबुझ-मन, (४२) आशा, (४३) जनै पूर्णिमाको तागो, (४४) कविता, (४५) भ्रम, (४६) मोतीको सम्झनामा, (४७) प्रिय, (४८) शुभ-कामनै शुभ-कामना, (४९) शिक्षा, (५०) आजको आवश्यकता, (५१) नेपाल, (५२) मन, (५३) विशुद्ध माया, (५४) आमाको माया, (५५) भवानी विद्यापीठ, (५६) विफल प्रयास, (५७) कसो?, (५८) कविता र पश्चाताप, (५९) धोका, (६०) पृथ्वीलाई भार, (६१) केही मुक्तकहरू, (६२) उषा, (६३) हुरी, (६४) बझाङ्गी भाषा, (६५) परिस्थिति, (६६) उठौं युवा, (६७) पहिरै-पहिरा, (६८) जागौं नारी, (६९) दाइजो, (७०) एघार टुक्रा, (७१) तीजको गीत, (७२) माया, (७३) मेरो बाल्यस्थल, (७४) पति-पत्नी, (७५) हाम्रा नदीहरू, (७६) एक्लै, (७७) मुक्तकहरू, (७८) टुक्रा-टुक्री सँगाल्दा, (७९) दशैं, (८०) ड्यूना, (८१) हिमाल, (८२) नारीको आवाज (गीति कविता) यसरी बयासीवटा शीर्षकको कविताबाट यो कवितासङ्ग्रह पूर्ण भएको छ ।

### ५.२.३ संरचना

बनोटलाई नै संरचना भनिन्छ । यो पनि कविताको आधारभूत तत्व हो । कुनै एउटा साहित्यिक कृतिको बनोटलाई संरचना भनिन्छ । सङ्ग्रहमा सङ्ग्रहित कविताहरू र तिनको सिङ्गो आकार नै संरचना हो । **सुनाखरी र लालीगुराँसको देश** सङ्ग्रहको पहिलो आवरण पृष्ठमा नीलो रङ्गमा पोतिएको पहाड जस्तो र फूलको चित्र जस्तो छ जसले

लालीगुराँसलाई सङ्केत गरेजस्तो अनुमान गर्न सकिन्छ र अर्को त्यसैमा एउटी महिलाको र एउटा पुरुषको जस्तो चित्रले हामी नेपालीलाई देखाएजस्तो अनुमान गर्न सकिन्छ । पछिल्लो आवरण पृष्ठमा कृष्णादेवी शर्मा (श्रेष्ठ)को सानो तस्विर सहितको परिचय दिइएको छ । यस सङ्ग्रहका कविता प्रायजसो गद्यलययुक्त छ, भने मुक्तक तथा लोकलयहरूको पनि कविताहरूमा प्रयोग गरिएको छ । कविप्रौढोक्ति कथनपद्धतिमा आधारित यस सङ्ग्रहभित्र जम्मा कविताहरू एकसय छब्बीस पृष्ठमा सङ्ग्रहित रहेका छन् । जसमा तीनवटा गीत र अरु फुटकर आकारका कविताहरू रहेका छन् । सबैभन्दा लामो कविता 'मेरो बाल्यस्थल' पृष्ठ (१०६) शीर्षकको रहेको छ । जुन त्रिसट्ठी हरफको तीन पृष्ठमा फैलिएको छ भने सबैभन्दा छोटो कविता 'टुक्रा-टुक्री सङगाल्दा' शीर्षकमा रहेको लोक जीवनका मार्मिक कथा व्यथा समेटिएका लोक गीतका टुक्रा टुक्री दुई दुई हरफमा सङ्कलन गरिएको पाइन्छ ।[६]

यसरी यस सङ्ग्रहमा विविध विषयवस्तुलाई समेटेर लेखिएका जम्मा ८२ वटा फुटकर कविताहरू समावेश गरिएको पाइन्छ ।

### ५.२.४ विषयवस्तु

रचनाकारले आफूले देखेका र अनुभव गरेका जीवन जगत्का यावत् विषयवस्तुलाई टिपेर त्यसको केन्द्रीयतामा कविता रचना गरेको हुन्छ । कविले कुनै विषयलाई लिएर त्यसको भाव-स्पर्शले मनोलोकमा उब्जिएका तत्क्षणिक अनुभव र अनुभूतिलाई शब्दावलीले समातेर अर्थाउन खोज्छ । यसरी आफ्ना भावनात्मक तरङ्गहरूको लयात्मक अभिव्यक्ति प्रस्तुत गर्दा कविता सिर्जना हुन जान्छ ।

विषयवस्तुका दृष्टिले कवयित्री कृष्णादेवी शर्मा (श्रेष्ठ)को यो **सुनाखरी र लालीगुराँको देश** (कवितासङ्ग्रह)ले व्यापक क्षेत्रलाई समेटेको पाइन्छ । यस सङ्ग्रहभित्रका कविताहरूका कविताहरूको मुटुलाई छाम्न खोज्दा कतिपय कविताको पृष्ठभूमि नितान्त वैयक्तिक भावनाका उपजका रूपमा लिन सकिन्छ भने कतिपय सामाजिक र साँस्कृतिक पृष्ठभूमिमा रचिएका देखिन्छन् । नारी स्वाभिमान र अस्मितामाथि विश्वास र आस्थाको केन्द्रविन्दु बन्न पुगेका कृष्णादेवी शर्मा (श्रेष्ठ)का अधिकांश कविताहरू आफ्ना निजी अनुभूतिहरूलाई सहजरूपमा सरल शब्दावलीका माध्यमबाट अभिव्यक्त गर्नमा प्रयत्नशील देखिन्छिन् ।[७] छोटकरीमा भन्दा यस सङ्ग्रहभित्रका कविताहरूमा जीवन भोगाइ, नारी आवाज, देश प्रेम, प्रणयता, प्रकृतिप्रेम सामाजिक जनजीवन जस्ता विविध विषयवस्तु

---

[६] सिर्जन आचार्य, कृष्णादेवी शर्मा (श्रेष्ठ)का साहित्यिक कृतिको अध्ययन, अ.प्र.स्नाकोत्तर तह पृ.ना.क्या. २०६५ अ.प्र. ।

[७] प्रेम छोटा: सुनाखरी र लालीगुराँसको देश (२०५७) भूमिका ।

रहेका छन् । लामाछोटा गरी जम्मा बयासीवटा कविता सङ्ग्रहित भएको यस सङ्ग्रहमा सामाजिक, साँस्कृतिक, राजनैतिक, प्राकृतिक, नारी अस्मितामूलक, प्रणयमूलक आदि विषयवस्तु आएका छन् । जीवनजगतका विविध विषयवस्तु समेटेर रचिए तापनि कवयित्रीका आफ्ना निजी वैयक्तिक जीवन भोगाइका अनुभूतिहरू आफ्नै निजी भावनाहरूको प्रवलता पनि यहाँ पाउन सकिन्छ ।[८] लेखकले आफ्ना जीवनका भोगाइलाई प्रस्तुत गर्छ भन्ने कुरा कवयित्रीले यहाँ प्रष्ट पारेकी छन् ।

### (क) **सामाजिक विषयवस्तु**

समाजमा घट्न सक्ने घटनाहरूलाई मूल विषयवस्त बनाएर रचना गरिएको कविताहरू सामाजिक विषयवस्तसँग सम्बन्धित कविताअन्तर्गत पर्दछन् । सामाजिक विषयवस्तुसँग सम्बन्धित कविताहरूमा ‘हली’, ‘गरिब’, ‘खाते’, ‘दाइजो’, आदि जस्ता कविताहरू पर्दछन् । यी कविताहरूमा समाजमा घटेका, घट्न सक्ने घटनाहरूलाई उजागर गर्न खोजिएको छ । गरिबी, अन्याय, अत्याचार, शोषण, दमन आदिका चपेटामा परेका मानिसहरू र उनीहरूको विसङ्गत जीवनको उद्घाटन गर्नमा यिनका कविताहरू सफल देखिन्छन् ।

समाजमा रहेका विपन्न मानिसहरूको दयनीय स्थिति र उनीहरूले दिनरात नभनी एकगास खान र एकसरो लगाउन सङ्घर्ष गर्नुपर्ने तर सामन्ती सोचका मानिसहरूले उनीहरूको श्रमको उचित मूल्य नदिनु, शोषण, दमन, अन्याय अत्याचार गरिरहनु जस्ता प्रवृत्तिले उनीहरूको जीवनस्तर माथि उठ्न नसकेको वास्तविक यथार्थतालाई ‘हली’ शीर्षकको कवितामार्फत यसरी देखाइएको छ-

‘जिन्दगी वित्यो अरुको घरमा सेवक बनेर
थुचुक्क वस्यो  हलीदाइ सेते धिक्कार मानेर ।
यो हली प्रथा कहिले हट्ला नेपाली समाजमा
आएन निद्रा र रटन जाग्यो सेतेको मगजमा ॥’
‘हली’, पृष्ठ ३०

‘शिरमा मात्र टोपीको घेरा कमेज फाटेको
कहिले पुगी आउने होला यो मनले आँटेको ।’

---

[८] सिर्जना आचार्य, कृष्णादेवी शर्मा (श्रेष्ठ)का साहित्यिक कृतिको अध्ययन, अ.प्र.स्नाकोत्तर तह पृ.ना.क्या. २०६५ अ.प्र. ।

'स्वास्नीको हरमा गुँनियो छैन छोरो छ बिरामी
दिन-रात खेती गर्दछु काम म छैन हरामी ॥'

'हली', ३१

दश महिना आमाको कोखमा बसेर जब बालकले धर्तीमा पाइला टेक्छ तब कोही बालक महलमा राज गर्छ भने कोही खाते बन्न पुग्छ । ईश्वरको नजरमा सबै बराबर तर हाम्रो सामाजिक वातावरणले त्यो खाते हुन्छ । उचित वातावरण पाएमा त्यो बालक डाक्टर इन्जिनियर बन्न सक्छ तर त्यो वातावरण नपाउँदा त्यो बालक खाते बन्न पुग्छ । त्यसलाई कृष्णादेवी शर्मा (श्रेष्ठ)ले 'खाते' शीर्षकको कवितामार्फत यसरी प्रस्तुत गरेकी छन्-

'त्यै बालक बनी जान्छ विश्व चिनिने
त्यै बन्छ डाक्टर पनि
पाएन मलजल उचित यदि भने
बनिदिन्छ 'खाते' पनि ।'

'खाते', पृष्ठ १८

त्यस्तै हाम्रो समाजमा विद्यमान दाइजो प्रथाका बिगविगी र दाइजो प्रथाका कारण समाजमा उत्पन्न हुने विभिन्न समस्याहरूको सजीव चित्रण 'दाइजो' कवितामा गरिएको छ ।

'कति छोरा बुहारीको गइसक्यो ज्यान
अझ पनि बढदैछ यो दाइजो अभियान ।
दाइजो ल्याउने बुहारीको इज्जत र मान
रित्तै आउने बुहारीको जान सक्छ ज्यान ।'

'दाइजो', पृष्ठ ९९

त्यस्तै नेपाली समाजमा विद्यमान विकृति विसंगति, अन्धविश्वास र रूढिवाद परम्परालाई समयमा नै निर्मूल पारी सुन्दर, शान्त समाजको निर्माण हुनुपर्ने कुरामा 'रूढिवादी' कविताले जोड दिएको पाइन्छ ।

'हाम्रा समाजका धेरै प्रतिनिधिहरू मिलेर
रूढिवादको पञ्जाबाट उम्कौ भनेर सल्लाह गर्‍यौँ
यस कामका लागि
अगुवा बनायौ...............................'

रूढिवाद, पृष्ठ ४२

### (ख) साँस्कृतिक विषयवस्तु

संस्कारका रूपमा चलिआएका पर्वहरूलाई मुख्य विषयवस्तु बनाएर लेखिएका कविताहरू साँस्कृतिक विषयवस्तुसँग सम्बन्धित कविताअन्तर्गत पर्दछन् । कवयित्री कृष्णा देवी शर्मा (श्रेष्ठ)ले नेपाली समाजमा चलिआएका संस्कारसँग सम्बन्धित विषयवस्तुलाई 'तीज', 'नववर्ष', 'दशैँ' जस्ता शीर्षकका कविताबाट साँस्कृतिक पर्वहरूको महत्त्व दर्शाउँदै ती चाडवर्पहरूमा विकृति आउन नहुने भाव प्रस्तुत गरेकी छन् ।

शरद ऋतुको आगमनसँगै असोज महिनामा सम्पूर्ण नेपालीहको घरआँगनमा खुसीयाली लिएर आउने नेपालीहरूको महान् पर्व दसैको महत्त्वलाई 'दशैँ' शीर्षकको कविता मार्फत यसरी प्रस्तुत गरेकी छन् ।

'दुर्गा माताको नौरथा पूजाले
राम र रावणको युद्ध पश्चात्
दैवी शक्तिको विजय
आजुरी-शक्तिमा,
पूजा मण्डपको प्रसादको रूपमा
ग्रहण गर्दै आएको यो विजया दशै ।
प्रशस्त आध्यात्मवादलाई बोकेको
हिन्दुहको महान् पर्वको रूपमा
नेपाली घर आँगनमा रम्दै रमाउँदै
प्रत्येक वर्ष आउँछ हाम्रो महान् चाड
विजया दशै ।'

दशैं, पृष्ठ १२०

### (ग) राजनैतिक विषयवस्तु

राजनैतिक विषयलाई मुख्य विषयवस्तु बनाएर लेखिएका कविताहरू राजनैतिक कविताअन्तर्गत पर्दछन् । यस सङ्ग्रहका कविताहरूमा राजनीतिको वा सत्ता प्राप्ति पछिको राजनैतिक विकृति र विसङ्गतिलाई स्वतस्फूर्त रूपमा प्रस्तुत गरेकी छन् ।

यस सङ्ग्रहभित्रका राजनैतिक विषयवस्तुसँग सम्बन्धित कविताहरूमा 'प्रजातन्त्र', 'मन्त्री' आदि पर्दछन् । वीर सहिदहरूले रगत बगाएर वा उनीहरूको त्याग र बलिदानबाट प्राप्त भएको प्रजातन्त्रमा भ्रष्टाचार, घुसखोरी आदिको गन्ध आउन नहुने र त्यसो भएमा

सहिदले श्राप दिनेछन् भन्ने कुरा उनले 'प्रजातन्त्र' शीर्षकको कवितामा यसरी प्रस्तुत गरेकी छन् ।

'प्रजातन्त्र हाम्रो जीवन हो
अनि यो हाम्रो प्राण हो
सङ्घर्ष ठूलो गरेर
शहीदले रगत छरेर
नभुलौँ नेपाली जनता हो
ल्याएको प्रजातन्त्र हो ।'

'घुसखोरीतन्त्र भ्रष्टाचार
होइन यसको शब्दार्थ
कमिसनतन्त्र अत्याचार
होइन यसको भावार्थ ।'

प्रजातन्त्र, पृष्ठ ५१

त्यस्तै हाम्रा देशका नेताहरूलाई व्यङ्ग्य गर्दै चुनावका बेलामा जनताका घरदैलोमा जाँदै नमस्ते टक्राउँदै हिँड्ने नेताहरू सत्ता प्राप्तिपछि अर्थात मन्त्री बनेपछि आफ्ना इष्टमित्र बाहेक अरुलाई चटक्कै विर्सने वास्तविक प्रवृत्तिप्रति तिखो व्यङ्ग्यको झटारो 'मन्त्री' शीर्षकको कवितामा यसरी हानेकी छन् ।
मन्त्री त साँच्चै मन्त्री नै हुँदा रहेछन्

'आफ्नै जपना र मन्त्रणामा रहँदा रहेछन्
छोरा-छोरी र ज्वाइ-चेलालाई मात्र चिन्दारहेछन्
आफूले गरेको प्रतिज्ञा त चटक्कै भुल्दा रहेछन् ।'

'मन्त्री', पृष्ठ ५३

## (घ) प्राकृतिक विषयवस्तु

वास्तवमा 'रवि नपुग्ने ठाउँमा कवि पुग्छन्' भन्ने कुरालाई कवि वा कवयित्रीहरूले चरितार्थ पारेका छन् । प्रकृताई मूल विषयवस्तु बनाएर रचना गरिएको कविताहरू प्राकृतिक विषयवस्तुअन्तर्गत पर्ने गर्दछन् । जुनसुकै कवि तथा रचनाकारहरूले प्रकृतिलाई भुलेर बस्न सक्दैनन् ।

**सुनाखरी र लालीगुराँसको देश** (कवितासङ्ग्रह)मा सङ्ग्रहित कविताहरूमध्ये प्राकृतिक विषयवस्तुसँग सम्बन्धित कविताहरू 'सुनाखरी र लालीगुराँसको देश', 'हिमाल', 'हाम्रा नदीहरू', 'पर्वत जिल्ला', 'नेपाल' आदि पर्दछन् । यी कविताहरूमा नेपाल प्राकृतिक सुन्दरताले भरिपूर्ण छ भन्ने कुरालाई चरितार्थ पार्ने काम कवयित्रीले गरेकी छन् ।

हाम्रो देशको हिमाली भेगमा पाइने सुनाखरी र लालीगुराँसलाई शीर्षक बनाएर उनले कविता रचना गरेकी छन् । जसरी हिमाल सुनाखरी र लालीगुराँसले धपक्कै बलेको छ त्यस्तै गरी प्राकृतिक सुन्दरताले हाम्रो देश नेपाल बलेको छ । हाम्रो देशमा रहेका विभिन्न किसिमका चराचुरुङ्गी वनजङ्गल, खोलानाला आदिको प्राकृतिक वर्णन 'सुनाखरी र लालीगुराँसको देश' शीर्षकको कवितामा यसरी प्रस्तुत गरिएको छ-

'सुनाखरी र लालीगुराँस फुल्ने
देश मेरो,
खोला-नाला, वन-जङ्गल र
पहाड मैदानले बनेको
मेरो देश
डाँफे, मुनाल अनि कर्‍याँङ्कुरुँङ
मृग, घोरल चितुवा र रजहाँस
रमाएर बस्ने मेरो देश.....................'

सुनाखरी र लालीगुराँको देश, पृष्ठ ९

त्यस्तै गरी 'नेपाल' शीर्षकको कवितामा कवयित्रीले मातृभूमि तथा धर्ती माताप्रति अगाध भाव प्रकट गरेकी छन् । बुद्धको देश नेपाल प्राकृतिक सौन्दर्यले भरिपूर्ण देशमा जन्मन पाएकोमा गर्व महसुस गरेकी छन् र आफू मरेपनि देशको माया निरन्तर लाग्ने कुरा गर्दै प्राकृतिक सुन्दरताको वर्णन 'नेपाल' शीर्षकको कवितामा यसरी प्रस्तुत गरेकी छन्-

'कसैले हात लगाउन खोजे रगत बग्दछ
म मरे पनि यो देशको माया निरन्तर लाग्दछ ॥
मयूर अनि डाँफे र मुनाल बस्दछन् यो देशमा
प्रकृतिसँग निवेदन गर्छु मरण हो् स्वदेशमा ॥'

नेपाल, पृष्ठ ७५

### (ङ) नारी अस्मिता

सायद कवयित्री कृष्णादेवी शर्मा (श्रेष्ठ) आफू नारी भएर पनि होला नारीले भोग्नु परेका र भोग्नुपर्ने पीडा र वेदनालाई कवितामार्फत व्यक्त गरेकी छन् । समाज दिन प्रतिदिन शिक्षित हुँदै गइरहेको छ भन्ने गरिन्छ तर नारीलाई सधैँ घरायसी कामको चौघेराबाट स्वतन्त्र रूपमा बाहिर आउन कठिन भएको छ । हो, तिनै कुराहरूलाई उनले नारी अस्मितासँग सम्बन्धित शीर्षकका कवितामा व्यक्त गरेकी छन् । उनका यस सङ्ग्रहभित्रका कविताहरूमा 'हामी नारी जागौँ', 'नारीको आवाज' जस्ता शीर्षकका नारी अस्मिताका कुरालाई प्रस्तुत गर्ने जमर्को गरेकी छन् । उनले यो कवितासङ्ग्रह 'नारी' शीर्षकको सुरु गरेकी छन् भने 'नारीको आवाज' शीर्षकको कविताबाट अन्त्य भएको छ । त्यसैले पनि भन्न सकिन्छ कि उनले नारी अस्मितलाई विशेष जोड दिएकी छन् ।

जुन घरमा नारी हुन्छिन् , त्यो घरमा मात्र लक्ष्मी बास गर्छिन अथवा त्यो कुलको इज्जत रहन्छ भन्ने मनुको सिद्धान्तलाई उनले नारी शीर्षकको कवितामार्फत यसरी प्रस्तुत गरेकी छन-

'नारी हुन् घरकी उज्जल परिणति,नारी सदा पूज्य छिन्
नारी हुन् कुलकी अपूर्व गहना, नारी सदा रत्न हुन्
टुक्रा-टुक्रा बनेर बन्न सक्ने, आमा उनी हुन् महान्
छोरा-छोराप्रति पूरा गरनु लौ, कर्तव्य उनको गहन् ॥'

नारी, पृष्ठ १

नारी र पुरुष एउटा रथका दुई पाङ्ग्रा हुन् । एउटाको अभावमा अर्काको अस्तित्व पूरा हुन सक्दैन देश विकास गर्न पुरुष भएर मात्र हुँदैन नारीको पनि आवश्यक छ भन्ने कुरा उनले 'नारीको आवाज' शीर्षकको गीति कविताबाट यसरी व्यक्त गरेकी छन्-

'हाम्रो पनि खाँचो छ, देशको विकास गरन
यो मनले मान्दैन देशको निम्ति पछि परन ।'

नारीको आवाज, पृष्ठ १२६

### (च) प्रणयमूलक विषयवस्तु

वास्तवमा भन्ने हो भने मायाकै जालोमा यो संसार चलेको छ । एक अर्कामा माया नहुने हो भने यो संसारले निरन्तरता पनि पाउन सक्दैन । प्रेममूलक विषयवस्तु

देखाउने उद्देश्य रचना गरिएको यस सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमा 'प्रिय', 'माया', 'शुभकामनै शुभकामना', 'जनैपूर्णिमाको तारो' आदि पर्दछन् ।

प्रेमी प्रेमिकामा जब विछोड हुन्छ । त्यसपछि एउटाले भुलेपछि अर्कोले धेरै सम्झिएको खण्डमा प्रेमीले प्रेमिकालाई धोका दिँदा प्रेमिकाले महसुस गरेका कुरा 'शुभकामनै शुभकामना' शीर्षकको कवितामार्फत यसरी प्रस्तुत गरिएको छ-

'तिमीलाई मैले जीवन दिएँ ।
खै ?
तिमीले मलाई के नै दियौ?
तिमीलाई मैले आफ्नो इज्जत दिएँ
तर
तिमीले त्यसको बदला
मलाई चिन्ता मात्र दियौ'

शुभ-कामनै शुभकामना त्यस्तै अरूले प्रेमलाई जे भने पनि कवयित्रीले प्रेमलाई जीवनको रूपमा लिएकी छन् । प्रेममा मिलन र विछोड हुन्छ तर विछोड भए पनि फेरि मिलन हुने मीठो आशामा आफू बाँचेको कुरा उनले 'प्रिय' शीर्षकको कवितामा यसरी प्रस्तुत गरेकी छन्-

'मान्छेहरू भन्ने गर्थे जीवन फूलको कालीन हो ।
मलाई त लाग्यो प्रिय 'जीवन'
मिलन र विछोडको रोदन हो ।
केवल बाध्यताले बाँचेको छु प्रिय
तिम्रो अनुपस्थितिको नियास्रो घडीमा
केवल आशै-आशमा झुण्डिएकी छु प्रिय,
आउने दिनमा त मिलन होला भन्ने मृगतृष्णामा ।'

प्रिय, पृष्ठ ७०

### (छ) विविध विषयवस्तु

यस सङ्ग्रहभित्रका कविताहरूमा विविध विषयवस्तुलाई समेट्ने प्रयास गरिएको छ । कवयित्रीका आफ्नै जीवन भोगाइका भावनात्मक विषयले पनि केही क्षेत्र ओगटेको

छ । त्यस्तै देशको सामाजिक, राजनैतिक, आर्थिक आदि विषयवस्तुलाई पनि उनले समेट्ने प्रयास गरेकी छन् । शिक्षक पेसाको लामो अवधि पार गर्दा उनले समाजमा घट्न सक्ने विभिन्न किसिमका कुराहरू प्रत्यक्ष देख्ने अवसर पाइन र त्यसलाई पनि उनले कवितमार्फत प्रस्तुत गरेकी छन् । यस सङ्ग्रहभित्र सङ्ग्रहित कविताहरूमा **'मेरो** अनुभवमा शिक्षक पेसा', 'साथी', 'मेरो जीवनयात्रा', 'शिक्षिका बालक', 'भवानी पिद्यापीठ' 'मेरो वाल्यस्थल' आदि आफ्नै जीवनको अनुभवमा आधारित रहेका छन् ।

आफूले लामो समयसम्म शिक्षिका भएर आफ्नो जीवन विताएकी कवयित्रीले शिक्षकको जीवनलाई 'मेरो अनुभवमा शिक्षक पेसा' शीर्षकको कवितामार्फत यसरी प्रस्तुत गर्ने जमर्को गरेकी छन् -

'शिक्षक एक निकलङ्क पेशा
निश्छल, निष्काम
र सहिष्णुतालाई घोत्ल्याक्क अँगालो मार्दै
घडीको सुईको इशारामा
कक्षा-कक्षामा चहार्नुपर्ने
शिक्षक',

### ५.२.५ कथनपद्धति

कथनपद्धति भन्नाले त्यो विषयवस्तु कसले कथेको छ भन्ने कुरा बुझिन्छ । यस सङ्ग्रहका सबै कविताहरूमा कविप्रौढोक्ति कथनपद्धतिको प्रयोग 'मेरो अनुभवमा शिक्षक पेसा', 'यो मन', 'मेरो जीवन यात्रामा शिक्षिका', 'विशुद्ध माया', 'विफल प्रयास', 'मेरो बाल्यस्थल', 'नारीको आवाज', 'पृथ्वीलाई भार', 'उषा', 'उठौं युवा', 'जागौँ नारी', 'तीजको गीत', 'सुनाखरी र लालीगुराँसको देश', 'मानवअधिकार यथार्थ'मा आदि जस्ता शीर्षकका कवितामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । 'जनैपूर्णिमाको तागो', 'आमाको माया', 'धोका', 'प्रिय', 'शुभकामनै शुभकामना'मा आदि जस्ता शीर्षकका कविताहमा द्वितीय दृष्टिविन्दु र 'नारी', 'आमा', 'खाते', 'सपना', 'हली', 'देशकी छोरी', 'सानी', 'गरिब', 'एक्लै', 'ड्युना' आदि कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ ।
त्यस्तै 'मुक्तकहरू', 'टुक्राटुक्री संगाल्दा' आदि कवितामा मिश्रित दृष्टिकोणको प्रयोग गरिएको छ ।

यसर्थ सङ्ग्रहका धेरैजसो कविताहरू प्रथम पुरुष र तृतीय दृष्टिविन्दुमा लेखिएका छन् भने केही द्वितीय पुरुष र केही मिश्रित दृष्टिविन्दु उपयोग गरी लेखिएका कविताहरू पाइन्छन् ।[९]

### ५.२.६ लय विधान

साहित्यका अन्य विधाबाट कवितालाई छुट्याउने मूलतत्व छन्दविधान वा लयविधान हो । कविता छन्दमा रचियोस् या गद्यमा दुवैमा एक किसिमको लय रहन्छ र कविता सहज सरल र श्रुतिमधुर हुन्छ ।

प्रकाशनका हिसाबले पनि पहिलो कविता सङ्ग्रह भएको हुँदा यो आभ्यासिक रूपमा नै छ भन्न सकिन्छ । यस सङ्ग्रहका कविताहरूमा पनि लोकलय गद्यका साथै तीजी लय र लोकगीत को प्रभाव पाइन्छ ।

पद्यमा लेखिएका कविताहरूमा लोकलय र गीति लयको प्रयोग गरिएको पाइन्छ । त्यस्तै गरी गद्य कवितामा पनि अन्त्यानुप्रासको आयोजनाले र पदलालित्यले साङ्गीतिकता, लयात्मकता र गीतिचेतना प्रवाहित गरेको पाइन्छ । यो कवितासङ्ग्रह छन्दोबद्ध कवितासङ्ग्रह नभएकाले यसमा विविधता पाइन्छ । कवयित्रीको मूलभूत अभिरुचि गद्यकविता भए पनि यहाँ छन्द, मुक्तक, गीत र लोकलयात्मक पाराहरू प्रशस्त पाइन्छन् ।[१०] यही विविधताको समष्टिगत रूप भएकाले यो कवितासङ्ग्रह लय विधानका दृष्टिले पनि उत्कृष्ट मान्न सकिन्छ ।

### ५.२.७ भावविधान

कवयित्री कृष्णादेवी शर्मा (श्रेष्ठ)को **सुनाखरी र लालीगुराँसको देश** (कविता सङ्ग्रह)मा सङ्ग्रहित कविताहरूमा कवयित्री आफैले जीवनमा भोगेका तीता मीठा अनुभवहरू, वर्तमान समयका राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिहरू, समाजमा देखापरेका विभिन्न किसिमका विकृति विसङ्गति, नारीका पीडा, अन्याय, अत्याचार, प्रेम विछोड, नैतिक तथा शैक्षिक चेतना आदि कुराहरूको उजागर गर्ने प्रयास सङ्ग्रहित कवितामार्फत गरेकी छन् ।

---

[९] सिर्जना आचार्य, कृष्णादेवी शर्मा (श्रेष्ठ)का साहित्यिक कृतिको अध्ययन, स्नाकोत्तर तह, अ.प्र.पृ.वा.क्या.२०६५ ।
[१०] सरुभक्त, सुनाखरी र लालीगुराँसको देश, (२०५७) भूमिका खण्ड ।

### ५.२.८ भाषाशैली

**सुनाखरी र लालीगुराँसको देश** (कवितासङ्ग्रह)मा सरल, सहज सम्प्रेष्य भाषाशैलीको प्रयोग गरिएको छ । गद्यात्मक भाषाशैलीको प्रयोग गरिएको यस सङ्ग्रहका कविताहरूमा सर्ट, पाइन्ट, म्याक्सी, ब्लाउज, टी.भी. फिल्म सेक्सन आदि जस्ता आगन्तुक शब्दका साथै जुरुक्क, थुचुक्क, टुप्लुक्क आदि जस्ता अनुकरणात्मक शब्दहरूको पनि प्रयोग गरिएको छ । त्यसका अतिरिक्त सुपुत्र, पुष्प, प्रारब्ध आदि जस्ता तद्भव शब्द र शिक्षा, बालक, मृग आदि जस्ता तत्सम शब्दहरूको पनि प्रयोग गरिएको यस सङ्ग्रहमा प्रथम, द्वितीय, तृतीय र मिश्रित पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । सबैखाले पाठकहरूको मन छुन सफल यस सङ्ग्रहका कविताहरू सरल र बोधगम्य हुनुका साथै कविप्रौढोक्ति कथनमा संरचित देखिन्छन् । पाठक र श्रोताले सजिलै बुझ्ने खालको भाषाको प्रयोग भएको यस सङ्ग्रहमा लेखकीय निजात्मक शैली पाइन्छ ।

### ५.२.९ निष्कर्ष

कवयित्री कृष्णादेवी शर्मा (श्रेष्ठ)ले औपचारिक रूपमा साहित्यिक यात्रामा पाइला चालेको केही वर्ष मै २०५७ सालमा प्रथम पुस्तकाकार कृति प्रकाशन गर्न सफल भएकी छन् । यस कवितासङ्ग्रहमा लामा छोटा गरी जम्मा बयासीवटा कविता एकसय छब्बीस पृष्ठमा भएको छ । नारीवादी कवयित्रीका रूपमा देखापरेकी शर्माले यस सङ्ग्रहका कविताहरूमा नारी आवाज बुलन्द गरेको पाइन्छ । यसै सङ्ग्रहमा नारी मनका पीडा नारी स्वाभिमान र अस्मिताको खोजी गर्ने काम पनि उनले कविता मार्फत गरेकी छन् । जीवन जगतका विविध पक्षहरूलाई देखाउन खोजिएको यस सङ्ग्रहमा कवयित्रीका निजी जीवनका भोगाइका अनुभूतिहरू प्रशस्त मात्रामा सलबलाइरहेका छन् । लयका दृष्टिले हेर्दा यस सङ्ग्रहमा लोकलय, गद्यलय र तीजी लोक गीति चेतनाको प्रभाव पाउन सकिन्छ । प्रस्तुत कवितासङ्ग्रहका पहिलो कविता 'नारी' अन्तिम कविता 'नारीको आवाज' यो स्वभावः नारी हुनुको परिणति हो । कवयित्रीको मूलभूत अभिरुचि गद्यकवितात्मक भए पनि यहाँ छन्द, मुक्तक, गीत लोकलयात्मक पाराहरू प्रशस्त छन् ।[११] लयका दृष्टिले हेर्दा यस सङ्ग्रहमा लोकलय, गद्यलय, तीजीलोकलय गीति चेतनाको प्रभाव पाउन सकिन्छ । समग्रमा भन्दा जीवनका तीतामीठा भोगाइ, संवेग र आवेग, प्रेमपीडा, अतीत, विरह, वेदना व्याकुलता, मानसिक द्वन्द्व, आत्मक्रन्दन र अन्तर्जलनका

[११] सरुभक्त, लालीगुराँस र सुनाखरीको देश (२०६७) भूमिका खण्ड ।

साथै केही शुभेच्छामूलक सौन्दर्योपासना, राष्ट्रियता र कर्तव्यबोध आदिजस्ता दैनिक जीवनको यथार्थ कथा र व्यथा सिर्जनाभित्र अति संवेदनशील बनेर देखापर्छ ।[१२]

## ५.३ तीजगीत सङ्ग्रहको अध्ययन

कृष्णादेवी शर्मा (श्रेष्ठ)ले आजसम्म तीनवटा तीजगीत सङ्गालाहरू प्रकाशन गरेकी छन् । तीन तीजगीत सङ्ग्रालोलाई एकै ठाउँमा समीक्षा गर्ने प्रयास गरिएको छ ।

### ५.३.१ परिचय

गीत लयमा गाएर व्यक्त गरिन्छ । नेपाल लोकगीतको धनी देश मानिन्छ । सदियौँदेखि हाम्रो देश नेपालमा सामान्य लोकगीतहरूदेखि दिएर संस्कार गीतहरू, ऋतुगीतहरू, कर्मगत गीतहरू, पर्वगीतहरू चलिआएका छन् । सबै गीतहरूले आ-आफ्नो ठाउँमा आ-आफ्नो स्थान ओगटेका छन् । एउटाको अभाव अर्कोले पूरा गर्न सक्दैनन् । त्यस्तै तीजगीतहरू पर्वगीत अन्तर्गत पर्दछन् । तीजपर्व धेरै लामो समयदेखि मनाउँदै आएको एउटा पर्व हो । जुन आजसम्म पनि मनाइन्छ र पछिसम्म पनि मनाइने छ ।

परम्परागत रूपमा हेर्ने हो भने यसमा महिला आफूले भोगेका दुःख पीडालाई गीतमार्फत पोख्दछन् । पहिला-पहिला महिलाले बोल्न नहुने, जति दुःख परेपनि सहेर बस्ने अवस्थामा तीज एउटा दिदी बहिनीसँग भेट भएर नाचगान गरी गाएर रमाइलो गर्ने पर्व एक वर्षका ती दुःख पीडालाई गीत मार्फत दिदीबहिनी माझ पोखेर मनलाई हलका बनाउने गर्थे तर आधुनिक नेपाली महिलाहरू परम्परागत संवेदनाहरूमा मात्र बाँधिएका छैनन्, केवल नारी मनका सुख, दुःखात्मक संवेदनाहरूसँग मात्र जोडिएका छैनन् । देश र समाजको विकासको गतिसँगै नेपाली महिलाहरूमा आधुनिकताको विकास भइसकेको छ । महिलाका सुख र दुःखका कुराहरू मात्र नभएर अहिलेको आधुनिक जमानामा आधुनिक विकासका कुराहरूलाई पनि तीजगीत मार्फत प्रस्तुत गर्ने गर्दछन् । गीतमार्फत नै भए पनि समज र राष्ट्रसँग सम्बन्धित कुराहरू प्रस्तुत गर्ने सुअवर दिने काम तीज पर्वले गरेको छ ।

हिन्दू चेलीहरूको महत्त्वपूर्ण र ठूलो चाडका रूपमा चिनिएको तीजपर्व प्रत्येक वर्षको भाद्र महिनाको शुक्ल पक्ष तृतीया तिथिका दिन पर्दछ । यस दिन व्रत वसेका नारीहरू जम्मा भएर नृत्यका साथ मादल बजाएर थपडी मारेर गीत गाउने गर्दछन् । विवाहिता नारीहरू आफ्नो पतिको दीर्घायुका लागि र अविवाहित महिलाहरू सुयोग्य वर प्राप्तिका लागि निराहार व्रत बसी शिवपार्वतीको पूजा गर्दछन् । तीजगीतको परम्परा

[१२] पूर्ववत् ।

खासगरी कहिलेदेखि सुरु भयो भनेर ठ्याक्कै थाहा पाउन नसकिएता पनि पुराणमा उल्लेख भए अनुसार हिमालय पर्वतकी छोरी पार्वतीको पूजा गर्छ उसको मनोकाक्षां पूर्ण हुनेछ भनेर पार्वतीलाई आशीर्वाद दिएको दिन भाद्र शुक्ल तृतीयाको दिन परेको हुनाले अधिकांश नारीहरूले आफ्नो सौभाग्य तथा पतिको दीर्घायुको लागि तीजमा निराहार व्रत वसी शिव र पार्वतीको पूजा गर्ने चलन छ । यसरी यो परम्परा परापूर्वकालदेखि नेपाली हिन्दूनारीहरूले एउटा रमाइलो पर्वको रूपमा यसलाई व्यापक विस्तार गर्दै लगेको पाइन्छ ।[१३]

कृष्णादेवी शर्मा (श्रेष्ठ) साहित्यको क्षेत्रमा २०५२ सालदेखि औपचारिक रूपमा अनवरत रूपमा लागिपरेकी छन् । उनी एक कुशल शिक्षिका पनि हुन् । उनले २०५२ सालदेखि औपचारिक रूपमा साहित्यिक यात्रा आरम्भ गरेपछि छोटो समयमै २०५७ सालमा **सुनाखरी र लालीगुराँसको देश** (कवितासङ्ग्रह) प्रकाशित हुन्छ । त्यसपछि आजसम्म उनका जम्मा जम्मी ३ वटा तीजगीत सङ्गाला प्रकाशित भएका छन् । नेपाली महिलाहरू महत्त्वपूर्ण चाड तीज भएकाले उक्त दिन आफ्ना व्यक्तिगत वा अन्य दिदी बहिनीहरूलाई परेका पीडा वेदनाहरूलाई विषयवस्तु बनाउँदै गीत सुन्ने सुनाउने गरिन्छ । गीतकार कृष्णादेवी शर्मा (श्रेष्ठ)ले पनि आफ्ना गीत मार्फत हरेक नेपाली चेलीहरूको व्यथा, बुहार्तन, दमनका अतिरिक्त चेतनशील जागरणयुक्त र नारी हकहितका लागि आवाज उठाउने खालका गीतहरूलाई महत्त्वपूर्ण स्थान दिएकी छन् । यसको एक जीवन्त उदाहरणका रूपमा प्रस्तुत **नारायणहिटी पर्व** (२०५८), **अत्याचारी घर** (२०५९) र **प्रजातन्त्रमा प्रश्नचिह्न** ? (२०६०) तीजगीत सङ्गालाहरू छन् । उनीभित्र परम्परागत नेपाली महिलाको अस्तित्व र आधुनिक चेतनशील नेपाली महिला दुवै बाँचेको पाइन्छ । उनका गीतहरूमा परम्परागत नेपाली महिलाहरूको पीर, व्यथा, आँसु, माइतीका संवेदनाहरू, सौतेनी माम्लोदेखि आधुनिक नारीका सामाजिक राष्ट्रिय संवेदनाहरू, नारी हकहित, बालमृत्युदर आदि जस्ता विषयवस्तु पनि पाइन्छ । सामाजिक कुरीति कुसंस्कार, विकृति विसङ्गतिप्रति तीखो व्यङ्ग्य गर्दै अन्याय र अत्याचारको विरोध गरेका गीतहरू पनि यिनका सङ्ग्रहभित्र रहेका छन् । साहित्यकार कृष्णादेवी शर्मा (श्रेष्ठ)लाई तीजगीतले गीतकारको रूपमा परिचित गराएको छ । तीजगीत पर्वगीत अन्तर्गत पर्दछ । तीजको अवसरमा मात्र गाइने तीजगीतका सङ्गालाहरू **नारायणहिटी पर्व** (२०५८) **अत्याचारी घर** (२०५९) र **प्रजातन्त्रमा प्रश्नचिह्न** ? (२०६०) गरी जम्मा ३ वटा तीजगत सङ्गालाहरू प्रकाशित भएका छन् । उनका ती तीनवटा तीजगीत सङ्गालाहरूमा क्रमशः

[१३] सिर्जना आचार्य, कृष्णादेवी शर्मा (श्रेष्ठ)का साहित्यिक कृतिको अध्ययन, स्नाकोत्तर तह, अ.प्र.पृ.वा. क्या.२०६५ ।

पन्ध्रवटा, सत्रवटा र अठारवटा गरी जम्मा ५० वटा शीर्षकमा तीजका गीतहरू समावेश भएका छन् ।

विषयवस्तुका दृष्टिको व्यापक क्षेत्रलाई ओगटेका प्रस्तुत तीजगीत संगालामा विशेष गरी महिलाहरूले भोग्नु परेका पीर, व्यथा, वेदना, नारी नै नारीका विरोधीका रूपमा देखापरेको स्थिति र कैंयौ चेलीबेटी बम्बईका कोठीमा बेचिन बाध्य भएको स्थिति आदिलाई देखाइएको छ भने छोरीलाई अंश छोरा र छोरीप्रतिको असमान व्यवहार, नारी शिक्षा र जागरणको आवाज जस्ता विषयवस्तुलाई पनि मुख्य रूपमा देखाउन खोजिएको छ । यसका अतिरिक्त देशमा बढ्दै गएको राजनैतिक विकृतिलाई प्रजातन्त्रमा प्रश्नचिह्न शीर्षकको तीजगीतमा देखाउने कोसिस गरिएको छ । त्यस्तै राजा वीरेन्द्र तथा उनको वंशनासको घटना, हाम्रा राजनैतिक पार्टीहरूको क्रियाकलाप आदि विभिन्न कुराहरूलाई पनि यी संग्रहका गीतहरूमा देखाइएको छ ।

उनका तीनवटा तीजगीत सङ्गालाहरू **नारायणहिटी पर्व** (२०५८), **अत्याचारी घर** (२०५९) र **प्रजातन्त्रमा प्रश्नचिह्न** ? (२०६०) पर्वगीत भएकाले विषयवस्तुको दृष्टिले खासै फरक नहुँदा सबैलाई समग्रमा यसरी अध्ययन गर्न सकिन्छ ।

## ५.३.२ विषयवस्तु

गीतकार कृष्णादेवी शर्मा (श्रेष्ठ)ले विविध विषयवस्तुलाई समेटेर आफ्ना तीनवटा तीजगीत सङ्ग्रालाहरू सिर्जना गरेकी छन् । तीज भनेकै मूलतः नारीहरूको चाड हो । तीजगीत सङ्गालामा विशेष गरी महिलाहरूले भोग्नु परेका पीर, व्यथा, वेदना, नारीले नै नारीका खुट्टा तान्ने प्रवृत्तिका रूपमा देखा स्थिति र कैंयौ चेलीबेटी बम्बईका कोठीमा बेचिन बाध्य भएको स्थिति आदिलाई देखाइएको छ भने छोरीलाई अंश छोरा र छोरीप्रतिको असमान व्यवहार, नारी शिक्षा र जागरणको आवाज जस्ता विषयवस्तुलाई पनि मुख्य रूपमा देखाउन खोजिएको छ । यसका अतिरिक्त देशमा बढ्दै गएको राजनैतिक विकृतिलाई 'प्रजातन्त्रमा प्रश्नचिह्न ?' शीर्षकको तीजगीतमा देखाउने प्रयास गरिएको छ । त्यस्तै २०५८ सालमा राजदरबारमा घटेको घटनालाई उनले तीजगीत मार्फत् आफ्ना मनका भावना यसरी प्रस्तुत गर्ने प्रयास गरेकी छन् ।

### (क) सामाजिक विषयवस्तुसँग सम्बन्धित गीतहरू

समाजमा घट्न सक्ने कुरालाई मूल विषयवस्तु बनाएर लेखिएका तीज गीतहरू सामाजिक तीजगीतभित्र समेट्न सकिन्छ । यस्ता गीतहरूमा सामाजिक पक्षको चित्रण गरिएको पाइन्छ । सामाजिक विषयवस्तुलाई समेटिएर लेखिएका गीतहरूमा 'सौताने

माम्लो', 'बम्बैको कोठीमा', 'दुःखी जीवन', 'अत्याचारी घर', 'चट्ट एडी चप्पल', 'रक्स्याहा श्रीमान', 'आजकालका बुहारी', 'बस्छु डटेर' जस्ता गीतहरू पर्दछन् । यी तीजगीतहरूमा सासू र बुहारीबीचको सम्बन्ध, छोरी, बुहारी, सासूहरूका आफ्नै पीर र व्यथालाई गीत मार्फत प्रस्तुत गरिएको छ ।

नारी धर्ती हो अर्थात् नारी सहनशील हुन्छन् भनिन्छ । नारीले सबै कुरा सहन सक्छे तर सौता नारीले कदापि सहन सक्दिन । सौताले दिएको चोटलाई गीतमार्फत् यसरी प्रस्तुत गरेकी छन्, गायिकाले-

'मुख-कालो स्वामीज्यूको पेट कालो बनेको
कोखा छेडी सौताले बचन भनेको
लोग्ने पनि मेरै हो सम्पत्ति नी मेरै हो
मरेपछि पिण्ड ख्वाउने छोरो मेरै हो ।
भन्दै भित्र-भन्दै बाहिर गर्छे मेरी सौताले
न्याय-निसाफ गरीदेऊ उनै देउताले'

सौताने मामलो, पृष्ठ १,

नारीलाई बेचेर पैसा कमाउने वस्तुको रूपमा लिएका छन् । हाम्रा कतिपय दिदीबहिनीहरू दलालको फन्दामा परेर बम्बैको नरकयुक्त कोठीमा पुगेका छन् । गाउँमा वसेर काम गर्दा दिक्क भई विदेशमा धेरै पैसा कमाएर आनन्दले बस्ने सपना बोकेर अपरिचित व्यक्तिसँग गाउँ छोडी हिँड्दा आफू बम्बईको कोठीमा आइपुगेको चेलीको वेदनालाई गायिकाले गीतमार्फत् यसरी प्रस्तुत गरेकी छन् -

'विदेशमा 'जाउँ' भनी फकाएर ल्याएको
खस्यौलीमा छोडेर भागी गएको
परिचित छैन कोही चिच्याएर रोएकी
तीनदिनपछि बम्बईमा आइपुगेकी'

बम्बैको कोठीमा, पृष्ठ ६,

अर्काको घरमा गएर अर्काको परिवार रिझाएर खान पर्ने छोरीको जात हो । बुहारीले दाइजो नल्याउँदा कति भनाइ सहनुपर्ने हुन्छ र त्यस्ता बुहारीले जति काम गरे पनि त्यो घरको परिवारले कहिल्यै देख्दैनन् । घरमा पकाएको समान खाना बुहारीले खान

पाउँदैनन् तर घरको सारा काम उसैले गर्नुपर्ने यो अत्याचारलाई 'अत्याचारी घर' शीर्षकको गीतमार्फत् गायिकाले यसरी प्रस्तुत गरेकी छन् ।

'ससुराले भन्नुहुन्छ खान मात्र आएकी
सासूले भन्नुहुन्छ दाइजो नल्याएकी'

'रात-दिन खट्नुपर्छ गाई-भैँसीको गोठमा
मोही पनि लुकाउँछन भित्रि कोठामा'
'अत्याचारी घर', पृष्ठ १७,

श्रीमान् र श्रीमती एउटा रथका दुई पाङ्ग्रा भनिन्छ । सुख र दुःख दुबै जनाले सँगै काटौँला भनी कसम खाई विवाह गरेपछि आफ्नो जिन्दगीको सहारा भनाउदो श्रीमानले भट्टीमा धाउँदै हिँड्दा र घर-परिवार, छोरा छोरीको वास्ता नगर्दाको पीडालाई 'रक्स्याहा श्रीमान' शीर्षक को गीतमार्फत गायिकाले यसरी प्रस्तुत गरेकी छन् -

'निस्तो भात खाएर छोरा-छोरी बसनी,
बाबु भट्टी चाहारेर रक्सी धोकनी'

आफ्ना सन्तानले सुख नपाए हुन्थ्यो भन्ने कुन कुन बाबु र आमाको मन हुन्छ र ? छोरीलाई धनी घरमा दिन पाए हुन्थ्यो भन्ने सोचले छोरी दिन्छन् तर वास्तवमा त्यो छोरीले एउटा भोकमा खान पनि पाउँदैन भन्ने कुरालाई 'दुःखी जीवन' शीर्षकको गीतमार्फत यसरी व्यक्त गरेकी छिन्-

'काम गर्न जानुपर्छ गाउँ बेसीको मेलामा
कैल्यै खान पाइन मैले भोको बेलामा'
दुःखी जीवन, पृष्ठ ८,

वर्तमान नेपाली समाजमा परम्परागत सोचाइ राख्ने सासू र आधुनिक सोचाइ राख्ने बुहारी बीच भइरहने असमझदारीलाई गीतकारले 'आजकालका बुहारी' शीर्षकमा गीतमार्फत यसरी व्यक्त गरेकी छन् -

'बुहारी बसनी सोफामाथि झ्यालमा
थोत्रे डोको बोकेर सासू मेलामा'

आजकालका बुहारी, पृष्ठ ४,

**(ख) राजनैतिक विषयवस्तुसँग सम्बन्धित गीतहरू**

राजनीतिलाई मूल विषयवस्तु बनाएर रचना गरिएको तीजगीत अन्तर्गत पर्दछन् । देशमा बढेको हत्या, हिंसा, अन्याय, अत्याचार, राजनैतिक उतारचढाव, नारी हकहितका साथै देश निर्माणमा नारी सहभागिताको आवश्यकता आदिलाई यस्ता गीत मार्फत बाहिर ल्याउन खोजिएको छ । 'प्रजातन्त्रमा प्रश्नचिन्ह ?', 'क्रान्ति गरौँन', 'प्रजातन्त्रको परिणाम नारी हक', 'काँग्रेस पार्टी, 'फेरि याद आयो', 'मन रुन्छ कि ?', 'एमाले पार्टी' आदि जस्ता तीजगीत राजनैतिक तीजगीत अन्तर्गत पर्दछन् ।

प्रजातन्त्र आएपछि सबै बराबर हुनुपर्छ भन्ने तर देशमा प्रजातन्त्र आइसके तापनि नारीहरू पुरुषको थिचोमिचो दमन शोषणबाट मुक्त हुन सकेका छैनन् । जति नै पढेलेखेका नारीहरू जुठोभाँडो चुल्हो, चौको दाउरा घाँसमा नै सीमित बन्न बाध्य भएको यथार्थलाई 'नारी हक' शीर्षकको तीजगीतमा देखाउन खोजिएको छ ।

'आरक्षणको कोटाले मात्र नारी चेतना हुँदैन
नारी अघि नबढी देश विकास हुँदैन
एकलौटी पुरुषको सत्ता चलिरहेर
भ्रष्टाचार बढ्दै गयो यस्तै भएर'

(नारी हक,-ङ)

महिला पुरुष लडेर नेपालमा प्रजातन्त्र आएता पनि राजनेताहरूले प्रजातन्त्रको मूल्य अनुरूपको आचरण व्यवहार नगरीदिँदा प्रजातन्त्रमा नै प्रश्नचिन्ह लाग्न पुगेको कुरा गीतकारले यसरी व्यक्त गरेकी छन् -

'नेताहरू सबै फसे भ्रष्टाचारको मन्त्रमा
कालो धब्बा लगाइदिए प्रजातन्त्रमा
के के हुन्छ भन्नै गाह्रो राजनीतिको मन्त्रमा
प्रश्नचिन्ह लाग्यो अब प्रजातन्त्र ? मा'

'प्रजातन्त्रमा प्रश्नचिन्ह ?' ख

चुनावका बेला जनताको घरदैलोमा पुगेर दुई हात जोडी भोट माग्दै देश विकास गर्छौं, बाटो खन्छौं, पुल बनाउँछौं, आदि भन्दै ठूला-ठूला भाषण गर्ने तर चुनाव जितिसकेपछि भने सत्तामा बसेर आफ्ना बाचा र प्रतिज्ञा भुल्ने नातावाद र कृपावादमा व्यस्त रहने नेताहरूप्रति यहाँ तिखो व्यङ्ग्य गरिएको छ ।

'चुनावमा विकास गर्छौं भन्दै जनता फकाउने,
जिते पछि सत्ता बसी भत्ता पकाउने'

'हाम्रो संसद साँसदको लड्ने थलो बनेको,
सत्तामा गै भुलिदिन्छन् बाचा गरेको'
पृष्ठ १०,११, काँग्रेस पार्टी

पुरुषको तुलनामा महिलाले एकदमै कमले मात्र पढ्ने लेख्ने अवसर पाएका छन् । नारीलाई गृहलक्ष्मी भनेर मख्ख पार्ने तर समाजको सामाजिक, आर्थिक, राजनीतिक आदि जुन सुकै पक्षमा पनि नारी सधैं पछाडि रहेका छन् । अब महिलाले सहेर बस्नु हुँदैन, क्रान्ति गरेर भए पनि अगाडि बढ्नुपर्छ, आफ्नो हकहित खोज्नुपर्छ । नारीलाई बिहेपछि दिने गर-गहना हत्कडीको रूपमा लिएकी छन्  गायिकाले र उनले 'क्रान्ति गरौं न' शीर्षकको गीतबाट यसरी व्यक्त गरेकी छन् -

'शिरमा लाउने सिर्फूल त सुनका चुरा हत्कडी
बन्धन छुटाई पाउने हो मुक्ति के गरी ?
स्वतन्त्रलाई बाँधेर पाउजु रूपी नेलले
नारी शोषण गरेका खेल-खेलले
चर्को स्वरले बोल्न हुन्न बुहारीका जातले
गृहलक्ष्मी नाम दिन्छन् हान्छन् लात्तले ।'
क्रान्ति गरौं न,  पेज नं. १८,१९

### (ग) शैक्षिक तथा नैतिक विषयवस्तुसँग सम्बन्धी गीतहरू

समाजमा अन्धविश्वास, रुढिवादी प्रवृत्तिले विभिन्न किसिमका घटनाहरू घटेको हामीले देखेका छौं । समाजमा रहेका व्यक्तिहरूलाई अन्धविश्वास, रुढिवादी प्रवृत्ति त्याग्न आग्रह गर्दै नैतिक विवेक, ज्ञान, बुद्धि, अर्ती उपदेश दिनका लागि अर्थात् मानिसहरू अनैतिक र अन्धविश्वासी नबनून् भन्ने उद्देश्यले नैतिक चेतना फैलाउन गाइएका

गीतहरू शैक्षिक तथा नैतिक पक्षसँग सम्बन्धित छन् । 'बालमृत्युदर', 'भवानी विद्यापीठैमा', 'छोरा छोरीप्रतिको असमान व्यवहार', 'धन्दा नमान' जस्ता तीजगीतहरूमार्फत् शैक्षिक र नैतिक सन्देश दिन खोजिएको छ ।

सानै उमेरमा छोरीको विवाह गरिदिँदा उसबाट जन्मने बच्चा सानो, अस्वस्थ र कमजोर हुने अकालमा नै मर्ने हुन्छ, जसले बालमृत्युदरमा वृद्धि विवाह हुँदा बीस वर्ष काटेपछि मात्र छोरीचेलीको विवाह गरिदिनुपर्ने नैतिक सन्देश यस गीतले दिन खोजेको छ ।

'बीस वर्ष नपुग्दैमा गर्भधारण गरेर
रुनुपर्छ आजीजन बालक मरेर
बीस बर्ष कटाएर छोरी विहा, गर्नेलाई
परिपक्क हुन्छिन् गर्भधारण गर्नलाई'

(बालमृत्युदर, -घ)

महिला र पुरुष दुबै शिक्षित भएमा र दुबैले मिलिजुली काम गरेमा समस्या त्यसै टर्ने गर्छ । पुरुषको मात्र पौरखले केही हुँदैन । यदि घमण्डी छ पुरुष भने यसको पौरख पनि  चाहिँदैन । यदि दुबै जना मिलेर काम गर्दा आई परेका समस्या क्रमशः समाधान गर्न सकिन्छ भन्ने कुरा तलको गीतबाट यसरी व्यक्त गर्न सकिन्छ -

'स्वास्नी मान्छे भनेर शोषण गर्न पाइँदैन,
मै हुँ भन्ने श्रीमानको पौरख चाँहिदैन'

'मिलमा लगी कुटाएर ल्याउँनु स्वामीले
मिलिजुली काम गर्नुपर्छ हामी दुबैले
परिवारको समस्या टर्छ मजैले'

(धन्दा नमान, पृष्ठ ३५, )

## घ) प्राकृतिक विषयवस्तुसँग सम्बन्धित गीतहरू

प्रकृतिलाई विषयवस्तु बनाएर कथा, कविता आदि रचना गरेजस्तै गीतहरू पनि रचना गरिन्छ । त्यस्तै प्रकृतिलाई मूल विषयवस्तु बनाएर रचना गरिएको तीजगीतहरू प्राकृतिक तीजगीतअन्तर्गत पर्दछन् । यस्ता गीतहरूमा प्रकृतिमा रहेको मनमोहक दृश्य

त्यहाँको वातावरण, प्रकृतिक तथा धार्मिक महत्त्व आदिलाई देखाउन खोजिएको हुन्छ । 'घुम्न जाउँ पोखरा', 'नारायणगढैमा' तीजगीतहरू यसै अन्तर्गत पर्दछन् ।

गण्डकी अञ्चल कास्की जिल्लामा रहेको पोखरा एक प्राकृतिक सौन्दर्यले भरिपूर्ण भएको शहर हो । त्यही प्राकृतिक सुन्दरताले भरिपूर्ण पर्यटकीय स्थल पोखराको रोचकीय वर्णन गीतमार्फत् यसरी गरेकी छन् -

'पूर्व हेर्दा रूपाताल पश्चिममा फेवाताल
वरिलै घुम्न जाउँ चढौ मोटर
उत्तरमा टल्केको माछापुच्छ्रे हिमाल
वरिलै रमाइलो छ हाम्रो पोखरा'

(घुम्न जाउँ पोखरा, पृष्ठ १२, )

वर्ष दिनमा घुम्दै फिर्दै एकपटक आउने तीज पर्व नेपाली नारीहरूले मनाउने महान् चाड हो । यही चाडको बेलामा टाढा-टाढा गएका दिदीबहिनीहरू भेट हुने गर्दछन् । नेपालको एक प्रमुख शहर नारायणगढमा राम्रा-राम्रा लुगा र गरगहनाले सजिएर तीजको बेलामा भेटघाट जमघट हुन गीतकारले सबै दिदीबहिनीहरूलाई नारायणगढमा आउन आग्रह गरेकी छन् -

'घुम्दै फिर्दै आएको वर्षदिनको तीज यो
वसलै दिदीबहिनी साथ गाउँदै बजाउँनै
वरिलै भेट हुँला नारायणगढैमा' ।

**ङ) इतिहाससँग सम्बन्धित गीतहरू**

इतिहासलाई मूल विषयवस्तु बनाएर रचना गरिएको तीजगीतहरू ऐतिहासिक तीजगीतअन्तर्गत पर्दछन् । यस प्रकारका गीतहरुमा देशमा घटेका अविस्मरणीय घटनाहरूलाई मुख्य आधार बनाइएको छ र यस्ता घटनाहरू भोलिको इतिहास बन्न पुग्छन् । यस अन्तर्गत एक गीत 'नारायणहिटी पर्व' पनि हो । हाम्रो देश नेपाल राजतन्त्रात्मक देश थियो । हाम्रो देश नेपालका कुशल राजा वीरेन्द्र, उनकी रानी ऐश्वर्य, छोरी श्रुति तथा छोराहरू दीपेन्द्र र निराजन तथा राजपरिवारका अन्य सदस्यहरूको २०५८ जेष्ठ १९ गते राति नारायणहिटी राजदरवारमा रहस्यमय हत्या भयो । जन्मेपछि मर्न त पर्छ, यो प्रकृतिको नियम हो तर त्यत्रो मान्छेको एउटै चिहान भएको सुन्दा

मानिस चकित भए । जुन घटनाले विश्वलाई नै चकित तुल्यायो । यो घटना नेपालको इतिहासमा एउटा अविस्मरणीय घटनाको रूपमा रहेको छ र रहिरहने पनि छ । यही घटनालाई गीतकारले आफ्नो साहित्यिक कलाकौशलद्वारा रङगाएर सम्पूर्ण नेपाली समक्ष पस्केकी छन् ।

जनताको भलो चाहने, देशलाई शान्तिप्रिय राष्ट्रको रूपमा विश्वभर फैलाउन चाहने, सार्क राष्ट्रको अवधारणा अघि सार्ने एक राष्ट्रप्रेमी राजा तथा उनको वंशनास गर्ने जो कोही भए पनि त्यसलाई पाप लाग्ने कुरा गीतकारले यहाँ प्रस्तुत गरेकी छन् ।

'प्यारा राजा वीरेन्द्रको गाथगादी ताक्नेलाई
कति पाप लाग्लानी हेरी राख्नेलाई' ।
नारायणहिटी पर्व, पृष्ठ १

राजातन्त्रात्मक देशमा राजालाई सर्वस्व मानिन्छ । राजा वीरेन्द्रलाई असल राजाको रूपमा लिइन्छ । जनताको मर्म बुझ्ने राजा वीरेन्द्रको स-परिवारको हत्या भएकोले हरेक नेपालीलाई अत्यन्तै कारुणिक बनाएको तथ्यलाई गीतकारले यसरी व्यक्त गरेकी छन् -

'दरवारमा हत्याकाण्ड कुन दशाले घटायो,
दुई करोड जनताको मुटु फटायो'
नारायणहिटी पर्व, पृष्ठ १

प्रस्तुत गीतहरूमा नेपाली ग्रामीण जीवनमा विद्यमान पुरुष हैकम, जसमा नारीहरूलाई दबाएरै राख्नुपर्छ भन्ने भावना भएका, बुहारीले भोग्नुपरेका बुहार्तन आदिको अन्त्य भई नारी हकहितका लागि आवाज बुलन्द पार्नुका साथै समाज सुधारका विषयमा पनि सबैलाई जागरुक बनाउने उद्देश्य राखिएको छ । समाजमा देखिएका विकृति विसङ्गतिमाथि तीखो व्यङ्ग्य प्रहार गर्दै त्यसको सुधार गर्नका लागि आग्रह समेत गरिएको छ, भने यस्ता तीजगीतहरूमा नारीका वैयक्तिक पीरव्यथालाई मात्र प्रस्तुत नगरी देशको सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक आदि क्षेत्रका कुराहरूलाई पनि मुख्य विषय बनाउँदै सबैलाई चेतना जगाउनका लागि चेतनामूलक जागरणयुक्त गीतहरू पनि गाइएको पाइन्छ ।

समग्रमा भन्नुपर्दा हिन्दू नारीको एउटा महत्वपूर्ण पर्व तीजमा गाएर, नाचेर रमाइलो गर्ने एक प्रकारको पर्व सम्बन्धी गीत नै तीजगीत हो । यसको परम्परा परापूर्व

कालदेखि नै जोडिएको पाइन्छ । हाल आएर यो पर्वमा गाइने गीतहरू धार्मिक वैयक्तिकभन्दा पनि समाज सुधार गर्नका लागि चेतना फैलाउने उद्देश्यले गाइने गरेको पनि पाइन्छ । यी गीतहरूले समाजमा विभिन्न क्षेत्रमा रहेका विकृति विसङ्गति अन्याय, अत्याचारको भण्डाफोर गर्न सक्षम भएका छन् । विभिन्न पेशा, धर्म, वर्गका व्यक्तिहरूले आफ्नो मनका सुख, दुःखका भावहरू पोख्न पाउने तीज गीतको अझ बढी अध्ययन अनुसन्धान हुन बाँकी नै रहेको छ । महिलाहरूको मात्र संलग्नता बढी हुने यस पर्वमा हाल आएर पुरुषले पनि सहभागिता जनाउन थालेको पाइन्छ । तीजपर्व तीजगीतको आफ्नै छुट्टै अस्तित्व र महत्त्व रहेको छ । त्यसैले विभिन्न ठाउँ र भेगमा लुप्त अवस्थामा रहेका गीत र लयहरूको खोजी गर्दै सबै मिली त्यसको सुधार र परिमार्जन गर्दै अगाडि बढ्न सकियो भने भोलिका दिनहरूसम्ममा पनि तीजपर्व र तीजगीतले आफ्नै महत्त्व कायम गरिराख्नेमा दुई मत देखिदैन ।

### ५.३.३ निष्कर्ष

कृष्णादेवी शर्मा (श्रेष्ठ) हालसम्म **नारायणहिटी पर्व** (२०५८), **अत्याचारी घर** (२०५९) र **प्रजातन्त्रमा प्रश्नचिह्न** (?) (२०६०) गरी जम्मा ३ तीनवटा तीजगीत सङ्गालाहरू प्रकाशित भइसकेका छन् । यी तीनवटै सङ्गालालाई एकै ठाउँमा विश्लेषण गरिएको छ । यी सम्पूर्ण सङ्गालाभित्र रहेका गीतहरूमा शर्माले सामाजिक, राजनैतिक, ऐतिहासिक, प्राकृतिक, शैक्षिक, नैतिक आदि क्षेत्रमा देखापरेका विभिन्न समस्याहरूलाई प्रस्तुत गर्ने प्रयास गरेकी छन् र यी गीतबाट पनि जनचेतना जगाउने जमर्को गरेकी छन् । अत्यन्तै सरल एवं सहज भाषाशैलीको प्रयोग गरिएको यी तीजगीतहरूमा बढी मात्रामा नारीका मनभित्र गुम्सिएर रहेका आन्तरिक पीडा व्यथा, वेदनाहरूलाई देखाउने कार्य भएको छ । यसका अतिरिक्त देशमा व्याप्त राजनैतिक उथलपुथल र त्यसबाट जनताले भोग्नुपरेका दुःख र पीडालाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ । तसर्थ उनका यी तीजगीत सङ्ग्रहहरूले नेपाली समाजमा व्याप्त विभिन्न समस्याहरूको यथार्थ रूप प्रस्तुत गर्न सफल भएका छन् ।

## ५.४ 'स्मृतिको एक झिल्को' खण्डकाव्यको अध्ययन

### ५.४.१ परिचय

**स्मृतिको एक झिल्को** खण्डकाव्य काव्यकार कृष्णादेवी शर्मा (श्रेष्ठ)को पहिलो खण्डकाव्य । यो खण्डकाव्य २०६२ सालमा त्रिवेणी साहित्य परिषद् नवलपरासीबाट प्रकाशित भएको हो । उनले थुप्रै कविताहरू लेखिसकेपछि खण्डकाव्यमा हात हालेर

सफलता प्राप्त गर्न सक्षम भएकी छन् । कविताभन्दा ठूलो र महाकाव्यभन्दा सानो काव्य रूप खण्डकाव्य हो । यसलाई विविध सर्गमा विभाजित गरिन्छ । खण्डकाव्यमा आख्यानको रूप पनि रहेको हुन्छ ।

यस काव्यमा एक वास्तविक जीवनको यथार्थ पात्रलाई प्रस्तुत गरिएको छ । १९७६ तिर धौलागिरी अञ्चल, पर्वत जिल्लाको ज्ञादी भन्ने स्थानमा घटेको अनमोल विवाहको सत्यघटनालाई साहित्यिक वैशिष्ट्य भरेर यथार्थ रूपमा प्रस्तुत गरिएको खण्डकाव्यीय गुणयुक्त आख्यानात्मक काव्यकृति हो **स्मृतिको एक झिल्को** । यस काव्य मार्फत् काव्यकारले समाजमा रहेका सामन्ती वर्गहरूले सोझा साझा जनताहरूमाथि गर्ने दमन, शोषण, गरिबहरूमाथि लादिने उत्पीडन, विलासिता र रतिरागको दमन, एउटी नारीमा हुने मातृत्त्वको चाहना र भावना, विधवानारीप्रति गरिने अन्याय, अत्याचार, आफन्तहरूले दिने धोका, समाजमा देखिने झै-झगडा त्यसबाट प्राप्त हुने दुष्परिणाम आदि कुराहरूलाई विषयवस्तुका रूपमा देखाएकी छन् । त्यतिमात्र नभएर सामाजिक, आर्थिक, राजनैतिक, पारिवारिक, नारी अस्तित्व, कानुनी प्रावधानको उल्लङ्घन अड्डा अदालतमा देखिने अनियमितता आदि सबै पक्षहरूलाई पनि स्पष्ट  रूपमा यस काव्यमा समेटेको पाइन्छ ।

## ५.४.२ संरचना

प्रस्तुत कृतिको बाहिरी आवरणमा नै **स्मृतिको एक झिल्को** शीर्षक लेखेको छ । यसमा एउटा लोग्ने मान्छे टोपी लगाएर उभिएको छ र उसैको अगाडि एउटी महिला घुम्टो ओढेर शिरलाई अलिकति झुकाएर बसेको चित्र कालो-पहेँलो र सुन्तला रङले रङ्ग्याइएको चित्रले पहिलो पृष्ठ भरिएको छ भने पछिल्लो आवरणमा खण्डकाव्यकारको परिचय प्रकाशित र प्रकाशोन्मुख कृतिको नाम राखेको पाइन्छ ।

**स्मृतिको एक झिल्को** खण्डकाव्यमा जम्मा एकसय पाँच पृष्ठमा विस्तारित भएको छ । पन्ध्र सर्ग वा खण्ड रहेको यस काव्यमा पाँचसय उनान्सत्तरी श्लोक रहेका छन् । सबैभन्दा ठूलो बहत्तर आठ श्लोकीय संरचनाको पन्ध्रौँ सर्ग रहेको पाइन्छ । यस काव्यमा ५६६+३ श्लोक सङ्ख्या छन् । शास्त्रीय वर्णमात्रिक छन्दको लयानुकरण गरी लेखिएको सबभन्दा लामो पङ्क्तिको १९ अक्षरीय शार्दूलविक्रीडित छन्द वा लयका साथै सबभन्दा सानो आठ अक्षरीय अनुष्टुप छन्दको लययोजना यस काव्यमा रहेको छ । त्यस्तै गरी १२ अक्षरीय भुजङ्गप्रयात, १७ अक्षरीय शिखरिणी र मन्दाक्रान्ता छन्दको लयानुकरणका साथै गीति छन्द र स्वानिर्मित लय संरचनाका पद्यहरू यसभित्र समाविष्ट भएको पाइन्छ । सकेसम्म छन्द : शास्त्रसम्मत नियमको परिपालना गर्न खोजिए तापनि लोकलयात्मक

समेत रहेका यस काव्यभित्रका कविता भावको तीव्र प्रवाह र आख्यानको कौतूहलतापूर्ण एवम् सबल प्रस्तुतिका कारण लयवद्ध र साङ्गीतिक बन्न पुगेका छन् । विषयवस्तुको आरम्भ, विकास र अन्त्य पनि योजनाबद्ध अन्वितिपूर्ण भएकाले काव्य कसिलो बन्न गएको देखिन्छ ।[१]

खण्डकाव्यको आरम्भमा मङ्गलाचरणका तीन रूपहरू, नमस्कारात्मक, आशीर्वादात्मक र वस्तुनिर्देशनात्मकमध्ये नमस्कारात्मक, मङ्गलाचरणको उपयोग गरिएको छ । अनुष्टुप्, छन्दका तीन अनुच्छेद प्रस्तुत गरेर तिनका माध्यमबाट काव्य आरम्भ गरिएको छ । यी तीन अनुच्छेद वा श्लोकलाई सर्ग सङ्ख्याभित्र समेटिएको छैन । यिनमा अन्यायका विरुद्ध कलम चलाउनका लागि विघ्नहर्ता गणेशको स्मरण-आराधना गरिएको छ, यस अंशको शीर्षक 'श्रीगणेशाय नमः' राखिएको छ । यस कार्यले काव्यारम्भमा देव-देवीको स्तुति गर्ने शास्त्रोक्त पूर्वीय काव्य परम्परालाई अङ्गीकार गरेको प्रष्ट हुन जान्छ ।[२]

### ५.४.३ कथावस्तु

**स्मृतिको एक झिल्को** एक सामाजिक विषयवस्तुमा आधारित खण्डकाव्य हो । यस काव्यमा हाम्रै समाजमा घटेका एक वास्तविक घटनालाई वा यथार्थ घटनालाई खण्डकाव्यको विषयवस्तु बनाएर प्रस्तुत गरिएको छ । अनमेल विवाहका कारण एउटी नारीले भोग्नुपरेका विभिन्न समस्याहरूको उद्घाटन गरिएको यस काव्यमा वास्तविक पात्रहरू तथा परिवेश आएका छन् । यसर्थ यस काव्यले हाम्रो समाजमा घटेका र घट्न सक्ने यो र यस्ता सफल घटनाहरूलाई रोचकीय ढङ्गले प्रस्तुत गर्न सफल भएको देखिन्छ ।

यो वास्तविक घटना धवलागिरि अञ्चल पर्वत जिल्लाको ज्ञादी भन्ने स्थानमा स्व.पिता रामचन्द्र लामिछाने र स्व.माता हरिकला लामिछानेकी जेष्ठ पुत्रीका रूपमा यस काव्यकी नायिका भागीरथीको जन्म भएको थियो । 'खदाल्नी' भन्ने गाउँमा लामिछाने परिवारमा जन्मन पुगेकी भागीरथी सानै उमेरमा पनि निकै सुन्दर र शान्त स्वभावकी थिइन् । रामचन्द्रकी प्रथम सुपुत्री भागीरथी आमा बाबुबाट पाएको अपूर्व स्नेहको र लालनपालनको कारण शुक्लपक्षको चन्द्रझैँ बढ्दै गएकी थिइन् ।

त्यसै गाउँको 'चपाईफाट' भन्ने स्थानमा जिम्वालको वस्ती थियो । त्यही वस्तीमा एकजना कुलपति जिम्मावल नामका साठी वर्षे वृद्ध पनि बस्थे । उनीसँग सम्पत्तिको

[१]. गोविन्दराज विनोदी 'स्मृतिको झिल्को' (२०६३) माथि विहङ्गम दृष्टि, ।
[२]. पूर्ववत् ।

छेलोखेलो नै थियो । उनी खानदानीय परिवारका एक न्यायप्रेमी व्यक्ति थिए । पाँच भाइ छोरा र नाति नातिनाले उनको घर भरिएको थियो । 'हुने हार दैव नटार' भनेझैँ दुई चार महिनाको अन्तरालमा तीन भाइ छोराको निधन भएपछि वृद्ध कुलपतिलाई सन्तान शोक बेहोर्नु पऱ्यो । ज्योतिषीले अर्को विवाह गरेपछि मात्र वंशको रक्षा हुन्छ भनेपछि दोस्रो विवाहका लागि तयार भएका जिम्मावलले आफ्नै रैति रामचन्द्र लामिछानेकी छोरी भागीरथीलाई माग्न पठाए । बृद्ध कुलपतिलाई आफ्नी कलकलाउँदी १५ वर्षकी छोरी दिन रामचन्द्रले अस्वीकार गरे । त्यसपछि कुलपतिले आफ्नो समान्तीपन देखाउँदै रामचन्द्रलाई दुःख दिन थाले । अन्तमा केही सीप नलागेर रामचन्द्रले एउटा भ्रूण तुहिगयो भन्ने सम्झी छोरी भागीरथी दिन तयार भए । १९७६ असार १५ गते ६० वर्षे बृद्धसँग १५ वर्षे बालिकाको विवाह भयो । त्यसपछि भागीरथीको जीवन एउटा बृद्ध पतिको सेवा, सौताको गनगन र सौताने छोरा बुहारीको डर र त्रास सहँदै आफ्नो जीवन कुण्ठित पार्दै गइन् । नारीमा विवाह पश्चात् मातृत्व शक्ति उर्लदो भेलझैँ उर्लँदै जान्छ । एउटी नारीमा हुने बात्सल्य प्रेमको उर्लदो गङ्गा बहँदै गएको अवस्थामा उनको सात महिनाको गर्भ तुहिन पुग्यो । त्यसपछि २००२ साल माघ महिनामा पतिको पनि देहावसान हुन पुग्यो । त्यसपछि पतिरहित नारी दायित्वको हिसाबले जीवन सम्हाल्दै गइन् । मस्त उर्लदो जवानीमा प्रवेश गरेकी भागीरथीले आफ्ना सौताने छोरा नातिहरूलाई पनि औधी माया गर्दथिन् । उनको काख भरिन नपाउँदै पतिको देहावसान भयो र अब  काख भरिने आशा पनि थिएन् । त्यसै समयमा आफ्नी बहिनी तुलसाको देहावसान भएपछि उनैकी ६ मासकी छोरी कृष्णादेवी शर्मा (श्रेष्ठ) (कथाकार) लाई पुत्रीका रूपमा पाल्ने निर्णय गरिन् । यसले गर्दा बालिका कृष्णादेवी शर्मा (श्रेष्ठ)लाई आमाको मायाबाट बञ्चित पनि हुनु परेन र भागीरथीलाई बच्चाको चाहना पनि पूरा हुने देखियो ।

आफूले लोग्नेबाट पाएको अंश उनले आफ्ना दुई सौताने नातिहरू गौरीश्वर र बालकृष्णलाई ३०/३० मुरी धान लिने गरी खेत कमाउन दिनुका साथै आफ्नो भागमा परेका हलगोरु भाँडा वर्तन पनि आधा-आधा गरी बाँडिदिइन् । यसरी समय आफ्नै रफ्तारमा बित्दै  गयो । गौरीश्वरबाट पाउनुपर्ने धान नपाएपछि झै-झगडा सुरु भयो । उनका घरमा भएका भाँडावर्तन, अन्नपात सबै लुटपात हुन थाले । घरमा बस्ने स्थिति नभएपछि उनी देवशर्माका घरमा शरण लिन पुगिन् र उनैको सहयोगबाट अदालतमा मुद्दा समेत दायर गरिन् । केही समय मुद्दा चलेपछि नातिहरूद्वारा अन्त्यमा मिलापत्रको प्रस्ताव आयो । त्यसलाई भागीरथी सहर्ष स्वीकार पनि गरिन् । माइतीघरमा नै बस्दै आएकी भागीरथी अन्तिम अवस्थामा आफ्नै पनि कुलपतिको घरमा आइन् । आफ्नै घरमा नै २०४९ पुष ९ गते मृत्यु वरण गरिन् उनले । आफ्नी कर्म दिने आमाको मृत्युमा छोरी

कृष्णादेवी शर्मा (श्रेष्ठ)ले गहिरो शोक व्यक्त गर्दै अश्रुजल चढाए श्रद्धाञ्जलि अपर्ण गरेपछि यस काव्यको कथावस्तु समाप्त हुन्छ ।

### ५.४.४ सर्गयोजना

यो कथावस्तुलाई १५ सर्गमा विभाजित गरिएको छ । सर्गवद्ध रूपमा कथावस्तुलाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

प्रारम्भिक पद्यका रूपमा 'श्रीगणेशाय नमः' रहे तापनि घटनाको थालनी भने प्रथम सर्गबाट भएको छ । प्रथम सर्गमा काव्यको परिवेशका साथै मूल चरित्र भागीरथीको जन्मदेखि बाल्य, किशोररावस्थाको वर्णन, द्वितीय सर्गमा चपाई फाँटका कुलपति जिम्मावलको पारिवारिक स्थिति वर्णन, दुई छोराको मृत्युपछि ज्योतिषीको सल्लाहअनुसार साठी वर्षको उमेरमा अनिष्ठ टार्न विवाह गर्ने निश्चय, तेस्रो सर्गमा काव्य नायिका भागीरथी माग्न जाने जिम्मावालको सोच, चौथो सर्गमा साठी वर्षीय जिम्मावालले विवाहका लागि १५ बर्षीय भागीरथी माग्न जानु, बाबु रामचन्द्रले वृद्धलाई छोरी दिन अस्वीकार गर्नु, जिम्मावाल धम्की दिँदै घर फर्कनु र रामचन्द्रको खेतमा हल्केको मकै बाली सोत्तर पारी नष्ट गराइदिनु, सामन्तीले उठीबास लाउने भयले छोरी दिने निर्णय गर्नु र असार पन्ध्र गते लग्न जुराउनु तथा पाँचौ सर्गमा साठी वर्षे सामन्ती वर र पन्ध्र वर्षीय अबोध किशोरी वधूका रूपमा रही अनमेल विवाह सम्पन्न भएको विषयवस्तु काव्यमा शृङ्खलित छन् ।

यस काव्यको छैटौँ सर्गमा सामन्ती पात्र जिम्मावाल कुलपतिको सामन्तीय पारिवारिक अवस्था वर्णन, गृह अत्याचारबाट भागीरथीको पीडा, वृद्ध पतिको सेवा-सम्बन्धी सामन्ती चलन, भागीरथीको उर्लदो यौवन र अतृप्त राग ज्ञादीका शर्मा परिवारको सामाजिक सेवा वर्णन, भागीरथीका सौताका छोराहरूको प्रसङ्ग आदि रहेका छन् । सातौँ सर्गमा भागीरथीका सात महिनाको गर्भबाट मृत सन्तानको जन्म, मातृत्व कामना अपूर्णताका कारण चिन्ता, अपूर्ण कामवासनामा र वृद्धपतिका कारण उत्पन्न मानसिक पीडाको उद्घाटन, आठौँ सर्गमा वृद्ध पतिको अवसान, सौतेनी छोराहरूप्रतिका साथै ममता, भागीरथीमा ईश्वर भक्तिभावनाको प्रवलताका साथै परोपकारतर्फ उन्मुखता, नवौँ सर्गमा कृष्णादेवी शर्मा (श्रेष्ठ) (कवयित्री)लाई पुत्रीका रूपमा पाल्ने निर्णय र दशौं सर्गमा जिम्मावालका शाखासन्तन वृद्धिका प्रसंग प्रस्तुत भएका छन् ।

एघारौँ सर्गमा कृष्णादेवी शर्मा (श्रेष्ठ)को शिक्षा-दीक्षा, साहित्यमा अभिरुचि, भागीरथीको गृहपरिवारमा आनिष्टको संकेत प्रस्तुत भएको छ भने बाह्रौ सर्गमा सौतेनी छोराबाट तिरस्कारभाव प्रदर्शन, सम्पत्तिका लगि कलह, भागीरथीद्वारा गृहत्याग, अन्यत्रै

आश्रयको याचना जस्ता घटना, तेह्रौं सर्गमा मिलापत्रको प्रस्ताव, कवयित्रीबाट सम्पूर्ण पारिवारको विघटनको दुर्दान्त कथाको मूल कारण अनमेल विवाह नै हो भन्ने ठहर, चौधौं सर्गमा पारिवारिक मुद्दामा मिलापत्र, भागीरथीको माइतीतिरको घटना वर्णन र उनको देहावसान तथा पन्ध्रौं सर्गमा आमा समान ठूली आमाको देहावसानले उत्पन्न दुःखित कृष्णाको बिलौना र नयनजलचढाई श्रद्धाञ्जलि अर्पण गरेको भाव समेटिएर काव्यको अन्त्य गरिएको छ ।

यस काव्यमा मूलतः अनमेल विवाहको दुष्परिणाम देखाइएको छ । यसमा सामन्ती क्रूरता एवं बर्बरताको ऐतिहासिक यथार्थ, सामन्तीहरको विलासवृत्ति, वृद्ध पतिको पत्नी हुनाको अभिशप्तावस्था, रतिरागको दमन, मातृत्वको चाहना, आत्माअस्तित्वका लागि संघर्ष, आफन्तबाट प्राप्त धोका, मुद्दामामिलाका बाध्यता र कठिनता आदिको मार्मिक चित्रण पाइन्छ । एउटी विवश नारीको जिजीविषाको संघर्ष र जीवनभर प्राप्त पीडाको वर्णनले यसको कथावस्तु रोचक एवं हृदय विदारक बन्न पुगेको छ ।

यस काव्यभित्र थुप्रै मार्मिक प्रसंगहरू छन् । तीमध्ये केही काव्यांश वा पङ्क्तिहरू तल उद्धृत गरिएको छन् ।

१. आलङ्कारिक अभिव्यक्तिको एउटा नमूना

दूधजस्ती गोरी छोरी गुराँसफुले आँखा
पृथ्वीझै सहनशील कोइलीको भाका ४:११

उघारेको झ्यालजस्ती जोवानकी छोरी
फुलजस्ती पहेल्पुर असोजमा तोरी !

२. विवाह उमेर मिल्दो हुनुपर्छ भन्ने अभिव्यक्ति !

सम्पत्तिको अर्थ हुन्न पाले पनि हात्ती ४:१२
उमेर मिल्दो हुनुपर्छ जिन्दगीको साथी

३. बेमेल विवाह-घटनाको यथार्थ घटना !

यस्तो बेकेलको विवाह हुन गो सम्बत् छहत्तर तिर
जीवन वित्न गयो नि भागीरथीको कैल्यै नभै मन स्थिर
आकाशको फल भो मुराद मनको साक्षी छ ग्याँदी पनि
आगे अङ्कमहाँ बयान गरछु छिप्दैन सत्यै भनी ५:१२

४. अपूर्ण मनोरागको चित्रण :

सुन्दरी अत्सराजस्ती जवानी मस्त उर्लदा ६:२६
आँखा छली-छली हेर्थिन् परेवा-जोडी कुर्लदा

५. वृद्ध पतिसँगको वैवाहिक जीवनको तीतो यथार्थको प्रकटत !

छ्यम्किन्थे मनोकाङ्क्षा आँसुभित्रै लुकाउँथिन्
बत्तीले तेल सोसेझैं आँखाभित्रै सुकाउँथिन्
सम्झदा रिँगटा लाग्थ्यो भाग्यको खेल हो भनी ६:२८
बहाउँथिन् सबै कष्ट भागीरथी नदी बनी ।

६. दमित यौनाकाङ्क्षाको शब्द चित्र !

यौवनले पठाउँथ्यो सौगातको भारी
लुकाएर राख्थिन उनी पोको पारी पारी
कोही भन्थे बज्यै अनि कोही भन्थे आमा ७:५
मुठि्ट दाब्दै अश्रु घुट्का निल्थिन् विरहमा

७. नारीहरूमा हुने मातृत्व अभिव्यक्ति !

बस्दोरैछ छिपेर नारीहरूमा मातृत्वको भावना ७:२४
पैलो दौलत हुन्छ रे मनमनै सन्तानको कामना

(३)

### ५.४.५ चरित्र चित्रण

खण्डकाव्यकार कृष्णादेवी शर्मा (श्रेष्ठ) **स्मृतिको एक झिल्को** आख्यानात्मक खण्डकाव्य हो । उनको यो कृति (खण्डकाव्य) चरित्रप्रधान खण्डकाव्य भएकाले यसका सम्पूर्ण घटनाहरू चरित्रको आचरण र व्यवहारबाट निर्दिष्ट छन् । यस खण्डकाव्यमा भागीरथी कुलपति, रामचन्द्र, हरिकला, चतुराखर, देव शर्मा, हरिप्रसाद, गौरीश्वर, बालकृष्ण उनीहरूका परिवारका सदस्यहरूदेखि लिएर त्यहाँका नोकरचाकर, गाउँले सहपाठी आदि पात्रका रूपमा आएका छन् । यसका अतिरिक्त कुलपतिका खानदानतिरका व्यक्तिहरू भागीरथीका माइतीघरतिरका धेरै व्यक्तिहरू पनि पात्रका रूपमा देखापरेका छन् । धेरै पात्रहरूको सेरोफेरोमा यो खण्डकाव्य अगाडि बढेको छ । यस खण्डकाव्यमा भागीरथी प्रमुख पात्र हुन् र त्यसपछि कुलपति हुन् अन्य गौरीश्वर, बालकृष्ण, देव शर्मा आदि सहायक पात्रका रूपमा आएका छन् ।

## भागीरथी

यस खण्डकाव्यको मुख्य पात्र भागीरथी हुन् । यिनैको केन्द्रीयतामा काव्यका सम्पूर्ण घटनाक्रमहरू घटित भएका छन् । भागीरथी हाम्रो समाजमा व्याप्त रहेको अनमेल विवाहको शिकार बन्न बाध्य भएकी एक नारीपात्र हुन् । १५ वर्षको कलिलो उमेरमा ६० वर्षीय बृद्धसँग उनको विवाह भएको छ । तत्कालीन समयमा छोरीलाई सोधेर छोरीले नमानेमा विवाह नहुने कुरो त अकल्पनीय भयो तर उनकै बाबु रामचन्द्रले समेत नचाहँदा जन्म दिएको नसम्झी भ्रुण मै मरेको सम्झेर १५ वर्षीय छोरी भागीरथीलाई ६० वर्षीय कुलपतिलाई दिई बस्न बाध्य भए । १९७६ मा विवाह भएर २००२ सालमा नै पतिको मृत्यु भएपछि उनी जुनसुकै नारीले मातृत्वको चाहना गरेकी हुन्छे । त्यो चाहना भागीरथीमा पनि थियो । उनको सात महिनाको गर्भ तुहेपछि उनलाई असह्य पीडा भएको थियो । त्यसै अवसरमा आफ्नी बहिनी तुलसाको ६ महिनाको बच्चा छोडेर असामयिक निधन भएपछि उनले छोरी (कृष्णादेवी शर्मा (श्रेष्ठ) कथाकार)लाई ल्याएर आफ्नो तीव्र उर्लदो मातृत्वको  चाहना पूरा गरिन् । नारी शिक्षालाई महत्त्व दिने भागीरथीले छोरी कृष्णालाई एस्.एल.सी. सम्मको अध्ययन पूरा गराई शिक्षिका समेत बनाउन सफल भइन् । छोरीलाई मात्र नभएर सौताले छोरा नातिहरूलाई समेत माया गर्ने भागीरथी अन्त्यमा उनीहरूसँग नै झै-झगडा भएर मुद्दा मामिला गर्न बाध्य भएकी छन् । मुद्दा मामिलाबाट कुनै फाइदा नहुने देखी मिलापत्र समेत गरेर पुनः पतिको घरमा फर्केर २०४९ सालमा मृत्युवरण गर्न पुगेकी छन् ।

यसर्थ, भागीरथी यस काव्यमा सुरुदेखि अन्त्यसम्म आएकी हुँदा उनी प्रमुख नारीपात्र  हुन् । अनमेल विवाहको दुष्परिणाम भोग्न वाध्य भागीरथीमा मातृत्वको चाहना उर्वर रहेको पाइन्छ । एक आदर्श नारीमा हुनुपर्ने दुरदर्शीता, दयावान्, विनयी र पतिव्रता गुणहरू उनमा पाउन सकिन्छ । त्यसैले भागीरथी काव्यकी असल चरित्र भएकी हुन भने समयानुसार चल्न सक्ने, आफ्नो काम कर्तव्य र अधिकार के हो भनेर राम्ररी बुझेकी आदर्श पात्र पनि हुन् ।

## कुलपति

जीउडाल टम्म मिलेको, सेतो पहिरन गर्न मन पराउने कुलपति यस खण्डकाव्यका सहायक पुरुष पात्र हुन् । गाउँका जिम्मावाल कुलपति भागीरथीका पति हुन् । खानदानिया परिवारका, मीठो बोलीवचन र व्यवहार भएका कुलपति आफ्नो स्वार्थ पूरा गर्नका लागि जुनसुकै नीच कार्य गर्न पनि पछि नपर्ने निर्भीक व्यक्तित्व हुन् सामन्ती

वर्गका कुलपतिको प्रशस्त धनसम्पत्ति भएका कारणले कुरा पनि पैसाले किन्न सकिन्छ भन्ने भावना थियो ।

आफ्नो वंशको रक्षा गर्नको निम्ति आफ्नै रैती रामचन्द्रलाई छोरी माग्दा नदिएको निहुँमा अनेक तरहले दुःख दिएर पछि उनकै छोरी भागीरथीसँग विवाह गर्न सफल भएका छन् । तसर्थ उनी समाजका एक भ्रष्ट र सामन्ती सोँच भएका व्यक्तिको रूपमा देखिन्छन् । समयानुसार परिवर्तित भूमिका खेल्न सक्ने यस खण्डकाव्यका दोस्रो प्रमुख पात्रका रूपमा महत्त्वपूर्ण भूमिका खेल्ने पुरुष पात्र हुन् ।

### गौरीश्वर र बालकृष्ण

गौरीश्वर र बालकृष्ण यस खण्डकाव्यका सहायक पात्र हुन् । यस काव्यमा यिनीहरू भागीरथीका सौताने नातिहरूका रूपमा आएका छन् । सुरुमा हजुरआमा भागीरथीलाई असाध्यै श्रद्धा, आदर र माया गर्ने यिनीहरू पछि उनै हजुरआमासँग झै-झगडा गर्न पुगेका छन् । वास्तवमा भन्दा यी सामन्ती वर्गका मानिस जसले पैसा सबैभन्दा ठूलो मानी पहिला माया गर्ने हजुरआमालाई पछि उनकै विरुद्धमा अदालतमा मुद्धा मामिलासमेत दाखिला गरेका छन् । अन्त्यमा मुद्दा मामिलाबाट केही फाइदा नहुने देखी मिलापत्रको प्रस्ताव राखेर आफ्नो गल्ती महसुस गरेका छन् । तसर्थ यी दुवै पात्र काव्यका एक गतिशील पात्रका रूपमा देखिन्छन् ।

### ५.४.६ देशकाल, वातावरण (परिवेश)

**स्मृतिको एक झिल्को** खण्डकाव्य ग्रामीण परिवेशमा रचिएको काव्य हो । स्थानगत परिवेशका रूपमा नेपालको धौलागिरि अञ्चल, पर्वत जिल्लाका विभिन्न ठाउँहरू बडहरे, लुहारे, ठाना, दुर्लङ, चतुते कटुवाचौपारी, आर्थर, शङ्करपोखरी, खदाल्नी गाउँ चपाईफाँट आदि लगायत स्याङ्जा, कार्किनेटा, बाग्लुङ काठमाडौं आदि आएका छन् तर पनि यस काव्यमा नायिकाको जन्मस्थान ज्ञादी पर्वतको खँदाल्नी गाउँ र नायकको जन्म र मृत्यु स्थान चपाईफाटकै केन्द्रविन्दुमा रहेर धेरै घटनाहरू घटाइएका छन् । समयको रूपमा भने वि.सं.१९६१-२०४९ साल सम्मको झण्डै ७९ वर्ष अर्थात् नायिकाको जन्मदेखि मृत्युसम्मको लामो समयावधिलाई समेटेको पाइन्छ । वातावरणको रूपमा सामाजिक, आर्थिक, राजनैतिक, पारिवारिक कानुनी आदि आएका छन् । तसर्थ यस खण्डकाव्यमा व्यापक र गहन परिवेशको चित्रण गरिएको छ ।

### ५.४.७ भाषाशैली

भाषाशैलीद्वारा पनि कृति प्रभावित भएको हुन्छ । भाषाशैलीले कृति उत्कृष्ट छ छैन भन्ने कुरा प्रष्ट हुन्छ । यस काव्यको भाषाशैली सरस र सरल किसिमको रहेको छ । यस काव्य वर्णनात्मक शैलीमा संरचित भएको छ । यस काव्यमा कवयित्री स्वयं नै सर्वज्ञ भएर भागीरथी पात्रको कथा प्रस्तुत गरेकी छन् । काव्यमा झट्पट्, घुँक्कघुँक्क, झलमली, सरासरी, हुरुक्क, दनदनी, टनाटन, सलक्क, समक्क, कुटुकुट आदि जस्ता अनुकरणात्मक शब्दहरू- ए.बी.डी; स्लो, प्वाइजन, कुर्ता सुरुवाल, कदिर आदि जस्ता आगन्तुक शब्दहरूको प्रयोग भएको पाइन्छ । काव्यमा पुत्र, कन्या, पुष्प, प्रारम्भ, समीप, सौरभ, दुहिता, ललाट, रजनी, श्वेत, चपला, अश्रु, वस्त्र, वैधव्य, गृहस्थ, खत, मृदुभाषी, इश स्वप्न, मातृभूमि सौम्य आदि जस्ता तत्सम, शब्दहरू र तारुन्य, मातृत्व, अन्तेष्टि, चेहरा तुवाँलो, दमयन्ती आदि जस्ता तद्भव शब्दहरूको प्रयोग गरिएको छ । भागीरथीको जीवनको यथार्थ घटनालाई प्रस्तुत गर्न खोजिएको यस काव्यमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ५.४.८ उद्देश्य

अनमेल विवाहको दुष्परिणाम प्रस्तुत गर्नु यस काव्यको प्रमुख उद्देश्य हो । यसका साथै सामन्ती वर्गले सोझा गरिब जनतामाथि कतिसम्म दमन र शोषण गर्दछन् भन्ने देखाउने नै यसको अर्को उद्देश्य हो । भोगविलास नै सामन्ती सभ्यताको उपज हो भन्ने कुरामा जोड दिनु, सामन्ती संस्कार, दासत्वपूर्ण व्यवहार र बूढो लोग्नेकी श्रीमती भै बाँच्नुपर्ने नियति, सन्तान उत्पादकत्वप्रतिको चाहना, रतिरागात्मक मनोदशाको चित्रण, नारी जीवनका अनेक उतारचढाव, एउटी विवश नारीको बाँच्ने चाहना र त्यसको पीडामा भोग्नुपरेका कठिनाइहरूको उद्घाटन गर्नु पनि यसको उद्देश्य रहेको छ ।

यसरी तत्कालीन नेपाली समाजमा रहेको सामन्तीवादी प्रवृत्तिलाई मुख्य विषयवस्तु वनाउँदै त्यसैको सेरोफेरोमा रहेर यस काव्यको निर्माण गरिएको छ । ग्रामीण जीवनमा यस्ता यावत् घटनाहरू घटिरहेका छन् । त्यसैले यी घटनाहरू नदोहोरिऊन् भन्नका लागि यस काव्यको सृजना गरिएको हो । पुरुषप्रधान समाजमा नारीका तमाम छट्पटीहरू बहुविवाह, अनमेल विवाह, बालविवाह आदिले दिएका पीडाको प्रस्तुतीकरण गर्नु पनि यसको उद्देश्य हो । त्यसैले यस्ता सामाजिक विकृति, विसङ्गतिप्रति यस काव्यले जोड दिएको पाइन्छ ।

### ५.४.९ कथनपद्धति

**स्मृतिको एक झिल्को** खण्डकाव्यमा खण्डकाव्यकारको आफ्नी ठूलीआमा भागीरथी पौडेलको जीवनीमा आधारित काव्य विषयलाई मुख्यतः तृतीय पुरुष प्रधान कथनपद्धति वा कविनिवद्ध प्रौढोक्तिमा प्रस्तुत गरेका छन् । काव्यकारले नायिकाका विचार र सिद्धान्तलाई कवितात्मकता दिने क्रममा मनोवादात्मक कथनपद्धतिको पनि प्रयोग गरिएको छ भने कहीँ प्रथम पुरुष दृष्टिविन्दु पनि आएको छ । मूलतः तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ५.४.१० शीर्षक विधान

**स्मृतिको एक झिल्को** खण्डकाव्यको शीर्षक विधानलाई हेर्दा सम्झनाको एक झलक भन्ने हुन्छ । वास्तवमै यो खण्डकाव्य खण्डकाव्यकारको आफ्नै ठूलीआमा भागीरथीको जीवन गाथामा आधारित छ । खण्डकाव्यकारलाई पालन पोषण गर्ने आमा नै भागीरथी हुन् । उनी मरेर गएपछि एउटा सम्झनाका आधारमा यो खण्डकाव्यले पूर्णता पाएको छ । त्यसैले **स्मृतिको एक झिल्को** नामाकरण गरिएको हो ।

### ५.४.११ बिम्बप्रतीक विधान र अन्य अलङ्करणका प्रविधि

प्रतीक विधानका दृष्टिले नियाल्दा प्रस्तुत खण्डकाव्यमा प्रतीकको प्रयोग योजनाबद्ध तरिकाले नभई स्वतः भावोच्छ्वलन वा सतही रूपमा भएको देखिन्छ । कुनै कविता कृतिमा मुख्य प्रस्तुत अर्थका सहचरका रूपमा अर्को अर्थ बिम्ब रूपमा सह प्रस्तुत नभई लाक्षणिक र व्यञ्जनागम्य (अप्रस्तुत/अकथित) अर्थका रूपमा आउनुलाई प्रतीक विधान पनि भनिन्छ ।[४] कुनै पनि अनुपस्थित वस्तुलाई बुझाउन उभ्याइने उपस्थित वस्तु नै प्रतीक हो ।[५] प्रस्तुत खण्डकाव्य **स्मृतिको एक झिल्को**मा सामान्यतया व्यञ्जनात्मकता नै झल्किएको पाउन सकिन्छ । सम्झनाकै भरमा यो खण्डकाव्य लेखिएको हुनाले यसको शीर्षक **स्मृतिको एक झिल्को**मा व्यञ्जनात्मकता छ भनेर भन्न सकिन्छ । यस खण्डकाव्यमा तटस्थानिक प्रतीकहरूको प्रयोग भएका उदाहरणहरू यसरी हेर्न सकिन्छ । दूधजस्ती (सेती), पृथ्वीझैं (सहनशील), उघारेको झ्याल (ठूलो), आँधी हुरी (समस्या), आदि जस्ता प्रतीकहरूको प्रयोगले यो खण्डकाव्यलाई कलात्मकता प्रदान गर्ने कार्य गरेका छन् ।

---

[४]. वासुदे त्रिपाठी, अन्य, नेपाली,कविता, भाग ४, ते.स. (काठमाडौ : साझा प्रकाशन, २०५४), पृष्ठ २० ।

[५] लावण्यप्रसाद ढुङ्गाना र घनश्याम दाहाल, खण्डकाव्य सिद्धान्त र नेपाली खण्डकाव्य, (काठमाडौं: भुँडीपुराण प्रकाशन वागवजार) पृष्ठ ९ ।

अलङ्कार काव्यको अनिवार्य तत्व हो भन्ने कुरामा पूर्वीय काव्यशास्त्रका ज्ञाताहरूमा मतैक्यता नपाइए तापनि काव्यको शोभाकारक तत्वका रूपमा सबैले एकमतद्वारा स्वीकारेको पाइन्छ । शब्द वा अर्थमा रहेको कुरा विशेष वैचित्र्यले काव्य चमत्कार पैदा गर्दछ । त्यही वैचित्र्यको सघन अलङ्कार पदार्थ हो ।[६] यसरी काव्यको शब्द र अर्थद्वारा निस्कने वैचित्र्य चमत्कार र जन्य तत्व अलङ्कारले साहित्यका जुनसुकै विधामा पनि प्रवेश पाएको देखिए पनि काव्य विधामा यसको विशिष्ट स्थान रहेको देखिन्छ । यसलाई कतिपय साहित्यकारहरूले सचेतताका साथ अपनाउने गरेको पाइए पनि कतिपयका काव्यमा भने यो सहज रूपमा देखापर्ने गर्दछ ।[७] त्यस्तै कृष्णादेवी शर्मा (श्रेष्ठ) को **स्मृतिको एक झिल्को** खण्डकाव्यमा काव्य कौशलताका रूपमा सहजै उपस्थित भएका केही अलङ्करण प्रविधिलाई यसरी देखाउन सकिन्छ ।

### ५.४.१२ निष्कर्ष

**स्मृतिको एक झिल्को** खण्डकाव्य एक सामाजिक यथार्थवादी खण्डकाव्य हो । १९७६ तिर पर्वत जिल्लामा घटेको अनमेल विवाहको सत्यघटनालाई विषयवस्तु बनाएर लेखिएको यस काव्यमा कवयित्रीकी ठूलीआमा भागीरथीको वास्तविक जीवनको यथार्थ घटनालाई चित्रण गरिएको छ । यहाँको परिवेश पनि पर्वत जिल्लाकै विभिन्न ठाउँहरू रहेका छन् भने पात्रहरू पनि काल्पनिक नभई वास्तविक हुन् । यहाँ पन्ध्र वर्षीय भागीरथी र सामन्ती सोचका साठी वर्षीय जिम्मावाल कुलपतिसँग विवाह भएको छ । वृद्ध पतिको देहावसानपछि उमेर हुँदा नै वैधव्य जीवन बिताउनु पर्दा भागीरथीको जीवन कारुणिक बन्दै गएको देखिन्छ । अनमेल वैवाहिक स्थितिबाट उत्पन्न मानसिक पीडा, मनोवेदनाको रागात्मक चित्रण, श्रीमती उमेरदार हुनु र श्रीमान् वृद्ध हुँदाको स्थिति यौन भावनामा छट्पटी र त्यसको पूर्ति हुन नसक्दा बल्झने मानसिक पीडा, मातृत्वबाट टाढा हुनुपर्दाको पीडा जस्ता भावनात्मक मूल्य निहित छन् ।

यो खण्डकाव्य १९७६ तिरका नारीहरूको जीवनको सत्य घटनामा आधारित रहेको छ भने वर्तमान नारी जीवनका विसङ्गत पक्षलाई चिनाउनु सरल नारीको कोमल भावनामाथि अन्याय गर्ने सामन्ती चरित्रका पुरुषहरूप्रति आक्रोश व्यक्त गर्दै तत्कालीन परिवेशमा नारीको विद्रोही चित्रणबाट वर्तमान नारीको विद्रोही चेतनाले प्रतिकार गर्न असमर्थ देखिएको छ । नारी गृहिणीमात्र होइन समाजका हरेक आवश्यकता पूरा गर्न सक्षम छन् भन्ने आशयको सन्देश प्रवाहित गर्न यो खण्डकाव्य सफल देखिन्छ ।

---

[६] सोमनाथ सिग्देल शर्मा, साहित्य प्रदीप, (काठमाडौं विद्यार्थी पुस्तक भण्डार पृ.२१२ ।

[७] लावण्यप्रसाद ढुङ्गाना र घनश्याम दाहाल, (पूर्ववत्) पृष्ठ ४६ ।

आफ्नो कर्म दिने ठूलीआमा भागीरथीका जीवनका दुःख-सुखलाई नजिकबाट देख्ने मौका पाएकी कवयित्रीले उनकै सम्झनामा यो काव्य रचेकी हुन् । **स्मृतिको एक झिल्को** पदावलीमा कुनै समयमा घटेको घटनाको ऐतिहासिकतालाई यथार्थ रूपमा देखाउने अर्थ अन्तरनिहित भएकाले शीर्षक सार्थक देखिन्छ । सरल भाषाशैलीका साथै तत्सम्, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरी लेखिएको यो काव्य समग्र रूपमा भन्नु पर्दा मार्मिक, हृदयस्पर्शी एवम् पठनीय छ ।

## ५.५ कथाकार कृष्णादेवी शर्मा (श्रेष्ठ)

### ५.५.१ परिचय

२००९ सालमा पर्वत जिल्लाको मुडिकुवा गा.वि.स.मा जन्मेकी कृष्णादेवी शर्मा (श्रेष्ठ)ले एम.ए. सम्मको औपचारिक अध्ययन पूरा गरिसकेकी छन् । उनले छब्बीस वर्षको लामो समयसम्म शिक्षण पेशामा संलग्न भएकी कृष्णादेवी शर्मा (श्रेष्ठ)ले हाल शिक्षण पेसाबाट निवृत्तभरण पाएकी छन् । साहित्य र समाजसेवामा बढी रुचि राख्ने शर्माले पर्वत तथा नवलपरासीका विभिन्न साहित्यिक तथा सामाजिक संघ-सस्थाहरूमा आबद्ध रही काम गरेको पाइन्छ ।

साहित्यका विभिन्न विधामा कलम चलाएकी शर्माका हालसम्म आठवटा पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् । **घरभेटी भाउजू** उनको एकमात्र कथासङ्ग्रह हो । यस सङ्ग्रहका जम्मा २४ वटा कथाहरूमा नेपाली समाजको सजीव चित्रण गरेको पाइन्छ । नेपाली जीवनदृष्टिलाई पनि आफ्ना कथामा प्रस्तुत गरेकी छन् । नेपाली समाजमा विद्यमान साँस्कृतिक तथा सामाजिक मूल्य मान्यताभित्र रहेर व्यक्तिको जीवन सुखी र सम्पन्न बन्न नसक्ने स्थितिको चित्रण गर्दै सामाजिक मान्यता जीवनदृष्टि, परम्परागत मूल्य मान्यता जीवनदृष्टि, परम्परागत मूल्य आदिमाथि शर्माले तीखो व्यङ्ग्य गरेको पाइन्छ । सामाजिक यथार्थवादी कथाकारका रूपमा देखिएकी शर्मा समाजको यथार्थ चित्रण गराउन व्यापक र विस्तृत परिवेश, सामाजिक मूल्य मान्यताको सन्दर्भमा पात्रको व्यक्तित्वको उपस्थिति गराउन सफल भएकी छन् । यस कथासङ्ग्रहभित्रका पात्रहरूले समाजको निश्चित वर्गको प्रतिनिधित्व गरेका छन् । प्रायःजसो सबै पात्रहरूमा परम्परागत मूल्य मान्यताको गहिरो प्रभाव परेको पाइन्छ । जसले यिनीहरूलाई परम्परागत मूल्य मान्यताको पीडा बोध गराएका छन् । यस सङ्ग्रहभित्र रहेका कथाहरूमा नेपाली समाजको ग्रामीण तथा सहरिया दुवै परिवेशको राम्रो चित्रण गरेको पाइन्छ । शर्मा सहरिया परिवेशको चित्रणमा भन्दा पनि ग्रामीण जनजीवनको चित्रणमा बढी सफल भएको देखिन्छ । यिनका कथामा गाउँले नेपाली जीवनमा पाइने सरलता,

सामूहिक भावना जस्ता कुराहरू बढी पाइन्छ । शर्माले कथामा ठेट नेपाली शब्दहरूका साथै तत्सम, तद्भव आगन्तुक सबै खाले भाषाको प्रयोग गरेकी छन् भने स्तरीय कथ्य नेपाली भाषाको प्रयोग पात्रको स्तर, तह र क्षमता अनुसारको भाषा प्रयोग गरेर आफू सामाजिक यथार्थवादी कथाकार भएको पुष्टि गरेकी छन् ।

कृष्णादेवी शर्मा (श्रेष्ठ)को घरभेटी भाउजू कथासङ्ग्रहको प्रकाशन २०४९ सालमा श्री उद्योगबहादुर श्रेष्ठबाट भएको हो । यस कथासङ्ग्रहमा जम्मा चौबीसवटा कथाहरू सङ्ग्रहित छन् । यस कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूमा नेपाली जनजीवनका विद्यमान विकृति विसङ्गतिमाथि तीखो व्यङ्ग्य गर्नुका साथै सामाजिक, राजनैतिक एवम् आर्थिक परिस्थितिबाट सिर्जित भएका अनेकौं पीडा व्यथा र दर्दहरूलाई देखाउने कार्य भएको छ । यहाँ प्रस्तुत कथाहरू रीति क्षेत्रका आधारमा हेर्दा कुनै घटनाप्रधान, कुनै चरित्रप्रधान र विचारप्रधान रहेका छन् । रुचिक्षेत्रको आधारमा हेर्दा यस सङ्ग्रहमा रहेका कथाहरू सामाजिक, प्रगतिवादी, अस्तित्ववादी र स्वच्छन्दतावादी सबै प्रकृतिका कथाहरू रहेका छन् । यहाँ प्रत्येक कथामा सामाजिक, आर्थिक, विकृति विसङ्गतिका माध्यमबाट व्यक्तिको क्षतिग्रस्त मानसिक अवस्थालाई देखाउने कार्य भएको  छ ।

### ५.५.२ शीर्षक

शीर्षक कथाको आधारभूत तत्व हो । शीर्षक र वर्ण्य विषयका बीचमा अन्तसङ्गति मिल्नुपर्ने हुन्छ । **घरभेटी भाउजू** कथासङ्ग्रहको शीर्षक पनि त्यो शीर्षकको भित्र रहेका अन्य कथाहरूको भावसँग मिल्दोजुल्दो देखिन्छ । यो शीर्षकले सामाजिक विषयवस्तुलाई ग्रहण गरेको छ । कसैको घरमा भाडामा बसेर घरमालिकलाई सम्बोधन गर्ने शब्दमा कथासङ्ग्रहको शीर्षक राखिएको छ । यो कथासङ्ग्रहभित्रको एउटा कथा पनि हो । यसैका आधारमा कथासङ्ग्रहको नामाकरण गरिएको छ । यस कथासङ्ग्रहभित्र रहेका अन्य फुटकर कथाहरूको शीर्षक निम्नानुसार रहेको छ-

(१) घरभेटी भाउजू, (२) तुलसीको विवाह, (३) आफ्नो आङमा .......... हिंडेको नदेख्ने अरुको आङ्मा जुम्रो हिंडेको देख्ने, (४) धेरै सन्तान दुःखको आह्वान, (५) ख्याल-ख्यालमा, (६) उषा र सन्ध्या, (७) पश्चातापै-पश्चात्ताप, (८) शुभ विवाह, (९) राजनीति, (१०) गरिबी, (११) सपनाः एक आधार, (१२) चमेरे राजनीति, (१३) जफुले भाँडेको गाँउ, (१४) कुलीनता, (१५) कल्पना, (१६) अभागिनी, (१७) आज श्रीदेवी र गोविन्दाको फिल्म आउँछ, (१८) जीवन  एक : मोड अनेक, (१९) किंकर्तव्यविमूढ (२०) बैंठक, (२१) परिस्थितिसँगको सम्झौता, (२२) रोसनले अङ्गीकार गऱ्यो, (२३) सांसद  (सानाबुवा), (२४) मेरो आँखाबाट बरबर आँसु झरे ।

यसरी चौबीसवटा फुटकर कथाहरूको संयोजनबाट यो कथासङ्ग्रह पूर्ण भएका छ ।

### ५.५.३ संरचना

कथाकारले आफ्नो विचार, धारणा वा अनुभूतिलाई कथाहरूमा राखेको हुन्छ । केही नभए कुनै वस्तु, घटना वा विचार धाराप्रति उसले आफ्नो प्रतिक्रिया कथाहरूमा जनाएको हुन्छ । त्यसैले कथाहरूमा कथाकारको मस्तिष्क वा भावनाको एउटा अंश प्रतिविम्बित भएको हुन्छ, तर कथाकारले आफ्ना यिनै विचार वा अनुभूतिलाई घटना र पात्रको अन्योन्य सम्बन्धको एउटा योजना बनाएर ती सबैलाई मिलाई एउटा कथाको आकार प्रदान गर्दछ । यही आकार नै कथाको संरचना हो । यसभित्र स्थूल तत्वहरू मात्र पर्दछन्, जस्तो कथावस्तु, पात्र, कथात्मक दृष्टिविन्दु सारवस्तु यसबाट के स्पष्ट हुन्छ भने ‘संरचना’ भित्र कथाकारले प्रस्तुत गरेको कथन वा तर्क वा युक्ति पर्दछ ।[१]

संरचना अन्तर्गत कथामा पाइने मुख्य घटक आधारमा कृष्णादेवी शर्मा (श्रेष्ठ)को **घरभेटी भाउजू** कथासङ्ग्रहको अध्ययन यसरी गर्न सकिन्छ ।

#### ५.५.३.१ कथावस्तु

कथावस्तु नै कथाको वृहत्तम तत्व, घटक वा अवयव हो । यसले कथाका संरचनाको सबैभन्दा स्थूल र सबल तत्वको बोध गराउँदछ । कथामा यस तत्वको व्यक्ति सर्वत्र हुने भएकाले अन्य तत्व वा घटकहरूलाई समेत यसले गहिरो रूपमा प्रभाव पारेको हुन्छ । वास्वतमा कथावस्तु भन्नु नै स्वयम् कथाकारको विचार, धारणा वा अनुभूतिको मूर्त अभिव्यक्ति वा प्रस्तुति हो । त्यसैले कुनै पनि कथाको मूल्यनिर्धारण यसै तत्वले गर्दछ । यसरी कथाकारका विचार धारणा वा अनुभूतिको मूर्त रूपाकृतिको रूपमा देखा पर्ने कथावस्तु कलागत मूल्यले व्यक्त हुन्छ । आधुनिक कथाको अवधारणा नै कलागत मूल्यमा आधारित छ । यसको अभावमा कुनै पनि कथा निर्जीव बन्दछ ।[२]

विषयवस्तुका दृष्टिले कथाकार कृष्णादेवी शर्मा (श्रेष्ठ)को यो **घरभेटी भाउजू** कथासङ्ग्रहले व्यापक क्षेत्रलाई समेटेको पाइन्छ । यस सङ्ग्रहभित्रका कथाहरूमा कथाहरूको मुटुलाई छाम्न खोज्दा कतिपय कथाको पृष्ठभूमि आफ्नै नितान्त वैयक्तिक जीवनको भावनाका उपजका रूपमा लिन सकिन्छ भने कतिपय सामाजिक, राजनीतिक र शिक्षामूलक पृष्ठभूमिमा रचिएका देखिन्छन् । उनका कथाहरू ‘नारी स्वाभिमान’ र

[१] दयाराम श्रेष्ठ, नेपाली कथा भाग ४, साझा प्रकाशन छापाखाना, पुलचोक, ललितपुर दोस्रो संस्करण पृष्ठ ९ ।
[२] पूर्ववत् ।

अस्मितामाथि विश्वास र आस्थाको केन्द्रविन्दु बन्न पुगेका छन् । कथाकार कृष्णादेवी शर्मा (श्रेष्ठ)ले केही कथाहरूबाट आफ्नो निजी अनुभूतिलाई कथाका माध्यमद्वारा पोख्ने जमर्को गरेकी छन् । छोटकरीमा भन्दा सङ्ग्रहभित्रका कथाहरूमा गरिबी, पीडा, परम्परागत रूपमा रहेको सासूबुहारीको प्रवृत्ति वा रुढिवादी प्रवृत्ति, छोरीले शिक्षा नपाउँदा घट्न सक्ने घटना र घटिसकेका घटनाहरूको प्रस्तुति, राजनैतिक विषयवस्तुमा आधारित, नारीका वेदना, धनी र गरिबबीचको भिन्नता आदि विविध विषयवस्तु समेटेर उनले यो कथासङ्ग्रहलाई पूर्णता दिन खोजेकी छन् । अभ्क भन्दा उनले केही आफूले भोगेका विषयवस्तु छन् भने त्योभन्दा बढी जागिरको क्रममा विविध ठाउँ घुम्दा त्यहाँका समाजमा देखेका घटनालाई कथाको विषयवस्तु उनले बनाउने प्रयास गरेको पाइन्छ ।

नेपाली नारीमा भएको सत्कारपूर्ण व्यवहार, वर्तमान राजनीतिक कर्मीहरूको यथार्थ चित्रण, वैयक्तिक स्वार्थपूर्ण भावना, जातीय भावनामा अल्भिएको फोस्रो सामाजिक आडम्बर, आजको युगमा पनि छोरी र छोराप्रति गरिने सासूको बक्रदृष्टि, परिवार नियोजनको अनिवार्यता, अपरिपक्क मायाप्रीतिको भयावह परिणाम, छोराको दायित्व छोरीले पनि पूरा गर्न सक्छन् भन्ने कुराको ज्वलन्त उदारहण, समय र परिस्थितिलाई पहिचान, गर्न नसक्दा हुने पश्चाताप, परम्परागत विवाह पद्धतिमा देखापरेको परिवर्तन, अदूरदर्शी र अपरिपक्क चमेरे राजनीति, समाजमा विद्यमान हेपाहा प्रवृत्ति, कुलीन घरकी छोरीको पहिचान नारीसुलभ चरित्र अपहेलित नारी जीवनका अनेकौं क्षण, असफल प्रेम, अनभिज्ञ सामाजिक कार्यकर्तालाई थोपारिएको जिम्मेवारी, गरिबप्रतिको कारुणिक दृष्टि र आफ्नै जीवनको उकाली-ओराली जस्ता अनेकौं समसामयिक घट्नाको यथार्थ चित्रण सकेसम्म उतार्ने प्रयास गरेकी छन् ।[३]

## क) सामाजिक विषयवस्तु

समाजमा घटेका र घट्न सक्ने घटनाहरूलाई मूल विषयवस्तु बनाएर रचना गरिएको कथाहरू सामाजिक विषयवस्तुसँग सम्बन्धित कथाअन्तर्गत पर्दछन् । सामाजिक विषयवस्तुसँग सम्बन्धित कथाहरूमा 'घरभेटी भाउजू', 'गरिब', 'सपथ', 'कुलीनता', 'कल्पना', 'जीवन एक मोड अनेक', 'बैठक परिस्थितिसँगको सम्झौता', 'मेरो आँखाबाट बरबर आँसु झरे' आदि जस्ता कथाहरू पर्दछन् ।

समाजमा घटेका र घट्न सक्ने घटनालाई मूल आधार बनाएर लेखिएका कथामा उनको 'घरभेटी भाउजू' पनि एक हो । यो मूलतः सहर बजारतिर घर बनाएर घर भाडामा दिएर जीविकोपार्जन गर्ने गरेको पनि देखिन्छ । घरभेटीले भस्मै दुःख दिएर

[३] कृष्णादेवी शर्मा श्रेष्ठ, (लेखिका) घरभेटी भाउजू, (२०५९) लेख्यौली पृष्ठ ।

भाडामा बस्नेहरू पीडित भएको पनि हामीले प्रशस्त मात्रामा देखेका छौँ । भनेको भाडामा बस्नेले पनि घरको स्याहारसुसार नगरेर भएका सामान फुटालेर दुःख दिएको कुरा पनि हामीले समाजमा प्रशस्तै देख्न पाएका छौँ ।

यस कथाले आजका घरभाडामा दिने घरभेटीहरू पैसाका लागि जस्तो सुकै नीच व्यवहार गर्न पनि पछि पर्दैनन् तर यस कथाकी घरभेटी भाउजू डेरावाल म पात्रले डेरा छाड्ने कुरा गर्दा भक्कानो छाडेर रून्छिन् । किनभने यी दुवै बीच अत्यन्त निकट सम्बन्ध भैसकेको थियो । आफ्नो घरमा बस्ने व्यक्तिलाई आफ्नै परिवारको सदस्यको रूपमा जस्तै ती घरभेटीले डेरावाल 'म' पात्रलाई व्यवहार गर्छिन् र त जाँदाखेरी दुवैका आँखाबाट आँशु झरेका थिए । तसर्थ यस कथा मार्फत् आजका हरेक घरभेटीलाई यस कथाकी पात्र 'घरभेटी भाउजू' जस्तै असल र आदर्शवान् बन्नुपर्छ भन्ने सन्देश दिने उद्देश्य रहेको छ ।

त्यस्तै अर्को कथा 'जीवन एकः मोड अनेक' पनि सामाजिक विषयवस्तुमा आधारित छ । यस कथामा एउटी विवाहित नारीका लागि मातृवात्सल्य प्रेम कतिसम्म महत्त्वपूर्ण हुन्छ र आमा बन्ने सौभाग्यबाट बन्चित बन्न पुग्दा उसको जीवन कसरी तहसनहस बन्न पुग्छ भन्ने कुरालाई देखाउन खोजिएको छ ।

यस कथाकी कृष्णाको विवाह विनोदसँग हुन्छ । माइतमा एक्ली छोरी राम्रोसँग हुर्के बढेकी हुन्छे । बाल्यकाल तथा विवाहपछिका केही वर्षहरू उसका लागि सुखमय भएपनि उत्तरार्ध जीवनमा मातृवात्सल्य प्रेमबाट वञ्चित बन्न पुगेकी छ । आमा बन्न नसक्ने कारण देखाउँदै लोग्नेले दोस्रो विवाह गरेपछि सौताको खटनपटनमा बस्न बाध्य भएकी छ । सबै साथीहरूका छोरा-छोरी हुँदा उसलाई पनि रहर लाग्यो तर सान्त्वनाको सट्टा झन् थप पीडा सहन ऊ बाध्य भएकी छ ।

यसरी मान्छेले जीवन बिताउँदै जाँदा अनेकौं सुख दुःखका मोडहरू पार गर्दै अगाडि बढ्नुपर्ने हुन्छ । कृष्णा एक आफै सन्तान अभावमा पिल्सनु परेको अवस्थामा झन थप सौता व्यहोर्नु पर्दा उसलाई कति असह्य पीडा भएको होला ? यस्ता समस्या हाम्रो समाजमा धेरै नारीले सहेका छन् भन्ने कुरा यस कथामार्फत् कथाकारले देखाउन चाहेकी छन् ।

त्यस्तै सामाजिक विषयवस्तुमा आधारित 'कुलीनता' कथा पनि हो । यस कथामा कुलीन घरमा छोरीलाई विवाह गरेर दिएपछि उसले कहिल्यै दुःख कष्ट र पीडा व्यहोर्नु पर्दैन भन्ने रुढीवादी सोचाइ विपरीत एउटी नारीले कुलीन घरमा भोग्नु परेका व्यप्त पीडालाई देखाउन खोजिएको छ ।

यस कथामा सम्झनालाई रातभरि रक्सी खाएर आएर कुट्ने गर्दथ्यो । उसको लोग्ने राकेश कुलीन घरको एक्लो छोरो थियो । वी.ए.सम्म उत्तीर्ण गरेको राकेश

कुलघरानको छोरो भए तापनि दिनहुँ मादक पदार्थ सेवन गरी हिड्ने, सोझा साझा जनतालाई थर्काउने गर्दथ्यो । यसको यस्तो बानीले सम्झना आजित भएकी थिई । घरको यस्तो अवस्था ऊ माइतीमा गएर भन्न सक्दिनथी । विचरी ! २५ वर्षको उमेरमा पनि पचास वर्ष उमेरकी जस्ती  देखिन्थी । पछि छोरी यस्तो अवस्था देख्दा उसका बाबु-आमाले कुलीन घरमा छोरी दिए पनि छोरीले सुख पाइन भन्दै पश्चाताप गरेका छन् ।

यस कथाको मुख्य उद्देश्य भनेको आजको युगमा पनि परम्परागत सोचाई अनुसार बाबुबाजेको इज्जत र कुल घरानलाई मात्र ख्याल गरेर छोरी विवाह गरीदिनु भन्दा बरु आफूले विवाह गर्न लागेको व्यक्तिको आचरण कस्तो छ बुझेर मात्र सम्बन्ध अगाडि बढाउनुपर्छ । कुलीनता आजको युगमा एक ठगी खाने तुम्बाको रूपमा आएको छ । त्यसैले कुलीनताको आडम्बरको पछि लागेर आफ्नो सन्ततिको भविष्य वर्वाद गर्नुको साटो बरु अकुलीनै भए पनि सभ्य र इमान्दार व्यक्तिसँग नाता गाँसेमा जीवन सुखद बन्न जान्छ भन्ने सन्देश यस कथाले दिएको छ ।

### (ख) राजनैतिक विषयवस्तुसँग सम्बन्धित कथाहरू

राजनीतिलाई मुख्य विषयवस्तु बनाएर लेखिएका कथाहरू राजनैतिक कथाअन्तर्गत पर्दछन् । यस सङ्ग्रहभित्रका घटनाहरूमा वर्तमान समयका राजनीतिक घटनाहरूलाई यसका विकृति र विसङ्गतिहरूलाई कथामार्फत् देखाउने काम भएको छ । राजनैतिक विषयवस्तुसँग सम्बन्धित कथाहरूमा 'राजनीति', 'चमेरे राजनीति', 'जफुले भाँडेको गाउँ', साँसद (सानाबुवा) आदि पर्दछन् ।

'राजनीति' कथा एक राजनैतिक विषयवस्तुसँग सम्बन्धित कथा हो । यस कथामा हाम्रो समाजको कतिपय व्यक्तिहरू अझै पनि पार्टीगत स्वार्थभन्दा माथि उठ्न नसकेको वास्तविक यथार्थलाई देखाउन खोजिएको छ ।

देशमा प्रजातन्त्रको बहाली भएको थुप्रै वर्ष भइसके तापनि बुटेन गाउँमा कुनै परिवर्तन आएको थिएन । त्यहाँका व्यक्तिहरू सबैले आफ्नो पार्टीलाई ठूलो र अरूको पार्टीलाई सानो भनेर गाली गलौज गरिरहन्थे जसले गर्दा अर्को पार्टीले काम गर्न लाग्दा भाँजो हालेर दुःख दिने गर्दथे । गाउँका व्यक्तिहरूमा आपसी समझदारीको कमी थियो । यिनीहरू धारा, पँधेरा, साँध सिमाना, खेतबारी वा आँढा, कान्ला आदिका विषयमा पनि राजनैतिक कुरा गरेर झै-झगडा गर्ने गर्दथे । जुन पार्टी सत्तामा गयो, जुन पार्टीले कुनै सुविधा उपलब्ध गराउन सक्यो त्यही पार्टीमा बुझी नबुझी हाम फाल्ने व्यक्तिहरू पनि त्यस गाउँमा प्रशस्तै थिए । यसै मध्येका मत र लुत पनि थिए । यिनीहरू कहिले काँग्रेस त कहिले एमाले पार्टी फेरिरहन्थे । यिनीहरूमा हरेक कुरामा राजनैतिक दुश्मनी बढी

रहेको थियो । जसले गर्दा बुटेन गाउँमा राजनैतिक झगडाका मुद्दाहरू बढिरहेका थिए । सामाजिक कार्य हुनसकेको थिएन तर यता कटुसे गाउँमा भने राजनीतिलाई भन्दा बढी विकासका कामहरूलाई प्राथमिकता दिने गरिन्थ्यो । यहाँका मानिसहरू दलीय स्वार्थभन्दा माथि उठेका र आफ्नो व्यक्तिगत भन्दा पनि सामुदायिक हितका बारेमा काम गर्न तत्पर देखिन्थे । राजनीतिका कारण र जिम्मेवारी बोध नगर्दा बुटेन गाउँको भन्दा कटुसे गाउँको विकास हुँदै गयो । तसर्थ कथामा हरेक व्यक्तिलाई राजनैतिक स्वार्थबाट माथि उठेर आफ्नो घर परिवार, गाउँ, समाज र राष्ट्रको हित हुने कार्यमा एकजुट भएर लागि पर्न अनुरोध गरिएको छ ।

त्यस्तै गरी 'साँसद' (सानाबुबा) राजनैतिक विषयवस्तुसँग सम्बन्धित कथा हो । यस कथामा हाम्रो देशका नेताहरूको जीवनशैलीप्रति तीखो व्यङ्ग्य गरिएको छ ।

साँसद कथामा विपना र सपना सानीआमा र ठूली आमाका छोरा छोरीहरू थिए । विपना सम्पन्न परिवारकी छोरी तथा सौगात मध्यम परिवारको छोरो थियो । पढ्नमा चलाख सौगातको सम्पूर्ण आर्थिक भार विपनाले नै बोकेर उसलाई पढाइदिएकी थिई । त्यसपछि एक सम्पन्न परिवारकी छोरी देवयानीसँग सौगातको विवाह पनि गराइदिएकी थिई । समय वित्दै गयो । सौगातका बुवा अर्थात् विपनाका सानाबाबु २०५१ आमनिर्वाचनमा स्वतन्त्र रूपबाट साँसद पदमा चुनिए । खुट्टामा चप्पलसम्म लगाउन नसक्ने सानाबुबाले साँसद भएपछि काठमाडौँमा भव्य महल खडा गरे । यता सौगात पनि लोकसेवाबाट उत्तीर्ण भएर जागिरे भइसकेको थियो । यसै अवस्थामा एक दिन विपना आफ्नो छोरो प्रसादलाई जागिर खुवाउने ठूलो आशा लिएर सानोबुबाको क्वाटरमा पुग्छे तर सानोबुबाले आफू देउवातिरको विरोधी भएको केही गर्न नसक्ने बरु केही राम्रा र सस्ता सामानहरू किनमेल गरिदिने उत्तर दिएपछि छोरालाई जागिरे बनाउने ठूलो आशा लिएर सानोबुबाको घरमा पुगेकी विपना धमिलो मन बनाएर आफ्नो घरतिर फर्कन बाध्य हुन्छे र कथाको पनि अन्त्य हुन्छ ।

प्रस्तुत कथामा आजका मान्छेहरू आफ्नो अतीतको कुरा बिर्सेर वर्तमानमा रमाउने र धनसम्पत्ति भएपछि आफ्नै आफन्तहरूलाई पनि पराइ व्यक्तिको जस्तो व्यवहार गर्ने गरेको यथार्थलाई प्रस्तुत गरिएको छ ।

### (ग) शैक्षिक विषयवस्तुसँग सम्बन्धित कथाहरू

कुनै पनि कथाहरू ज्ञानवर्द्धक हुन्छन् । शिक्षाको कमी भएर त्यहाँ कुनै नराम्रो घटना घटेको कथामा देखाइएको छ भने त्यहाँबाट हामीले मान्छे शिक्षित हुनुपर्छ ।

शिक्षित मान्छे र मान्छेले गरेको व्यवहारमा भिन्नता देखाइन्छ भने यसबाट हामीले मानिस शिक्षित हुनुपर्छ भनेर बुझ्नुपर्छ ।

समाजमा रहेका व्यक्तिहरूलाई अन्धविश्वास रूढिवादी प्रवृत्ति त्याग्न आग्रह गर्दै शिक्षा र नैतिक विवेकता ज्ञान, बुद्धि, अर्ती, उपदेश दिनका लागि लेखिएका कथाहरू शैक्षिक विषयवस्तुसँग सम्बन्धित कथा अन्तर्गत पर्दछ । यस्ता अशिक्षित समाजलाई चेतना जगाउने उद्देश्यले उनले केही कथा लेखेकी छन् जसअन्तर्गत 'ख्याल-ख्यालमा', 'उषा र सन्ध्या', 'पश्चात्तापै-पश्चात्ताप', 'शुभ विवाह', 'तुलसीको विवाह', 'आफ्नै अङमा................ हिँडेको नदेख्ने', 'धेरै सन्तान दुःखको आह्वान', 'अभागिनी', 'आज श्रीदेवी र गोविन्दको फिल्म आउँछ', 'किंकर्तव्यविमूढ' जस्ता कथाहरू शैक्षिक विषयवस्तु अन्तर्गत पर्ने कथामा राखिएका छन् ।

उषा र सन्ध्या कथा शैक्षिक विषयवस्तुसँग सम्बन्धित कथा हो । मुखिया श्रीभद्र तथा ललिताका दुई छोरीहरू उषा र सन्ध्या थिए । छोरा नभएका कारणले आफ्नो सम्पत्ति स्यालको मासु हुने भयो भनेर यी दुई दम्पत्ति सधैँ चिन्ता गरिरहन्थे । बाबुआमाले सधैँ चिन्ता गरेको देखेर हामीहरू पनि त हजुहरूकै सन्तान हौँ छोरा मात्र सन्तान हुन् र ? हामी छँदै छौँ नि हजुरहरूको सेवा गर्ने हामीले नै भविष्यमा सेवा गरेर हजुर दुईको कालगति मेट्ने प्रतिज्ञा गर्छौं भनेर छोरीहरूले सम्झाउने गर्दछन् । ती दुई छोरीको बोल-चाली र व्यवहार साह्रै सरल थियो । २०५८ सालको एस.एल.सी.मा दुवै दिदीबहिनी द्वितीय श्रेणीमा पास भए । यति नै बेला गाउँका दिनेश सुब्बाका, दुई युवकलाई छोरी दिने निश्चय गर्दै मुखिया श्रीभद्रले २०५८ मार्ग १५ गतेको शुभ साइतमा छोरीहरू उषा तथा सन्ध्याको विवाह गरीदिए । दिन वित्दै गयो तिनीहरूले छोराछोरी पनि पाए । उनीहरूका छोराछोरीहरूले आइ.ए., बी.ए. पनि पढेका थिए । बाबुआमा बृद्ध भइसकेका हुनाले दिदी बहिनीले एक एक महिना पालो गरी बाबुआमाको सेवामा जुटेका थिए । यी दिदीबहिनीको व्यवहारबाट प्रभावित भएर आजकल पीपलबोट गाउँका मानिसहरूले छोरा होस् वा छोरी दुई सन्तान भएपछि तुरुन्तै परिवार नियोजन गर्न थालेका छन् ।

हाम्रो नेपाली समजामा अझै पनि छोरा र छोरीमा भेदभाव गर्ने गरिन्छ । शिक्षित हुन् या अशिक्षित जुनसुकै परिवारमा पनि छोरालाई उच्च सम्मानका साथ हेरिन्छ भने छोरीलाई अरूको घरमा जाने जातका रूपमा लिइन्छ । हाम्रो समाजमा मरेपछि पनि छोराले नै किरिया गर्नुपर्ने र पिण्डपानी दिनुपर्ने मान्यता रही आएको छ । त्यसैले यी र यस्ता मान्यतालाई जरैदेखि उखेलेर फाल्नुपर्छ भन्ने उद्देश्य यस कथाले राखेको छ । छोरी पनि उचित अवसर पाएमा छोराले जस्तै भूमिका निर्वाह गर्न सक्छन् । छोरी जीवनका अभिशाप मात्र हुन, भन्ने गलत हो भनी देखाउनु नै यस कथाको मुख्य उद्देश्य रहेको छ ।

त्यस्तै शुभ विवाह कथा पनि शैक्षिक विषयवस्तुसँग सम्बन्धित कथा हो । यस कथामा एक शिक्षित युवायुवती बीचको प्रेम सम्बन्धलाई देखाउन खोजिएको छ ।

यस कथाका मुख्य पात्र सपना, सजना र जगत हुन् । सत्र वर्षे सजना अनुप शर्मा तथा दीपा शर्माको जेठी छोरी हुन् । सजना बाईस वर्षे जगत बझाङ्ग घर भएको काठमाडौँमा सजनाको घर भाडामा लिई त्रिचन्द्र कलेजमा वी.एस.सी. पढ्दै गरेको केटा हो । एकदिन धारामा हात धुन जाँदा सजना र जगतको हात एक आपसमा छोइन पुग्छ । त्यहाँबाट यिनीहरूमा मायाको आँकुरा पलाउन थाल्छ । जगतले सजनाको घरका अन्य सदस्यहरूसँग पनि राम्रो व्यवहार गर्छ । जसले गर्दा घरमा श्राद्ध, पूजा पाठ हुँदा पनि उसलाई बोलाएर खाना खुवाउने गरिन्थ्यो । एकदिन सजनाले जगतलाई पत्र लेख्दै उसको पढाइ र विवाहका बारेमा बुझ्न  खोज्छ । जगतले पनि सजनाजस्ती केटी पाएमा विवाह गर्ने इच्छा रहेको कुरा गर्दछ । त्यसपछि उनीहरूमा अझ बढी आत्मीयता बढ्दै जान्छ । अन्त्यमा बाबुआमाको स्वीकृति लिएर मात्र विवाह गर्ने निर्णयमा पुग्दछन् । आफ्नो विवाहको प्रस्ताव बाबु अनुप शर्मा र आमा दीपा शर्माका अगाडि राख्छन् । उनीहरूले पनि छोराछोरीको चाहनालाई नै सर्वोपरी ठान्दै शुभ लगन हेरेर विवाह सम्पन्न गरिदिन्छन् ।

यसर्थ यस कथामा छोराछोरीलाई उचित शिक्षादीक्षा दिई युग अनुसार उनीहरूलाई आफ्नो जीवनसाथी चुन्ने अवसर दिनुपर्छ  । यसबाट उनीहरूको जीवन सुखी हुन्छ भन्ने सन्देश यस कथाले दिएको छ ।

### (घ) प्रणयमूलक विषयवस्तुसँग सम्बन्धित कथाहरू

प्रेममूलक विषयवस्तु देखाउने उद्देश्यले रचना गरिएको यस सङ्ग्रहमा एउटामात्र कथा छ 'रोसनले अङ्गीकार गऱ्यो', 'रोशनले अङ्गीकार गऱ्यो' कथा एक प्रेम प्रणययुक्त विषयवस्तुसँग सम्बन्धित कथा हो । यस कथामा एक प्रेमी प्रेमिका भएर सँगसँगै बाँच्ने मर्ने कसम खाएका जोडीहरू परिवार र समाजको करकापमा परेर दाजुबहिनी जस्तो पवित्र नातामा बदलिन बाध्य भएको अवस्थालाई देखाउन खोजिएको छ ।

प्रस्तुत कथामा रोशनी र रोशन एक प्रेमी प्रेमिका थिए । आजीवन सँगसँगै बाँच्ने मर्ने कसम खाएका रोशन र रोसनी बाबुआमाको करकापमा परेर एक अर्काबाट छुट्टिन बाध्य भएका थिए । किनकि रोसनी गरिब बाबुकी छोरी थिई, भने रोसन धनी बाबुको एक्लो छोरो थियो । त्यसैले रोसनका बाबुआमाले रोशनको विवाह गाउँमै धनी र सम्पन्न व्यक्ति जयनन्द सुब्बाकी छोरी रोजासँग गरीदिने निर्णय गरीसकेका थिए । त्यसपछि रोशनले रोशनीसँग क्षमा माग्दै अर्को जुनीमा उसैको लोग्ने हुने र यस जुनीमा बहिनीका

रूपमा अङ्गीकार गर्ने निर्णय गरेको थियो । जुन कुराले रोशनीलाई विचलित पुऱ्याएको थियो भने अतीतका कुराहरू सम्झदै आफ्नो प्रेमीलाई दाजुको रूपमा स्वीकार गर्नु परेकोमा पश्चाताप लागेको थियो ।

यसर्थ यस कथामा सँगसँगै मर्ने जिउने पवित्र वाचा गरी प्रेम गरेका प्रेमी प्रेमीकाहरू पनि समाजमा विद्यमान धनी र गरिब बीचको भेद भावले गर्दा एक आपसमा वैवाहिक वन्धनमा बाँधिन नसकेको तीतो यथार्थलाई देखाउन खोजिएको छ । प्रस्तुत कथामा कथाकारले आजका युवा युवतीहरू क्षणिक रमाइलोको लागि प्रेम गर्ने र अन्त्यमा घरपरिवार र समाजको करकापमा परेर सो प्रेमलाई लत्याउँदै अर्कोसँग विवाह बन्धनमा बाँधिने गरेको यथार्थलाई देखाउने उद्देश्य राखेकी छन् ।

### ५.५.३.२ पात्र

कथाको स्थापनाकालमा पात्रहरूले त्यस्तो स्तम्भको रूपमा भूमिका खेल्दछन् जसबाट कथाको संरचना तयार हुन्छ । पात्रहरूले नै कथालाई ऊर्जा प्रदान गर्ने भएकोले यो अङ्गबिना कथाको संरचनाको कल्पना नै गर्न सकिँदैन । कथाका लागि आवश्यक पर्ने उकरणहरू 'क्रियाव्यापार' (Action) र 'द्वन्द्व' (Conflict) को प्रत्यक्ष सम्बन्ध पात्रसँग नै हुन्छ । त्यसैले कथामा पात्र (चाहे मानव पात्र होस् अथवा चाहे मानवेत्तर) भन्नासाथ अभिप्रेरणा (Motivation) र स्थिरता (Consistency) को कसीमा सफल भएको हुनु अति आवश्यक छ । कथाकारले पात्ररूपी संयन्त्रको कुशल परिचालन गर्दा चरित्राङ्कनलाई खुबै ध्यान दिएको हुन्छ । जुनसुकै विधिको प्रयोग गरीए तापनि कथामा पात्रको निजी पहिचान देखिनुपर्दछ ।[४]

यस कथासङ्ग्रहमा कथाकारका जम्माजम्मी २३ (तेईसवटा) कथाहरू रहेका छन् । कथाले जहिले पनि पात्रका माध्यमद्वारा राम्रो घटना घटाएर वा नराम्रो घटना घटाएर हुन्छ त्यसबाट एउटा सन्देश दिने काम गरेका हुन्छन् । यस कथासङ्ग्रहमा मूलतः ग्रामीण परिवेशका पात्रहरू आएका छन् । पात्रानुकूल भाषाशैलीको प्रयोग गरिएको छ । मुख्य पात्र र सहायक सबै पात्रको प्रयोग गरिएको हुन्छ । पात्रकै माध्यमद्वारा पाठकले एउटा सन्देश प्राप्त गरेका हुन्छन् । त्यस्तो अवस्थामा यस कथासङ्ग्रहका कथामा प्रयोग गरिएको पात्रबाट सहजरूपमा सन्देश ग्रहण गरिएको छ ।

त्यसैले यस कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूमा प्रयोग गरिएको पात्रहरू ग्रामीण परिवेशबाट टपक्क टिपेर थपक्क राख्ने काम गरिएको छ ।

---

[४]. दयाराम श्रेठ, नेपाली कथा भाग, ४ साझा प्रकाशन छापाखाना, पुलचोक, ललितपुर, दोस्रो संस्करण पृष्ठ ।

### ५.५.३.३ दृष्टिविन्दु

कथावस्तुलाई पाठकवर्गका निम्ति संवेद्य एवम् प्रेषणीय बनाउने भूमिका कथात्मक दृष्टिविन्दुले खेलदछ । यो घटना प्रस्तुतीकरणसँग सम्बद्ध हुन्छ । कुनै एउटा विषयमा कथावस्तुको कल्पना गरिसकेपछि कथाकार सामु के प्रश्न आउँदछ भने कल्पित पात्रलाई कुन स्थानमा राखेर त्यस कथावस्तुलाई एउटा ठोस आकार वा संरचना प्रदान गर्ने ? यस प्रश्नको समाधान नै दृष्टिविन्दुले गर्दछ । प्रारम्भिक उपकरण मात्रको सङ्ग्रहबाट कथा बन्दैन, यसको एउटा निश्चित संरचना हुनुपर्दछ, त्यसैले दृष्टिविन्दुले यही संरचनालाई पूर्णता प्रदान गर्ने संवेदनशील कार्य गर्दछ ।

कथामा दृष्टिविन्दु दुई प्रश्नमा आधारित हुन्छ । ती हुन् (१) कुन पात्रलाई मुख्य केन्द्र बनाएर कथा भनिएको छ ? र (२) कथासँग त्यस पात्रको कुन प्रकारको सम्बन्ध कायम रहेको छ ? कुनै कथामा 'म' पात्रको निर्णायक भूमिका रहेको हुन्छ भने कुनै कथामा 'त्यो' पात्रको दृष्टिविन्दु पात्र 'म' अर्थात् प्रथम पुरुष रहेको अवस्थामा वा त्यो पात्र तृतीय पुरुष रहेका अवस्थामा कथाको संरचनात्मक स्वरूप नै फरक-फरक जान्छ । दृष्टिविन्दु केवल 'म' र 'त्यो' को शाब्दिक अर्थमा मात्र सीमित छैन परन्तु पात्रको मनको अनुभूति, भाव, संवेग, चिन्तन आदिलाई प्रकट गर्ने आन्तरिक प्रक्रियासँग नै मूलत यो सम्बद्ध छ । दृष्टिविन्दु पात्र चाहे जुनसुकै पुरुषमा होस् त्यस पात्रको मानसिक अनुहारलाई कथाकारले कुन हदसम्म चिनाउन सकेको छ, त्यसबाट नै कथामा 'दृष्टिविन्दु'को प्रयोजन स्पष्ट हुन्छ । कति यस्ता कथासामग्रीहरू हुन्छन् । जसलाई कथाकारले आकार प्रदान गर्दा दृष्टिविन्दु पात्रलाई 'म' कै स्थानमा नराखी हुन्न र त्यसलाई 'त्यो' को स्थानमा राख्दा त्यसको कलात्मक आकार वा संरचना प्राप्त गर्न सक्दैन तसर्थ कथामा कुन दृष्टिविन्दुको प्रयोग गर्ने भन्ने कुरा (१) कथा सामग्रीको प्रकृति र (२) कथाकारको अभिप्राय वा उद्देश्यमा निर्भर गर्दछ ।

दृष्टिविन्दु त्यो स्थिति, रचना वा सीमा हो । यसको माध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठकवर्गसमक्ष नै पुऱ्याउँदछ । कथाकार र पाठकवर्गबीचको सम्बन्धसूत्र नै 'दृष्टिविन्दु' हो । यसैलाई माध्यम बनाएर कथाकारले आफ्नो सामग्रीलाई कथाको आकारमा मूर्तिमान गर्दछ । कथामा यो कति महत्त्वपूर्ण छ भन्ने योबिना कथामा प्रयुक्त कार्य पीठिका, चरित्रचित्रण, आदिमा सजीवता आउन सक्दैन ।

कथात्मक दृष्टिविन्दु दुई प्रकारका हुन्छन् । आन्तरिक र बाह्य । आन्तरिक दृष्टिविन्दु पनि केन्द्रीय र परिधीय गरी २ प्रकारका हुन्छन् । बाह्य दृष्टिविन्दु चाहिँ सर्वदर्शी, सीमित र वस्तुपरक गरी तीन प्रकारका रहेका हुन्छन् ।

कथामा पात्र प्रथम पुरुषको रूपमा रहँदा आन्तरिक दृष्टिविन्दुमा स्वयम् कथकार वा अरू कुनै पात्र 'म' को रूपमा मुख्य पात्र रही कथा प्रस्तुत हुन्छ । यस दृष्टिविन्दुबाट कथित कथामा मुख्य पात्रको आन्तरिक स्थितिको चित्रण सूक्ष्मताका साथ प्रस्तुत हुन्छ । परिधीय चाहिँ 'म' पात्र त रहन्छ तर कथामा त्यसको स्थान कि त गौंण  कि त तटस्थ यस्तो दृष्टिविन्दुबाट लेखिएको कथामा मुख्य कथाको केन्द्र अर्कै पात्र बनेको हुन्छ र 'म' पात्रले त्यही पात्रलाई केवल प्रस्तुत गर्ने माध्यम भएर भूमिका खेल्दछ ।

कथामा दृष्टिविन्दु पात्र तृतीय पुरुषमा रहँदा बाह्य दष्टिविन्दु (Externall Viewpoint) हुन्छ । यसअन्तर्गत सर्वदर्शी दृष्टिविन्दुमा कथाकारले प्राय सबै पात्रका भावना, प्रतिक्रिया, विचार, आदि समाविष्ट गर्दै ती पात्रको आन्तरिक जीवनको चिनारी दिन्छ । सीमित दृष्टिविन्दुमा चाहिँ केवल एक मात्र पात्रको मानसिक संसारको दृष्टिविन्दुमा चाहिँ कुनै पनि पात्रको मानसिक संसारको विचरण गरिएको हुँदैन ।[५]

प्रस्तुत **घरभेटी भाउजू** कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू जम्माजम्मी २३ (तेईसवटा) रहेका छन् । यी सबै कथाहरू आन्तरिक तथा बाह्य दुबै दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस सङ्ग्रहमा भएका कथाहरूमा 'घरभेटी भाउजू' आन्तरिक दृष्टिविन्दु अर्थात् प्रथम केन्द्रिय दृष्टिविन्दु प्रयोग गरिएको छ । त्यस्तै 'तुलसीको विवाह' तृतीय अथवा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग गरिएको छ । आफ्नो 'आङमा भैँसी हिँडेको नदेख्ने', 'अरूको आङमा जुम्रो हिँडेको देख्ने' कथा पनि बाह्य सीमित दृष्टिविन्दुको प्रयोग गरिएको छ । त्यस्तै 'धेरै सन्तान दुःखको आवहान' कथा पनि बाह्य सीमित दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

यसरी यस कथासङ्ग्रहमा सङ्गहित कथाहरूमा मूलतः बाह्य सीमित दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ ।

### ५.५.३.४ सारवस्तु

कुनै कथाकृति पढिसकेपछि समग्रमा हामी त्यसमा जुन भावार्थ अभिप्राय पाउँछौ, त्यही नै 'सारवस्तु' (Theme) हो । कथामा कुनै न कुनै विचार वा भावको बीज रूप प्रप्यक्ष वा प्रच्छन्न रूपमा रहेको हुन्छ । जसका आधारमा कथानकको संरचना तयार गरिएको हुन्छ । त्यस बीज रूपलाई बिना आग्रहीकरण कथाकारले कुशलतापूर्वक जति धेरै नाटकीकरण गर्न सक्यो त्यो कृति त्यति नै उत्कृष्ट बन्न सक्तछ । त्यसैले बीज रूप भनेको कथा-संरचनाको सौन्दर्य तत्व  हो । जसलाई हामी सारवस्तु भनेर चिन्दछौँ । यस

[५]. पूर्ववत् ।

अङ्गलाई कथाकारले अभिधात्मक अन्योक्तिमूलक वा प्रतीकात्मक कुनै पनि अर्थको तहबाट प्रदर्शन गर्न सक्तछ ।

कथामा सारवस्तु मानवशरीरको रक्तसंञ्चार प्रणालीझैँ सर्वव्याप्ता हुन्छ । यसको स्थितिचाहिँ शाश्वत (Universal) हुनसक्तछ र प्रसङ्गविषयक (Topical) पनि । तर जे भए पनि यसले मानवसमाजका निम्ति नै विभिन्न भाव वा विचार सञ्चार गर्दछ । नदीको पानीभित्रको विद्युतीय तारझैँ यस्ता भाव वा विचारले मानव मन वा समाजमा परिवर्तन ल्याउन सशक्त छ ।[६]

प्रस्तुत **घरभेटी भाउजू** कथासङ्ग्रहमा २४ वटा कथाहरू सङ्ग्रहित भएका छन् । सबै कथाहरू समष्टिगत रूपमा भन्दा गाउँले परिवेशमा घटेका घटनालाई यथार्थ रूपमा गाउँले पात्रहरूलाई टपक्क टिपेर थपक्क राख्ने काम कथाकारले गरेकी छन् । वास्तवमा कथाले कुनै न कुनै रूपबाट एउटा सन्देश दिन चाहेको हुन्छ । यस कथा सङ्ग्रहमा विविध विषयसँग सम्बन्धित कथाहरूलाई समेटेको पाइन्छ । सबै कथाले कथामा राम्रो वा नराम्रो जस्तो सुकै घटना घटाएर भए पनि एउटा सन्देश छोड्ने काम गरेका छन् । यसमा सङ्ग्रहमा भएका कथाहरू मूलतः अभिधात्मक शैलीमा लेखिएका छन् । एउटा सामन्य गाउँमा कस्ता-कस्ता किसिमका घटना घटेका छन् र घट्न सक्छन् भन्ने कुरा देखाउनु नै कथाकारको उद्देश्य रहेको पाइन्छ ।

### ५.५.४ रूपविन्यास

कथावस्तुलाई एउटा निश्चित आकार प्रदान गरिसकेपछि कथाकारले त्यसलाई सुन्दर बनाउन प्रयोग गर्ने युक्ति नै ‘रूपविन्यास’ हो । यसभित्र कथाका सूक्ष्म तत्वहरू पर्दछन् । पदविन्यास, बिम्बविधान, व्यङ्ग्य, प्रतीकविधान, तुलना (उपमा, प्राक्सन्दर्भ), शीर्षक आदि । कथाको भाषिक एवम् शिल्प शैलीगत निर्माणमा सहायत गर्ने तत्वहरू यसमा पर्ने भएकाले तत्क्षण यसले पाठकवर्गलाई प्रभावित पार्ने काम गर्दछ ।

कथाबाट अर्थ अभिधामूलक वा अन्योक्तिमूलक जुनसुकै होस् । सारवस्तु, कथावस्तु आदिलाई पृथक गरेर हेर्दा त्यसमा बाँकी जे देखिन्छ, त्यही नै ‘रूपविन्यास’ हो । यसले गर्दा नै कथाले आधुनिक कालमा विधागत मान्यता पाएको हो । यसले कथामा कलालाई प्रतिष्थापित गर्दछ । त्यसैले गैरसाहित्यिक लेखन (विज्ञानसम्बद्ध लेखन) मा हामी संरचना पाउन सकौंला तर त्यसमा हामी ‘रूपविन्यास’ वैयक्तिक हुने हुनाले यसका संवृत (Closed) र विवृत (Open) दुई स्थितिहरू हुन्छन् । ‘संवृत’ मा कथाकार सरल

[६] .पूर्ववत् ।

अभिव्यक्तितर्फ उन्मुख हुन्छ र उसले आफ्ना कथामा संरचनाको हाराहारी वा समानान्तर रूपविन्यासलाई पनि उपस्थापित गरिदिएको हुन्छ ।

साहित्यमा प्रतीक (Symbolle) मूल वस्तुका रूपमा देखाइन्छ र त्यस वस्तुले कुनै पनि अमूर्त कुरालाई जनाउँदछ । यसरी प्रतीक अमूर्तको मूर्त विधान हो । कथामा यसले संरचनापक्षलाई नै बढी संवेद्य बनाउने अथवा पात्रको स्थितिलाई बोध गराउने भूमिका खेल्दछ । प्रतीकले अव्यक्त वस्तुलाई चिनाउने काम गर्दछ । त्यसैले यो एउटा मूक भाषा हो । जुन विश्वजनीन पनि हुन सक्तछ र राष्ट्रिय, सांस्कृतिक वा जातीय पनि हुन सक्तछ । जे होस् कथामा यसले सौन्दर्यको प्रवर्द्धनको काम गर्दछ ।

बिम्ब शब्दको प्रयोग साहित्यमा 'मानसिक तस्विर' भन्ने अर्थमा प्रयुक्त हुन्छ । कुनै वस्तुको रूप, रङ्ग, गुण वा आकारको इन्द्रियग्राह्य अनुभूतिको सञ्चारण पाठकमा गर्नु नै बिम्बको मुख्य धर्म हो ।[७]

यसरी प्रस्तुत कथासङ्ग्रहमा २४ चौबीसवटा कथाहरू सङ्ग्रहित छन् । यी कथाहरूमा रूपविन्यासका सावै तत्वहरू परेका छन् । यी कथाहरूमा गाउँले जनजीवनको यथार्थ चित्र उतारिएको हुँदा अत्यन्त सरल भाषा शैलीको प्रयोग गरिएको छ । छोटा छोटा वाक्यहरूको प्रयोगले पाठकलाई अध्ययन गरेर अर्थ ग्रहण गर्न सजिलो भएको छ । कथाहरू पनि अभिधात्मक भएकाले सामान्य पाठकले पनि सहजरूपमा अर्थ ग्रहण गर्न सक्छन् ।

यस कथासङ्ग्रहभित्रको ख्याल ख्यालैमा पत्रात्मक शैली पनि प्रस्तुत गरिएको छ । जसको नमुना यस प्रकार छ -

प्यारी शकु

मिठो प्यार ।

मलाई विश्वास छ, तिमीले मेरो मनको पीडालाई बुझ्यौ होली । म पनि तिमीबिना बाँच्न र पानीबिना माछो बाँच्न बराबरै भएको छ । तिमीसँग आम्ने-साम्ने भएर दुःख-सुखका कुरा गर्ने इरादा छ । त्यसैले आज साँझ हाम्रो दोकान अगाडिको बाँसको झाङमुनि आउने छ्यौ । म तिम्रो प्रतीक्षामा बसेको हुनेछु । रातको चकमन्नतामा कसैले भेउ पाउने छैनन् । यदि तिमी आइनौ भने म धेरै दुःखी हुनेछु ।

तिमीलाई धेरै माया गर्ने शरीर

घरभेटी भाउजू, पेज नं. १९

---

[७]. पूर्ववत् ।

'उषा र सन्ध्या' कथामा प्रश्नवाचक चिन्ह, उद्धरण चिन्हका साथै तत्सम शब्द (पत्र) तद्भव शब्द (अश्रु) आगन्तुक शब्द (बी.ए.) र मर्नु भन्दा पहिले खुट्टा पसार्नु जस्तो नेपाली उखानटुक्काको पनि प्रयोग गरिएको छ ।

'मेरा आँखाबाट बरबर आँसु झऱ्यो' कथामा टुप्लुक्क, टुसुक्क, जस्ता अनुकरणात्मक शब्दका साथै युर्निफर्म, पिस, म्याक्सी जस्ता आगन्तुक शब्द र भाग्य छ भन्दैमा डोकोमा दुःख दुहेर अडिदैन' जस्तो उखान र टुक्काको प्रयोग गरिएको छ ।

### ५.५.५ निष्कर्ष

कथाकार कृष्णादेवी शर्मा (श्रेष्ठ)द्वारा रचित कथाहरूको एकमात्र कथासङ्ग्रह **घरभेटी भाउजू** (२०५९) हो । यस सङ्ग्रहको प्रकाशन २०५९ सालमा उद्योगबहादुर श्रेष्ठद्वारा भएको हो । यस सङ्ग्रहभित्र जम्मा चौबीसवटा कथाहरू सङ्ग्रहित छन् । यी कथाहरूमा समसामयिक घटनाहरूलाई नै मूलविषय बनाइएको पाइन्छ । छोराछोरी बीचको भेदभाव, छोरी बुहारीबीचको भेदभाव, सासूहरूको बक्रदृष्टि, अपरिपक्क, राजनीति, गरिब निमुखाप्रति समाजको नीच धारणा आदि नै यस सङ्ग्रहमा समावेश भएका कथाहरूको विषयवस्तु हुन् । यस कथासङ्ग्रहमा सामाजिक, राजनीति, शैक्षिक तथा प्रणयमूलक विषयवस्तुहरू समावेश गरिएको छ ।

सामाजिक विषयवस्तुमा आधारित कथामा 'कुलीनता', 'कल्पना', 'जीवन एक मोड', 'अनेक', 'बैठक परिस्थितिसँगको सम्झौता' आदि रहेका छन् । त्यस्तै शैक्षिक विषयवस्तु अन्तर्गत 'ख्याल-ख्यालमा', 'उषा र सन्ध्या', 'पश्चातापै पश्चाताप' आदि यस अन्तर्गत आउँछन् । यी कथाहरूमा शिक्षाको अभावका कारण अनमेल वाध्यात्मक विवाह, बालविवाह आदिलाई देखाइएको छ । घरभेटी भाउजू सामाजिक कथावस्तु हो र यस सङ्ग्रहको शीर्षकलाई सार्थक बनाउने कथा हो । त्यस्तै राजनैतिक विषयमा आधारित कथाहरू 'साँसद' (सानाबुवा), 'राजनीति', 'चमेरे राजनीति', 'जफुले भाँडेको गाउँ' कथामा कुशल राजनीतिको अभावमा देश अत्यन्त जन्जीर अवस्थामा पुगेको परिवेशको चित्रण गरिएको छ । देशमा व्याप्त विसङ्गति र विकृतिले गर्दा मानवीय जीवन अत्यन्त दुःखदायी बन्न पुगेको अवस्थालाई बोध गराउने कथाहरू कुलीनता, किकर्तव्यविमूढ, बैठक जीवन एक मोड अनेक आदि रहेका छन् । गरिबी र कुलतले गर्दा दुःखद् जीवन बिताउन वाध्य भएको परिवारको पीडालाई देखाउन आज श्रीदेवी र गोविन्दाको फिल्म आउँछ कथा सफल भएको छ । यस सङ्ग्रहका कथाहरूमा विशेष गरी ग्रमीण परिवेश अनुकूलको भाषाशैलीको प्रयोग गरिएको छ । कथाको बीचबीचमा तत्सम, तद्भव र अनुकरणात्मक शब्दहरूका साथै काव्य भाषाको पनि प्रयोग गरिएको पाइन्छ । कथाहरू

प्राय तृतीय सीमित दृष्टिविन्दुमा धेरै रचिएका छन् भने कम मात्रा प्रथम दृष्टिविन्दुमा लेखिएका छन् । ग्रामीण जनजीवनमा विद्यमान विकृति विसंगतिहरूलाई यस सङ्ग्रहभित्रका कथाहरूमा मुख्य रूपमा देखाउन खोजिएको छ ।

## ५.६ 'सृष्टिसौगात' कवितासङ्ग्रहको अध्ययन

### ५.६.१ परिचय

**सृष्टिसौगात** कृष्णादेवी शर्मा (श्रेष्ठ)का प्रकाशित कृतिहमध्ये आठौँ प्रकाशित कृति हो । यो कृति २०६५ सालमा त्रिवेणी साहित्य परिषद् (गैडाकोट नवलपरासीले) प्रकाशमा ल्याएको हो । **सृष्टिसौगात** शास्त्रीय वार्णिक एवम् मात्रिक छन्दमा लेखिएको साढे चार दर्जनजति कविताहरूको सङ्गालो हो । लघुतम र लघुआयाममा संरचित उनका यी कविताहरू विषयविविधता र भावविविधताका अभिव्यञ्जना हुन् ।

प्रकृति, जीवन-जगत, संस्कति, स्रष्टाबिम्ब, लोकतान्त्रिक चेतना, सहिदभाव, प्रविधि चेतना, ईश्वरीय आस्था, कलासाहित्यिक चेतना, गरिबी, अभाव, राजनीतिक विकृति र विसङ्गति, गणतान्त्रिक चेतना, प्रणयपरक अभिव्यक्ति, मानवजीवनका विविधता, स्वकीय मनोरचना आदि विविध भावभूमिमा कृष्णादेवी शर्मा (श्रेष्ठ)का कविताहरू सलल्ल बगेका छन् । उनका भावप्रवाह र कल्पनाशक्ति राम्रो छ । आजको समकालीन यथार्थलाई पनि उनले राम्ररी छामेकी छन् । यसैले **सृष्टिसौगात** विविधताको अभिव्यक्ति हो ।

कृष्णदेवी शर्मा (श्रेठ)को **सृष्टिसौगात** शास्त्रीय छन्दप्रयोगको एउटा सानो प्रयोगशाला हो । यसमा उनन्तीसवटा शास्त्रीय छन्दका कविताहरू सङ्ग्रहित छन् । नेपालीमा बहुप्रचलित शार्दूलविक्रीडित, अनुष्टुप, तोटक, वसन्ततिलका, मन्दाक्रान्ता आदि छन्दका साथै नेपालीमा अत्यन्त कम प्रचलित तनुमध्या, दमनक, समानिका, कनकमञ्जरी आदि छन्दको पनि यसमा सफल प्रयोग भएको तनुमध्या, दमनक, समानिका, कनकमञ्जरी आदि छन्दको पनि यसमा सफल प्रयोग भएको छ । छन्दको गणसङ्केत र स्पष्टीकरणले यसको उपयोगिता थपिएको छ ।[1]

नेपाली वाङ्मयका कविता, गीत, गजल, कथा आदि विधात्मक काव्यसिर्जनामा रमाउने कवयित्री कृष्णादेवी शर्मा (श्रेष्ठ)द्वारा सङ्ग्रहित कृतिका सिर्जनाहरूमा भावको सघनता, कलात्मकता, सम्प्रेषणीयता र प्रभावोत्पादकताप्रति सचेष्ट रही सुकोमल शब्दसंयोजन एवम् हृदयविदारक पद्लालित्यको श्रुतिमधुर झङ्कृत **सृष्टिसौगात**मा बेजोडले प्रसारण गरिएको छ, जसले गर्दा कृति सम्मोहवदार भएको छ र कविताहरू

---

[1] डा. लक्ष्मणप्रसाद गौतम, दृष्टिसौगात, (२०६५) शुभकामना शब्द पृष्ठ:६

उत्कृष्ट बनेका छन् । छन्दप्रयोगमा कतै विचलन र मात्रा गिरावटले त्यति खिर खिन्याउँदैन । विविध विषयमा केन्द्रित भएकाले विविध भावभङ्गिताको छनक दिन्छन् । सरलता, सरसता र सहजता कवयित्रीका वैशिष्टय बनेका छन् । कवयित्रीले कृतिका माध्यमबाट नेपाली भाषा, नेपाली साहित्य, नेपाली संस्कृति, नेपाली सभ्यता, नेपाली कला, नेपालीपन र नेपाली मनको मनोहर दृश्याङ्कन प्रस्तुत गर्दै प्रकृतिप्रेम, राष्ट्रानुराग, मानवीय अनुरञ्जनाप्रतिको मनोभिलाषाहरूका साथ सहिदहरूको स्मरण काव्यमयीप्रति हार्दिकता नयाँ नेपाल निर्माणप्रतिको सचेष्टता, लोकतन्त्रप्रतिको तीव्र आकाङ्क्षा, नारी र पुरुष बीचको विभेदता, वैज्ञानिक आविष्कारप्रतिको प्रशंसा, हिंसा, आतङ्कको विरोध, शान्ति र स्थिरताको चाहना, सामाजिक असमानताजन्य तमाम शोषण, उत्पीडक र उच्छवासप्रति जीवनका प्राप्ति-अप्राप्ति, हर्ष-विस्मात सफलता असफलता आदिका भोगाइहरूको प्रतिबिम्बसमेत उतार्न सफल भएकी छन् ।[२]

## ५.६.२ सृष्टिसौगातको छान्दिक विविधता

कृष्णादेवी शर्मा (श्रेष्ठ)को **सृष्टिसौगात** (२०६५) उनको आठौं प्रकाशित कृति हो । जीवनको झन्डै उत्तरार्धतिर आएर कृतिहरूको प्रकाशनतर्फ लागेकी कृष्णादेवी शर्मा ( श्रेष्ठ) स्वत:फूर्त कवयित्री हुन् । उहाँका गीत र कविता कल्पना भावना र अनुभूतिका उपज  हुन् । उहाँमा एउटा सशक्त आख्यानकार व्यक्तित्व पनि छ । यसैगरी गीत, गजल, फुटकर कवितादेखि खण्डकाव्यसम्मको पद्यरचना र कथा उपन्याससम्मको गद्य रचनामा उहाँको कलम गतिमय भएर अगाडि बढिरहेको देखिन्छ ।

**स्मृतिको एक झिल्को** खण्डकाव्यको रचनासम्म कवयित्री कृष्णादेवी शर्मा (श्रेष्ठ) मा छन्दप्रति अनुराग देखिए तापनि छान्दिक सचेतता न्यून देखिन्छ । तर २०६२-६३ पछि उहाँले आफ्नो अध्ययन र सृजना अभ्यासद्वारा छन्दोवद्ध कविताका क्षेत्रलाई निकै फराकिलो पारेको पाइन्छ । फलस्वरूप त्यसपछिका विभिन्न पत्रपत्रिका र साहित्यगोष्ठिहरूमा उहाँका कविताको प्रकाशन र वाचनाले निरन्तरता पाइरहेको र छन्दका कवितामा परिष्कार र सिद्धहस्तता देखिँदै आएको पाठक भावहरूले अनुभूति गर्दै आइरहेका छन् । यसैको परिणतिस्वरूप सृष्टिसौगात नामक छन्दोबद्ध कविताहरूको सँगालो प्रकाशित हुन पुगेको छ ।

**सृष्टिसौगात** उन्नतीसवटा छन्दमा रचित चौवन्नओटा कविताहरूको सङ्ग्रह हो । यसमा छ अक्षरीय छन्द शशिवदनादेखि एक्काईस अक्षरीय स्रग्धरासम्म छन्दहरू प्रयुक्त छन् । आरम्भमा प्रत्येक छन्दका गण-सङ्केतको परिचय दिइएकाले छन्दमा कविता रचना

[२]. केशवराज आमोदी सृष्टिसौगात, (२०६५) शुभसम्पत्ति, पेज ।

गर्न उत्सुक कवि प्रतिभाहरूका लागि पठनीय र सङ्ग्रहणीय पुस्तकका रूपमा प्रस्तुत कवितासङ्ग्रह देखा परेको छ । छन्दको सोदाहरण ज्ञान र कविताको रसानुभूति दुबै कुराको सम्मिश्रण पाइने हुँदा पनि यो कृतिको विशेष महत्त्व छ ।

संरचनाका दृष्टिले यस कृतिमा शशिवदना सहित ६ अक्षरीय संरचनाका अन्य दुई कविता छन् । 'तनुमध्या' छन्दको मनमाली र 'दमनक' छन्दको झरर मन कविता । सात अक्षरको छन्द एउटा मात्र समानिक प्रयुक्त छ । यो 'राह' शीर्षकको कविता हो । आठ अक्षरीय अनुष्टुप छन्दमा सबैभन्दा बढी कविता रहेका छन् । 'नयाँ वर्ष', 'माउको स्मृति', 'उठौं युवा', 'अब यो लोकतन्त्रमा', 'मोतीको सम्झनामा', 'राष्ट्रिय प्रतिभा सुसाङ्ख्य', 'मौसम', 'सहिदको श्राप', 'राष्ट्रिय प्रतिभा', 'हार', 'कति सौम्य छ', 'परिवर्तन' र 'संविधान' शीर्षकका चौधवटा कविता अनुष्टुप छन्दमा रचिएका छन् । यसैगरी आठ अक्षरकै पाठ हुने विद्युमाला छन्दको एउटा कविता 'सोलोडोलो' शीर्षकमा रहेको छ ।

एघार अक्षरीय संरचनाको शालिनी छन्दमा 'द्वन्द्वको दर्द' शीर्षकको एउटा कविता छ भने इन्द्रवज्रा छन्दमा 'साहित्य, तुमाम', 'द्योतितभूमि' र 'स्रष्टा' शीर्षकको पाँचवटा कविता छन् । एघार अक्षरीय संरचनाका उपेन्द्रवज्रा छन्दमा 'गरिब' र 'मनको मझेरी' शीर्षकका दुई कविता र उपजाति छन्दमा 'अभिषेक' शीर्षकको एउटा कविता रहेको पाइन्छ । 'रथोद्धता' पनि एघार अक्षरीय अक्षरकै संरचनाको कविता हो । यस छन्दको कवितालाई 'अभद्रता' शीर्षक दिइएको छ । एघार अक्षरीय ढाँचाका अन्य कविता पनि छन् । कनकमञ्जरी र इन्दिरा छन्दका कविता सोही शीर्षकमा रहेका छन् भने स्वागता छन्दको कवितालाई 'स्वागतम्' शीर्षक दिइएको छ । यसमा अघिल्लो पाउमा दस अक्षर र दोस्रो पाउमा एघार अक्षर हुने अर्धसम्वृत्तको वियोगिनी छन्दको कविता सोही शीर्षकमा रहेको छ ।

बाह्र अक्षरीय संरचनाको स्रग्विणी छन्दमा 'बालक' र 'साधना' शीर्षकका दुई कविता छन् । तोटक छन्दमा 'यो चाला' शीर्षकको कविता इन्द्रवंशा छन्दमा 'शारद' र 'शोभा' शीर्षकको कविता वंशस्थ छन्दमा 'पीडा' भुजङ्गप्रयात छन्दमा 'दिलैभित्र जो छ' तथा द्रुतविलम्बित छन्दमा 'शुभमन्त्र' कविता रहेका छन् ।

तेह्र अक्षरीय संरचनाको मत्तमुयुर छन्दमा 'यो कस्तो ?' शीर्षकको कविता चौध अक्षरको वसन्ततिलका छन्दमा 'विशुद्धता', 'लोकतन्त्र', 'तलाश', 'प्रतिहार' र 'देवघाटको महिमा' कविता, पन्ध्र अक्षरीय ढाँचाको मालिनी छन्दमा 'कृष्णगण्डकी', सोह्र अक्षरको पञ्चामर छन्दमा 'नारायणी' सत्र अक्षरको मन्दाक्रान्ता छन्दमा 'बाटिका' र 'सृष्टिको खाका' शिखरिणी छन्दका 'शिशिर' कविता, उन्नाईस अक्षरको शार्दुलविक्रीडित छन्दमा

'दुर्भिक्ष' र 'निधन' तथा एक्काईस अक्षरको स्रग्धरा छन्दमा 'सौगात' शीर्षकको कविता रहेको देखिन्छ ।

यसरी हेर्दा छ अक्षरका ढाँचाका तीन, सात अक्षरीय एवम् आठ अक्षरका पन्ध्र, एघार अक्षरका तेह्र, बाह्र अक्षरको सात, तेह्र अक्षरको एक, चौध अक्षरका पाँच, पन्ध्र अक्षरको एक सोह्र अक्षरका एक, सत्र अक्षरका तीन, उन्नाइस अक्षरका दुई र एक्काईस अक्षरको एक कविता रहेको पाइन्छ । यी सबै समवृत्तका कविता हुन् । यस सङ्ग्रहमा एउटा अर्धसमवृत्त कविता पनि छ । त्यो हो वियोगीनी छन्दको कविता यसका अघिल्लो पाउमा दस अक्षर र दोस्रो पाउमा एघार अक्षर रहेका हुन्छन् । छन्दका दृष्टिले शशिवदना, तनुमध्या, दमनक, समानिका विद्युन्माला शालिनी उपजाति, रथोद्धता, कनकमञ्जरी, वियोगिनी, इन्दरा, स्वागता, तोटक, इन्द्रवंशा, वंशस्थ, भुजङ्गप्रयात, द्रुतविलम्बित, मत्तमयूर, मालिनी, पञ्चचामर शिखरिणी र स्रग्धरा छन्दाका एक-एक कविता, स्रग्विणी, मन्दाक्रान्ता । शार्दूलाविक्रीडित वसन्ततिलका छन्दका पाँच पाँच तथा अनुष्टुप छन्दका चौधवटा कविता यसभित्र संमेटिएका छन् । अनुष्टुप छन्दको एउटा कवितामा शार्दुलविक्रीडित छन्दको एक श्लोकबाट उठान गरिएको पाइन्छ तर त्यो छुट्टै कविता नभएकाले त्यसको गणना पनि गरिएको छैन । यसरी हेर्दा छन्दसङ्ख्या उन्नतीस र कवितासङ्ख्या चौवन्न हुनपुग्छ ।[३]

## ५.६.३ शीर्षक

शीर्षक कविताको आधारभूत तत्व हो । शीर्षक र वर्ण्य विषयका बीचमा अन्तरसङ्गति मिल्नुपर्ने हुन्छ । शीर्षक कविताकृतिको नामाकरण मात्र नभई कृतिका सारभूत भाव र विचारको सूचक सङ्केत वा उद्‌घाटकसमेत हुनुपर्ने हो । शीर्षक विशेषीकृत भएमा यसले कृतिका अन्तर्वाह्य संरचना र भाषाशैलीले बहन गरेको समग्र विषयवस्तुको केन्द्रीय कथ्यलाई जाहेर गर्दछ नै । तर खास कोण नभएका सामान्यीकृत शीर्षकमा त्यो सामर्थ्य हुँदैन, शीर्षक र केन्द्रीय कथ्यका बीच बाहिरी वा भित्री सङ्गति नै नहुनुचाहिँ विडम्बना नै हुन पुग्छ । त्यसबाट विरोधाभास र व्यङ्ग्य व्यक्त पनि शीर्षकको प्रत्याशा भने विफल नै रहन्छ ।[४]

दुई शब्दको मिलनबाट यो छन्दोबद्ध कवितासङ्ग्रहको जन्म भएको छ । प्रथम शब्द सृष्टि जसको अर्थ सिर्जना, नयाँ निर्माण, रचना, उत्पत्ति, आरम्भ सुरु र दोस्रो शब्द सौगात, सौगातको अर्थ हुन्छ कोसेली, उपहार, नजराना, सरल रूपमा सृष्टिसौगात भन्दा

---

[३]. गोविन्दराज विनोदी, सृष्टिसौगात, सृष्टिसौगातको अवलोकन गर्न खोज्दा, पेष्ठ ट र ठ ।

[४] डा बासुदेव त्रिपाठी, सहप्रा. दैवज्ञराज न्यौपाने, सहप्रा.केशव सुवेदी, नेपाली कविता भाग ४, चौथो संस्करण, साझा प्रकाशन पृष्ठ १७ ।

सिर्जनाको उपहार भन्न सकिन्छ ।[४] यस कवितासङ्ग्रहभित्र जम्मा-जम्मी ५४ (चउन्नवटा) कविताहरू रहेका छन् । ती कविताहरू निम्न शीर्षकमा रहेका छन् । (१) पेवा (२) मनमाली (३) झरर मन (४) राह  (५) नयाँ वर्ष (६) भानुको स्मृतिमा (७) उठौँ युवा (८) अब यो लोकतन्त्रमा (९) मोतीको सम्झनामा (१०) बालबालिका (११) सुसाङ्ख्य (१२) मौसम (१३) शहीदको श्राप (१४) राष्ट्रिय प्रतिभा (१५) हार (१६) कति सौम्य छ (१७) परिवर्तन (१८)संविधान (१९) सोलोडोलो (२०) द्वन्द्वको दर्द (२१) साहित्य (२२) तमाम (२३) महाकवि (२४) द्योतित भूमि (२५) स्रष्टा (२६) गरिब (२७) मेरो मझेरी (२८) अभिषेक (२९) अभद्रता (३०) कनकमञ्जरी (३१) वियोगिनी (३२) इन्दिरा (३३) स्वागतम् (३४) बालक (३५) साधना (३६) यो चोला (३७) शारदीशोभा (३८) पीडा (३९) दिलैभित्र जो छ  (४०) शुभमन्त्र (४१) यो कस्तो (४२) विशुद्धता (४३) लोकतन्त्र (४४) तलाश (४५) प्रतिहार (४६) देवघाटको महिमा (४७) कृष्णगण्डकी (४८) नारायणी (४९) वाटिका (५०) सृष्टिको खाका (५१) शिशिर (५२) दूर्भिक्ष (५३) निधन (५४) सौगात

यी ५४ वटा कविता सङ्ग्रहित भएको **सृष्टिसौगात** कवितासङ्ग्रह छन्दोबद्ध कवितासङग्रह हो । यसको शीर्षक वास्तवमा सृष्टिको सौगात हो । यो नयाँ आउने पिढीका लागि जो छन्दोबद्ध कविता रच्न चाहन्छ त्यसको लागि उपहार स्वरूप दिन कवयित्री सफल भएकी छन् ।

### ५.६.४ संरचना

संरचना भनेको नै कविताको बनोट हो । यो कवितापिच्छे फरक-फरक हुने गर्दछ । प्राचीन कविहरूले शास्त्रीय पद्धतिलाई आत्मसात गरेको देखिन्छ कविताको सन्दर्भमा संरचना भनेको यी सबै तत्वहरूको कूलयोग र कूल-योग भन्दा बढी अरु केही पनि हो, जसबाट कविताको निर्माण हुन्छ ।[५]

**सृष्टिसौगात**को आवरण पृष्ठ निकै आकर्षक छ भने पछिल्लो पृष्ठमा सौगात हामीलाई यसरी प्रदान गर्नुभएको छ कृष्णादेवी शर्मा (श्रेष्ठ) ले ।

'के चूँ खै सबमा भएन जन हो, रित्तो छ यो जीवन
यौटा यो दिलमा बहन्छ सहजै सम्झन्छु यै पावन
टक्रयाई मन ढुक्क पार्न अहिले स्वीकार तिम्रो भए
भाषा भाव छ यो सदा अमर लौ सौगात लेऊ न हे'

छन्द शार्दूलविक्रीडित

---

[४] सदानन्द अभागी -जनमत, वर्ष २६, अङ्क ४) सृष्टिसौगात नियाल्दा, जनमत, वर्ष २६, अङ्क ४, पृष्ठ ४१ ।
[५]. मोहनराज शर्मा, 'शैलीविज्ञान' (काठमाडौँ ने.रा. २०४८ पृष्ठ ३३-३४) ।

सङ्केत ऽऽऽ, ॥ऽ, ।ऽ।, ॥ऽ, ऽऽ।, ऽऽ।, ऽ

म स ज स त त गु

(आवरण पछिल्लो, पृष्ठ)

त्रिवेणी साहित्य परिषद् नवलपासी प्रकाशन रहेको यो कविता सङ्ग्रहमा जम्मा १३४ (२२+११२) पृष्ठ रहेका छन् । यसमा जम्मा जम्मी ५४ (चौवन्ननवटा) कविता सङ्ग्रहित भएका छन् । यी चौवन्नवटा कविताहरू २९ (उन्नतीसवटा) छन्दमा लेखिएको छ ।[६]

## ५.६.५ विषयवस्तु

कवि आफूले देखेका र अनुभव गरेका जीवन जगत्का यावत् विषयवस्तुलाई टिपेर त्यसको केन्द्रीयतामा कविता रचना गरेको हुन्छ । कविले कुनै पनि विषयलाई लिएर त्यसको भाव-स्पर्शले मनोलोकमा उब्जिएका तत्क्षणिक तरङ्गहरूको लयात्मक अभिव्यक्ति प्रस्तुत गर्दा कविता सिर्जना हुन जान्छ ।[७]

विषयवस्तुका दृष्टिले व्यापक क्षेत्रलाई ओगट्न पुगेको **सृष्टिसौगात** कवितासङ्ग्रहभित्रका कविताहरूमा प्रकृतिप्रेम, राष्ट्रानुराग, सहिदको स्मरण, नारीपुरुषबीचको विभेदता, हिंसा र आतंकको विरोध, शान्ति र स्थिर राज्यव्यवस्थाको कामनाजस्ता घटनाहरू समावेश भएको हुँदा कवितासङ्ग्रह सुन्दर बनेको छ ।[८]

### (क) प्रकृतिसँग सम्बन्धित कविताहरू

यस कवितासङ्ग्रहभित्र 'शिशिर' शीर्षकको कवितामा प्रकृतिका छवटा ऋतुमध्ये शिशिर ऋतुको वर्णनका साथै शिशिर पछि वसन्त ऋतुको आगमनको वर्णन यसरी गरिएको छ ।

'फरक्कै फर्क्यो लौ शिशिर ऋतु यो फेरी जगमा
तुषारो हा । कस्तो वरपर छरी सर्व भवमा
बढी चिसो हावा मन र मुटुमा भित्र पसने
मनोहारी नासी वन हरितिमा ओस घसने'

(शिशिर, पृष्ठ १००)

---

[६]. सदानन्द अभागी, सृष्टिसौगात नियाल्दा, जनमत, वर्ष २६, अङ्क ४, पृष्ठ ४१ ।

[७] सिर्जना पन्त -उमानाथ भण्डारीको जीवनी, व्यक्तित्व र कृतिको अध्ययन, स्नाकोत्तर शोधपत्र, त्रिभुवन, ब.क्या. तानसेन, २०५८ अप्रकाशित ।

[८] सदानन्द अभागी, सृष्टिसौगात नियाल्दा, जनमत, वर्ष २६, अङ्क ४, पृष्ठ ४२ ।

त्यस्तै गरी प्रकृतिसँग जीवनको समीकरणको चाह राखी 'दिलैभित्र जो छ' शीर्षकको कवितामा प्रकृतिको वर्णन यसरी गरिएको छ ।

'छ हावा मिठो, शुद्ध भै फैलिएको
देखुँ कतै भावना मैलिएको ।'

**(ख) शान्तिको चाहना गरी लेखिएको कविताहरू**

देशमा झण्डै-झण्डै एकदशक लामो समयसम्म चलेको द्वन्द्वबाट आजित भएका जनताहरूले शान्तिको कामना गरीरहेका छन् । देशमा बढिरहेको द्वन्द्व, हत्या, हिंसा, आतङ्क आदिको अन्त्यको नाम मात्र भएर पनि लोकतन्त्र र गणतन्त्र स्थापना भइसकेको तर जनताले शान्तिको सास फेर्न नपाइरहेको अवस्था छ, त्यसलाई विषयवस्तु बनाएर कविताहरू लेखिएका छन् ।

यसअन्तर्गत पर्ने कविताहरूमा 'अभद्रता', 'वियोगिनी', 'बालबालिका', 'द्वन्द्वको दर्द', 'अभिषेक' आदि पर्दछन् ।

नेपाल आमालाई सम्बोधन गर्दै, नेपाल आमा देशमा चलेको द्वन्द्वमा गोलीगट्टा र बन्दले त्रसित भएकी छन् । त्यसैले शान्तिको कामना गरी कवयित्रीले आफ्नो भावना यसरी प्रस्तुत गरेकी छन् -

'आमा मेरी द्वन्द्वले छट्पटाइन
गोलीगट्टा बन्दले त्रास पाइन
भेजी देऊ शान्तिको रोशनी लौ
माता चण्डी दर्द मेरो मिटाऊ ।'

द्वन्द्वको दर्द, पृष्ठ ३३

शान्तिको अग्रदूत गौतम बुद्ध जन्मिएको शान्तिको देश भनेर चिनिने यस देशमा अशान्ति फैलिएको भावलाई यसरी कवितामा प्रस्तुत गरिएको छ -

'फैलियो जगतमाझ रुष्टता
मैलियो नि कसरी त मित्रता
बुद्धको अमर शान्ति मासियो
यै हुँदा सकल राष्ट्र भासियो' ।

**(ग) धार्मिक स्थल नदीहरूको महिमागान गरिएको कविताहरू**

नेपाल जलस्रोतमा दोस्रो धनी देश भनिन्छ । केही नदीहरू धार्मिक तीर्थस्थलसँग पनि सम्बन्धित छन् । जहाँ नुहाएमा पनि पुण्य कमाइन्छ भन्ने धारणा धार्मिक आस्था बोकेका मानिसहरूको छ । नदीहरूमा भएको प्राकृतिक सुन्दरताको वर्णन कवयित्रीले निम्न कविताहरूमा गरेकी छन्- 'देवघाटको महिमा', 'कृष्णगण्डकी', 'कालीनदी', 'नारायणी' आदि ।

कवयित्री 'देवघाटको महिमा' शीर्षकको कवितामा माघ महिनामा तीर्थयात्रीहरू मेला लागी भिड हुन्छ र त्यो एक सुन्दर धार्मिक स्थल हो भनी कवयित्रीले कवितामा यसरी व्यक्त गरेकी छन्-

'यो देवघाट कति सुन्दर एक धाम
भेटिन्छ देव सबको महती तमाम
मेला भरिन्छ हरसाल सुमास माघ
मानिन्छ शास्त्रभरमा पहिलो प्रयास'

देवघाटको महिमा, पृष्ठ ८७

त्यस्तै गरी कवयित्रीले नारायणी नदीमा साँझमा सधैँ तीरनेरै आएर प्रणाम गरी आफ्नो शरीर शुद्ध भएको महसुस भएको र नारायणी पनि एउटा घाम भएको कुरालाई उनले कवितामा यसरी प्रस्तुत गरेकी छन्-

'सबेरै साँझमा सदा तिमीतिरै त आउँछु
प्रणाम गर्छु है झुकी म देह शुद्ध पाउँछु
कृपा गरेर मेटियौ न चाहना मभित्रको
कहाँ छ ? घाम बेस त्यो सुरम्य हा सुजन्मको'

नारायणी, पृष्ठ ३२

**(घ) साहित्यकार एवम् साहित्यसँग सम्बन्धित कविताहरू**

आफै साहित्यकार भएको नाताले हुन सक्छ उनले साहित्यकारको बडो सम्मान व्यक्त गरेकी छन् । वास्तवमा साहित्यको जग बसाल्ने वा साहित्यको एउटा अटल रूप दिने साहित्यकारप्रति उनी समर्पित छन् । त्यतिमात्र होइन उनले आफूलाई औधि सहयोग गर्ने साहित्यकार गोविन्दराज विनोदीलाई पनि सम्झेकी छन् । यसअन्तर्गत पर्ने

कविताहरूमा 'भानुस्मृति', 'मोतीको सम्झना', 'गोविन्दराज विनोदी', 'साहित्य', 'स्रष्टा', 'स्वागतम', आदि पर्दछन् ।

'मोतीको सम्झना' शीर्षकको कवितामा कवयित्रीले मोतीरामको सम्झना गर्दै तीस वर्षको कलिलो उमेरमा अर्थात् मर्त्यलोकमा थोरै वसे पनि आफूमा भएभरको गुण दिएर गयौ भन्ने कुरालाई कवितामा कवयित्रीले यसरी प्रस्तुत गरेकी छन् -

'मर्त्यको भोग त्यो थोरै, रहेछ बाँचनै कति
फर्कियौ तीस वर्षमा, दिएर गुण जे-जति ।'
मोतीको सम्झना, पृष्ठ १४

'राष्ट्रिय प्रतिभा' शीर्षकको कवितामा कवयित्रीले आफूलाई हरपल सहयोग गर्ने गोविन्दराज विनोदीप्रति दुई शब्दले सम्मान दिएकी छन् । उनी गैँडाकोटमा बस्दै गरेका जोछन् उनले कला संस्कृतिको जगेर्नामा सरिक हुने व्यक्ति हुन् भन्ने कुरालाई कवितामा यसरी व्यक्त गरेकी छन् -

'परासीको यही गैँडाकोटमा रम्दछन् यिनी
कला-संस्कृतिको पीडा, भावमा घुम्दछन् यिनी'

**(ङ) नारीलाई जागृत हुन आह्वान गरिएको कविताहरू**

नारी र पुरुष एक रथका दुई पाङ्ग्रा हुन् । एउटाको अभावमा अर्को सक्रिय हुन सक्दैन भनिन्छ तर समाजमा महिला र पुरुषले पाउने अधिकारमा, सहभागितामा आस्मान र जमिनको भिन्नता छ । त्यसैले जति पछि हट्यो त्यति पछाडि परिन्छ, अधिकार मागेर नभए खोसेर भए पनि लिनुपर्छ । महिलाहरू, सामाजिक, राजनैतिक, आर्थिक हरेक क्षेत्रमा पछाडि पारिएका छन् । त्यसैले नारी स्वयम् जागृत हुन आह्वान गरिएको कविताहरू निम्न छन्- 'अव यो लोकतन्त्रमा', 'परिवर्तन', 'संविधान' आदि ।

देशमा लोकतन्त्र आए पनि नारी सधैँ पछाडिको पछाडि छन् । देशको माया नारी र पुरुष दुवैलाई बराबर हुन्छ । देशको सेवा गर्ने रहर नारीलाई पनि हुन्छ तर हाम्रो देशको रूढिग्रस्त वा अन्धविश्वासी परामा आँटेको केही पनि पुग्दैन भन्ने कुरालाई कवितामा कवयित्रीले यसरी प्रस्तुत गरेकी छन् -

'धेरै छ मनमा माया, देश सेवा गरौँ भनी
रूढिग्रस्त छ लोक, आँटे पुग्दैन क्यै पनि ।'

अब यो लोकतन्त्रमा, पृष्ठ १२

अब नारीको सपना पूरा हुनेछ किनभने अब नयाँ संविधान लेखिन लागेको छ र त्यसमा नारीहरूका कुरा लेखिनेछन् भन्ने कुरालाई 'परिवर्तन' शीर्षकमा कवयित्रीले यसरी प्रस्तुत गरेकी छन् -

'हुनेछ अब लौ हाम्रो स्वप्ना साकार शाश्वत
संविधानमहाँ लेख्छौँ, नारी हक सतोसत ।'

परिवर्तन, पृष्ठ ५९

**(च) सामाजिक विषयवस्तुसँग सम्बन्धित कविताहरू**

समाजमा रहेका विभिन्न कुराहरूलाई मूल विषयवस्तु बनाएर रचना गरिएको कविताहरू सामाजिक विषयवस्तुसँग सम्बन्धित कविताअन्तर्गत पर्दछन् । यसअन्तर्गत पर्ने कविताहरूमा 'नयाँ वर्ष', 'हार', 'पेवा', 'गरिब', 'इन्दिरा', 'तलाश', 'दुर्भिक्ष' आदि पर्दछन् । यी कविताहरूमा समाजमा घटेका र घट्न सक्ने घटनाहरूलाई उजागर गर्न खोजिएको छ ।

समाजमा वर्गीकृत भावना जगाएर धनी र गरिब भनी छुट्टाएर, अभिजात वर्ग (धनी) वर्गका मानिसहरूले गरिबलाई निचोरेर सबैलाई आएको चाडपर्व पनि एकलौटी जस्तो बनाएर मनाउने गर्दछन् । त्यस कुरालाई 'गरिब' शीर्षकको कवितामा यसरी देखाइएको छ ।

'छन धेर मात्र मनभित्र पीडा
समाजमा छन् अति दुष्ट कीडा
जूँगा मुठार्दै अभिजात वर्ग
मनाउँछन् वार्षिक चाड-पर्व'

गरिब, पृष्ठ ४९

मानिस-मानिस सबै एकै हुन् । त्यसैले यी दुई आँखाले सबैलाई समान रूपमा हेरौं, को ठूलो को सानो आदि विचार नराखी सबैलाई सु-शब्द बोल्न कवयित्रीले 'तलाश' शीर्षकको कवितामा यसरी प्रस्तुत गरेकी छन्-

'राखौँ न है नयन यी सबै दिनमाथि
राख्दा सुदृष्टि सबमा हुन जान्छ साथी
धोएर फाल मनको धमिलो विचार
बोलौँ सुशब्द नगरी प्रहार ।'

**(छ) विविध विषयवस्तुसँग सम्बन्धित कविताहरू**

यस सङ्ग्रहभित्रका कविताहरूमा विविध विषयवस्तुहरूलाई समेट्ने प्रयास छ । देशका आर्थिक, शैक्षिक तथा प्राविधिक वा भौतिक पक्षलाई पनि समेट्ने प्रयास गरिएको छ । यसअन्तर्गत पर्ने कविताहरूमा 'पेवा', 'सुसाङ्ख्य', 'कनकमञ्जरी साधना', 'यो चोला', 'पीडा', 'यो कस्तो? निधन', 'सौगात' । यी सम्पूर्ण कविताहरूले हाम्रो वरिपरिको वातावरणलाई देखाउने कार्य गरेको छ ।

## ५.६.६ कथनपद्धति

कवि आफै सिधै कुनै कवितात्मक कथन गर्दछ भने त्यो कविप्रौढोक्ति हो र यो स्थिति गद्य क्षेत्रको निबन्धविधासँग पनि तुलनीय छ । यहाँ कथयिता वा आत्मालापी कविले आफ्नै वस्तुपरक वा आत्मपरक काव्य आफैं गुनगुनाउँदा पनि अप्रत्यक्षतः कसैप्रति (भावकप्रति) सम्बोधित गरी भन्दछ र यो कथन खास गरी तृतीय पुरुषका प्रथम पुरुषमा र कहिलेकता द्वितीय पुरुषमा पनि कथित वा आत्मालायित हुन सक्छ ।[१]

यस सङ्ग्रहका सबै कविताहरूमा कविप्रौढोक्ति कथनपद्धतिको उपयोग गरिएको छ । यस सङ्ग्रहका 'झरर मन', 'राह', 'शहिदको श्राप', 'हार', 'सोलोडोलो', 'पीडा' 'दिलैभित्र जो छ', 'सौगात', 'विधवा' आदि जस्ता शीर्षकका कवितामा प्रथम पुरुष दृष्टिविन्दु प्रयोग गरिएको छ । त्यस्तै 'वनमाली', 'नयाँवर्ष', 'उठौँ युवा', 'द्वन्द्वको दर्द', 'कनकमञ्जरी', 'स्वागतम', आदि जस्ता शीर्षकका कवितामा द्वितीय पुरुष दुष्टिविन्दु र 'पेवा', 'भानुको स्मृति', 'अब यो लोकतन्त्रमा', 'मोतीको सम्झना', 'बालबालिका', 'राष्ट्रिय प्रतिभा', 'महाकवि', 'तमाम', 'गरिब इन्दिरा', 'बालक', 'प्रतिमार', 'सृष्टिको खाका' आदि शीर्षकका कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

त्यस्तै 'सुसाङ्ख्य', 'मौसम', 'कति सौम्य छ', 'परिवर्तन', 'संविधान', 'यो चोला', 'तलाश' आदि कवितामा मिश्रित दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

[१] डा. वासुदेव त्रिपाठी, एवम् सह-समपादक नेपाली कविता भाग ४, साझा प्रकाशनको छापाखाना पुलचोक, ललितपुर, पृष्ठ १९ ।

यसर्थ यस सङ्ग्रहका कवितामा, प्रथम, द्वितीय, तृतीय र मिश्रित दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ५.६.७ केन्द्रीय भाव

केन्द्रीय भाव वा विचारका दृष्टिले **सृष्टिसौगात**ले श्रममय जीवनप्रतिको अनुराग अलापेको छ । गरिबीबाट मुक्ति र व्यक्तिका स्वतन्त्रताको चाह बोकेको छ । यसले नारी जागृतिप्रति आह्वान गरेको छ । युगीन सम्प्राप्ति, कम्प्युटर शिक्षाको महत्त्वबोध, देशमा शान्तिको कामना र चाहना, प्रकृति वर्णन, गरिब असहाय, बालबालिका र मातृवियोगको पीडाको कारुणिक चित्कारका साथसाथै प्रेमभावको झङ्कार पनि यो कृतिमा पाइन्छ । सङ्क्षेपमा भन्नुपर्दा यहाँ प्रकृतिप्रेम, राष्ट्रानुराग, सहिदको स्मरण, नारीपुरुषबीचको विभेदता, हिंसा र आतङ्कको विरोध, शान्ति र स्थिर राज्यव्यवस्थाको कामनाजस्ता जीवनप्रतिको विविध घटनाले गर्दा कविता सुन्दर बनेको छ । कवयित्रीका सुन्दर भावनाहरू झरनाझैँ बग्नुले यो कृति पठनीय र मननीय बनेको छ ।[१०]

### ५.६.८ लय विधान

**सृष्टिसौगात** कवितासङ्ग्रह छन्दोबद्ध कवितासङ्ग्रह हो । यस नूतनकृतिमा शशिवदना, तनुमध्या, दमनक, समानिका, अनुष्टुप, विद्युन्माला शालिनी, इन्द्रवज्रा, उपेन्द्रवज्रा, उपजाति, कनकमञ्जरी, वियोगिनी, इन्दिरा, स्रग्विणी तोटक, इन्द्रवंशा, वंशस्थ, भुजङ्गप्रयात, द्रुतविलम्बित, मत्तमयूर, वसन्ततिलका, मालिनी मन्द्राक्रान्ता, शार्दूलविक्रीडित र स्रग्धरा आदि २९ ओटा प्रमुख छन्दहरूको परिचय सहित ५४ ओटा कुसुम-कविताका इन्द्रेणीलहरझैँ कलात्मक र स्वाभाविक प्रस्तुतिद्वारा समलङ्कृत छ ।[११] प्रत्येक कविता छन्दमा लेखिएको हुँदा यी सबै पद्य कविता हुन् । यी छन्दमा हुँदा कसरी कहाँ विश्राम गर्ने भन्ने कुरा छन्द आफैले व्यक्त गर्दछ ।

### ५.६.९ भाषाशैली

नेपाली वाङ्मयमा कविता, कथा, संस्मरण, निबन्ध, गीत र गजल आदि । विधात्मक काव्यसिर्जनामा रमाउने कवयित्री कृष्णादेवी शर्मा (श्रेष्ठ)द्वारा सङ्ग्रहित कृतिका सिर्जनाहरूमा भावको सघनता, कलात्मकता, सम्प्रेषणीयता र प्रभावोत्पादकताप्रति सचेष्ट रही सुकोमल शब्दसंयोजन एवम् हृदयभिरामाभिव्यञ्जनामयी पदलालित्यको श्रुतिमधुर

[१०] गोविन्दराज विनोदी, सृष्टिसौगात नियाल्दा, जनमत वर्ष २६, अङ्क ४, पृष्ठ ४२ ।
[११] केशवराज आमोदी, शुम आमोदी 'सृष्टिसौगात' (२०६५) पृष्ठ ज ।

झङ्कृति सृष्टिसौगातमा बेजोडले प्रसवण गरिएको छ । जसले गर्दा कृति सममोहनदार भएको छ र कविताहरू उत्कृष्ट बनेका छन् । छन्दप्रयोगमा कतै विचलन र मात्रा गिरावटले त्यति खिरखिऱ्याउँदैनन् । विविध विषयमा केन्द्रित भएकाले विविधभावभेङ्गिमाको छनक दिन्छन् । सरलता, सरसता र सहजता कवयित्रीका वैशिष्ट्य बनेका छन् । सङ्क्षेपमा कृति सुन्दर मात्र बनेको छैन अपितु, पठनीय र सङ्ग्रहणीय पनि बनेको छ ।[१२] प्रस्तुत कवितासङ्ग्रहमा सङ्ग्रहित कविताहरू तीनवटै पुरुष दृष्टिविन्दुमा रचना गरिएको छ । सबैखाले पाठकहरूको मन छुन सफल यस सङ्ग्रहका कविताहरू सरल र बोधगम्य हुनुका साथै कविप्रौढोक्ति कथनमा संरचित देखिन्छ । पाठक र श्रोताले सहजै बुझ्ने खालको भाषाको प्रयोग भएको यस सङ्ग्रहमा लेखकीय निजात्मक शैली पाइन्छ ।

### ५.६.१० निष्कर्ष

वि.सं.२०६५ सालमा 'त्रिवेणी साहित्य परिषद' (गैँडाकोट नवलपरासी)द्वारा प्रकाशित **सृष्टिसौगात** कवितासङ्ग्रह कवयित्री कृष्णादेवी शर्मा (श्रेष्ठ)को आठौँ पुस्तकाकार कृति हो । यो छन्दोबद्ध कवितासङ्ग्रह हो । यो कवितासङ्ग्रहमा जम्मा १३४ (२२+११२) पृष्ठ रहेका छन् । यसमा जम्माजम्मी ५४ वटा शीर्षकका कविता छन् र ती २९ वटा छन्दमा लेखिएका छन् । डा.नारायणप्रसाद खनाल लेख्नुहुन्छ "प्रस्तुत कवितासङ्ग्रह छन्दको प्रयोगशाला जस्तै लाग्दछ ।" त्यस्तै डा.लक्ष्मण गौतम लेख्नुहुन्छ 'सृष्टिसौगात' शास्त्रीय वार्णिक एवम् मात्रिक छन्दमा लेखिएका साढेचार दर्जनजति कविताहरूको सङ्गालो हो । ............सृष्टिसौगात विविधताको अभिव्यक्ति हो । कृष्णादेवीको 'सृष्टिसौगात' शास्त्रीय छन्दको एउटा प्रयोगशाला हो । अनि त्यसरी नै वरिष्ठ साहित्यकार गोविन्दराज विनोदी लेख्नुहुन्छ- "सृष्टिसौगात २९ वटा छन्दमा रचित ५४ वटा कविताहरूको सङ्ग्रह हो ।" प्रकाशकको कलममा प्रेमविनोद नन्दन लेख्नुहुन्छ- "........स्रष्टा कृष्णादेवी शर्मा (श्रेष्ठ)को नाम वाङ्मय जगत्मा नवस्थापित स्थापत्य हो ।"

आफ्नो कुरामा स्वयम् स्रष्टाको भावना यसरी प्रस्फुटन भएको छ -यो सौगातको शास्त्रीय छन्दको विकास र निरन्तरतामा एउटा इँटासम्म थप्यो भने मेरो तृषित मन तृप्त हुनेछ भन्ने कुरामा विश्वस्त छु ।[१३]

प्रस्तुत कवितामा प्रयोग भएका विषयवस्तुलाई सङ्क्षेपमा भन्दा यहाँ प्रकृतिप्रेम, राष्ट्रानुराग, सहिदको स्मरण, नारीपुरुष बीचको विभेदता, हिंसा र आतङ्कको विरोध, शान्ति

---

[१२] पूर्ववत् ।
[१३] अभागीसदानन्द, सृष्टिसौगात नियाल्दा, जनमत वर्ष २६, अङ्क ४, पृष्ठ ४१ ।

र स्थिर राज्यव्यवस्थाको कामनाजस्ता जीवनप्रतिका विविध घटना प्रस्तुत भएका छन् ।[१४] यो पद्यलयमा लेखिएको छ । समग्रमा जीवनका तीतामीठा भोगाइ, संवेग र आवेग, प्रेमपीडा, अतीत, विरह, वेदना, व्याकुलता, मानसिक द्वन्द्व, आत्मक्रन्दन र अन्तर्जलन जस्ता दैनिक जीवनका यथार्थ कथा र व्यथा यस सिर्जनाभित्र अति संवेदनशील बनेर पोखिएका छन् ।

## ५.७ 'निर्झरिणी' गजलसङ्ग्रहको अध्ययन

### ५.७.१ परिचय

गजल अरबीमा जन्मेर उर्दू, फारसी र हिन्दी हुँदै नेपाली सहित्यको माध्यमिक कालमा युवा कवि मोतीराम भट्टद्वारा भित्र्याइएको कविताको एक उपविधा हो ।[१]

तीव्र विन्यास एवम् लघु संरचनाका दृष्टिले मुक्तक र लघु कथासँग धेरै नजिक देखिने गजल विशेषतः सङ्गीत चेतनाका आधारमा गीत एवं बिम्ब, प्रतीक, उपमा जस्ता अलङ्कार प्रविधिको प्रयोग र सौन्दर्य चेतनाको दृष्टिले कविताको पनि स्वाद दिने साहित्यको एउटा स्वरूप हो ।[२] यो बिम्ब, प्रतीक, उपमा जस्ता अनेक प्रकारको विन्यास वा पद लिने एक शास्त्रीय गद्यात्मक र गहिरो भाव भएको सशक्त लघु आकारको काव्यस्वरूप हो ।

गजलको व्युत्पत्तिमूलक अर्थ खोतल्दा 'ग' ले वाणी 'ज' ले स्त्री र 'अल' ले सँगैको भन्ने बुझिन्छ । अर्थात् गजल प्रेमभाव प्रधान श्रृङ्गारिक हुनुपर्छ भन्ने मान्यता छ ।[३] सुरुका गजलहरूमा विषयवस्तु श्रृङ्गारिक भावयुक्त हुन्थे अर्थात् नायक नायिका बीचको प्रेम प्रणय नै यसको विषयवस्तु हुन्थ्यो तर आजको अवस्थामा विभिन्न समसामयिक विषयहरूलाई लिएर गजल लेखिन थालिएको छ । गजल गजलकारको स्वःस्फूत भावनाको सँगालो हो । यसलाई छन्द वा लयमा उन्न सकिन्छ । गद्य वा पद्य दुवै छन्दमा समेट्न सकिने यो विधा गीति र मुक्तकजस्ता लयमा पनि लेख्न सकिन्छ ।[४]

---

[१४] पूर्ववत् ।

[१] डा. ओझा  रामनाथ, मधुसूदन गिरी-लोकसाहित्य, पूर्व नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध (२०६०) पृ.२३१
स्टुडेन्ट बुक्स पब्लिसर्स एण्ड डिस्ट्रीव्युटर्स ।

[२] अदिप्त आर.के. गिरी-नेपाली गजल समकालोनता-ई समकालीन नेपाली गजल पृ.३ ।

[३] पूर्ववत् ।

[४] पुष्प अधिकारी अञ्जली- भलाकुसारी कृष्णादेवी शर्मा, पुष्पाञ्जली ।

एउटी सुन्दरीमा आँखाको गाजलले सौन्दर्य थपेझैँ एउटा साहित्यिक विधा बनेर साहित्यले काफिया गजलका अनिवार्य तत्व हुन् भने सुकुमारता र दुकोमलता यसका आन्तरिक गुण हुन् ।[५]

**निर्झरिणी** गजलसङ्ग्रह कृष्णादेवी शर्मा (श्रेष्ठ)को सातौँ प्रकाशित कृति हो । यसभन्दा अगाडि उनका ६ वटा पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् । २०६३ सालमा 'त्रिवेणी साहित्य परिषद' नवलपरासीबाट प्रकाशित **निर्झरिणी** गजलसङ्ग्र कृष्णादेवी शर्मा (श्रेष्ठ)को पहिलो गजल सङ्ग्रह हो । यस सङ्ग्रहभित्र जसमा सत्तरीवटा गजलह सङ्ग्रहित भएका छन् । यी गजलहरूमा समसामयिक घटनाक्रमहलाई नै मूल विषयवस्तु बनाइएको छ ।

## ५.७.२ विषयवस्तु

प्रस्तुत **निर्झरिणी** गजलसङ्ग्रहको विषयवस्तुलाई नियाल्दा गजलकारले विविध विषयवस्तुलाई समेट्न खोजेको पाइन्छ । यस सङ्ग्रहका गजलहरूमा प्रेमप्रणयको शिष्ट अभिव्यक्ति, नेपालको हिंसाजन्य राजनीतिप्रति चिन्ता, लोकतन्त्र तथा शान्ति स्थापनाको आग्रह, उच्च राष्ट्रप्रेम, प्रकृति र जीवनको सहसम्बन्ध बोध, सामाजिक रूपान्तरण, विकृति विसङ्गतिको तीव्र विरोध, नारी जागरणको आवश्यकता, आदि प्रमुख विषयवस्तका रूपमा आएका छन् । लामाछोटा गरी जम्मा सत्तरी पेजमा सङ्ग्रहित सत्तरीवटा गजलहरूले विविध पक्षहलाई समेटेको पाइन्छ । यस सङ्ग्रहका गजलहरूमा विशेष गरी सामाजिक पक्ष, शृङ्गारिक पक्ष शान्तिको चाहना, राजनैतिक पक्षलाई मुख्य रूपमा देखाउने कोसिस गरिएको छ ।

### (क) सामाजिक विषयवस्तुसँग सम्बन्धित गजलहरू

समाजमा घटेका र घट्न सक्ने घटनाहलाई मूल विषयवस्तु बनाएर लेखिएका गजलहरू सामाजिक गजलअन्तर्गत पर्दछन् । गजलकार शर्माले समाजमा घट्ने यथार्थ घटनालाई आफ्ना गजलहरूमा मार्मिक रूपले प्रस्तुत गरेकी छन् । एक्काइसौँ शताब्दीमा आएर पनि मानिस मानिसकै दासको रूपमा रहनु परेको तीतो यथार्थलाई गजलकारले देखाउँदै समाजमा रहेका ठूलाबडाले आफूलाई शोषण, दमन, थिचोमिचो गरेको थाहा हुँदाहुँदै पनि चुपचाप केही नबोली टुलुटुलु हेरिरहनु पर्ने बाध्यात्मक स्थितिको भण्डाफोर यसरी गरेकी छन् ।

[५] पूर्ववत् ।

'गरिबको भोको पेट देख्दा बोल्नुपर्छ
अझै उस्ले साहुबाको गोडा मोल्नुपर्छ ।'
(गरिबको भोको पेट, पृष्ठ ६६)

यसरी एकमुठी सास बचाउनका लागि गरिब जनताले साहु महाजनको अन्याय अत्याचारलाई सहनुपर्ने र जति काम गरे पनि कामको उचित मूल्य नपाएको तीतो यथार्थको उद्घाटन यहाँका गजलहरूमा पाउन सकिन्छ ।

**(ख) राजनैतिक विषयवस्तुसँग सम्बन्धित गजलहरू**

राजनीतिसँग सम्बन्धित भएर लेखिएका गजलहरू राजनैतिक विषयवस्तुसँग सम्बन्धित गजलहरूअन्तर्गत पर्दछन् । नेपाली राजनीतिमा देखापरको विकृति विसङ्गति आदिलाई यहाँका गजलहरूमा देखाउने प्रयास गरिएको छ । देशमा बढिरहेको हत्या, हिंसा द्वन्द्व, अन्याय, अत्याचार आदिको तीव्र विरोध गरिएको छ भने अब देशमा शान्ति बहाली हुनुपर्ने चाहना पनि राखिएको पाइन्छ । कुकुर, विराला, कोही राजनीति, सत्ता बाँडी जनतासँग मन दुख्यो जस्ता गजलहरूमा राजनैतिक विषयवस्तुलाई देखाउने प्रयास गरिएको छ ।

आफ्नै-आमाको छोराहरू एक अर्कामा राजनैतिक दुश्मनी लिएर मारकाट गर्दा सबैका मन दुखेको कुरा 'मन दुख्यो ' गजलमा पाउन सकिन्छ ।

'मन दुख्या रगनको होली खेल्ने मेलाले
दाजु भाइ आपसमा हिंसा गर्ने भेलाले'
(मन दुख्यो, पृ. १)

हाम्रो देशमा नेताहरूलाई द्वन्द्वकालीन समयमा तहसनहस पारिएका विकासका संरचनाहलाई पुनर्निर्माण गर्ने कार्यप्रति अग्रसर हुन आग्रह गरिएको भाव प्रस्तुत गजलमा पाउन सकिन्छ ।

'विकासका संरचना पुनर्जीवित पार्दै
ओखर जस्तो गाह्रो कार्य छिल्नु सक्नु पथ्यो ।'
सत्ता बाँडी जनतासँग, पृ.५२

**(ग) शृङ्गारिक विषयवस्तुसँग सम्बन्धित गजलहरू**

कृष्णादेवी शर्मा (श्रेष्ठ)ले आफ्ना गजलहरूमा शृङ्गारिक विषयवस्तुलाई विशेष प्राथमिकता दिएको पाइन्छ । यहाँका गजलहरूमा प्रेमप्रणययुक्त भावहरू छरपस्ट भएर पोखिएका छन् । स्वयम् कृष्णदेवी शर्मा (श्रेष्ठ)ले पनि आफ्नो प्रेमयुक्त भावहरू गजलमार्फत पोखेको पाइन्छ । यहाँका प्रेमी प्रेमिकाहरू प्रेमको गहिराइमा चुर्लुम्म डुबेको जस्तो अनुभूति गजल पढ्दा पाठकहरूमा हुन्छ, अर्थात् प्रेमीको साथ नपाउँदा प्रेमिका र प्रेमीकाको साथ नपाउँदा प्रेमीमा हुने छट्पटी बेचैनी आदिलाई यी गजलहरूका सेरहरूमा समेटिएको पाइन्छ ।

बालककालमा अन्जानमा गरेका मायाप्रेमलाई ठूलो भएपछि दुई प्रेमी प्रेमिकाले पुनःस्मरण गरेको भाव 'दाइँ गर्दा' शीर्षकको गजलमा यसरी व्यक्त गरिएको छ ।

'तिम्रो हात समातेर मैले चुम्न खोज्दा
माया गर्छु भन्दै कान फुकेको बिर्स्यौ र?'
(दाइँ गर्दा, पृष्ठ २६)

दुई प्रेमी प्रेमिका बीच माया प्रेम बसिसकेपछि र सँगै मर्ने बाच्ने कसम खाइसकेपछि पनि अन्त्यमा विछोडिनु पर्दाको स्थितिलाई 'हृदयलाई खुसी' शीर्षकको गजलमार्फत् यसरी देखाउन खोजिएको छ ।

'हृदयलाई खुसी पारी हाँस्न सकिनँ
उनको मनमा मेरो मन टाँस्न सकिनँ ।'
हृदयलाई खुसी, पृ.२५

उनको साथ पाउँदा 'हृदयलाई खुसी', 'दाइँ गर्दा', 'पोखिएला जवानी', 'चौपारी नै छैन', 'चकोर चन्द्रमा झैँ', 'मेरो मनको आँगनमा' आदि जस्ता शीर्षकका गजलहरूमा प्रशस्त रूपमा प्रेमपरक शृङ्गारिक भावहरू पाउन सकिन्छ । रतिराग र प्रणयभावयुक्त यी गजलहरूमा प्रेमी प्रेमिका बीचको सुन्दर मनमुटाव पनि पाउन सकिन्छ ।

**(घ) शान्तिको चाहना गरी लेखिएका गजलहरू**

देशमा झण्डै एकदशक लामो समयसम्म चलेको द्वन्द्वबाट आजित भएका जनताहरूले शान्ति चाहिरहेको अवस्थालाई देखाउन यिनका गजलहरू सफल देखिन्छन् ।

देशमा बढिरहेको द्वन्द्व, हत्या, हिंसा, आतङ्क आदिको अन्त्य भई लोकतन्त्रको स्थापना भइसकेको र जनताले शान्तिको सास फेरेको अभिव्यक्ति यी गजलहरूमा पाइन्छ । **यो देशमा छिट्टै संविधान बन्नुपर्छ, हातेमालो गरौँ** जस्ता गजलहरूमा शान्तिको चाहना गरेको अभिव्यक्ति पाउन सकिन्छ ।

लोकतन्त्र आएपछि नेपालीहरूका खोसिएका अधिकार पुनः फर्किएका छन् । अत्याचार, दुराचार, दमनकारी, षडयन्त्रकारी आदिको नाइकेहरू सत्ताबाट विलम्बित भएका छन् । वर्षौंदेखि दबिएर, अचटिएर बसेका नेपालीहरू अब स्वतन्त्र भएका छन् । आफ्ना हक र अधिकारहरू निर्धक्क भएर लिन सक्ने भएका छन् भन्ने मुख्य भाव यी गजलभित्र पाउन सकिन्छ ।

'अत्याचारी दमनकारी षडयन्त्रको नाइकेको
निलम्बित मुर्दावाद मनाउन आऊ प्रिय'

(हातेमालो गरौँ, पृ.६८)

देशमा अब नयाँ संविधान बन्नुपर्छ जसले गरिनको हित गरेको हुनुपर्छ भन्ने पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म सम्भाव राख्ने अभिजात वर्गलाई पनि मानवीय कुरालाई वस्नुपर्छ भन्ने कुरा 'संविधान बन्नुपर्छ' शीर्षकको गजलमा गजलकारले यसरी प्रस्तुत गरेकी छन् ।

'संविधान बन्नुपर्छ गरिबको हित हुने
अभिजात वर्गसँग मानवीय जीत हुने'

(संविधान बन्नुपर्छ, पृ.६७)

### ५.७.३ संरचना

प्रस्तुत **निर्झरिणी** गजलसङ्ग्रहरूमा जम्मा सत्तरीवटा गजलह सत्तरी पेजमा नै सङ्ग्रहित भएका छन् । न्युनतम आठदेखि अधिकतम चौध सेरभएको यस सङ्ग्रहरूमा जम्मा सातसय चौबीस सेर रहेका छन् । स्वनिर्मित गीतिलयको प्रयोग भएको यस सङग्रहमा रदिफ-काफियाको सुरम्य संयोजन प्रतीकहरूको सार्थक प्रयुक्ति सघनभाव आदिका कारण यो गजलसङ्ग्रहमा विविध विषयवस्तुलाई समेटिएका लामा छोटा गरी जम्मा सत्तरीवटा गजल पाउन सकिन्छ । जसमा समसामयिक घटनाहरूको उजागर गर्ने प्रयास गरिएको छ ।

यस गजलसङ्ग्रहमा गजलकारले स्वनिर्मित लय (गीतिलय) को प्रयोग गरेकी छन् भने विविध विषयवस्तुमा स्वानुभूति यथार्थहरूको निश्छल पोखाइले प्रस्तुत कृति मननीय बन्न पुगेको छ ।[६]

## ५.७.४ भाषाशैली

प्रस्तुत गजलसङ्ग्रहमा प्रयुक्त भाषाशैली गजलका दृष्टिले सुन्दर देखिन्छन् । सरल सहज र सम्प्रेरणीय भाषाशैलीको प्रयोग गरिएको यस सङ्ग्रहका गजलहरू गेयात्मक किसिमका रहेका छन् । अर्को शब्दमा भन्नुपर्दा चलनचल्तीमा आएका सरल, सहज एवम् कोमल शैलीको प्रयोगले गर्दा गजलहरू पढ्न सरल बन्न पुगेका छन् । यस सङ्ग्रहका गजलहरूमा झैँ ठेका, बनिबुतो रैछ यै जस्ता कथ्य भाषाका र टुलुटुलु जस्तो अनुकरणात्मक शब्दको प्रयोग गरिएको पाइन्छ । यसका अतिरिक्त मातृत्व, जननी, पुष्पक, अमृत, प्रारब्ध, पथ, पुष्पवृष्टि, उद्यान अश्रुधारा, निमेष, पुष्पदल, ललाट, जलाशय जस्ता तत्सम शब्द र हतकडी, भिसा, अल्कोहल, वम, वारुद, व्यानर, लेबल, जहर, मेसिनगन आदि जस्ता आगन्तुक शब्दहरूको पनि प्रयोग गरिएको यस सङ्ग्रहमा प्रथम, द्वितीय, तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । त्यसैले सबै स्तर र तहका पाठकहरूको मन जित्न प्रस्तुत कृति सफल बन्न पुगेको  पाइन्छ । गजलकारले सकेसम्म लयलाई पक्रने प्रयास गरेकी छन् । काफिया र रदिफ जस्ता तत्व यिनका गजलमा सचेततापूर्वक प्रयोग भएका छन् ।[७]

यस सङ्ग्रहमा हृदयस्पर्शी सुन्दर लयात्मक भाषा पनि अश्लील नभई समाजले सजिलै पचाउन सक्ने श्लील खालका रहेका छन् । जसले गर्दा गजलहरू लोकप्रिय बन्न पुगेको पाइन्छ । यस सङ्ग्रहका सबै गजलका सेरहरू हृदय संवेध्य र भावनात्मक सुन्दर र उत्तमोत्तम छन् । जति पढ्यो पढूँपढूँ लाग्ने खालका रहेकाले कृति अत्यन्तै पठनीय, दर्शनीय र सङ्ग्रहणीय बनेको छ ।[८]

## ५.७.५ निष्कर्ष

२०६३ सालमा प्रकाशित **निर्झरिणी** गजलसङ्ग्रह कवयित्री कृष्णादेवी शर्मा (श्रेष्ठ)को सातौँ प्रकाशित पुस्तकाकार कृति हो । यस कृतिमा सत्तरीवटा गजलहरू सत्तरी पृष्ठमा नै संरचित भएका छन् । प्रस्तुत गजलसङ्ग्रह प्रेमप्रणयमूलक विषयवस्तुमा आधारित छ । मूल रूपमा प्रेमप्रणयलाई नै देखाउन खोजिएको यस सङ्ग्रहरूमा प्रेमका

---

[६] : गोविन्दराज विनोदी शुभकामनाका दुई शब्द निर्झरिणी गजलसङ्ग्रह (२०६३) ।
[७]. डा. घनश्याम न्यौपाने, 'परिश्रमी' निर्झरिणीका लागि थोरै शब्द (निर्झरिणी गजलसङ्ग्रह) (२०६३) ।
[८] केशवराज आमोदी निर्झरिणीमा दृष्टिपात गर्दा (निर्झरिणी गजलसङ्ग्रह) (२०६३) ।

श्लील शब्दहको प्रयोग गरिएको पाइन्छ । यसका अतिरिक्त यस सङ्ग्रहभित्रका गजलहमा समाजमा व्याप्त हत्या, हिंसा, आतङ्क, अन्याय, अत्याचार, विकृति, विसङ्गति आदिको भण्डाफोर गर्नु, देशमा बढिरहेको राजनैतिक अस्थिरताप्रति चिन्ता व्यक्त गर्नु, देशमा लोकतन्त्रको वाहाली गरी सबै जनताले हत्या, हिंसा, आतङ्क त्यागी शान्तिको बाटो रोज्नुपर्ने आग्रह उच्च राष्ट्रप्रेम व्यक्त गर्ने कार्य पनि भएको पाइन्छ । लयका दृष्टिले यस सङ्ग्रहभित्र स्वनिर्मित गीतिलयको प्रयोग गरिएको छ । तत्सम आगन्तुक शब्दमिश्रित कथ्यभाषा तथा अनुकरणात्मक शब्दहरूको प्रयोग गरी लेखिएको प्रस्तुत सङ्ग्रहका सबै सेरहरू हृदयसंवेद्य भावनात्मक एवं सुन्दर हुनाले विषयवस्तु तथा भाषाशैली दुवैका दृष्टिले पनि यो सङ्ग्रह पठनीय बन्न पुगेको छ ।

यसरी सर्र हेर्दा यससङ्ग्रहभित्रका गजलहमा प्रेमप्रणयदेखि लिएर प्राकृतिक सुन्दरता, सामाजिक परिवेशको चित्राङ्कन, राजनैतिक अस्थिरता, द्वन्द्व, हिंसा, आतङ्क स्वाधीनता, मानवता, शान्ति, र स्थिरताका कुराहरू पनि व्यक्त भएका छन् । अन्त्यमा भन्नु पर्दा यी गजलहमा आवश्यक रदिफ र काफियाको सुललित प्रयोग हुनुका साथै यथास्थानमा तखुल्लसको प्रयोग गरी सेरहरूलाई ओजपूर्ण बनाइएको पनि पाइन्छ । तसर्थ यस कृतिका सबै सेरहरू हृदयसंवेद्य सुन्दर हुनका साथै चलनचल्तीमा आएका सहज सरल र संप्रेषणयोग्य भाषाशैलीको कारण यस **निर्झरिणी** गजलसङ्ग्रह सबै वर्गका पाठकहरूका निम्ति पठनीय देखिन्छ ।

# परिच्छेद छ

# शोधनिष्कर्ष

## ६.१ सारसङ्क्षेप

पुर्खाहरू गौडा भन्ने ठाउँबाट आएको हुनाले उनीहरूलाई गौडेल भनेर चिन्ने गरेको पाइन्छ । स्व. पिता नारायणदत्त रेग्मी (गौडेल) र स्व. माता तुलसा रेग्मी (गौडेल) सातौँ सन्तानका रूपमा कृष्णादेवी शर्मा (श्रेष्ठ)को २००९ साल फाल्गुण १५ गते दिनका दिन धौलागिरि अञ्चल, पर्वत जिल्लाको मुडिकुवा गा.वि.स. वार्ड नं.५ मा मध्यम वर्गीय परिवारमा जन्म भएको थियो ।

उनका पिता स्व.नारायणदत्तले बहुविवाह गरेका थिए । जेठीबाट एक सन्तानको जन्म पश्चात् उनको स्वर्गारोहण भएपछि नारायण दत्तले दोस्रो विवाह गर्न पुगे । विवाह पश्चात लामो समयको अन्तरालमा सन्तानको अत्याधिक मोह भएको बेलामा तुलसा रेग्मी (गौडेल)ले सन्तान जन्माउन पुगिन् र सातौँ सन्तानको रूपमा कृष्णादेवी शर्मा (श्रेष्ठ) लाई यस धर्तीमा पाइला टेकाएको ६ महिनामा तुलसाको स्वर्गवास भयो । त्यसपछि नारायणदत्तले तेस्रो विवाह गर्न पुगे । कान्छीतर्फ पनि तीन छोरा र दुई छोरीले यस धर्तीमा पाइला टेक्न पुगे । जम्मा जम्मी गरेर कृष्णाका पिता स्व. नारायणदत्तले १३ जना सन्तानलाई उज्यालो आकाश देखाए ।

कृष्णादेवी शर्मा (श्रेष्ठ) नाबालक अवस्थामै अर्थात् ६ मासकी हुँदा आमाको न्यानो काखबाट बञ्चित हुन पुगेकी थिइन् । आमाको न्यानो काखबाट बञ्चित भए तापनि पर्वत जिल्लाको कटुवाचौपारी गा.वि.स. वार्ड नं. १ ज्ञादीको चपाइँफाँट निवासी उनकी ठूलीआमा भागीरथीको काखमा उनी हुर्कँदै गइन् । भागीरथीका कुनै पनि सन्तान थिएनन् । त्यो अपुरो काखलाई कृष्णाले पूर्ण बनाएकी थिइन् । उनले कटुवाचौपारीमा प्रशस्त माया पाएर हुर्केकी थिइन् ।

जुनबेला छोरीलाई शिक्षा आवश्यक नै छैन भन्ने धारणा थियो, त्यसबेला ठूलीआमाको उत्प्रेरणाले २०१५ सालमा ज्ञादीमा रहेको श्री सार्वजनिक प्राथमिक विद्यालयबाट उनले आफ्नो शिक्षारम्भ गरिन् । उनले त्यसै विद्यालयबाट कक्षा ८ सम्मको औपचारिक शिक्षा त पूरा गरिन् तर त्यहाँ मा.वि. तहको शिक्षालय थिएन । २०२३ सालमा कुस्मा पर्वतमा माध्यमिक तहको पढाइ हुन थाल्यो र उनी २०२५ सालमा श्री नारायण माध्यमिक विद्यालयबाट द्वितीय श्रेणीमा प्रवेशिका परीक्षा पास गरिन् ।

प्रवेशिका परीक्षामा खरो उत्रिएपछि उनलाई ज्ञादीको समाजले अझ बढी माया र आदर गर्न थाल्यो भने त्यसैबेला उनलाई श्री सार्वजनिक प्राथमिक विद्यालय कटुवाचौपारीमा अध्यापिका पनि बनाइयो । त्यसपछि उनले आफ्नो अध्ययनलाई प्राइभेट रूपमा अगाडि बढाउँदै गइन् । २०२९ सालमा आइ.ए.पास गर्न पुगिन् । त्यसपछि २०३१ सालमा लागू भएको नयाँ शिक्षा योजनाले मागेको शिक्षा आयोगमा शिक्षक पदको लागि आयोगबाट छनौट भई श्री भवानी विद्यापीठ माध्यमिक विद्यालय खानीगाउँ फलेवासमा नि.मा.वि. दरबन्दीमा शिक्षिकाको रूपमा नियुक्त भइन् । २०३६ सालमा जब उनले बी.ए. पास प्रमुख विषय नेपाली लिएर गरिन् तब उनको सोही विद्यालयमा बढुवा भई मा.वि. तहको शिक्षिका भएर रहन थालिन् ।

धेरै लामो समयसम्म विवाह बन्धनमा नबाँधिएकी कृष्णादेवी शर्मा (श्रेष्ठ) ४० (चालिस) वर्षको उमेरमा विवाहित उद्योगबहादुर श्रेष्ठसंग २०४९ साल माघ १ गते बाग्लुङ्गको भगवती मन्दिरमा गएर प्रेम विवाह गरिन् । उद्योगबहादुरकी पहिली छोराछोरी, बुहारी, नाति-नातिना सबै पर्वतको फलेबासमा नै बसोबास गर्दै छन् भने कृष्णादेवी शर्मा (श्रेष्ठ), उद्योगबहादुर र धर्मपुत्री सिर्जना नवलपरासी जिल्ला, प्रगतिनगर गा.वि.स. वार्ड नं. ३ मा एकतले पक्की घर बनाई आरामसंग बसोबास गर्दै आइरहेका छन् ।

कृष्णादेवी शर्मा (श्रेष्ठ)ले सानै उमेरदेखि साहित्यप्रति रुचि राख्दै आएको पाइन्छ । उनले लेखेका लेख रचनाहरू कापीकै पानामा मात्र सीमित रहन पुगेका थिए । विवाह पश्चात मात्र उनले २०५१ सालमा बझाङ्ग जिल्लाको चैनपुरबाट प्रकाशित **सुर्मा** नामक पत्रिकामा 'साथी' शीर्षकको कविता प्रकाशित गरेर औपचारिक रूपमा साहित्य क्षेत्रमा प्रवेश गरेको पाइन्छ । त्यसपछि २०५७ सालमा **सुनाखरी र लालीगुराँसको देश** ( कवितासङ्ग्रह) पहिलो पुस्तकाकार कृति प्रकाशित हुन पुग्यो ।

यसरी २०५१ सालदेखि औपचारिक रूपमा साहित्यिक यात्रामा लागिपरेकी कृष्णादेवी शर्मा (श्रेष्ठ), कवयित्री, खण्डकाव्यकार, कथाकार र गीतकार गजलकारको रूपमा परिचित हुन पुगेकी छन् । उनले हालसम्म आठवटा पुस्तककार द्रष्टाको माझमा पस्किसकेकी छन् र एउटा गजलसङ्ग्रह र महाकाव्य पस्कने तरखरमा छिन् । उनका हालसम्म प्रकाशित कृतिहरूमा

(१) **सुनाखरी र लालीगुराँसको देश** (कवितासङ्ग्रह २०५७)

(२) **नारायणहिटी पर्व** (तीजगीत सङ्गालो, २०५८)

(३) **अत्याचारी घर** (तीजगीत सङ्गालो, २०५९)

(४) **घरभेटी भाउजू** (कथासङ्ग्रह, २०५९)

(५) **प्रजातन्त्रमा प्रश्नचिह्न** ? ( तीजगीत सङ्गालो, २०६०)

(६) **स्मृतिको एक झिल्को** (खण्डकाव्य, २०६२)

(७) **निर्झरिणी** (गजलसङ्ग्रह, २०६३)

(८) **सृष्टिसौगात**, (छन्दोबद्ध कवितासङ्ग्रह, २०६५)

कृष्णादेवी शर्मा (श्रेष्ठ) बहुमुखी व्यक्तित्वकी धनी देखिन्छिन् । उनको व्यक्तित्वलाई स्रष्टा र द्रष्टा गरी दुई भागमा विभाजन गर्न सकिन्छ । स्रष्टा व्यक्तित्वअन्तर्गत उनलाई कवि व्यक्तित्व, कथाकार व्यक्तित्व, गीतकार, गजलकार र खण्डकाव्यकार व्यक्तित्वका रूपमा तथा द्रष्टा व्यक्तिअन्तर्गत समीक्षक व्यक्तित्वका रूपमा चिन्न सकिन्छ । त्यसै गरी साहित्येतर व्यक्तित्वमा उनलाई अध्यापिका व्यक्तित्व र सामाजिक व्यक्तित्वका रूपमा चिन्न सकिन्छ । यसरी माथि उल्लिखित विभिन्न व्यक्तित्व कृष्णादेवी शर्मा (श्रेष्ठ)ले वरण गरेकी भए तापनि उनको सर्वोच्च व्यक्तित्व चाहिँ स्रष्टा र अध्यापिका व्यक्तित्व नै भएको ठहर्छ ।

२०५१ सालदेखि औपचारिक रूपमा साहित्यिक यात्रा आरम्भ गरेकी कृष्णादेवी शर्मा (श्रेष्ठ)ले त्यसपछि निरन्तर रूपमा साहित्य साधनामा लागिपर्दा आजसम्म आठवटा पुस्तकाकार कृति प्रकाशनमा ल्याउन सफल भएकी छन् । यसरी समयको हिसाबले छोटो अवधि भए पनि प्रशस्त कृति प्रकाशनमा ल्याइसकेकी कृष्णादेवी शर्मा (श्रेष्ठ)को साहित्यिक यात्रालाई मूलतः तीन चरणमा विभाजन गर्नु उपयुक्त ठहरिन्छ ।

(क) प्रथम चरण २०५१-२०५६ (आभ्यासिक काल)

(ख) द्वितीय चरण २०५७-२०६१ (उत्थान काल)

(ग) तृतीय चरण २०६२ देखि हालसम्म (उत्कर्ष काल)

प्रथम चरणमा कृष्णादेवी शर्मा (श्रेष्ठ) साहित्यका क्षेत्रमा विद्यार्थी जीवनदेखि नै लागिपरे पनि उनले २०५१ सालदेखि मात्र औपचारिक रूपमा आफ्नो साहित्यिक यात्रा अगाडि बढाउन पुगिन् । समाजमा महिलाको नाजूक स्थिति देखेर त्यसलाई उनले शब्दमा उतार्दै गइन् तर ती सबै रचना उनका कापीका पानामा मात्र सीमित हुन पुगे । पछि २०५१ पछि विभिन्न पत्रपत्रिकामा उनका रचना प्रकाशित हुन पुगे तर पुस्तकाकार कृति भने प्रकाशित भएनन् तापनि उनी साहित्यमा निरन्तर रूपमा लाग्दै गइन् । यस चरणमा प्रकाशित उनका रचना कति प्राप्त छन् भने कति अप्राप्त पनि भए । यस चरणमा पुस्तकाकार कृति रचनाका लागि अभ्यास भएका कारण यस चरणलाई आभ्यासिक चरण भनिन्छ ।

द्वितीय चरण कृष्णादेवी शर्मा (श्रेष्ठ)को उर्वर एवम् उत्थान वा विकास काल हो । यस चरणमा कृष्णादेवी शर्मा (श्रेष्ठ)का पाँचवटा पुस्तकाकार कृति **सुनाखरी र लालीगुराँसको देश** (कवितासङ्ग्रह २०५७), **नारायणहिटी पर्व** (तीजगीत सङ्गालो २०५९) **घरभेटी भाउजू** (कथासङ्ग्रह २०५९), **प्रजातन्त्रमा प्रश्नचिह्न?** (तीजगीत सङ्गालो २०६०), **अत्याचारी घर** (तीजगीत सङ्गालो २०५९) प्रकाशित भएका छन् । यस चरणका यी कृतिहरूको अध्ययन पश्चात् कृष्णादेवी शर्मा (श्रेष्ठ)का प्रवृत्तिलाई नियाल्दा सामाजिक यथार्थवादी धारातर्फ उन्मुख, नारी चेतना, देशको सामाजिक तथा राजनैतिक अवस्थाबाट प्रभावित र विभिन्न सङ्घसंस्थाबाट रहेर काम गरेको देखिन्छ ।

तृतीय चरणमा छन्दोबद्ध वा शास्त्रीय लेखनतर्फ ज्यादै सक्रिय रहेको महत्वपूर्ण चरण हो । साहित्यिक कृति प्रकाशनका हिसाबले हेर्दा यो चरण उत्कर्षकाल हुन पुग्छ । तृतीय चरणको पहिलो कृति **स्मृतिको एक झिल्को** (खण्डकाव्य २०६२) हो । उनले आफ्नो साहित्यिक यात्राको शुभारम्भ पनि कविता विधाबाट नै गरेकी छन्  भने तृतीय चरणमा आइपुग्दा कविता विधाको मझौला रूप खण्डकाव्य लेखनमा सफल भइन् । त्यसपछि अर्को कृति **सृष्टिसौगात** (छन्दोबद्ध कवितासङ्ग्रह २०६५) स्रष्टाको हातमा सुम्पन पुगिन् । **स्मृतिको एक झिल्को** खण्डकाव्यको रचनासम्म कवयित्री कृष्णादेवी शर्मा (श्रेष्ठ)मा छन्दप्रति अनुराग देखिए तापनि छान्दिक सचेतता न्यून देखिन्छ । तर २०६२/०६३ पछि उनले आफ्नो अध्ययन र सृजना अभ्यासद्वारा छन्दोबद्ध कविताको क्षेत्रलाई निकै फराकिलो पारेकी छन् । यसरी सङ्ख्यात्मक र गुणात्मक दुवै किसिमले हेर्दा उनको तृतीय चरण उत्कर्ष कालको रूपमा रहेको छ । यस चरणका प्रवृत्तिहरू नियाल्दा छन्दोबद्ध कविता लेखनतर्फ बढी आकर्षित, परिष्कारवादिता, सामाजिक यथार्थवाद, समीक्षात्मक लेखप्रति आकर्षक आदि रहेको पाइन्छ ।

उनका हालसम्म प्रकाशित आठवटा सबै कृतिहरू पाठकको मन छुनसक्ने स्तरीय खालका रहेका छन् । यी कृतिहरूमा नेपाली समाजमा व्याप्त विकृति विसङ्गतिहरूको यथार्थ चित्रण गर्दै त्यस्ता नराम्रा प्रवृत्तिहरूको अन्त्य हुनुपर्छ भन्ने सन्देश दिइएको छ । यसरी कृष्णादेवी शर्मा (श्रेष्ठ)ले आफ्ना कृतिहरूमा समाजमा रहेका अन्याय, अत्याचार, कुरीति, दमन, पीडा, व्यथा, अनमेल विवाह, प्रेम विछोड आदि जस्ता कुराहरूलाई टपक्क टिपेर जस्ताको तस्तै रूपमा देखाउँदै आफूलाई एक सफल नारी स्रष्टाका रूपमा परिचित गराउन सफल भएकी छन् । कृष्णदेवी शर्मा (श्रेष्ठ)को साहित्यिक विधाको प्रथम प्राप्ति भनेको कविता हो । कविता लेखन साहित्यिक यात्राको प्रारम्भदेखि हालसम्म निरन्तर रूपमा चल्दै आएको भएपनि खण्डकाव्य गजल, कथा, गीत, मुक्तक आदि क्षेत्रमा पनि उनले सफलता प्राप्त गरेकी  छन् ।

**सुनाखरी र लालीगुराँसको देश** (कवितासङ्ग्रह, २०५७) कष्णादेवी शर्मा (श्रेष्ठ) को प्रथम प्रकाशित पुस्तकाकार कृति हो । यस कृतिमा लामा छोटा गरी जम्मा बयासीवटा कविताहरू सङ्ग्रहित भएका छन् । लोकलयात्मक पारामा व्यक्तिको जीवन भोगाइ, नारी आवाज, देशप्रेम, प्रेमप्रणयता, प्रकृतिप्रेम सामाजिक जनजीवनका साथै राजनैतिक, प्राकृतिक, प्रणयमूलक आदि विविध विषयवस्तुलाई समेटेर प्रथम, द्वितीय, तृतीय पुरुष तथा मिश्रित दृष्टिविन्दुमा समेटेर सरल र सहज शब्दावलीको प्रयोग गरी प्रस्तुत कवितासङ्ग्रहको रचना गरिएको छ । **नारायणहिटी पर्व** (तीजगीत सङ्गालो २०५८), **अत्याचारी घर** (तीजगीत सङ्गालो २०५९), **प्रजातन्त्रमा प्रश्नचिह्न ?** (तीजगीत सङ्गालो, २०६०) गरी जम्मा तीनवटा तीजगीत सङ्गालाहरू प्रकाशित भइसकेका छन् । यी सङ्गालाभित्र क्रमशः पन्ध्र, सत्र र अठारवटा गरी जम्मा पचासवटा गीतहरू सङ्ग्रहित छन् । यी गतिहरूमा खास गरी २०५८ जेष्ठ १९ गते नारायणहिटी राजदरबारमा घटेको हृदयविदारक घटनाको प्रस्तुति नेपाली समाजमा घटेका हत्या, हिंसा, आतंकको चित्रण नपाली राजनीतिमा देखा परेको विकृति विसंगति, अन्याय अत्याचारको भण्डाफोर, नेपाली नारीहरूले भोग्दै आएका शारीरिक तथा मानसिक पीडा, व्यथा, वेदना, छोराछोरी बीचको असमान व्यवहार, सासू बुहारी बीचको मनमुटाव, प्राकृतिक दृश्यहरूको वर्णन आदिलाई कलात्मक रूपमा देखाउने कोसिस गरिएको छ । मुख्य रूपमा भन्नुपर्दा नेपाली चेलीबेटीहरूको पीर व्यथा वेदनालाई देखाउन यी तीन तीजगीत संगाला भित्रका गीतहरू सफल रहेको देखिन्छ ।

**घरभेटी भाउजू** (कथासङ्ग्रह २०५९) मा जम्मा चौबीसवटा कथाहरू संग्रहित भएका छन् । यो कथाहरूमा समसामयिक घटनाक्रमलाई नै मूल विषयवस्तु बनाइएको छ । यस संग्रहका कथाहरूमा विशेष गरी सामाजिक, राजनैतिक, आर्थिक आदि विभिन्न पक्षबाट सिर्जित अनेक प्रकारका पीडा, वेदनाहरूलाई देखाइएको छ । सीमित परिवेशको चित्रण गरी लेखिएका यस संग्रहका कथाहरूमा सहज, सरल र स्पष्ट भाषाशैलीको प्रयोग गरिएको छ भने सामाजिक परिवर्तनको चाहना राखिएको छ ।

**स्मृतिको एक झिल्को** (खण्डकाव्य २०६२) मा एक वास्तविक जीवनको यथार्थतालाई देखाउने कोसिस गरिएको छ । १९७६ तिर धौलागिरि अञ्चल पर्वत जिल्लाको ज्ञादी भन्ने स्थानमा घटेको अनमेल विवाहको सत्यघटनालाई साहित्यिक वैशिष्ट्र्य भरेर यथार्थ रूपमा प्रस्तुत गरिएको यो खण्डकाव्य खण्डकाव्यीय गुणयुक्त पूर्व आख्यानात्मक काव्यकृति हो । यस काव्यमा शर्माले आफ्नै ठूलीआमा भागीरथी पौडेलको वास्तविक जीवनको यथार्थघटनालाई प्रस्तुत गर्ने कार्य गरेकी छिन् । सरल र सहज भाषाशैलीको प्रयोग गर्दै पद्यशैलीमा काव्य संरचित भएको छ । अनमेल विवाह र यसबाट

सिर्जित दुष्परिणामलाई प्रस्तुत गर्नु यस काव्यको मुख्य उद्देश्य रहेको छ भने यो काव्य एक सामाजिक यथार्थवादी काव्यका रूपमा देखापरेको छ । **निर्झरिणी** (गजलसंग्रह, २०६३) शर्माको सातौँ प्रकाशित पुस्तकाकार कृति हो । यस संग्रहमा जम्मा-सत्तरीवटा गजलहरू सत्तरी पृष्ठमा नै संग्रहित भएका छन् । व्यापक क्षेत्रलाई समेटेर लेखिएको प्रस्तुत संग्रहका गजलहरूमा समाजमा रहेका विकृति, विसंगति जीवन भोगाइका अनुभवहरू, मानिसमा अन्तरनिहित प्रवृत्ति, माया, प्रेमविछोड आदिलाई देखाउने प्रयास गरिएको छ । सरल, सहज र सुकोमल भाषाको प्रयोग गरिएको यस संग्रहका गजलहरू पठनयोग्य र सम्प्रेषणयोग्य रहेका छन् ।

**सृष्टिसौगात** (२०६५) सालमा प्रकाशित उनको आठौँ पुस्तकाकार कृति हो । यो छन्दोबद्ध कवितासङ्ग्रह हो । यो कवितासङ्ग्रहमा जम्मा १३४ (२५+११२) पृष्ठ रहेका छन् । यसमा जम्माजम्मी ५४ वटा शीर्षकका कविता छन् र ती २९ वटा छन्दमा लेखिएका छन् । यसो हेर्दा यो कृति छन्दको प्रयोगशाला जस्तै लाग्दछ । यो कवितासङ्ग्रह शास्त्रीय वार्णिक एवम् मात्रिक छन्दमा लेखिएको साढेचार दर्जनजति कविताहरूको सङ्गालो हो । प्रस्तुत कवितासङ्ग्रहमा प्रयोग भएका विषयवस्तुलाई सङ्क्षेपमा भन्दा यहाँ प्रकृतिप्रेम, राष्ट्रानुराग, सहिदको स्मरण, नारीपुरुष बीचको विभेदता, हिंसा र आतङ्कको विरोध, शान्ति र स्थिर राज्यव्यवस्थाको कामनाजस्ता जीवनप्रतिका विविध घटनाहरू प्रस्तुत भएका छन् । यो पद्य लयमा लेखिएको छ । समग्रमा जीवनका तीतामीठा भोगाइ, संवेग र आवेग, प्रेमपीडा, अतीत, विरह, वेदना, व्याकुलता, मानसिक द्वन्द्व आत्मक्रन्दन र अन्तर्जलन जस्ता दैनिक जीवनका यथार्थ कथा र व्यथा यस सिर्जना भित्र अति संवेदनशील बनेर पोखिएका छन् ।

फुटकर कविता प्रकाशित गरी नेपाली साहित्यको आकाशमा उदाएकी कृष्णादेवी शर्मा (श्रेष्ठ) हाल आएर साहित्यका प्रायः सबै विधामा कलम चलाउन सफल रहेको पाइन्छ । प्रकाशित पुस्तकाकार कृतिका रूपमा उनलाई मुख्य रूपमा कवयित्री, खण्डकाव्यकार, कथाकार, गजलकार र गीतकार व्यक्तित्वका रूपमा हेर्न सकिन्छ । साहित्ययात्राको प्रारम्भदेखि हालसम्म निरन्तर साहित्यलेखनमा साधनारत शर्मा मुख्यतः सामाजिक यथार्थवादी र प्रगतिवादी कथाका, कवि, खण्डकाव्यकार, गजलकार व्यक्तित्व हुन् । दर्जनौँ फुटकर रचनाहरूले उनलाई नेपाली साहित्यमा गतिशील साधनका रूपमा स्थापित गराई सकेका छन् ।

यसका अतिरिक्त कृष्णादेवी शर्मा (श्रेष्ठ)ले सामाजिक, साहित्यिक र शैक्षिक क्षेत्रमा समेत महत्वपूर्ण योगदान पुऱ्याएकी छन् । पर्वतेली भाषाको बढी प्रयोग, लामा-छोटा शीर्षकको प्रयोग र प्रेम तथा राजनैतिक विषयवस्तुको बढी प्रयोग गरिएको उनको

साहित्य साधना नेपाली साहित्यको इतिहासमा उपलब्धिपूर्ण रहेको छ । उनका प्रकाशित कृतिहरूले नेपाली साहित्यका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका छन् ।

## ६.२ निष्कर्ष

२००९ साल फागुन १५ गते धौलागिरि अञ्चल पर्वत जिल्लाको मुडिकुवा गा.वि.स. वार्ड नं. ५ मा मध्यमवर्गीय परिवारमा कृष्णादेवी शर्मा (श्रेष्ठ)को जन्म भएको थियो । कृष्णादेवी शर्मा (श्रेष्ठ) ६ मासको हुँदादेखि नै आमाको न्यानो काखबाट बञ्चित हुन पुगेकी थिइन र ठूलीआमाको काखमा हुर्किन पुगिन् । तत्कालीन समयमा नारीलाई शिक्षा दिनु भनेको बडो आश्चर्य लाग्दो कुरा हो तर उनले आफ्नी ठूलीआमा भागीरथीको उत्प्रेरणाले पढ्ने अवसर पाइन् र २०२५ सालमा नारायण माध्यमिक विद्यालयबाट द्वितीय श्रेणीमा प्रवेशिका पास गरिन् । पछि प्राइभेट रूपमा पढेर भएपनि २०४१ सालमा एम.ए. सम्मको अध्ययन पूरा गरिन् ।

प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि उनले गाउँकै सार्वजनिक प्राथमिक विद्यालय कटुवा चौपारीमा अध्यापिका भइन् । उनी २०२९ सालमा आइ.ए. पास गरेपछि २०३१ सालमा नयाँ शिक्षा योजनाको शिक्षा आयोगमा शिक्षक पदको लागि आयोगबाट छनौट भई श्री भवानी विद्यापीठ माध्यमिक विद्यालय खानीगाउँमा नि.मा.वि.को दरबन्दीमा नियुक्त भइन् र पछि बी.ए. पास गरेपछि मा.वि.मा नेपाली विषयक शिक्षिका भएर बसिन् ।

धेरै लामो समयपछि २०४९ साल माघ १ गते उनले उद्योगबहादुरसँग प्रेम विवाह गरिन् । त्यसपछि उनमा रहँदै आएको साहित्यिक सिर्जनाले मौलने अवसर पायो । सानैदेखिको उर्वर साहित्यिक सिर्जनाले २०५१ सालमा चैनपुरबाट प्रकाशित **सुर्मा** नामक पत्रिकामा 'साथी' शीर्षकको कविता छपाएर औपचारिक रूपमा साहित्यिक क्षेत्रमा प्रवेश भयो । त्यस पछि लगत्तै २०६५ सालसम्म आइपुग्दा आठ आठवटा कृति प्रकाशनमा ल्याएर नेपाली साहित्यको भण्डार भर्ने काम गरिन् । जसमा दुईवटा कवितासङ्ग्रह, तीनवटा कथासङ्ग्रह र एउटा गजलसङ्ग्रह रहेका छन् ।

यसरी सर्सती हेर्दा उनले नेपाली साहित्यको विविध विधामा कलम चलाएर आफ्नो बहुमुखी प्रतिभाको परिचय दिएकी छन् । यसरी हेर्दा उनका प्रकाशनका दृष्टिले कवितासङ्ग्रह बढी देखिन्छ र खण्डकाव्य कविता विधाकै ठूलो रूप मानिन्छ, त्यतिमात्र नभएर गीत र गजल पनि कविता विधाकै समीप देखिने भएकाले उनी मूलतः कविता विधामै बढी सक्रिय भएको देखिन्छ । उनको आफ्नो पहिलो प्रकाशित कृति **सुनाखरी र लालीगुराँको देश** (कवितासङ्ग्रह) हो जुन गद्य मै रचिएको छ । त्यसपछि उनले **स्मृतिको**

**एक झिल्को** (खण्डकाव्य) प्रकाशित गरिन् जुन छन्दमा रचिनु आवश्यक छ । तर त्यसमा छन्दका दृष्टिले उनी त्यति निपूर्ण भएको पाइँदैन र छन्दप्रति उनको बढी झुकाव छ भनेर चाहिँ अवश्य भन्न सकिन्छ । त्यो छन्दप्रतिको अभिरुचिलाई उनले **सृष्टिसौगात** (कवितासङ्ग्रह) प्रकाशित गरेर पूर्ण गर्ने काम गरेकी छन् । उनको **सृष्टिसौगात** (कवितासङ्ग्रह) त छन्दको सङ्ग्रह हो भन्दा पनि अतियुक्ति नहोला किन भने उनले त्यसमा चौवन्नवटा कविता उनन्तीसवटा छन्दमा रचेकी छन् । यस आधारमा उनलाई हामी छन्दोबद्ध कविता रचना गर्ने कवयित्री हुन भनेर भन्न सकिन्छ ।

त्यस्तै कविता विधाको समीपमा रहेका तीजगीतसङ्ग्रहहरूमा खास गरी २०५८ जेष्ठ १९ गते नारायणहिटी राजदरबारमा घटेको हृदयविदारक घटनाको प्रस्तुति, नेपाली समाजमा घेटेका हत्या, हिंसा, आतङ्कको चित्र, नेपाली राजनीतिमा देखा परेको विकृति, विसङ्गति, अन्याय, अत्याचारको भण्डाफोर, नेपाली नारीहरूले भोग्दै आएका शारीरिक पीडा, व्यथा, वेदना, छोरा-छोरी बीचको असमान व्यवहार, साहू-बुहारी बीचको मनमुटाव, प्राकृतिक दृष्यहरूको वर्णन गरिएको छ । त्यसै गरी **स्मृतिको एक झिल्को** (खण्डकाव्य)मा वास्तविक जीवनको यथार्थतालाई देखाउने कोसिस गरिएको छ । यसमा वि.सं १९७३ तिर धौलागिरि अञ्चल पर्वत जिल्लाको ज्ञादी भन्ने स्थानमा घटेको अनमेल विवाहको सत्य घटनालाई प्रस्तुत गर्ने जमर्को गरिएको छ । **निर्झरिणी** (गजलसङ्ग्रह)मा समाजमा रहेका विकृति, विसङ्गति, जीवन भोगाइका अनुभवहरूलाई मानिसका अन्तरनिहित प्रवृत्ति, माया, प्रेमविछोड आदिलाई समेटिएको छ ।

त्यसपछि नेपाली साहित्यको छुट्टै विधा कथा लेखी आफूलाई कथाकारको रूपमा पनि चिनाउने प्रयास गरेकी छन् । यसमा उनले समाजमा घटेका र घट्न सक्ने विषयवस्तुलाई समेट्ने प्रयास गरेकी छन् । हुन त साहित्यलाई समाजकै दर्पण मानिन्छ । त्यो कुरालाई उनले कथामार्फत् प्रस्तुत गरेर चरितार्थ पारेकी छन् । उनले **घरभेटी भाउजू** (कथासङ्ग्रह)का कथाहरूमा समाजका पात्रलाई जस्ताको तस्तै टपक्क टिपेर थपक्क राख्ने प्रयास गरेकी छन् । त्यसले उनलाई एक सामाजिक कथाकार हुन् भनेर भन्न सकिन्छ ।

यसरी निष्कर्षमा भन्नुपर्दा उनी एक छन्दप्रति अभिरुचि राखी छन्दमा कविता रचना गर्ने कवयित्री हुन् भनेर भन्न सकिन्छ भने अर्कोतर्फ उनी सामाजिक विषयवस्तुलाई समेटी कथा लेख्ने कथाकार हुन् भनेर भन्न सकिन्छ ।

# सन्दर्भसूची


आचार्य कष्णप्रसाद, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य** (सैद्धान्तिक तथा ऐतिहासिक विश्लेषण) काठमाडौँ क्षितिज प्रकाशन (२०६४)

आचार्य, सृजना, "कृष्णादेवी शर्मा (श्रेष्ठ)का साहित्यिक कृतिको अध्ययन", अप्र. नेपाली स्नातकोत्तर शोधपत्र, पृ.ना.क्या. पोखरा (२०६५) ।

ओझा, रामनाथ र मधुसूदन गिरी- **लोकसाहित्य, पूर्व नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध,** स्टुडेन्ट बुक्स पब्लिसर्स एण्ड डिस्ट्रीव्युटर्स (२०६०) ।

**गण्डकीका छालहरू** (समसामयिक साहित्यिक पत्रिका, प्रकाशक, पर्वत वाङ्मय प्रतिष्ठान, कुश्मा पर्वत वर्ष-५, अङ्क-९, कार्तिक २०६५) ।

गौतम, कृष्ण-**पाश्चात्य महाकाव्य**, भुँडीपुराण प्रकाशन, काठमाडौँ प.स.२०५५।

**जनमत**, साहित्य मासिक, प्रकाशकः जनमत प्रकाशन बनेपा-७ काभ्रे, अङ्क ८, वर्ष २३, भाद्र ३१, (२०६३) ।

**______,_______,** प्रकाशक जनमत प्रकाशन बनेपा-७ काभ्रे ( अङ्क७ वर्ष २३, २०६३ साउन ३१,) ।

**______,_______,** प्रकाशक बनेपा-७, काभ ( अङ्क ११, १२, वर्ष २४, पुस ३० २०६४) ।

**______,_______,** प्रकाशक जनमत प्रकाशन, बनेपा ७, काभ्रे अङ्क ५-६, वर्ष २४, असार ३२, (२०६४) ।

**धौलागिरि पोष्ट**, प्रकाशक : भवानीप्रसाद शर्मा (राष्ट्रिय साप्ताहिक, पौष ३० २०६६) ।

**______,_______,** (राष्ट्रिय साप्ताहिक अङ्क ३८, वर्ष २, चैत्र ८, २०६६) ।

**नयाँ मौसम** प्रकाशक, हरिनारायण रेग्मी । (विचारप्रधान पाक्षिक, अङ्क ७, १-१६ वर्ष १, फागुन, २०६४ ।

पराजुली ठाकुर, **नेपाली साहित्यको परिक्रमा**, साझा प्रकाशन, दो.स. २०५६ ।

पन्त, सिर्जना, "उमानाथ भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन", अप्र. नेपाली स्नातकोत्तर शोधपत्र, त्रिभुवन बहुमुखी क्याम्पस तानसेन पाल्पा २०५८ ।

**पुष्पाञ्जली** गजलप्धान साहित्यिक पत्रिका, चितवन, प्रकाशक पुष्प अधिकारी अञ्जली एवम् हाम्रो मझेरी साहित्य प्रतिष्ठान पूर्णाङ्क १९, वर्ष ६, (२०६५) ।

पौडेल, विनोद "साहित्यकार डी.आर. पोखेलको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन", अप्र. नेपाली स्नाकोत्तर शोधपत्र, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर चितवन, (२०६५) ।

भुर्तेल खेमलाल, "नेपाली साहित्यमा नवलपरासी जिल्लाको भूमिका", अप्र. स्नातकोत्तर शोधपत्र, प्र.ना. क्याम्पस पोखरा (२०६३) ।

शर्मा, मोहनराज, **शैलीविज्ञान,** विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौँ, (२०४८) ।

**______,_______,** डा.खगेन्द्रप्रसाद लुइटेल, **शोधविधि** साझा प्रकाशन ते.सं. (२०६५) ।

शर्मा (श्रेष्ठ), कृष्णादेवी, **सुनाखरी र लालीगुराँसको देश** (कवितासङ्ग्रह), पर्वत : प्रकाशक, श्री उद्योगबहादुर श्रेष्ठ (२०५७) ।

**______,_______, नारायणहिटी पर्व** (तीजगीत सङ्गालो), प्रकाशक, श्री उद्योगबहादुर श्रेष्ठ (२०५९) ।

**______,_______, अत्याचारी घर** (तीजगीत सङ्गालो), प्रकाशक, श्री उद्योगबहादुर श्रेष्ठ (२०५९) ।

**______,_______, घरभेटी भाउजू** (कथासङ्ग्रह) प्रकाशक, श्री उद्योगबहादुर श्रेष्ठ २०५९), ।

**______,_______, प्रजातन्त्रमा प्रश्नचिन्ह** ? (तीजगीत सङ्गालो), प्रकाशक, उद्योगबहादुर श्रेष्ठ २०६०) ।

**______,_______, स्मृतिको एक झिल्को** (खण्डकाव्य) नवलपरासी त्रिवेणी साहित्य परिषद् (२०६२) ।

**______,_______, निर्झरिणी** (गजलसङ्ग्रह) प्रकाशक, त्रिवेणी साहित्य परिषद् (२०६३)।

शर्मा तारानाथ, **सम र समका कृति**, साझा प्रकाशनको छापाखाना पुलचोक, ललितपुर सातौँ.स. (२०६२) ।

शर्मा वसन्तकुमार (निर्देशक) **शब्दसागर,** भाभा पुस्तक भण्डार, चाबेल काठमाडौँ दो.स (२०५८) ।

**हाम्रो मझेरी** प्रकाशक, श्रीमती इन्दिरा अधिकारी 'इन्दु' (राष्ट्रिय साहित्यिक विविध, अङ्क ५, वर्ष ७,  माघ-फाल्गुण, २०६३ ।

**साहित्यपथका यात्रीहरू** पर्वत साहित्य सङ्गम (कालीको सुसेली, १९-२०६३) ।

सुवेदी राजेन्द्र, **नेपाली समालोचना परम्परा र प्रवृत्ति**, भूमिका, प्रकाशन वाराणसी, २०६१ ।

त्रिपाठी वासुदेव, अन्य सम्पादक, **नेपाली कविता भाग ४,**साझा प्रकाशनको छापाखाना, पुलचोक ललितपुर चौ.स. (२०६०) ।

ज्ञवाली, मुकुन्दहरि, "साहित्यकार ऋषिराम भुसालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन", अप्र.नेपाली स्नात्तकोतर शोधपत्र भैरहवा बहुमुखी क्याम्पस भैरहवा,२०६४ ।